# माङसेबुङ गाउँपालिका वडा नं. ६ मा
# व्यवसायिक कृषि तथा पशुपालन उत्पादनको
# सम्भाव्यता अध्ययन, २०७६
# खण्ड १ (एक)
# पृष्ठभूमि तथा परिचय

**१. पृष्ठभूमि तथा परिचयः**

**१.१ नेपालमा कृषि विकासको संस्थागत प्रयासः**

नेपाल एक कृषि प्रधान देश हो । नेपालको जनसंख्या दिन प्रतिदिन बढ्दो अवस्थामा रहेका कारण मानव उपभोगकालागि गुणस्तरीय खाद्यपदार्थको माग तथा उपभोग दिन प्रतिदिन बढ्दो अवस्थामा छ तर कृषि योग्य भू-भाग

घट्दो क्रममा छ । देशको समग्र अर्थतन्त्र तथा नागरिकको जीवनयापनको प्रमुख आधारका रुपमा भूमि तथा भूमिस्रोतले महत्वापूर्ण भूमिका निर्वाह गरेको हुन्छ । विद्यमान अवस्थामा समेत नेपालका झण्डै दुई तिहाई जनताको जीवनयापनको प्रमुख आधार कृषि हो, जसले देशको कुल गार्हस्थ उत्पादनमा करिब ३३ प्रतिशत योगदान पुऱ्याएको छ । त्यसैगरी देशको कुल गार्हस्थ उत्पादनमा वन तथा पर्यटन क्षेत्रको समेत उल्लेखनीय योगदान रहेको छ । तथापि जनसंख्याको वृद्धि तथा अनियन्त्रित सहरीकरणले कृषियोग्य भूमि गैरकृषि प्रयोजनमा उपयोग भइरहेको छ भने वनक्षेत्र समेत अत्याधिक अतिक्रमणमा परिरहेको अवस्था छ । वर्तमान अवस्थामा उपयोगका हिसावले नेपालमा हाल कुल भूभागको करिब २७ प्रतिशत खेतियोग्य, ३९.६ प्रतिशत वन क्षेत्र, १२ प्रतिशत चरन क्षेत्र, १७.२ प्रतिशत हिउ तथा चट्टान क्षेत्र र २.६ प्रतिशत जलक्षेत्र रहेको छ ।

नेपालमा भूमि व्यवस्थापन र प्रशासन लिच्छवीकालदेखि नै सुरु भएको भएता पनि उपयोगको आधारमा भूमिव्यवस्थापन गर्ने कार्यको इतिहास भने खासै पुरानो भएको पाइदैन । वि.सं. १९१० मा तत्कालीन राजा शुरेन्द्र शाहको पालामा बनेको मुलुकी ऐनमा भूमिव्यवस्थापन सम्बन्धी विभिन्न प्रावधान राखेको पाइन्छ । आधुनिक समयमा जग्गा (नापजाँच) ऐन २०१९, मुलुकी ऐन, २०२० का जग्गा सम्बन्धी महलहरु, भूमि सम्बन्धी ऐन २०२१, भूमि प्रशासन ऐन, २०२४, मालपोत ऐन, २०३४ लगायतका भूमिसम्बन्धी कानुनहरुले तत्कालीन अवस्थामा आवाद जग्गाको आँकडा लिने, नँया जग्गा आवाद गर्ने प्रोत्साहन गर्ने र मालपोत उठाउने कार्यलाई मात्र प्राथमिक्ता दिएको पाइन्छ भने भूमिको समूचित उपयोग र व्यवस्थापनका सबै पक्षहरुलाई सम्बोधन गर्न सकेको पाइदैन । देशमा व्यवस्थित सहरीकरणको विकास गर्न सरकारले नगर विकास समिति ऐन, २०४५ लागू गरि नगर विकास समितिहरुमार्फत नगरक्षेत्रमा व्यवस्थित बसोबास गराउने कार्यको सुरुवात गरेको थियो । तथापि विभिन्न दीर्घकालीन योजना र सोचका साथ संचालन हुन थालेका नगर विकास योजनाहरुले द्धन्द्ध र अन्य विभिन्न कारणले निरन्तरमा पाउन सकेननर । यसले गर्दा राजमार्ग आसपास र सहरी क्षेत्रमा अव्यवस्थित बसोवासको प्रक्रिया तीव्र हुँदै गई व्यवस्थित शहर बसाउने र अव्यवस्थित बसोबास नियन्यण गर्ने कार्य अपेक्षा अनुरुप सफल हुन सकेन । त्यस्तै ग्रामीण आवास कम्पनी लिमिटेड -तत्कालीन पुर्नवास कम्पनी) ले व्यवस्थित बसोवास गराउने कार्यमा केही सहयोग पुऱ्याए तापनि यो कदम भू-उपयोगको अवधारणा अनुरुप अगाडि बढ्न सकेन । भूमिवर्गीकरणका सन्दर्भमा विगतमा मालपोत उठाउने समेत प्रयोजनको लागि खेत र बारीलाई अब्बल, दोयम, सीम र चाहारमा वर्गीकरण गरिएकोमा लामो समय पछि उपयोगको आधारमा भूमिको वर्गीकरण गर्नु पर्ने आवश्यक्ता देखि जग्गा -नापजाँच) ऐन २०१९ को आठौ संशोधन २०५७ तथा जग्गा -नापजाँच) नियमावली, २०५८ मा भूमिलाई कृषि क्षेत्र र व्यवसायिक तथा बसोवास क्षेत्रमा वर्गीकरण गर्ने व्यवस्था गरिएको पाइन्छ । यस प्रक्रिया अन्तर्गत भूमिको उपयुक्त क्षमताका आधारमा वर्गिकरण मूलतः पुनः नापी गरिने क्षेत्रमा मात्र अवलम्वनगरिएको हुनाले यसले समेत देशको समग्र भूमिलाई वर्गिकरण गर्न सकेको दखिदैन ।

विगतमा स्थानिय स्वायत्त शासन ऐन, २०५५ र वियमावली, २०५६ मार्फत भू-उपयोग सम्बन्धीत विषयमा स्थानिय निकायलाई जिम्मेवार बनाएको देखिन्छ । यस ऐन तथा नियमावली भू-उपयोग योजना तयार गर्ने, भूमिस्रोत नक्सा तयार गर्ने पर्ति जग्गा र डाँडा, भीर पाखोमा वृक्षरोपण गर्ने, सांस्कृतिक सम्पदा क्षेत्रको जगेर्ना गर्ने, भू-क्षय र नदी नियन्त्रण गर्न आवश्यक योजना बनाउने., वन, वनस्पति र जैविक विविधता संरक्षण गर्ने, सार्वजानिक सरकारी जग्गाको अतिक्रमण रोक लागउने जस्ता कार्यमा स्थानिय निकायलाई जिम्मेवार बनाएको तथा भू-उपयोग सम्बन्धी व्यवस्थालाई अझ बढि प्रभावकारी रुपमा कानुनी दायरामा ल्याउन वि.सं.२०५८ मा

भूमि सम्बन्धी ऐन २०२१ मा पाचौ संसोधन र वि.सं. २०६० मा भूमि सम्बन्धी नियम, २०२१ मा चौधौ संसोधन गरी विभिन्न प्रावधानहरु थप गरी भूमिको संरक्षण र प्रयोगमा विशेष व्यवस्था गर्ने प्रयास गरिएको भएता पनि परिणामत दिगो व्यवस्थापन हुन सकेको पाइन्दैन ।

नेपाल सरकारले आ.व. २०६६/६७ देखि उपयोगका आधारमा भूमिको वर्गीकरण गरि सो अनुरुप स्वामित्वको प्रमाणपत्र जारी गर्ने निति लिए पनि कार्यान्यवनमा आउन सकेन । फलस्वरुप देशका विभिन्न भागमा अव्यवस्थित रुपमा बसोवास क्षेत्र एवम् सहरीकरण विस्तार हुदै गएको, उद्योग व्यवसायका लागी विशेष क्षेत्र छुट्याउन नसकेको, कृषि भूमि क्रमशः विनास हुदै गाएको, जग्गा ओगटेर बाझो राख्ने प्रवृति बढ्दै गएको तथा सुकुमबासीका नाममा सरकारी तथा सार्वजानिक जग्गाका अतिक्रमण गर्ने प्रवृतिमा समेत बढोत्तरी हुदै गयो ।

यस सन्दर्भमा देशको सिमित भूमि तथा भूमिस्रोतलाई महत्तम तवरले उपयोग गर्नुका साथै दिगो, वातावरण मैत्री एवम्र व्यवस्थित तुल्याउनु आवश्यक भएको छ । राज्यको प्रमुख स्रोतको रुपमा रहेको सिमित भूमिको उपयोग र व्यवस्थापन गर्ने विषयलाई मार्गदर्शन गर्नको निमित्त भू-उपयोग नितिको तर्जुमा गरिएको हुन्छ । यस्तो नितिको अभावमा भूमिको अनियन्त्रित र अव्यवस्थित प्रयोग हुन गई भुमिको उपयोग र नियन्त्रण या राज्यको आवश्यक्ता अनुसार गर्न सकिदैन । भू-उपयोग नितिको आधारमा नै राज्यले यस सम्बन्धी कानुन, योजना तथा कार्यक्रमहरु तर्जुमा एवम् कार्यान्वियन गर्ने र निति कार्यान्वयनमा देखा पर्न सक्ने समस्याहरुको सामाधानका उपयोगहरुको खोजी गर्ने गर्दछ । त्यसै गरि भूमि माथिको पहुँचलाई समतामूलक बनाउन र वातावरणीय सन्तुलन कायम गरी दिएको विकास हासिल गर्न, तथा भूमि स्रोतबाट प्राप्त हुने लाभलाई न्यायोजित ढंगबाट वितरण हुन सक्ने अवस्थाको सृजना गर्न समेत भू-उपयोग नितिको आवश्यक्ता पर्दछ । तर वर्तमान भू-उपयोगको प्रवृतिले यस आवश्यक्तालाई सम्बोधन गर्न सकेको नदेखिएको र यसलाई व्यवस्थित गर्न उपयुक्त भू-उपायोग नितिको आवश्यक्ता देखिएकाले “राष्ट्रिय भू-उपयोग निति, २०६९” तर्जुमा गरिएको भएतापनि यसले पनि प्रभावकारी भुमिका निर्वाह गर्न सकेको अवस्था भने छेन् ।

नेपालमा कृषि विकासको संस्थागत शुरुवात वि.सं. १९७८ मा सरकारी स्तरमा कृषि अड्डाको स्थापना भए पस्चात भएको मानिन्छ । वि.सं. २००८ सालमा कृषि विभागको स्थापना भए पस्चात कृषिको विकास र विस्तारमा धेरै निति, योजना तथा कार्यक्रमहरु प्रतिपादन र कार्यान्वयन हुदै आएको पाइन्छ भने कृषि विकास सँग सम्बन्धित साङ्गगठनिक संरचनाहरु समेत समय सापेक्ष फेरवदल तथा परिमार्जित आएको अवस्था छ । विगतमा एकात्मक शासन पद्धती बमोजिम सञ्चालित निति, योजना तथा कार्यक्रमहरुले भूमिको सहि सदुपयोग र कृषिको व्यवसायिकिरण खासै परिवर्तन ल्याउन नसकेका कारण आन्तरिक आवश्यक्ताको परिपूर्तिका लागी आयतमा निर्भर रहनु पर्ने अवस्था सृजना भएको छ भने विगतको निर्यातको अवस्था आयातको तुलनामा झण्डै सून्यको हाराहारीमा झरेको छ । वर्तमान अवस्थामा देश संघीय साशन व्यवस्थामा प्रवेश गरिसकेको अवस्था छ । वर्तमान संवैधानिक व्यवस्था अनुसार तिनै तहको प्रशासनिक पुनसंरचना भइ संघ, प्रदेश र स्थानिय तहमा रहने सांगठनिक संरचना र जनशक्ति व्यवस्थापनको कार्य समेत अघि बढिरहेको अवस्था छ । साबिकमा देश भरि नै कृषि विकाससँग सम्बन्धीत कार्यक्रमहरु विभाग र मातहतका कार्यालयबाट सञ्चालन व्यवस्थापन हुने व्यवस्थालाई परिमार्जन गरि कृषि संघ सम्बन्धीत राष्ट्रिय निति, योजना, मापदण्ड, कानुनी संरचना, अनुगमन तथा मूल्याङकन लगाएतका विषयहरु विभागको मातहतमा र स्थानिय स्तरको भूमि व्यवस्थापन र कृषि विकास कार्यक्म तर्जुमा र कार्यान्वयनको भुमिका र जिम्मेवारी मुलतः सम्बन्धीत प्रदेश र स्थानिय तहको समेत हुने सम्बैधानिक व्यवस्था गरिएको छ ।

### १.१.१ कृषि विभागको कार्य विवरणः

- राष्ट्रिय कृषि उत्पाकत्व वृद्धि, कृषि शिक्षा अनुसन्धान र प्रसार, गुणस्तरिय कृषि उत्पादन श्रोत र सामाग्रीहरुको उपलब्धतामा समन्वय गर्ने
- कृषिको व्यवसायीकरण तथा आधुनिकरणको लागि नितिगत एवं समन्वयात्मक कार्यहरु गर्ने
- कृषि कर्जा, बाली बिमा एवं विद्युत डिमाण्ड शुल्कमा अनुधान कार्यमा समन्वय तथा कृषि अनुधान व्यवस्थापन सम्बन्धी कार्य गर्ने
- कृषि विकास संग सम्बन्धित सरकारी, गैर सरकारी र निजी क्षेत्रका निकायहरु बिच समन्वय कायम गर्ने
- करार खेती प्रबर्द्धन तथा प्रसार सम्बन्धी कार्य गर्ने

- कृषि बाली बस्तुमा प्रतिस्पर्धात्मकता प्रवर्द्धन सम्बन्धी कायहरु गर्ने साथै कृषि विकास रणनीतिको कार्यान्वयनमा सहजीकरण र समन्वय गर्ने
- कृषि क्षेत्रको विकासका लागि आवश्यक बजेट तथा जनशक्ति प्रक्षेपण विश्लेषण तथा अध्ययन अनुसन्धानमा सहयोग र समन्वय गर्ने
- कृषि उपजहरुको मूल्य निर्धारण कार्यको समन्वय गर्ने
- कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई नीतिगत पृष्ठपोषण गर्ने
- कृषि बस्तुमा भन्सार छुट लगायतका व्यवस्थाकालागि मन्त्रालयमा सिफारिस गर्ने
- मातहतका निकायहरुबाट सञ्चालित कृषि विकासका कार्यक्रमहरु साथै वार्षिक कृषि विकास कार्यक्रम मार्गदर्शनको अनुगमन, मूल्याङ्कन तथा आवश्यक समन्वय गर्ने
- कृषि विकास योजना तथा कार्यक्रम सञ्चालनमा कृषि विकासका साझेदार तथा अन्य निकायहरु सँग सम्पर्क, समन्वय, सहकार्य सम्बन्धी कार्य गर्ने
- संघीय कृषि विकास योजना साथै कृषि विकास कार्यक्रम अनुगमन तथा मूल्याङकनको नीति तथा मापदण्डको कार्यान्वयनको व्यवस्था गर्ने साथै
- प्राङ्गारिक कृषिको लागि फोकल कार्यालयको रुपमा कार्य गर्ने
- बैदेशिक सहयोगमा सञ्चालित कृषि विकास सँग सम्बद्ध आयोजनाहरुसँग आवश्यक समन्वय, अनुगमन तथा मूल्याङकनको कार्य गर्ने

### १.१.२ कृषि विकास सम्बन्धी वर्तमान संबैधानिक व्यवस्थाः

मानव जीवनकालागि अपरिहार्य रहेको खाद्य सुरक्षा र कृषि विकासका विषयमा वर्तमान संविधानले स्पष्ट व्यवस्था गरेको अवस्था छ । संविधानको धारा ३६ ले प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुने, प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने, प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुने गरी खाद्य सम्बन्धी हक लाई सुरक्षित गरेको छ भने धारा ४२ ले सामाजिक न्यायको हक सम्बन्धी विषयमा उल्लेख गर्दै प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परमपरागत रुपमा प्रयोग र अवलम्बन गरिएको स्थानिय बीउ विजन र कृषि प्रजातिको छनोट र संरक्षणको हक हुने कुरालाई सुनिश्चित गरेका छ । यतीमात्र हैन प्रत्येक उपभोक्तालाई गुणस्तरयि वस्तु तथा सेवा प्राप्त गर्ने हक तथा गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने कुराको समेत धारा ४४ मा उपभोक्त हकको विषय भनि उल्लेख गरेको छ । वर्तमान संविधानले धारा ५१ राज्यका नीतिहरु मर्फत अर्थ, उद्योग, र वाणिज्य साथै कृषि र भूमिसुधार सम्बन्धी राज्यको नीतिलाई समेत स्पष्टताका साथ सम्बोधन गरेको अवस्था रहेको छ । यसरी संविधानमा नै उल्लेख गरिएको व्यवस्थाहरु देहाय बमोजिम रहेका छन् ।

क. संविधानको **धारा ५१ को घ** मा उल्लेख भएका अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिः

- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन ञ सुदृढ गर्ने
- अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने
- सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने
- आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमको व्यवस्था गर्दै सर्वागीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने
- उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने
- तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्धारा निर्यात प्रवर्धन गर्दै बस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने
- कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने
- राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवधृन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने

- राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने
- राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने
- गैरआवसीय नेपालीहरुको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने
- औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र संघ बीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने

ख. संविधानको **धारा ५१ को ङ** मा उल्लेख भएका कृषि र भूमिसुधार सम्बन्धी नीतिः

- भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने
- अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने
- किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकच्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यँवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने
- कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने

ग. उल्लेखित विषय बस्तुको सुनिस्चितताकागि संविधानले संघ, प्रदेश र स्थानिय तहका एकल तथा साझा अधिकारका सूची समेत उल्लेख गरी स्पष्ट षेत्राधिकारको किटानी गरेको अवस्था छ। जस अन्तरगत स्थानिय तहका २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकारको सुनिश्चितता गरिएको छ । उल्लेखित अधिकारहरु मध्ये स्थानिय तहको एकल अधिकारको सूचीको १५ औं र १८ औं नम्बरमा क्रमश कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी र कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रणको कार्य गर्ने गरी तोकिएको छ भने साझा अधिकारका सूचीको १ र ४ नम्बरमा क्रमश सहकारी र कृषिलाई साझा र समन्वयात्मक कार्य प्रणाली भित्र समेटिएको अवस्था छ।

घ. संविधानको भाग १७ धारा २१४ मा स्थानिय तहको कार्यकारिणी अधिकारलाई स्पष्ट रुपमा उल्लेख गरिएको अवस्था छ। यस अन्तरगत देहायको विषय वस्तुलाई समेटिएको छ।

- स्थानिय तहको कार्यकारिणी अधिकार यो संविधान र संघीय कानूनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहनेछ
- स्थानिय कार्यकारिणी अधिकार अनुसूची-८ र अनुसूची -९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिमा हुनेछ।
- यो संविधान र अन्य कानूनको अधीनमा रही गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभार गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुनेछ।
- गाउँपालिका र नगरपालिकाका कार्यकारिणी कार्य गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुनेछ।
- गाउँ कार्यपालिका र नगर कार्यपालिकाको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण स्थानिय कानून बमोजिम हुनेछ।

### १.१.३ स्थानिय सरकार सञ्चालन ऐन मा भएको व्यवस्था

संविधानको मुल मर्म र भावना बमोजिम देशको समग्र आर्थिक विकासको कार्यलाई विशेष प्राथमिकता क्षेत्र किटानिकासाथ स्थानिय सरकार सञ्चालन ऐनको परिच्छेद ३ मा स्थानिय तहको काम कर्तव्य र अधिकारको क्षेत्राधिकार सुनिश्चित गर्दै **दफा ११ मा**कृषिको व्यवसायीक प्रवद्धनकालागि देहाय बमोजिमको व्यवस्था गरेको छ।

### क. कृषिको व्यवसायीक प्रवर्द्धनः

- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानिय नीति, कनून, मागदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन गर्ने

- कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपुर्ति, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन गर्ने
- कृषि तथा पशुपन्छी जन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण गर्ने
- पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन गर्ने
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्धव गर्ने
- पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन गर्ने
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण गर्ने
- स्थानिय स्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणालीको विकास गर्ने
- पशुबधशाला र शितभण्डारको व्यवस्थापन र नियमन गर्ने
- पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण गर्ने
- पशुपालन तथा पशुस्वास्थ्य सम्बन्धी अन्य कार्य गर्ने

**ख. सहकारी संस्था सञ्चालन व्यवस्थापनः**

- सहकारी संस्था सम्बन्धी स्थनिय नीति, कानून, मापदण्ड निर्माण, कार्यान्वयन र नियमन गर्ने
- सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्र भित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघठन गर्ने
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानिय मापदण्ड निर्धारण र नियमन गर्ने
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रिय, विषयगत, प्रादेशिक र स्थानिय संघसस्था सँग समन्वय र सहकार्य गर्ने
- सहकारी सम्बन्धी स्थानिय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने
- स्थानिय सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्ने गराउने
- स्थानिय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास गर्ने

**ग. स्तानिय बजार व्यवस्थापन, वातारण संरक्षण र जैविक विविधताः**

- स्थानिय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गर्ने
- बजार तथा हाटबजार व्यवस्थापन गर्ने
- स्थानिय वस्तुहरुको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन गर्ने
- स्थानिय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण गर्ने
- स्थानिय वस्तुको सेवा व्यापारको मूल्य तथा गुणस्तर अनुगमन र नियमन गर्ने
- स्थानिय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण, खारेजी, अनुगमन र नियमन गर्ने
- स्थानिय व्यापारको तथ्याङ्क प्रणालीको व्यवस्थापन साथै अध्ययन र अनुसन्धान गर्ने
- निजी र गैरसरकारी क्षेत्र सँग समन्वय र सहकार्य गर्ने
- स्थानिय व्यापार प्रवर्द्धन र अभिलेखाङ्कन गर्ने
- उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लागत व्यवस्थापन र स्थानिय वस्तु तथा सेवाको गुणस्तर परिक्षण गर्ने
- वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानिय नीति, कानून, मापदण्ड, योजना तर्जूमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन गर्ने

### १.२ इलाम जिल्लाः
नेपालको सुदुर पूर्व भारतको सिमाना संग जोडिएको इलाम जिल्ला प्रदेश नं. १ मा रहेको छ । क्षेत्रफलको हिसावले १७०३ वर्ग किलोमिटर ओगटेको यो जिल्ला समुद्रि सतहबाट १४० मिटरको तराईदेखि उत्तर तिर चुरे पहाड, मध्यमहाड हुँदै ३६३६ मिटर सम्मको उच्च पहाडसम्म फैलिएको छ । हावापानीको हिसावले उचाई अनुसारकै फरक फरक पाईने भएकाले जैविक विविधताको हिसावले समेत इलाम धेरै धनी जिल्लाको रुपमा परिचित छ । यो जिल्ला उत्तरमा पाँचथर, दक्षिण झापा, पश्चिममा पाँचथर र मोरङ तथा पूर्वमा भारतको पश्चिम बंगाल अन्तरतग दार्जिलिङ्ग जिल्ला सँग जोडिएको छ । वि.सं. २०६८ सालको जनगणना अनुसार कुल जनसङ्ख्या २,९०,२५४ रहेको छ भने जनघनत्व १७० प्रति स्क्वायर कि.मि. रहेको छ । नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति स्थापित भए संगै जारी भएको नेपालको संविधान बमोजिम भएको पुनरसंरचना बमोजिम यस जिल्लामा ४ वटा नगरपालिका र ६ वटा गाउँपालिका गरी जम्मा १० वटा स्थानिय तहहरु स्थानियवासीलाई विकास निर्माण र सेवा प्रवाह केन्द्रको रुपमा कृयाशिल रहि रहेका छन् ।

विभिन्न नगदेबालीका लागि उर्वर तथा **"पहाडकी रानी, नगदेवालीको खानी"** आठ "अ" (अलैचि, अदुवा, अर्थोडक्स चिया, अकवरे खोर्सानी, ओलन, अम्लिसो, आलु र अतिथी सत्कार) जस्ता उपनामले समेत चर्चित इलाम जिल्ला मूख्य गरी चिया, अलैचि, आलु, अम्लिसो, अदुवा, दुध, किवि फल र विभिन्न प्रकारका जडिबुटिकालागि प्रख्यात छ मात्र हैन पौरखी कृषकहरुको अथक मेहनतले गर्दा आर्थिक रुपले समेत धनी मानिन्छ । इलाम बजारको पश्चिम उत्तरी भागमा रहेको चिया कमान नेपालको पहिलो संगठीत कृषि उद्योग मात्र नभएर नेपालको जेठो औद्योगिक कारखाना समेतले परिचित छ । यस कारखाना बाट वि.सं. १९३५ साल बाट प्रशोधित चिया बजारमा आउन सकेको इतिहास हाम्रो सामु साक्षिको रुपमा रहेको छ ।

पूर्व पश्चिम राजमार्गको चारआली बाटै झन्डै १० कि.मि. को दुरिमा रहेको तथा माहाभारत र शिवालिग पर्वत श्रृङखलाको पूर्व दक्षिण काखमा अवस्थित नेपालको सुदुर पहाडि जिल्ला इलाम मनमोहक र आकर्षक प्राकृतिक सुन्दरताले भरिपूर्ण छ । नेपाल कै नमूना र उत्कृष्ट पर्यटकिय गन्तव्य रुपमा समेत स्थापित यस जिल्लामा किरात, बहुन, लिम्बु, क्षेत्रि, पहरि, लेप्चा, थामी लगाएतका विभिन्न जातजातिको बसोवास रहेको छ भने लेप्चा जातिको बसोवास नेपालमा यसै जिल्लामा मात्र रहेको पाइन्छ । चियाबारी, हरियालि, साना-ठूला खोलानाला, सेतिदेवि, पञ्चकन्या, सिहंवाहिनि, पाथिभरा, गजुरमुखि जस्ता मठ मन्दिर, पर्वतिय शिखर मात्र होइन सुनगाभाको स्वर्गको रुपमा समेत परिचित हासपोखरी, माइपोखरि सहितका विभिन्न पोखरि लगायत दक्षिण तर्फ वग्ने चार माइखोला, करफोक, कन्याम, मंगलबारे जस्ता स्थान साथै टोर्के झरना यस जिल्लाका पर्यटकिय क्षेत्रका थप प्रख्यातिहरु हुन् ।

### १.२.१ उद्योग, व्यापार तथा व्यवसायको क्षेत्रमा इलामः
उद्योग, व्यापार तथा व्यवसायको हिसावले तुलनात्मक अध्ययन गर्दा कृषि तथा पशुपन्छि पालन -गाई, बाखा, भैसि, सुंगुर, भेडा, कुखुरा, हास तथा माछा ) इलामको मुख्य पेशाको रुपमा मानिएता पनि उद्योग तथा व्यापारमा यस जिल्लाले राम्रो स्थान ओगट्न सकेको पाइन्छ । इलाम बजार, विप्ल्याटे, फिक्कल, पशुपतिनगर, नयाबजार, मंगलबारेबजार, यहाका मुख्य व्यापारिक केन्द्रको रुपमा स्थापित छन् भने यी व्यापारिक केन्द्रहरुमा स्थानिय कृषि उपजको अतिरिक्त दैनिक उपभोग्य बस्तुहरु साथै दोस्रो तथा तेस्रो मुलुकबाट आयातित विद्युतिय उपकरण, जुत्ता, फेन्सि कपडा, लत्ता कपडा समेतको विक्रि वितरण हुने गरेको पाइन्छ । इलाममा हाल १० भन्दा वढि चिया प्रशोधन कारखानाहरु मात्र रहेका छन् भने यस जिल्लाका प्रयास सबै स्थानिय तहमा दूध तथा दूध बाट बन्ने छुर्पि, गुत्पाक, विभिन्न प्रकारका मिठाई लगायत विभिन्न प्रकारका खाद्यय प्रशोधन समेतका लघु, घरेलु तथा साना उद्योगहरु सञ्चालनमा रहेका छन् ।

### १.२.२ भौगोलिक बनावटका आधारमा हावापानीः
इलाम जिल्लाको भौगोलिक बनावट र त्यसमा आधारित हावापानी तथा मौषम मानव बसोबास र अन्नबाली तथा पशुपालनको हिसावले अत्यन्तै उपयुक्त रहेको मानिन्छ । यस जिल्लाको उचाईको हिसावले समुन्द्रि सतहको ३०० मि. देखि झण्डै ४००० मि. सम्मका चुरे तथा पहाडी क्षेत्रहरु पर्दछन् । इलाम जिल्लाको सबै भन्दा होचो भागमा चुलाचुली गाउँपालिकाको केहि समतल भू-भाग समेत रहेको छ । हावापानीको हिसावले केहि समतल भू-भाग बाहेक प्रायः सबै ठाउँ पहाडी क्षेत्रमा रहेको कारण समसितोष्ण प्रकारको पाईन्छ । भौगोलिक बनावटको हिसावले भन्ने हो भने लोअर ट्रपिकल देखि सवलपाईन सम्मको मौसमी अवस्था देखिन्छ । यसको अर्थ

तराईको गर्मी मौषम देखि पहाडको चिसो तथा ठण्डा हावापानीको भरपुर प्रयोग गर्न पाइने अवस्था छ । यस प्रकारको हावापानी र झण्डै ७५ प्रतिशत भू-भाग अपर ट्रपिकल र सव ट्रपिकल रेन्जमा परेका कारण मौषमी देखि बेमौषमी तरकारी तथा अन्न बाली लगायत विभिन्न प्रकारका पशुपालन समेत यस क्षेत्रमा सफल उत्पादन हुन सक्ने अवस्था देखिन्ट । यसको विवरण तालिका नं. १ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १:इलाम जिल्लाको भौगोलिक अवस्थिति अनुसारको वातावरणीय विवरण:**

| क.सं. | वातावरणीय क्षेत्र | जमिनको उचाई | ओगटेको क्षेत्र % | कैफियत |
|---|---|---|---|---|
| १ | लोअर ट्रपिकल (Lower Tropical) | ३०० मि. भन्दा कम | १५.५ | |
| २ | अपर ट्रपिकल (Upper Tropical) | ३०० देखि १००० मि. | ३३.५ | |
| ३ | सव ट्रपिकल (Sub Tropical) | १००० देखि २००० | ४०.१ | |
| ४ | टेम्परेट(Temperate) | २००० देखि ३००० मि. | १०.६ | |
| ५ | सवलपाईन (Subalpine) | ३००० देखि ४००० मि. | ०.३ | |

श्रोत: Wikipedia, the free encyclopedia

### १.२.३ स्थानिय तहको आधारमा इलाम जिल्लाको विभाजन र स्थानिय तहको जनसङ्ख्या विवरण:

पछिल्लो पुनरसंरचना बमोजिम इलाम जिल्लालाई ४ वटा नगरपालिका र ६ वटा गाउँपालिका गरी कुल १० वटा स्थानिय तहमा विभाजन गरिएको छ । जनसङ्ख्या र क्षेत्रफलको हिसावले नगरपालिकाहरुको अध्ययन गर्दा सबै भन्दा ठूलो सूर्योदय नगरपालिका जसको जनसङ्ख्या ५६६९१ रहेको छ भने क्षेत्रफल २५२.५२ वर्ग कि.मि. रहेको छ । यसै गरी जनसङ्ख्या र क्षेत्रफलको हिसावले गाउँपालिकाहरुको अवस्था विश्लेषण गर्दा सबै भन्दा ठूलो गाउँपालिकामा जनसङ्ख्याको हिसावले फाकफोकथुम (२१६१९) र क्षेत्रफलको हिसावले माईजोगमाई गाउँपालिका (१७२.४१ वर्ग कि.मि.) देखिन्छ । इलाम जिल्लाका सबै स्थानिय तहको भौगोलिक क्षेत्रफल र जनसङ्ख्याको विस्तृत विवरण तालिका नं. २ मा उल्लेख गरिएको छ ।

**तालिका नं. २: भौगोलिक क्षेत्रफल र जनसङ्ख्याको विस्तृत विवरण**

| क.सं. | स्थानिय तहको प्रकार | नाम | जनसङ्ख्या (२०६८) | क्षेत्रफल स्क्वायर कि.मि. | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगरपालिका | इलाम | ४८५३६ | १७३.३२ | |
| २ | नगरपालिका | देउमाई | ३२९२७ | १९१.६३ | |
| ३ | नगरपालिका | माई | ३२५७६ | २४६.११ | |
| ४ | नगरपालिका | सूर्योदय | ५६६९१ | २५२.५२ | |
| ५ | गाउँपालिका | फाकफोकथुम | २१६१९ | १०८.७९ | |
| ६ | गाउँपालिका | माईजोगमाई | २१०४४ | १७२.४१ | |
| ७ | गाउँपालिका | चुला चुली | २०८२० | १०८.४६ | |
| ८ | गाउँपालिका | रोङ | १९१३५ | १५५.०६ | |
| ९ | गाउँपालिका | माङ्सेबुङ | १८५०३ | १४२.४१ | |
| १० | गाउँपालिका | सन्दकपुर | १६०६५ | १५६.०१ | |

श्रोत: Wikipedia, the free encyclopedia

### १.३ माङसेबुङ गाउँपालिका:

माङसेबुङ्ग साबिक गाउँपालिका ईलाम जिल्लाको एक सुन्दर गाउँपालिका हो । यो साबिक गजुरमुखी, ईभाङ र बाजो गा.वि.स. मिलेर बनेको गाउँपालिका हो । यस गाउँपालिकामा पुर्वकै प्रसिद्ध मानिने गजुरमुखी धाम, माङमालुङ, किरात धर्मावलम्बीहरुको धार्मिक स्थल लारुम्बा जस्ता प्रसिद्ध तिर्थस्थलहरु रहेका छन ।ईलाम जिल्लाको पश्चिम दक्षिणमा अवस्थित माङसेबुङ्ग गाउँपालिका कुल १४२.४१ बर्ग किलोमिटरमा फैलिएको छ। झापा जिल्लासँग उत्तर दक्षिण कच्ची सडक यातायातले जोडिएको यस गाउँपालिका मा राँके, रवि सडक अन्तर्गत पाचथर जिल्लाको रवि बजार हुदै आवतजावत गर्न सकिन्छ। पश्चिम क्षेत्रका बाँझो, गजुरमुखी र इभाङ गरी तिनवटा साबिकका गा. बि.सं हरु मिलाएर यो गाँउपालिका बनाइएको छ। पूर्वमा देउमाई, र माई,नगरपालिका, पश्चिम र दक्षिणमा चुलाचुलि गाँउपालिका तथा उत्तरमा फाकफोकथुम गाँउपालिका र पाँचथर जिल्ला सँग सिमाना जोडिएर रहेको छ। जम्मा ६ वटा वडामा विभाजित यो गाउँ पालिकाको केन्द्र साबिकको इभाङ्ग गा.बि.स कार्यलय रहनेगरि ब्यवस्था मिलाइएको छ। अम्लिसो र अदुवा यस क्षेत्रको प्रमुख नगदेबालि हो भने अन्न उत्पादन गर्ने ठुलठुला फाँटहरु यस क्षेत्रमा पर्दछन। गजुरमुखीधाम, माङसेबुङ्ग जस्ता प्रसिद्ध धार्मिक स्थलहरु रहेको यो क्षेत्रमा धार्मिक पर्यटनको सम्भावना एकदमै बढी छ।

जिल्लाको कुल जनसंख्याको करिब ६.४ प्रतिशत जनसख्या बसोबास गर्ने यस क्षेत्रको औसत जनघनत्व १३० वर्ग कि.मि. रहेको छ। सामाजिक वनावटका आधारमा लिम्बु जातिको बाहुल्यता ४३५, रहेको यस क्षेत्रमा राई जाति दोस्रो प्रमुख ३६५ जाति हो। त्यसपछी नेवार, मगर, दलित, ब्राम्हण, क्षेत्री आदि बिबिध जातिको बसोबास भएको पाईन्छ। किराँत धर्म गुरु आत्मानन्द लिङ्गदेनको कुटि र मन्दिरहरुका कारण यस क्षेत्रलाई देवस्थल मान्दै यसको नामाकरण गरिएको हो। माङसेबुङ लिम्बु भाषामा राखिएको नाम हो जसको अर्त देवाताको उत्पति भुमि देवताले रुचाएको भूमि भन्ने हुन्छ।

### १.४ माङसेबुङ गाउँपालिका वडा नं. ६:

माङसेबुङ गाउँपालिकाको वडा नं. ६ (साविको बाझो गा.वि.सं १,३,४,५ र ६) उत्तरमा पाँचथर जिल्ला तथा पश्चिममा चुलाचुलि गा.पा साकफारा तथा दक्षिणमा वडा नं २ र ३ सँग सिमाना जोडिएको छ । यो वडा भौगोलिक रुपमा बिकट मानिन्छ । यो वडा कृषि उत्पादनको हिसाबले महत्वपूर्ण मानिन्छ यहाँ प्राय गरेर मकै, आलु, तरकारी खेतिलाई प्रमुख प्रथमिकतामा राख्ने गरिएको छ भने नगदेबालीको रुपमा अलैंची, अदुवा, कुच्चो लगायतका बालीलाई प्राथमिकतमा राखिएको देखिन्छ । यस वडाको पञ्चमी बजारमा साप्ताहिक रुपमा मंगलबार कृषि बजार लाग्ने गरेको छ तथापी यहाँको नजिको बजार दमक नै हो । तरकारी उत्पादन र बजारीकरणमा यो वडा अन्य वडा भन्दा अगाडी भएतापनि व्यवसायीक कृषक भने न्यून मात्रामा पाईन्छन् । किवि, चिया तरकारी कुच्चो लाई व्यसायीक रुपमा खेति गर्दा यहाँको बार्षिक उत्पादकत्व बृदि हुने देखिन्छ ।

# खण्ड २ (दुई)
# व्यवसायिक कृषि तथा पशुपन्छी पालनको सम्भाव्यता अध्ययनको औचित्य, उद्देश्य, कार्य परिधि तथा अध्ययन विधि र प्रकृया

## २.१ व्यवसायिक कृषि तथा पशुपन्छी पालनको सम्भाव्यता अध्ययनको औचित्यः

### २.१.१ राष्ट्रिय सङ्कल्पः

आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत कार्यान्वयनको प्रकृयामा छौ । वर्तमान संविधानको निर्माण तथा कार्यान्वयन सँगै झण्डै १९ वर्षको अन्तराल पछि स्थानिय तहमा जनप्रतिनिधिको रिक्तताको अन्नत्य भएको छ । लामो समय सम्म स्थानिय तह जनप्रतिनिधि विहिन भए । नयाँ संविधानको कार्यान्वयन संगै स्थानिय आवश्यक्ता बमोजिमका आर्थिक, सामाजिक, भौतिक तथा सास्कृतिक विकासका योजनाहरु प्रकृयागत रुपमा समयबद्ध ढंगले अगाडि बढ्न सकेनन् । साविकका न्यून पूर्वाधार सहितका गाउँ विकास समिति अन्तरगतका ग्रामिण टोल वस्तिहरुलाई एकिकृत गरी स्थापित भएको कारण माङसेबुङ गाउँपालिका भित्रका अधिकांस पूर्वाधारयुक्त संरचनायुक्त अवसर र सम्भावनाहरुलाई ग्रामिण विकासको मुल आधार बनाउँदै समृद्ध नेपाल शुःखि नेपालीको लक्ष्य प्राप्त गर्न यस गाउँपालिका भित्र उपलब्ध भौगोलिक बनावट र अवस्थितिलाई ग्रामिण आर्थिक पूर्वाधार विकासको अवसरमुखि क्षेत्रको रुपमा स्वीकार्दै आगामि २० वर्ष भित्र ग्रामिण सुविधा सम्पन्न समृद्ध गाउँपालिकाको रुपमा विकास गर्ने कार्यको जग प्रारम्भ बाटै बसाउन र विना अध्ययन गरिएका कार्यले सफलता प्राप्त गर्न कठिनाई हुने भए बाट तथा कुनैपनि योजनाको सफल कार्यान्वयन स्थानियबासकिो सहभागितामा गरिएको अध्ययन र पहिचानले मात्र सम्भव हुने भएका कारण यस गाउँपालिकाको आर्थिक समृद्धि गाउँपालिकाको रुपमा विकास गर्ने कार्यको जग प्रारम्भ बाटै बसाउन र विना अध्ययन गरिएका कार्यले सफलता प्राप्त गर्न कठिनाई हुने भए बाट तथा कुनैपनि योजनाको सफल कार्यान्वयन स्थानियबासकिो सहभागितामा गरिएको अध्ययन र पहिचानले मात्र सम्भव हुने भएका कारण यस गाउँपालिकाको आर्थिक समृद्धिको एक प्रमुख आधारको रुपमा मानिएको कृषि तथा पशुपछि पालन व्यवसायको सम्भावना अध्ययन गर्ने र उक्त अध्ययन बाट प्राप्त निस्कर्ष बमोजिम प्राथमिकताका साथ कार्यान्वयनमा लैजाने नीति निर्माण गरेको छ ।

विगतका गलत नीति र योजनाका कारण कृषिको व्यवसायीकिकरण र औद्योगिक विकासमा नेपाल पछाडि पर्न गयो मात्र हैन गरिवीको मार र भार बाट नेपाली नागरिक मुक्त हुन सकेनन् । हाम्रा अधिकांस आवश्यकताहरु विदेशी उत्पादनमा निर्भर रहनुपर्ने परिस्थितिको श्रृजना भयो । नेपाल सरकारले आर्थिक विकास र समृद्धि निर्माणमा समृद्ध नेपाल, सुखी नेपालीको सपना साकार पार्ने लक्ष्यका साथ अघि बढ्ने अठोट लिएको यस अवस्थामा कृषिको व्यवसायीकिकरण र कृषि उत्पादनमा आधारित औद्योगिक तथा व्यवसायीक विकास विना देशको समृद्धि कल्पना गर्न सकिदैन मात्र हैन गुणस्तरीय तथा निकासीयोग्य कृषि तथा औद्योगिक उत्पादन प्रतिस्पर्धात्मक आन्तरिक तथा विश्व बजारका प्रमुख सम्बाहक भएकोले औद्योगिक तथा व्यवसायीक विकासमा स्थानीय उत्पादन र निजी क्षेत्रको भुमिका र हिस्सेदारीलाई नजर अन्दाज गर्न सकिने अवस्था देखिदैन । कृषि र उद्योगमा आधारित उत्पादनशील क्षेत्रको स्थपना, विकास र विस्तार तीनै तहका सरकारको नीति, योजना र कार्यक्रम तथा तीनको सार्थक कार्यान्वयनले मात्र सम्भव हुने भएकाले व्यवसायीक कृषि उत्पनदन र तीनमा आधारित उद्योगको स्थपना, विकास र विस्तार तीनै तहका सरकारको प्रथम प्राथमिकता भित्र समेट्न सक्नु नै वर्तमान सरकारको लक्ष्य पुरा गर्ने प्रमुख आधार हुन जान्छ । राष्ट्रिय पूँजीको संरक्षण, विकास र विस्तार तथा स्थान, उर्जा, प्रविधि, यातायत सञ्जाल र साधन, श्रम शक्ति, सुरक्षा र अवसर औद्योगिक तथा व्यवसायीक विकासमा आधारभूत आवश्यकता हुन ।

यिनै आधारमा नेपाल सरकारको देहायका लक्ष्य स्थापित गरी आफ्नो कार्यदिशा सुस्पष्ट गरिसकेको पाइन्छ, जुन यस प्रकार छन्:

- १० लाख रोजगारीको सृजना
- २ अङ्कको आर्थिक वृद्धि

- उर्जा विकास
- कृषिको व्यवसायीकिकरण
- स्वदेशी कच्चा पदार्थको प्रयोग
- औद्योगिक विकास, प्रबर्द्धन र संरक्षण
- आयात प्रतिस्थापनको माध्यमबाट आत्मनिर्भरताको सुनिश्चितता

विद्यमान सिमित स्रोत र साधनका विच विना योजना गरिने विकास निर्माका कार्य सिमित घेरा भित्रै अस्थाई हुने मात्र हैन कमजोर समेत हुने गरेका कयौ उदारण हाम्रा सामु छन् । जनताका आधारभूत आवश्यक्ता एकातिर, सञ्चालनमा रहेका योजना अर्कातिर भएका समेत कयौ घट्ना परि घट्ना हाम्रो माझमा रहने गरेका छन् । पुराना र महत्वपूर्ण योजना सम्पन्न नहुदै प्रत्येक वर्ष स्थानिय तहले थप योजनाको खोजी र सञ्चालनमा धेरै समय र लागत खर्चिनु परिरहेकोछ । तसर्थ जनताको माझबाट स्थापित आवश्यकता बमोजिमका दिगो विकासमा आधारित आर्थिक विकास संग सम्बन्धित योजनाहरको पहिचान, छनौट, प्राथमिकिकरण गरेर आवश्यक स्रोत र साधनको व्यवस्थापन सहित कार्यान्विनयको थालनि गर्न अपरिहार्य भएकोले यो अध्ययनको कार्य गरिएको छ ।

दिगो विकास र समृद्धिमा आधारित आर्थिक विकासको गतिलाई सुरुबाटै व्यवस्थित रुपमा सञ्चालन गर्ने मान्यताका साथ माङसेबुङ गाउँपालिकाले सर्वप्रथम वडा नं. ६ बाट यो अध्ययन कार्य अघि बढाउने अठोट गरे बमोजिम प्रस्तुत दस्तावेजलाई समय सापेक्ष बनाउने प्रयास गरेर यो स्वरुपमा पस्तुत गरिएको हो । प्रस्तुत अध्ययन पूतिजृदनमा उपयोग गरिएका यस गाउँपालिकाको कार्यालय बाट प्राप्त विवरणहरु, स्थलगत अध्ययन र वडा तथा गाउँपालिका स्तरीय भेला बैठक बाट समेत विवरण सङ्कलनका साथ जनप्रतिनिधि र सर्वसाधारण गाउँपालिकाबासी साथै विषयगत संस्थाहरुसंग रहेका वर्तमान तथ्याङ्कलाई समेत समेट्ने प्रयास गरिएको छ । उपलब्ध विवरण, जनप्रतिनिधिहरुले समेत औल्याएका विषय वस्तु समेतका आधारमा तयार पारिएकाले यसले माङसेबुङ गाउँपालिका वडा नं. ६ को यो अध्ययन यथार्थपरक परिवेसमा तयार गरिएको मात्र नभई यसले समग्र माङसेबुङ गाउँपालिकाको आर्थिक विकासको भावि लक्ष्यलाई सम्बोधन गर्ने विश्वास गरिएको छ ।

### २.१.२ दिगो विकास लक्ष्य :

सेप्टेम्बर २०१५ मा सम्पन्न ऐतिहासिक राष्ट्रसंघीय महाँसभाबाट १९३ सदस्य मुलुकहरुले पारित गरेर जनवरी १, २०१६ देखि लागु गरेको दिगो विकास लक्ष्यहरु (Sustainable Development Goals) नेपालको सन्दर्भमा अत्यन्तै समय सान्दार्भिक रहेका छन् । यो लक्ष्य मानव समाजका सबै पक्ष बाट निरपेक्ष गरिवीको अन्त्य गर्ने एउटा ऐतिहासिक, साहासिक र विश्वव्यापी सहमति हो । सन् २०३० भित्र मानव जाती र पृथ्वीकालागि समतापूर्ण, ज्यायसंगत र सुरक्षित विश्व निर्माण गर्नु रहेको छ । दिगो विकासका १७ लक्ष्य र १६९ कार्य लक्ष्यहरु यस संसारलाई बदल्ने र सभ्य र विकसित समाजमा स्थानिय तहहरुबाटै प्रारम्भ गर्ने तथा योगदान पुऱ्याउने भएकाले यस व्यवसायीक कृषि विकासको सम्भावनाका बारेमा यथार्थता बुझ्ने प्रयत्न गरिएको छ । दिगो विकास लक्ष्यका मूख्य विषय वस्तु देहाय बमोजिम उल्लेख गरिएका छन् ।

दिगो विकासका आधारभुत लक्ष्यलाई तालिका नं. ४ मा उल्लेख गरिएको छ ।

- गरिवी दरलाई २१.६ बाट ४.९ झार्ने
- पुड्को पनलाई ३६ प्रतिशत बाट १५ प्रतिशतमा ल्याउने
- मातृ मृत्यूदरलाई २५८ प्रतिलाख बाट ६९ मा ल्याउने
- ७५ प्रतिशत युवाहरुलाई रोजगारी सृजना गर्ने
- व्यवसायिक तथा प्राविधिक काममा महिलाको सहभागिता २४ प्रतिशत बाट ४० प्रतिशत पुऱ्याउने
- पाइपलाईन बाट खानेपानी वितरणलाई ४९.५ प्रतिशत बाट ९० प्रतिशत पुऱ्याउने
- विद्युत पहुँचलाई ७४ प्रतिशत बाट ९९ प्रतिशत पुऱ्याउने
- युवा बेरोजगार दरलाई ३५.८ प्रतिशत बाट १० प्रतिशतमा झार्ने
- कार्वन उत्सर्जन तह ०.१० मेट्रिक टन प्रति व्यक्ति बाट ०.०५ मा सिमित गर्ने
- जोखिमपूर्ण अवस्थामा काम गरिरहेका बालबालिकाको दर ३० प्रतिशत बाट झण्डै शुन्यमा पुऱ्याउने

**तालिका ३: दिगो विकास लक्ष्य सन २०१५-२०३० लक्ष्य १७**

| | |
|---|---|
| १. गरिवीको अन्त्य | २. भोकमरीको अन्त्य |
| ३. स्वास्थ्य र समुन्नत समाज | ४. गुणस्तरीय शिक्षा |
| ५. लैङ्गिक समानता | ६. स्वच्छ पानी तथा सरसफाई |
| ७. स्वच्छ उर्जामा सहज पहुँच | ८. मर्यादित रोजगार तथा आर्थिक वृद्धि |
| ९. उद्योग पूर्वाधार र नवीन सिर्जना | १०. असमानता न्यूनिकरण |
| ११. दिगो शहर र समुदायहरु | १२. जिम्मेवारपूर्ण उपभोग तथा उत्पादन |
| १३. जलबायु परिवर्तनमा तत्काल पहल | १४. जलमुनिको जैविक विविधताको संरक्षण |
| १५. जमिन माथिको जैविक विविधताको संरक्षण | १६. शान्ति न्याय र सषक्त निकाय |
| १७. लक्ष्य प्राप्तिका लागि साझेदारी | |

श्रोतः राष्ट्रिय योजना आयोग तथा नेपाल सरकार

### २.१.३ पन्ध्रौ योजनाको आधार पत्र (२०७६/७७ -२०८०/८१)

नेपालको हकमा समृद्धिको एक मात्र प्रमुख मार्ग कृषिको व्यवसायिकीकरण र कृषिमा आधारित औद्योगिक उत्पादन नै हो । नेपालमा योजना बद्ध विकासको क्रम सुरु भएको ६ दसक नाघिसकेको अवस्था छ । यस अवधिमा ९ वटा पञ्चबर्षीय र ५ वटा त्रीवर्षीय योजना कार्यान्वयनमा आए । आ.व. २०७५/७६ चौधौं योजनाको अन्तिम वर्षको अन्त्य सम्म आईपुग्दा देशमा राजनीतिक रुपले युगान्तकारी परिवर्तन भए तापनी आर्थिक, सामाजिक तथा आधुनिक पूर्वाधार विकासको क्षेत्रमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । विगतको तुलनामा नेपाली जनतामा सचेतनामा अभिवृद्धि भएको, समाज आधुनिकतामा प्रवेश गरेको, जातीय, लैङ्गिक र वर्गीय विभेद, वहिस्करण र असमानता पूर्ण रुपले समाप्त नभए तापनि सुधारोन्मुख रहेको, शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा आदि क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएको, पूर्वाधार क्षेत्र अन्तरगत सडक यातायात, सञ्चार तथा सुचना प्रविधि र सहरी पूर्वाधारमा उलेख्य विकास भए तापनि अधिकांस पूर्वाधारहरुको गुणस्तर सुनिश्चित हुन नसकेको मात्र हैन जलविद्युत, हवाई यातायात लागयतका अन्य पूर्वाधार निर्माणमा थप प्रयासको आवश्यक्ता रहेको साथै प्रविधियुक्त विश्व परिवेशका आधारमा जनताको बढ्दो अपेक्षाको सम्बोधन र समृद्ध तथा समुन्नत राष्ट्रको रुपमा विकास गर्न अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने आवश्यकता त्यतिकै टड्कारो रुपमा देखा परेको छ ।

नेपालको विकासको गतिलाई अझै गहिरिएर अध्ययन गर्दा योजनाका यी अवधिहरुमा निरपेक्ष तथा बहुआयामिक गरिबीमा उल्लेख कमि आएको भए तापनि अझै पनि जनसंख्याको ठूलो हिस्सा निरपेक्ष गरिवीको रेखा मुनि बाँच्न बाध्य छ । स्वदेशमा रोजगारकिो अभावका कारण युवा श्रम शक्ति रोजगारीकालागि विदेशिने क्रम यथावत छ । अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान घटिरहेको छ मात्र हैन निर्यात-आयात अनुपात तिब्र रुपमा बढी रहेको छ । विप्रेशणले अर्थतन्त्रको ठूलो आकार ओगटेको छ । आर्थिक वृद्धि, उत्पादन र उत्पादकत्व, औद्योगिकीकरण , गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, स्वच्छ र प्रदुषणमुक्त वातावरण र सुशासन लगायतका क्षेत्रमा योजनाले लिएका लक्ष्यहरु अपेक्षित रुपमा हाँसिल हुन सकेका छैनन् । चौधौ योजना अवधिमा देशले राजनीतिक रुपमा युगान्तकारी परिवर्तन प्राप्त गर्न सफल भए तापनि यस अवधिमा समेत आर्थिक, सामाजिक तथा भौतिक उपलब्धि लक्ष्य बमोजिम हाँसिल गर्न नसकिएको तितो यथार्थ हाम्रो सामु चुनौतिको रुपमा उभिएको छ । चौधौ योजना अवधिमा राज्यले प्राप्त गरेको उपलब्धिको संक्षिप्त विवरण तालिका नं. ४ र ५ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४: चौधौ योजनाको आर्थिक, सामाजिक र भौतिक उपलब्धि**

| क. सं. | सूचक | आधार वर्ष ( २०७२/७३) | आ.व. २०७५/७६ सम्मको लक्ष्य | आ.व. २०७४/७५ सम्मको उपलब्धि |
|---|---|---|---|---|
| १ | वार्षिक औषत आर्थिक वृद्धि दर % | ०.८ | ७.२ | ६.९ |
| २ | कृषि क्षेत्रको वार्षिक औषत आर्थिक वृद्धि दर % | १.३ | ४.७ | ४.२ |
| ३ | गैर कृषि क्षेत्रको वार्षिक औषत आर्थिक वृद्धिदर % | ०.६ | ८.४ | ८.० |
| ४ | मुद्रास्फीति % | ९.५ | ७.५ | ४.२ |
| ५ | प्रति व्यक्ति कुल ग्राहयस्त उत्पादन (रु हजारमा) | ७९.४ | ११६.५ | ११७.५ |
| ६ | गरिबीको रेखा मुनिको जनसंख्या % | २१.६ | १७ | १८.७ |

| | | | | |
|---|---|---|---|---|
| ७ | मानव विकास सुचकाङ्क | ०.५४ | ०.५७ | ०.५७४ |
| ८ | लैंगिक सशक्तीकरण सुचाकाङ्क | ०.५६ | ०.५८ | ०.५६८ |
| ९ | अपेक्षित आयु (जन्मेको समयमा वर्ष) | ६९ | ७२ | ६९.७ |
| १० | खानेपानी सेवा पुगेको जनसंख्या % | ८३.६ | ९० | ८८ |
| ११ | माध्यमिक तहमा खुद भर्नादर % | ३७.७ | ४५ | ४३.९ |
| १२ | १५-२४ वर्ष सम्मको साक्षरता दर % | ८८.६ | ९२ | ८५ |
| १३ | विद्युत उत्पादन (जडित क्षमता, मेघावट) | ८५१ | २३०१ | १०२० |
| १४ | विद्युत पहुँच प्राप्त परिवार % | ७४ | ८७ | ९०.७ |
| १५ | सिँचाइए (हेक्टर लाखमा) | १३.९ | १५.२ | १४.७ |
| १६ | इन्टरनेट सेवामा पहुँच प्राप्त सेवामा जनसंख्या % | ४४.४ | ६५ | ५५.४ |

श्रोतः पन्धौ योजनाको आधार पत्र (२०७६/७७-२०८०/८१)

**तालिका नं. ५: आर्थिक विकासमा कृषि क्षेत्रको योगदान (कृषि, खाद्य सुरक्षा र सिँचाई)**

| क.सं. | आ.व | लक्षित क्षेत्र | लक्षित वृद्धि दर | उपलब्धि | कारण |
|---|---|---|---|---|---|
| १ | २०७३/७४ | कृषि उत्पादन | ४.५ | ५.२ | प्रमुख खाद्यान्न बाली धान, गँहु, मकै को उत्पादन वृद्धि भएकोले सो लक्ष्य हाँसिल गर्न सकेको हो । समयमानै मनसुनको सुरुवात हुनु, कृषि व्यवसायीकिकरण बढ्दै जानु, रासायनिक मलको विस्तार हुँदै जानु यसका प्रमुख प्रभाव योग्य कारणहरु रहेका छन् । |
| | २०७४/७५ | | ४.७ | २.८ | खडेरी, पहिरो तथा बाढी जस्ता प्राकृतिक प्रकोपले खाद्यान्न बालीको क्षेत्रफलमा ह्रास |
| | २०७५/७६ | | ४.९ | ५.० | अनुकुल वातावरण |
| २ | २०७३/७४<br>२०७४/७५ | दुग्ध उत्पादन ( मे.टन) | २०३१०००<br>२२९६००० | १९११०००<br>१९९१००० | तरकारीको उत्पादनमा मुलुक आत्म निर्भर हुँदै गएको छ भने फलफूलको उत्पादनमा अपेक्षित वृद्धि हाँसिल गर्न सकिएको छैन । पशुपालनप्रति कृषकहरुको बढ्दो आकर्षण र सरकारी नीति |
| ३ | २०७३/७४<br>२०७४/७५ | मासु उत्पादन ( मे.टन) | ३४४०००<br>३७९००० | ३३२०००<br>३४७००० | |
| ४ | २०७३/७४<br>२०७४/७५ | अण्डा उत्पादन (गोटा, करोडमा) | १३५<br>१४५ | १३५<br>१४७ | अनुकुल रहेका कारण मुलुक अण्डामा आत्म निर्भर भएको छ भने दुध र मासुमा आत्म निर्भर हुँदै गएको छ । |
| ५ | २०७३/७४<br>२०७४/७५ | प्रति व्यक्ति प्रति वर्ष खाद्यान्न उपलब्धता ( के.जी) | ३०२<br>३४० | ३४०<br>३४३ | कृषि उत्पादनमा वृद्धि र दुर्गम जिल्लामा ढुवानीको पहुँचमा भएको वृद्धि |
| ६ | २०७३/७४<br>२०७४/७५ | सिँचाई (लक्ष्यको प्रतिशत) | | ८५<br>७१ | भौगोलिक विकटता, जमिनको असहज अवस्थिति, जल स्थानान्तरण, जलाशययुक्त बहुउद्देशिय आयोजनाको ढिलाई, प्राकृतिक प्रकोप बाट क्षति |

श्रोतः पन्धौ योजनाको आधार पत्र (२०७६/७७-२०८०/८१)

### २.१.३.१ पन्ध्रौ योजनाले स्थापित गरेको "दिर्घकालीन सोच र राष्ट्रिय लक्ष्य"

नेपाली जनताको लामो संघर्ष र बलिदानी बाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धि हाँसिल गर्ने गरी नेपालको संविधानले माग प्रशस्त गरेको छ । मुलुकमा राजनैतिक स्थायित्वपछि नागरिकले आफ्नो जीवनस्थर सुधार हुने तथा आधुनिक सुविधासम्पन्न, सुखी जीवन अनुभूति गर्ने आकांक्षा राखेका छन् । वर्तमान सरकारले दिर्घकालीन सोच सहितका नीति तथा कार्यक्रम अगाडि सारेको छ । यसमा नेपालको संविधानले निर्दिष्ट गरेको विबासको मार्ग र निर्वाचनका बेला राजनीतिक दलहरुले जनथाका बीचमा गरेका प्रतिबद्धता अन्तरनिहित छन् । नागरिकका समृद्धि र समुन्नतिका यी अपेक्ष र प्रतिवद्धता पूरा गर्न विकासका अल्पकालीन र मध्यकालीन योजना कार्यान्वयन गर्न पन्ध्रौ योजना मार्फत नीतिगत मार्गचित्र सहितको देहाय बमोजिमको **दिर्घकालीन सोच** प्रतिपादन गरिएको पाईन्छ ।

**"समृद्ध नेपाल, सुखी नेपाली"**

समुन्नत, स्वाधिन र समाजबाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त स्वास्थ्य, शिक्षित, मर्यादित र उच्च जीवरस्तर भएका सुखी नागरिक बसोवास गर्ने मुलुक हुने कुरा यस योजनाले परिकल्पना गरेको अवस्था छ । जसले समृद्धि र सुखकालगि देहाय बमोजिमका आधार लक्ष्यहरु निर्धारण गरेको अवस्था छ । पन्ध्रौ योजनाले निर्धारण गरेका समृद्धि नेपाल सँग जोडिएका ४ वटा र सुखी नेपाली सँग जोडिएका ६ वटा दीर्घकालीन राष्ट्रिय लक्ष्य तालिका नं. ६ मा उल्लेख गरिएका छन् ।

**तालिका नं. ६: दीर्घकालीन राष्ट्रिय लक्ष्य:**

| १. समृद्धि (Prosperity) | २. सुख (Happiness) |
|---|---|
| १.१ सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धत (Accessible modern infrastructure and intensive connectivity) | २.१ परिस्कृत तथा मर्यादित जीवन (Well-being and decent life) |
| १.२ मानव पुँजी निर्माण तथा संभावनाको पूर्ण उपयोग (Development and full utilization of human capital potectials) | २.२ सुरक्षित, सभ्य र ज्यापूर्ण समाज (Safe, civilized and just society) |
| १.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व (High and sustainable production and productivity) | २.३ स्वस्थ्य र सन्तुलित पर्यावरण (Healthy and balanced environment) |
| १.४ उच्च र समतामूलक राष्ट्रिय आय (High and equitable national income) | २.४ सुशासन (Good governance) |
| | २.५ सवल लोकतन्त्र (Comprehensive democracy) |
| | २.६ राष्ट्रिय एकता, सुरक्षा र सम्मान (National unity, security and dignity) |

श्रोत: पन्ध्रौ योजनाको आधार पत्र (२०७६/७७-२०८०/८१)

### २.१.३.२ दीर्घकालीन राष्ट्रिय रणनीति:

विगतका संस्थागत विकास योजना तथा तीनबाट प्राप्त उपलब्धिको समिक्षा साथै बदलिएको राज्यको राजनीतिक परिवर्तन र जनताको चाहाना, आवश्यकता र अपेक्षा समेतलाई केन्द्रविन्दुमा राखेर योजनाको आधार पत्र (२०७६/७७-२०८०/८१) देहाय बमोजिमको ८ वटा बुदागत शिर्षकमा दीर्घकालीन राष्ट्रिय रणनिति अवलम्बन गर्ने निधो गरेको अवस्था छ ।

१. तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने
२. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने
३. आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् दिगो शहर /बस्ती विकास गर्ने
४. उत्पादन र उत्पादकत्व वृद्धि गर्ने
५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने
६. गरीबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने
७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता विकास गर्ने र
८. सार्वजनिक सेवाको सुदृढिकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने

### २.१.३.३ रुपान्तरणका प्रमुख सम्बाहक :

दीर्घकालीन सोच र तीनमा आधारित रणनीतिको सफल कार्यान्वयन गरी राष्ट्रिय लक्ष्य हाँसिल गर्न देहाय बमोजिम सामाजिक तथा आर्थिक रुपान्तरणका सम्बाहक अवलम्बन गर्ने अठोट गरिएको छ ।

१. गुणस्तरीय एकीकृत यातायात प्रणाली, सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र बृहत सञ्जालीकरण
२. गुणस्तरीय मानव पुँजी निर्माण, उद्यमशील कार्य सस्कृति विकास र सम्भानाको पूर्ण उपयोग
३. जलविद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धन
४. उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि
५. गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तार
६. आधुनिक, दिगो र व्यवस्थित सहरीकरण, आवास र बस्ती विकास
७. प्रादेशिक र स्थानिय अर्थतन्त्रको विकास र सुदृढिकरण तथा औपचारिक क्षेत्रको विस्तार
८. सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभुति र
९. शासकीय सुधार र सुशासन अभिवृद्धि

### २.१.३.४ सहयोगी क्षेत्रः

दीर्घकालीन सोचका लक्ष्य हाँसिल गर्ने सन्दर्भमा रुपान्तरणका संबाहक क्षेत्रको प्रभावकारी परिचालन गर्न देहायका क्षेत्रहरुलाई प्रमुख सहयोगी क्षेत्रका रुपमा लिईएको पाईन्छ ।

१. संविधान, लोकतन्त्र र विकास प्रतिको राजनीतिक प्रतिबद्धता
२. जनसाख्यिक लाभ र जागरिक सचेतना
३. भौगोलिक अवस्थिति र प्राकृतिक विविधता तथा सम्पन्नता
४. सामाजिक, सांस्कृतिक विविधता तथा मौलिक पहिचान
५. सामाजिक पुँजी र विश्वभर फैलिएका नेपाली समुदाय
६. स्वच्छ र नवीकरणीय उर्जा
७. मित्र राप्ट्र र अन्तराष्ट्रिय समुदायको सद्भाव र
८. संघीय शासन प्रणाली र वित्तीय संघीयता

### २.१.३.५ दीर्घकालीन सोचको परिदृश्य र परिमाणात्क लक्ष्यहरु :

पन्धौ योजनाको आधार पत्र मार्फत राज्यले वर्तमान परिवेश बमोजिम निर्धारण गरेको दीर्घकालीन सोच, यसको सफल कार्यान्वयनकालागि अवलम्बन गर्ने रणनीतिहरु, उक्त रणनीतिमा आधारित वर्तमान अवस्थाको पूर्ण रुपान्तरणकालागि सूचिकृत गरिएका प्रमुख सम्बाहक र सहयोगी क्षेत्रको सहि परिचालन गर्न सके पन्धौ योजनाले परिकल्पना र अपेक्षा गरेको समग्र विकासको गति र त्यसले बनाएको आधारभूत स्तरमा टेकेर त्यस पछिका योजनाले खेल्ने भुमिका समेतको आँकडा समेतलाई मध्यनजर गरी आगमि २५ वर्ष भित्र भन्नाले आ.व. २१००/०१ सम्ममा एक समृद्ध राष्ट्रको रुपमा विकास गर्न सकिने र त्यस अवस्थामा राज्यले देहाय बमोजिमका परिमाणत्मक लक्ष्यहरु प्राप्त गर्ने परिकल्पना नं. ७ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ७: दीर्घकालीन सोचको परिदृश्य र परिमाणात्मक लक्ष्यहरुः**

| क.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचकहरु | एकाई | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| १ | आर्थिक वृद्धि दर (औषत) | % | ६.८ | १०.५ |
| २ | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान | % | २७ | ९ |
| ३ | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | % | १५.२ | ३० |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | % | ५७.८ | ६१ |
| ५ | प्रति व्यक्ति कुल राष्ट्रिय आय | $ | १०४७ | १२१०० |
| ६ | गरिवीको रेखामुनी रहेको जनसङ्ख्या (निरपेक्ष गरीवि) | % | १८.७ | ० |
| ७ | बहुआयामिक गरिवीमा रहेको जनसंख्या | % | २८.६ | ३ |
| ८ | आम्दानीको माथिल्लो १० र तल्लो ४० % जनसंख्याको अनुपात | अनुपात | १.३ | १.१ |

| | | | | |
|---|---|---|---|---|
| ९ | सम्पतिमा आधारित जिनी गुणक | गुणक | ०.३१ | ०.२५ |
| १० | श्रम सहभागिता दर (१५ वर्ष भन्दा माथि) | % | ३८.५ | ७२ |
| ११ | बेरोजगारी दर | % | ११.४ | ३ |
| १२ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | % | ३६.५ | ७० |
| १३ | जलविद्युत तथा नवीकरणीय उर्जा उत्पादन -जडित क्षमता) | % | १०७४ | ४०००० |
| १४ | विद्युतमा पहुँच प्राप्त परिवार | % | ९०.७ | १०० |
| १५ | प्रति व्यक्ति विद्युत उपभोग | % | १९८ | ३५०० |
| १६ | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको परिवार | % | ७८.९ | ९९ |
| १७ | राष्ट्रिय र प्रादेशिक लोकमार्ग | % | ६९७९ | ३३००० |
| १८ | द्रुत मार्ग (भूमिगत मार्ग समेत) | % | ० | २००० |
| १९ | रेलमार्ग | % | ४२ | २२०० |
| २० | इन्टरनेट प्रयोग कर्ता (कुल जनसंख्यामा) | % | ५५.२ | १०० |
| २१ | अपेक्षित आयु -जन्म हुँदाको) | % | ६९.७ | ८० |
| २२ | मातृ मृत्यु दर (प्रतिलाख जीवित जन्ममा) | % | २३९ | २० |
| २३ | पाँच वर्ष मुनिको बालमृत्यू दर (प्रति हजार जीवित जन्ममा) | % | ३९ | ८ |
| २४ | पाँच वर्ष मुनिका कम तौल भएको वालवालिका | % | २७ | २ |
| २५ | साक्षरता दर (१५ वर्ष माथि) | % | ५८ | ९८ |
| २६ | माध्यमिक तह -९-१२) मा खुद भर्ना दर | % | ४३.९ | ९५ |
| २७ | उच्च शिक्षामा कुल भर्ना दर | % | ९.५ | ४० |
| २८ | उच्च माध्यम स्तरको खाने पानी सुविधा पुगेको जनसंख्या | % | २० | ९५ |
| २९ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | % | १७ | १०० |
| ३० | लैंगिक विकास सूचाङ्क | % | ०.९२५ | १ |
| ३१ | मानव विकास सूचाङ्क | % | ०.५७४ | ०.७६० |

श्रोतः पन्ध्रौ योजनाको आधार पत्र (२०७६/७७-२०८०/८१)

### २.१.३.६ कृषि, वन तथा प्राकृतिक श्रोत विकासको सोचः

पन्ध्रौ योजनाले परिकल्पना गरेका समृद्ध निर्माण विकासका आधारहरु मध्ये प्रमुख सम्बाहकका रुपमा स्वीकारिएको कृषि क्षेत्रको विकास र व्यवसायिकीकरण एक अनिवार्य सर्त हो । कृषि क्षेत्रको विकास र वयवसायिकीकरणलाई नजिर बाट साथ दिन वन तथा समग्र प्रकृति श्रोतको परिचालन अर्को महत्वपूर्ण अङ्गको रुपमा स्वीकारिएको छ । आधार पत्रमा उल्लेख भए बमोजिम कृषि, वन, भूमि र अन्य प्राकृतिक स्रोत नेपालको आर्थिक विकास र समृद्धिको लागि महत्वपूर्ण क्षेत्रको रुपमा रहेका छन् । विगतमा गरिएको असल अभ्यास र सिकाईलाई आत्मसात् गर्दै दिगो विकासका माध्यम बाट देशलाई समुन्नत र समृद्ध बनाउने परिकल्पना यस आधार पत्रमा गरिएको पाइन्छ । पन्ध्रौ योजना अवधिमा वैज्ञानिक, व्यसायिक, बजार तथा उपभोक्तामुखी कृषि प्रणाली मार्फत कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने, खाद्य तथा पोषण सुरक्षाको सुनिश्चित गर्न राष्ट्रिय कृषि अन्वेषण प्रणाली एवम् आवश्यक संरचनाको विकास मार्फत कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण र औद्योगिकीकरण गर्ने, विज्ञान तथा प्रविधि र जैविक विविधतामा आधारित जलवायु अनुकूलन सहित दिगो कृषि प्रणाली मार्फत कृषिश्रम र उत्पादनमा विशिष्टीकरण तथा कृषिजन्य वस्तुहरुको बजार र उपभोगमा विविधीकरण गर्ने, खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको सुनिश्चितता गर्दै योगदानमा आधारित किसानको पेन्सन समेतको हक र अधिकार सुनिश्चित गर्ने, कृषि क्षेत्रमा युवाको आकर्षण बढाउन प्रविधिमैत्री, यान्त्रिकृत, व्यवसायिक, उच्च प्रतिफलदायी एवम् मर्यादित पेशाको रुपमा रुपान्तरण गर्ने, कृषि भूमि लगायतका व्यवसायिक हक अधिकार

सुनिश्चित गर्दै उत्पादन सामाग्रीको आपूर्ति सुनिश्चितता एवम् वित्तिय उत्प्रेरणाको उत्पादनशील क्षेत्रमा पूर्ण उपयोग गर्ने अठोट गरिएको छ ।

यसै योजनाको दीर्घकालीन सोच अनुसार आगामि २५ वर्षमा कृषि तथा वन क्षेत्रको औषत वार्षिक वृद्धि दर ५.५ % कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ९ % तथा कृषि क्षेत्रमा देशको आश्रित जनसंख्या २० % मा रहने अनुमान गरेको छ । कृषि क्षेत्रमा रहेका अर्ध बेरोजगारीको अन्त्य गर्न तथा कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि गर्न समेत यस योजनाले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । आधुनिकीकरण तथा व्यवसायीकीकरणको माध्यम बाट कृषिलाई आधुनिक प्रविधिमा आधारित उद्योगको रुपमा विकास गर्ने, माटोमा प्राङ्गारिक पदार्थको मात्रा ५.५ तथा सम्पूर्ण सिँचाईयोग्य जमिनमा सिँचाई पुगेको हुने, प्रमुख वालीहरुको वीउ प्रतिस्थापन दर ७०५ भन्दा माथि पुऱ्याई जमिनको उत्पादकत्व अमेरिकी डलर ९५०० प्रति हेक्टर र कृषि श्रमको उत्पादकत्व अमेरिकी डलर २७९५ प्रतिश्रम पुऱ्याउने, गम्भीर खाद्य असुरक्षा तथा खाद्य गरिवी सून्यमा पुऱ्याउने, प्राङ्गारिक खेतीमा आधारित तुलनात्मक लाभ भएका बाली वस्तुहरुको उल्पादनले कृषिजन्य व्यापारमा प्रमुख हिस्सा रहेको हुने कृषि तथा पशुपन्छीजन्य उत्पादनमा मुलुक आत्मनिर्भर हुनुको साथै कृषि क्षेत्रको निर्यात व्यापार समेत उलेख्य रुपमा वृद्धि हुने परिकल्पना गरिएको अवस्था छ ।

दिगो वन व्यवस्थापन र सन्तुलित वातावरण बाट आर्थिक समृद्धि र नागरिकमा सुखको अनुभूति सिर्जना गर्न सहयोग पुग्ने, सोच अवधिमा वनले ढाकेको क्षेत्रफल ४५ % कायम राखी अर्थतन्त्रमा यसको योगदान उल्लेख्य वृद्धि गर्ने, सवै संरक्षित क्षेत्रहरुमा जैविक विविधताको संरक्षण गर्दै गुणात्मक पर्यटनको गन्तव्य स्थानको विकास गर्ने, विद्यमान संरक्षणमुखी सोचमा आधारित वन व्यवस्थापनलाई दिगो प्रयोग र सो बाट प्राप्त लाभको समन्यायीक बाँडफाँटको व्यवस्था गर्ने, राष्ट्रिय वनको ७५ % क्षेत्रफल समुदायहरुबाट व्यवस्थापन गरी उच्चतम लाभ प्राप्त गर्ने व्यवस्था गर्ने, कृषि वनको अत्याधिक प्रयोग बाट जलधार व्यवस्थापन र पर्यावरणीय पद्धती संरक्षण गरि कृषि जमिनको गुणात्मक सुधार र उत्पादकत्वमा वृद्धि गर्ने, प्रति वर्ष १३ करोड क्यूविक फिट काठ दिगो रुपमा उत्पादन गरी त्यस्ता काष्ठजन्य उद्योगहरुबाट प्राप्त हुने लाभको समन्यायीक लाभको वितरण व्यवस्था गर्ने, वनजन्य तथा जडिबुटिको उत्पादनमा उल्लेख्य वृद्धि भई यी उत्पादनको हिस्सा कुल निर्यातको १० % पुग्ने भए बाट उल्लेखित व्यवसायहरुको माध्यम बाट १५ लाखले रोजगार पाउने अनुमान गरिएको छ ।

कृषि, खाद्य सुरक्षा, सहरी विकास एवम् विपद व्यवस्थापन लगायतका क्षेत्रमा भूमिको उपयोग गर्न भू-उपयोग नीतिको समयानुकुल परिमार्जन गर्दै सवै स्थानिय तहमा भूमिकाको वर्गिकरणमा आधारित भू-उपयोग कार्यान्वयन मार्फत भूमिको महत्तम उपयोग र व्यवस्थापन गर्ने, आधुनिक नाप नक्सा तथा भौगोलिक सूचना प्रविधि मार्फत शुद्ध, विश्वासनीय र प्रभावकारी भू-सुचनाको उपलब्धता सुनिश्चित गर्ने, सबै प्रकारका भू-सम्वनधहरुको उचित पहिचान र व्यवस्थापन गरिने भए बाट करिव १५ लाख भूमिहिन सीमान्तकृत परिवारहरुको बसोबास व्यवस्थित गर्ने अनुमान गरिएको छ ।

आगामि २५ वर्षमा नेपालका सवै जलसम्पदाको उपयोग गर्दा कृषियोग्य जमिनमा सिँचाई अभिवृद्धि गर्ने, यसै अवधिमा २२ लाख हेक्टर कृषि योग्य भूमिमा भरपर्दो सिँचाई व्यवस्था पुऱ्याने, प्रमुख नदि किनाराहरुमा बाढी पहिरो नियन्त्रण र व्यवस्थापन गरिने, पर्यावरणीय पद्धती र जलवायु परिवर्तन सम्बन्धी अन्तराष्ट्रिय स्तरको मापन केन्द्रहरुबाट वास्तविक र यथार्थ समय सूचना प्रवाह गर्ने, जलश्रोत र उर्जा सम्बन्धी तथ्याङ्कहरुको प्रभावकारी संङकलन, व्यवस्थापन र सम्प्रेषण गर्ने, एकीकृत जलाधार व्यवस्थापनको माध्यमद्धारा जलवायु परिवर्तनबाट जलश्रोत उपलब्धता र उपयोगमा पर्ने प्रभाव न्यून गरिने भए बाट पर्यावरणीय सन्तुलनमा उल्लेख्य सुधार हुने अनुमान गरिएको छ । यसरी पन्ध्रौ योजनाको आधार पत्रले सुस्पष्ट रुपमा समृद्धिका आधार मार्गहरुको पहिचान र निर्धारण गरेको हुँदा यस महान लक्ष्यलाई प्राप्त गर्न सबै स्थानिय तहको तहको अहम भूमिका र जिम्मेवारी रहनु पर्ने परिस्थितिको श्रृजना भएको छ ।

### २.१.४ स्थानिय तहको प्राथमिकता:

नेपालका ३ तहका सरकार मध्ये स्थानिय स्तरमा रहेर जनताका आधारभुत आवश्वकताको पहिचान गरी सेवा प्रवाह तथा विकास निर्माणको जिम्मेवारी सम्हालिरहेका स्थानिय तह संघीय लोकतान्त्रिक शासन पद्धतिका जग हुन । संघीय शासनको सफलता र असफलता यीनै स्थानिय तहको सफलता र असफलतामा निर्भर रहन्छ । स्थानिय स्तरमा

सुशासनको माध्यम बाट सेवा प्रवाह र विकास निर्माणको गति प्रदान गर्ने दायीत्व र कर्तव्य यीनिहरुको नै रहन्छ । जनता सँग सधै जसो सम्पर्क स्थापित गर्ने माध्यम पनि यीनै हुन । आफ्ना आवश्यकता पुरा गर्न गराउन जनताको प्रत्यक्ष र छिटो सम्पर्क स्थापित गर्ने माध्यम पनि यीनै हुन् । मुलुकको आर्थिक विकास र समृद्धिको जग पनि यहि बाट यीनैले निर्वाह गर्नु पर्दछ । तसर्थ राष्ट्रिय संकल्प बमोजिम कृषि तथा पशुपक्षि पालनको व्यवसायीकिकरण र विकासको आधार तयार पार्ने जिम्मेवारी पनि स्थानिय तहहरुको नै रहने कुरामा दुइ मत हुन सक्दैन । वर्तमान संविधानले स्वीकारेको र निर्धारण गरेको क्षेत्राधिकार भित्र रहि स्थानिय श्रोत र साधनको उचित सदुपयोग, संरक्षण र प्रवर्धनको सुनिश्चितता गर्न स्थानिय स्तरमा जनता सँग प्रत्यक्ष समन्वय र सहकार्य गरी कृषि तथा पशुपंछि बाली उत्पादनको आधार निर्माण गर्ने साथै उक्त उत्पादन बाट प्राप्त औद्योगिक कच्चा पदार्थ लाई स्थानिय स्तरमा नै उद्योगहरुको स्थापना र विकास गर्नु स्थानिय तहको प्रथम प्राथमिकता भित्र पर्ने भएकाले यसलाई गति प्रदान गर्नु स्थानिय सरकारको अहम् जिम्मेवारी र भूमिका रहेको छ ।

### २.२ अध्ययनको उद्देश्य:

- वर्तमान संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन लगायत प्रचलित ऐन कानूनको अधिनमा रहि यस गाउँपालिकाको समृद्धिको मार्ग प्रशस्त गर्न स्थानिय आवश्यकता बमोजिम गाउँपालकाको आर्थिक विकासका आधारहरुको खोजी गरी दिगो विकासको जग बलियो बनाउनु ।
- वर्तमान अवसर र भावि संभावना समेतका आाधारमा गाउँपालिकाको दीर्घकालीन सोचअनुरुप दिगो विकास लक्ष्यमा आधारित आर्थिक विकास योजनाले स्थापित गरेका विकास लक्ष्य प्राप्त गर्न गुरु योजना समेत तर्जुमा गरी कार्यान्वयन गर्न सहज बनाउने ।
- गाउँपालिकाको सर्वाङ्गीण विकासकालागि आर्थिक विकासको पाटोमा उभिएको व्यवसायिक कृषि तथा पशुपन्छी पालनको हकमा माङसेबुङ गाउँपालिका वडा नं. ६ को अवस्था पहिचान गरी विषयगत क्षेत्रहरु र तदनुरुप लक्ष्य, उद्देश्य, नतिजा, राणनीति, कार्यक्रमहरु, बजेट निर्धारण तथा सरोकारवालाहरुको पहिचानलाई समेत समेटी अल्पकालीन तथा दिर्घकालिन योजना तर्जुमा गर्न सहयोग पुऱ्याउनु ।
- कृषि, आवस, औद्योगिक लगायतका क्षेत्राधिकारहरु सहितको भू-उपयोग नीतिको मापदण्ड निर्धारण गर्न सहयोग पुऱ्याउने
- कृषि व्यवसायमा आधारित योजनाहरुको सफल कार्यान्वयनबाट माङसेबुङ गाउँपालिकालाई एक व्यवस्थित, सक्षम र समृद्ध गाउँपालिकाको रुपमा विकास गर्ने
- दिगो विकास लक्ष्यले निर्धारण गरेका विषय वस्तुलाई स्थानियकरण गरी समृद्धि निर्माणमा सवै सरोकारवालालाई सकृय सहभागि गराउने
- गाउँपालिकाको दिगो विकासमा आधारित योजना तर्जुमा र कार्यान्वयनमा सहभागि गराएर स्थानियबासीको अपनत्व स्थापित गर्ने
- स्थानियबासी समक्ष विकास निर्माणका विषयमा गरिएका प्रतिबद्धतालाई सुशासनको माध्यम बाट साकार पार्ने
- समग्रमा माङसेबुङ गाउँपालिकालाई कृषिको व्यवसायिकिकरणको माध्यम बाट एक मानव बसोबास योग्य सुविधा सम्पन्न र समृद्ध गाउँपालिकाको रुपमा निर्माण र विकास गर्ने आधारको खोजी गर्ने ।

### २.३ कार्य परिधि:

नेपालका ७७ जिल्ला मध्येको प्रदेश नं. १ मा रहेको एक महत्वपूर्ण जिल्लाको रुपमा स्थापित इलाम जिल्लालाई पछिल्लो पुनरसंचना बमोजिम राजनीतिक तथा प्रशासनिक सेवा प्रवाहका हिसावले ४ वटा नगरपालिका र ६ वटा गाउँपालिका गरी जम्मा १० वटा स्थानिय तहमा विभाजन गरिएको छ । इलाम जिल्लामा अवस्थित गाउँपालिका मध्ये माङसेबुङ गाउँपालिकाले अवलम्बन गरेका नीति तथा योजना बमोजिम यस गाउँपालिकाको वडा नं. ६ मा गरिएको कृषि तथा पशुपन्छी पालनको सम्भाव्यता अध्ययनको कार्यपरिधि देहाय बमोजिम रहेको छ ।

- माङसेबुङ गाउँपालिकाको वडा नं. ६ को अवस्था र भावि सम्भावनाको मात्र अध्ययन गरिएको ।
- कृषिको व्यवसायिक प्रवर्द्धनका लागि नेपाल सरकारले निर्धारण गरेका मापदण्डहरुलाई प्रमुख आधारभूत गन्तव्य बनाई अध्ययनको कार्य सञ्चालन व्यवस्थापन गरिएको ।
- व्यवसायिक कृषि विकास कार्यकालाीग आवश्यक न्यूनतम पूर्वाधारहरुको मात्र खोजि गरिएको साथै यसले अन्य क्षेत्रमा पार्ने प्रभावलाई समेत अध्ययनको सिमा निर्धारण गरिएको
- सम्बन्धित वडाको सिमा क्षेत्र भित्र केन्द्रित भएर अध्ययन कार्य सम्पन्न गरिएको
- अध्ययन कार्यकालागि सम्झौतामा निर्धारित समय सिमा भित्र अध्ययन कार्य सम्पन्न गरिएको
- स्थानिय बडावासि, संघसंस्थाका प्रतिनिधि र जनप्रतिनिधिहरुको सकृया सहभागितामा अध्ययन कार्यलाई अघि बढाईएको

### २.४ अध्ययन विधि र प्रकृयाः

माथि उल्लेखिय उद्देश्यहरु पुरा गर्न निम्न प्रकारका अध्ययन विधि र प्रकृया अवलम्वन गरी कार्य सम्पन्न गरिएको छ

क. अध्ययनको सिलसिलामा दिगो विकास लक्ष्य, पन्ध्रौ योजनाको आधार पत्र, आवधिक योजना तर्जुमा राष्ट्रिय अवधारणा लगायत विभिन्न पुस्तक, लेख, अनुसन्धानात्मक कृतिहरु, माङसेबुङ गाउँपालिकाको वस्तुस्थिति विवरण, वार्षिक प्रतिवेदन, वार्षिक कार्यक्रम, योजना मापदण्ड, भोतिक विकास योजना प्रतिवेदन आदि संकलन तथा अध्ययन गरिएको ।

ख. इलाम जिल्ला लगायत माङसेबुङ गाउँपालिकामा भू-उपयोग तथा पूर्वाधारहरु (सडक, खानेपानी, वर्षेढल लगायत) तथा कृषि, उद्योग, वन, पर्यटन विकास सम्बन्धी वर्तमान स्थितिका बारेमा जानकारी प्राप्त गरिएको ।

ग. माङसेबुङ गाउँपालिका वडा नं. ६ का वडाअध्यक्ष र वडासमितिका सदस्यज्यूहरु, कार्यालयका जिम्मेवार कर्मचारीहरु, स्थानिय वडाबासीहरु लगायत सरोकारवाला पक्ष र क्षेत्र समेतलाई समेटेर स्थानिय स्तरका नागरिक समाजका प्रतिनिधि, बृद्धिजिवीहरु, समाजसेवीहरुको सहभागितामा वार्ड भेला समेत गरी सहभागितात्मक सुझाव तथा सरसल्लाह लिने कार्य गरिएको ।

घ. कार्य विवरणमा उल्लेख भए बमोजिम माङसेबुङ गाउँपालिका वडा नं. ६ को वर्तमान वस्तुस्थितिहरुको अवलोकन तथा समीक्षा (situation analysis) को आधारमा सापेक्षित मूल समस्या, सवालहरु तथा चुनौती र अवसरहरुको पहिचान गर्ने प्रयास गरिएको ।

ङ. व्यवसायिक कृषि तथा पशुपालन सँग सम्बन्धित प्रश्नवाली निर्माण गरी गणकहरुको सहयोगमा टोल तथा घरपरिवार सर्वेक्षण तथा संस्थागत सर्वेक्षण गरी वस्तुगत तथ्याङ्क संङकलन गरिएको

च. प्राप्त तथ्याङ्कहरुलाई कम्प्यूटरमा प्रविष्ट गरी प्रशोधन गरिएको

छ. प्रशोधित तथ्याङ्कहरुका आधारमा अध्ययन मस्यौदा प्रतिवेदन तयार गरिएको

ज. मस्यौदा प्रतिवेदन माथि सम्बन्धित वडाका जिम्मेवार पदाधिकारीहरु समक्ष छलफल र सुझाव संङकलन गरिएको

झ. छलफल बाट प्राप्त सुझावहरुलाई समेटी अध्ययनको अन्तिम प्रतिवेदन तयार गरिएको ।

ञ. बदलिएको परिवेश सँगै दिगो विकास लक्ष्यको खाका समेतलाई ध्यानमा राखि माङसेबुङ गाउँपालिका वडा नं. ६ को आर्थिक समृद्धिको मार्ग तयार गर्न प्राविधिक, आर्थिक र संस्थागत पक्षलाई दृष्टिगत गरी कृषि तथा पशुन्छी विकास योजनाहरु तयारीका लागि ठोस सुझावको प्रस्तुत गरिएको ।

# खण्ड ३ (तीन)
# कृषि विकासलाई व्यवस्थित गर्न विगत देखि वर्तमान सम्म कृयाशिला भएका ऐन, नियम, नीति, कार्यविधि र निर्देशिकाहरु

नेपाल कृषि प्रधान देश भएको कुरामा दुइमत छैन । कृषि उत्पादन र तीनको उपयोगका विषयलाई लिएर विभिन्न समयमा विभिन्न ऐन, नियम, नीति, कार्यविधि र निर्देशिकाहरु निर्माण गरिए तर तीनिहरुको सफल कार्यान्वयनमा देखिएका समस्या र चुनौतिहरुका कारण विश्वपरिवेश र नेपाल र नेपालीको आवश्यकता बमोजिम कृषिको व्यवसायीकिकरण, उत्पादन र उत्पादकत्वमा वृद्धि हुन नसकेको कारण वर्तमान अवस्थामा दैनिक जीवन यापनकालागि आयातमा निर्भर रहनु पर्ने अवस्था रहेको छ । नेपालले कृषि उपज र तीनको उपयोगमा विगतमा प्रतिपादन गरेका ऐन, नियमहरु देहाय बमोजिम रहेका छन् ।

**३.१ ऐनहरुः**

- खाद्य ऐन, २०२३
- दाना पदार्थ ऐन, २०३३
- विउविजन ऐन, २०४५
- जीवनाशक विषाधि ऐन, २०४८
- राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९
- विरुवा संरक्षण ऐन, २०६४
- कृषि तथा पशुधन बीमालेख ऐन, २०६९

**३.२ नियमावलीहरुः**

- खाद्य नियमावली, २०५७
- बीउ विजन नियामली, २०६९

**३.३ आदेशहरुः**

- कपास विकास समिति गठन आदेश, २०३९
- चन्द्रडाँगि विउ विजन तथा दुग्ध विकास समिति गठन आदेश, २०५२
- रासयनिक मल नियन्त्रण आदेश, २०५५
- कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति गठन (तेस्रो संशोधन) आदेश, २०६३

**३.४ नीतिहरुः**

- दीर्घकालीन कृषि योजना प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सम्बन्धी नितिगत तथा संस्थागत व्यवस्था, २०५०
- राष्ट्रिय वीउ विजन नीति, २०५६
- राष्ट्रिय चिया नीति, २०५७
- राष्ट्रिय मल नीति, २०५८
- राष्ट्रिय कफी नीति, २०६०
- सिँचाई नीति, २०६०
- राष्ट्रिय कृषि नीति, २०६१
- विज्ञान तथा प्रविधि नीति, २०६१
- जैविक प्रबर्द्धन नीति, २०६१
- कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३

- कृषि जैविक विविदता नीति, २०६३
- वाणिज्य नीति, २०६५
- जलवायु परिवर्तन नीति, २०६७
- औद्योगिक नीति, २०६७
- पुष्प प्रवर्द्धन नीति, २०६९
- आपूर्ति नीति, २०६९
- कृषि यान्त्रिकरण नीति, २०७०
- कृषि यान्त्रिकरण प्रवर्द्धन नीति, २०७१
- वन नीति, २०७१

**३.५ निर्देशिकाहरु :**

- कृषि उपज बजार स्थलको व्यवस्था तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०५३ (संशोधन सहित)
- खाद्य पोषण सुरक्षा अभियान कार्यक्रम अन्तरगत रासायनिक मल तथा विउ विजनमा ढुवानी अनुदान सहुलियत उपलब्ध गराउने कार्यको निर्देशिका, २०५९
- प्रयोगशालाहरुको सशुल्क सेवा सम्बन्धी कार्यान्वयन निर्देशिका, २०५९/६०
- कृषि क्षेत्रकालागि वातावरणीय प्रभाव मुल्याङकन निर्देशिका, २०६०
- कृषि तथा सहकारी मन्त्रालय अन्तरगत करार तथा साझेदारी कार्यक्रम सञ्चालन निर्देशिका, २०६१
- कृषि विकास योजना, जनकपुरको साना सिँचाई (स्याल ट्यूबवेल) कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६४
- हिउँदे हाईब्रिड मकै क्षति प्रभावित क्षेत्रमा (स्याल ट्युबवेल) कार्यान्वयन निर्देशिका, २०६७
- प्राङ्गारिक कृषि उत्पादनको सहभागितामुलक गुणस्तर निर्धारण प्रणाली सञ्चालन सम्बन्धी मार्गदर्शन, २०६९
- बीउ विजनको दर्घिकालीन राष्ट्रिय सोच, २०७०
- व्यवसायीक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७०
- अलैचिको रोग व्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रम सञ्चालन निर्देशिका, २०७०
- साना सिचाई विशेष कार्यक्रम कार्यान्वयन निर्देशिका (पहिलो संशोधन, २०७०)
- बाली तथा पशुधन बीमाको प्रिमियम अनुदान उपलब्ध गराउने निर्देशिका, २०७०

**३.६ कार्यविधि तथा मार्गदर्शनहरु :**

- कृषि क्षेत्रको निक्षेपण सम्बन्धी कार्य सञ्चालन कार्यविधि, २०५९
- कृषि फर्म केन्द्रहरुको दोहोरो मार्ग व्यवस्थापन प्रणाली तथा आन्तरिक कार्यक्रम सञ्चालन कोष सम्बन्धी कार्यविधि, २०६०
- सामुदायिक वीउ बैंक स्थापना सम्बन्धी कार्यविधि, २०६६
- मौरी गोला उपहार कार्यक्रमको कार्यविधि, २०६६
- बुटवल कृषि उपज थोक बजार सञ्चालन कार्यविधि, २०६७
- अभियानमुखी सुन्तलाजात बँगैचा प्रवर्धन कार्यक्रम, प्याज कार्यक्रम, मकै तथा भटमास कार्यक्रम, मत्स्य कार्यक्रम साग सम्बन्धित कार्यविधिहरु
- श्रोत संरक्षण प्रवर्धन प्रदर्शनी कार्यक्रम कार्यविधि
- सहकारी संघसस्थालाई उपलब्ध गराउने अनुदान एवम् भन्सार महसुलमा छुट सुविधा सिफरिस सम्बन्धी कार्यविधि, २०६८
- प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि, २०६८
- कृषकहरुलाई उन्नत बीउ विजन खरीद मूल्यमा अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६८
- वीउ आलु आत्मनिर्भर कार्यक्रम सञ्चालन कार्यविधि, २०६८

- कृषि यान्त्रिकरण तथा पशुधन उद्योग स्थापनामा पूँजीगत अनुदान तथा भन्सार मिनाहा र मूल्य अभिवृद्धि कर छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०६९
- राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धी प्रदायक निकायको सम्बन्ध प्रदान गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०६९
- प्राङ्गारिक कृषि उत्पादनको सहभागितामुलक गुणस्तर निर्धारण प्रणाली सञ्चालन मार्गदर्शन, २०६९
- बाली तथा पशुपंक्षी बीमा निर्देशन, २०६९
- सुन्तलाजात फलफूल बँगैचा दता कार्यविधि
- अदुवा बेसार प्रदर्शन कार्यक्रम सम्बन्धी कार्यविधि
- प्लाष्टिक पोखरी निर्माण कार्यविधि, २०७०
- शित भण्डार निर्माणकालगि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७०
- अभियानमुखि तेलहन बाली उत्पादन आयोजनाको कार्यक्रम सञ्चालन कार्यविधि, २०७०
- मध्य पहाडी वृहत मकै उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०
- वीउ आलु आत्मनिर्भर कार्यक्रम कार्यान्वयन, २०६८ (प्रथम संशोधन, २०७०)
- युवा रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७०
- अदुवा प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०
- गुणस्तरीय बीउ उत्पादन कृषक पाठशाला सञ्चालन नर्मस् एवं कार्यविधि
- ग्रामीण युवा स्वरोजगार प्रवर्धन पशु विकास कार्यक्रम कार्यविधि, २०६४ (पहिलो संशोधन, २०७०)
- मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०
- मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०
- बाली उत्पादनोपरान्त क्षति न्यूनिकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादनको लागि कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरुलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७०
- लघुवित्त / सहकारी संस्थासँगको साझेदारीमा कृषि औजार, उपकरण खरिद तथा सञ्चालन गर्न ब्याज अनुदान परिचालन कार्यविधि, २०७०
- सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र सम्बन्धी कार्यविधि, २०७०
- विदेशमा कृषि सम्बन्धी तालिम तथा उच्च शिक्षा हाँसिल गरी स्वदेशमा व्यवसाय सञ्चालन गर्ने युवाहरुलाई प्रोत्साहन तथा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१

### ३.७ वर्तमान संविधान कार्यान्वयनमा आए पछि लागू तथा परिमार्जन भएका केहि रणनीति तथा कार्यविधिहरुः

वर्तमान संविधानले परिकल्पना गरे बमोजिम राज्यको समृद्धिको मुल आधरको रुपमा रहेको कृषिमा आधारित अर्थतन्त्रको जग निर्माण गर्न विगतमा गरिएको नीतिगत, कानूनी तथा सांगठनीक संरचनालाई समय सापेक्ष परिवर्तित गरी समग्र कृषि विकासको आधार निर्माण गर्ने अभिप्रायले **कृषि विकास रणनीति, २०१५-३५** कार्यान्वयनमा रहेको छ । वर्तमान संविधानको मुल मर्म, राष्ट्रको संकल्प साथै कृषि विकास रणनीतिलाई कार्यान्वयनमा ल्याएर देशको समृद्ध नेपाल, सुखी नेपालीको मार्ग सुनिश्चित गर्न तत्कालिन ऐन, नियम, नीति, निर्देशन तथा कार्यविधिहरु कमिक रुपले समय सापेक्ष वनाउदै लैजाने कममा देहाय बमोजिमका केहि कार्यविधिहरु निर्माण तथा परिमार्जन गरिएका छन् । जुन यस प्रकार रहेका छन् ।

- व्यवसायीक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने व्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३
- शितघर तथा खाद्यायन्न भण्डारण घर स्थापना कार्यक्रमका लागि व्याज अनुदान मापदण्ड, २०७३
- राष्ट्रिय खाद्य स्वच्छता नीति, २०७५ शुन्य शक्ति र वैकल्पिक उर्जा सिँचाई प्रणाली जडानको लागि अनुदान परिचालन कार्यविधि, २०७३
- फलफूल प्रोसेसिङ प्लाण्ट स्थपना कार्यक्रम सञ्चालन कार्यविधि -प्रथम संशोधन, २७४), २०७४
- सामुदायिक आई.पी.एम श्रोत केन्द्र सञ्चालन कार्यविधि, २०७४
- जैविक तथा वास्तविक विषादी उत्पादन, प्रयोग तथा अनुदान निर्देशिका, २०७४
- स्थानिय तह मार्फत कार्यान्वयन हुने "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि", २०७५
- बाली तथा पशुपन्छी वीमा वुकलेट, २०७५

- Inter Provincial Dependency for Agricultural Development, July, 2018
- कृषि प्रसार कार्यक्रम सञ्चालन निर्देशिका तथा नर्मस् (बाली, बागबानी, व्यवसायिक किट, बाली संरक्षण, माटो, मन्स्य, कृषि प्रसार र बजार सम्बन्धी विषयगत कृषि विकास कार्यक्रमहरु साथै नयाँ तथा परिमार्जन भएका कार्यविधि समेत) २०७४ / ७५
- मकै उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया, २०७६
- राष्ट्रिय कृषि वन नीति, २०७६
- कृषि विकास रणनीति, २०१५ - २०३५

# खण्ड ४ (चार)
# कृषि विकास रणनीति २०१५ - २०३५
# तथा
# यसले अवलम्वन गरेको मार्ग

नेपालको अर्थतन्त्रको ठूलो हिस्सा कृषिमा निर्भर छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा ३५ प्रतिशत योगदान कृषि क्षेत्रको नै रहेको छ करीब दुई तिहाई जनता कृषिमा नै निर्भर रहेका छन् । नेपालको हकमा कृषि क्षेत्रको विकास र विस्तारले मात्र देश विकासमा महत्वपूर्ण योगदान गर्दछ भन्ने कुरामा दुईमत हुन सक्दैन । कृषि लगायत प्राकृतिक स्रोतको समुचित उपयोग गरी तुलनात्मक लाभको आधारमा कृषि बालीको प्रतिस्पर्धी क्षमता बढाएर उत्पादन वृद्धि गरी मुलुकलाई खाद्यन्नमा आत्मनिर्भर बनाउनु हाम्रो प्राथमिता हुनुपर्छ र पर्न गएको पनि छ । तुलनात्मक लाभका नगदे बालीहरुमा व्यवसायीकरण, कृषि मार्फत आयात प्रतिस्थापन र आय किसानहरको आर्थिकस्तर वृद्धि गर्दै समृद्ध नेपाल बनाउने नै हाम्रो परिकल्पना हुनुपर्दछ र छ पनि । कृषिमा औद्योगीकरण नभएसम्म देशको समृद्धिको कल्पना पनि गर्न सकिदैन र हुन सक्दैन । कृषिमा व्यवसायीकरण, विविधीकरण, आधुनिकिकरण गरी यस क्षेत्रको योगदान बढाउने र विदेश पलायन भएका र वैदेशिक रोजगारीमा गएका युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषिलाई आत्मनिर्भर बनाउनु अहिलेको प्रमुख आवश्यक्ता हो ।

यसै कुरालाई दृष्टिगत गरी कृषि क्षेत्रमा जलवायु परिवर्तनका असर कम गर्ने, सिँचाई सुविधा सर्वसुलभ बनाउने, सीमान्त भूमिमा कृषिको लागि चाप घटाउने, किटनाशक विषादीको अनुपयुक्त र असुरक्षित प्रयोगबाट वातावरण र जनस्वास्थ्यमा नकारात्मक प्रभाव घटाउने, उपलब्ध कृषि प्रविधिहरु पर्याप्त रुपमा कृषकको थलोमा पुऱ्याउने, रासायनिक मल आयात र वितरण व्यवस्था सुनिश्चित तुल्याउने, युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्न, कृषि उपजको प्रशोधन प्रविधिको विकास र विस्तार गर्ने, कृषि एवं पशुजन्य उत्पादन, वितरण, आयात एव. निर्यातमा गुणस्तर एवं स्वच्छताको नियमन कार्य प्रभावकारी तुल्याउने, कृषि उत्पादकत्व बढाउन कृषक समूह र सहकारीको संस्थागत विकास, गरिव, महिला, जनजाति, दलित, मधेसी, मुस्लिम र दुर्गम क्षेत्रका कृषकहरुको कृषि तथा पशु सेवा कार्यक्रममा पहुँच वृद्धि गर्ने, कृषि सम्बन्धी औपचारिक र अनौपचारिक शिक्षामा पहुँच बढाउने मुख्य उद्धेश्य तथा दुरगामी प्रभाव पार्ने नीति नियम कानून, त्यसलाई सहयोग गर्ने संरचना, राज्यको लगानी, नीजी सहकारी क्षेत्रको सक्रियता र किसानहरुको सचेतता, संलग्नता, लगनशीलता, मिहिनेत, दाताहरुको लगानी प्रतिवद्धताबाट कृषि क्षेत्रमा टिकाई राख्न सकिने मुल आधारका साथ यो कृषि विकास रणनीति तयार गरिएको पाईन्छ ।

**४.१ कृषि विकास रणनीतिले स्वीकारेका कृषि क्षेत्रका प्रमुख समस्या र सवालहरुः**

कृषि विकासको क्षेत्रमा नेपालले निकै लामो समय देखि संस्थागत प्रयास गर्दै आएको पाइन्छ । करिव ८३ प्रतिशत ग्रामिण जनताको मुख्य जिविकोपार्जनको श्रोतका रुपमा रहेको नेपालको कृषि क्षेत्रले तेस्रो आवधिक योजनाबाट नै विकासको प्राथमिकतामा पर्न सफल भएता पनि अपेक्षाकृत विकास हुन सकेको छेन । कृषि क्षेत्रको विकास नीति/रणनीतिहरुमा प्राथमिकतामा परे पनि राज्यबाट हुने लगानीको प्राथमिकतामा कहिल्यै परेन । एकातिर कृषि विकासका लागि बजेटको अपर्याप्तको विषय सदैव टड्कारो रुपमा आउँछ भने अर्कातिर कृषि विकासका योजना कार्यान्वयन गर्ने निकायबाट समयमा बिनियोजित बजेट खर्च गर्न नसकेको र भएको बजेटको कार्यान्वयन पनि प्रभावकारी नबनेको अवस्था छ । कृषि विकासको जिम्मा पाएका निकायहरुको समयानुकुल क्षमता अभिवृद्धि हुन नसक्दा र सुशासन सुनिश्चित गर्न नसक्दा कृषि विकासका परियोजनाबाट परिलक्षित उपलब्धिहरु हासिल हुन सकेका छैनन । जसको परिणाम विगतमा खाद्यान्न निर्यात गर्ने मुलुक आज खाद्यान्न आयात गर्नु पर्ने अवस्थामा पुगेको छ । राष्ट्रिय कुल ग्राहस्थ उत्पादनमा ३५ प्रतिशत योगदान गरेको कृषि क्षेत्रले यस क्षेत्रको लागि हाल आवश्यक लगानीको करिव १० प्रतिशत मात्र राज्यबाट प्राप्त गरेको छ । भू-खण्डीकरण, प्राकृतिक प्रकोपलाई व्यवस्थापन गर्न सक्ने राज्यको अपर्याप्त क्षमता, राज्यको अस्थिर भू-नीति जस्ता कारणले कृषि क्षेत्रमा पर्याप्त मात्रामा निजि क्षेत्रको लगानी आकर्षित हुन सकेको छेन । पर्याप्त नीतिगत पुर्वाधारहरुको अभावमा व्यवसायिक कृषि तथा यसको औद्योगिकरणमा अन्तराष्ट्रिय लगानी समेत आकर्षित हुन सकिरहेको छैन । हाल सम्म पनि कृषि क्षेत्र व्यवसाय वा उद्यमको रुपमा स्थापित हुन सकेको छैन । प्राकृतिक प्रकोप तथा अन्य खतराबाट हुने क्षतिलाई परिपूर्ति गर्नका लागि विमा र क्षतिपूर्तिको उचित व्यवस्था एवं विमामा सवै कृषकहरुको सहज पहुँच हुन सकेको छैन । नेपालमा कृषि अनुसन्धानको क्षेत्रमा राज्यको लगानी कृषि गार्हस्थ उत्पादनको करिव ०.४ प्रतिशत छ, जुन अत्यन्य न्यून हो । कृषि अनुसन्धान कृषकहरुको माग, राष्ट्रिय आवश्यकता र

भौगोलिक सम्भावनाहरुलाई सम्वोधन गर्ने गरी केन्द्रीत हुन सकिरहेका छेनन् भने अर्कोतिर अनुसन्धानबाट सृजित प्रतिफलहरु सही समयमा सही ढंगले कृषक समक्ष प्रसारित हुन सकिरहेको छैन । कृषि अनुसन्धान, कृषि प्रसार र कृषि शिक्षाका विचमा समन्वय हुन सकेको छैन । कृषि अनुसन्धान र प्रसार विकेन्द्रीकरण हुन सकिरहेको छैन । प्रचूर मात्रामा पानी भएता पनि सीमित खेतीयोग्य जमिनमा मात्र सिँचाइको सुविधा छ । अधिकाँश खेति योग्य जमिन आकासे पानीमा निर्भर छ । सिँचाइको अभाव नै कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिको मुख्य व्यवधानको रुपमा देखापरेको छ । यसका अलावा सिँचाई परियोजनाको ढाँचा, बजेट विनियोजन तथा व्यवस्थापनले पनि समय मै परयोजना सम्पन्न हुने/नहुने निर्धारण गर्छ । कृषि क्षेत्रको पुर्वाधारका लागि बजेट निक्षेपण भए तापनि अन्य विभिन्न सरकारी निकाय वीच समन्वयको अभावका कारण कृषि क्षेत्रको नयाँ पूर्वाधार निर्माणको जिम्मेवारीका सन्दर्भमा द्विविधा देखिन्छ । अपर्याप्त प्राविधिक तथा व्यवस्थापन क्षमताका कारण स्थानिय स्तरमा सिँचाई परियोजना हस्तान्तरण गरिदैन अनि केन्द्रिकृत निर्णय प्रणालीले ठूला परियोजनालाई मात्र केन्द्र विन्दुमा राखेको पाइन्छ । कृषि सडकका नाममा ग्रामीण सडकलाई प्राथमिकता दिए पनि उत्पादन सामग्रीको पहुँच र कृषि उपजको सहज बजारीकरणमा नकरात्मक प्रभाव पर्न गई उत्पादनशील जमिनहरु बाँझो रहन गएका छन् । आन्तरिक र वाह्य आप्रवासनका कारण कृषि क्षेत्रमा कृषि मजदुरहरुको अभाव देखिन थालेको छ । ग्रामीण विद्युतीकरणको अभावमा व्यवसायिक तथा औद्योगिक कृषिका लागि अत्यावश्यक उर्जाको अभावमा कृषि व्यवसाय सफल बन्न सकिरहेको छैन । कृषि क्षेत्रको उत्पादन लागत न्यूनिकरण गर्नका लागि कृषि यान्त्रीकरण गर्न समेत विद्युत अभावका कारण नकरात्मक असर पर्न गई उत्पादन लागन बढ्न गईरहेको छ । कृषि उपजहरु जस्तै धान प्रशोधन गर्न प्रशोधनशालाहरु पर्याप्त र नविन प्रविधिका नहुँदा धान भारत निकासी हुने र सोही धान प्रशोधन पश्चात् अत्यन्तै महगो मूल्यमा आयात हुने अवस्था श्रृजना भएको छ ।

यती मात्र हैन आलु, प्याज, तरकारी तथा फलफूल जस्ता कृषि उपजहरुको लागि उचित भण्डारणको सुविधा नहुँदा उत्पादन हुने मौसममा सडेर जाने वा न्यून मूल्यमा निर्यात हुने तथा बेमौसममा अत्यन्तै महंगो मूल्यमा आयात हुँदा कृषि उत्पादनमा अपेक्षित विकास नहुनुका साथै राष्ट्रयको व्यपार घाटा समेत दिनानुदिन बढ्दै गईरहेको छ । गुणस्तरीय कृषि उपजहरुको उत्पादन, प्रशोधन तथा प्याकेजिङ्ग प्रविधिको विकास, विस्तार र नियमन हुन नसक्दा निर्यात भैईरहेका कृषि उपजहरु समेत निरन्तर घटदै गएका र निर्यात हुनबाट बञ्चित हुन थालेका छन् । राज्यले विगत केहि वर्षहरुबाट मलमा अनुदान उपलब्ध गराउन शुरु गरे तापनि राष्ट्रिय आवश्यकताको सानो अंशलाई मात्र सम्बोधन गर्न सकेको छ । मल वितरण प्रणाली समानुपातिक तथा समतामूलक वन्न सकेको छैन् । दूर दराजमा रहेका कृषकहरु यस सुविधाबाट बञ्चित भएका छन् । राज्यले उचित परिमाणमा, उचित समयमा र उचित स्थानहरुमा मल वितरण गर्न नसक्दा कृषि उत्पादनमा अपेक्षाकृत बढोत्तरी हुन सकेको छैन । देशमा मलको अपर्याप्तताले गर्दा भारतबाट महंगोमा चोरी निकासीका माध्यमबाट मल आयात हुने र त्यस्तो मलको गुणस्तर कमसल हुने तथा म्याद गुज्रिसकेका मलहरु भित्रिने समस्या रहेको छ । मलको गुणस्तरीयतालाई नियमन गर्ने निकाय तथा प्रकृया प्रभावकारी नहुँदा राज्य तथा कृषकहरुको सीमित श्रोत र मेहनत खेर गईरहेको छ ।

ग्रामीण क्षेत्रमा कृषि बाहेकको वैकल्पिक रोजगारीको अवसर नहुनु, कृषि क्षेत्रले समेत पर्याप्त रोजगारी श्रृजना गर्न नसक्नु र कृषिलाई प्रतिष्ठित पेशाको रुपमा नहेरिएका कारण ग्रामीण भेगका युवाहरुको विदेश पलायनले हालका दिनमा कृषि व्यवसायलाई महिला, वृद्ध तथा बालबालिकाको पेशाका रुपमा रुपान्तरण भएको देखिन्छ । कृषिको विकास नै ग्रामिण क्षेत्रको दिगो आर्थिक रुपान्तरणको प्रमुख आयाम भएता पनि कृषि क्षेत्रमा नीतिगत तथा पुर्वाधार विकेन्द्रीकरण हुन नसक्दा समग्र ग्रामिण विकासलाई नै प्रभावित गरेको छ । राज्यका तर्फबाट कृषि सेवा प्रदान गर्ने निकाय र विज्ञ जनशक्तिहरको ठूलो जमात राजधानी र जिल्ला सदरमुकाममा सीमित भएर बसने हालको व्यवस्थाले नविन र वैज्ञानिक कृषि प्रविधिहरु ग्रामीण क्षेत्रमा पुग्न सकिरहेको छेन । अनुगमन तथा मुल्याङकनप्रणाली मार्फत राज्यबाट भएको लगानी देखिने गरी सेवा प्रवाहको उचित प्रतिफल झल्किन नसक्दा कृषि विकासको समग्र सेवा प्रवाह, पारदर्शिता र सुशासनमा समेत प्रश्न उठ्न थालेको छ ।

नेपालमा कृषिको असफलता ऐन, नियमसँग पनि जोडिउको विषय हो, नीतिको आधारमा समयानुकूल ऐन, कानूनको संशोधन र किसान अनुकूल, कृषक ऐन र कृषि विकास ऐन निर्धारित समय भित्र बनाउन नसक्नु पनि यस क्षेत्रको विकास नहुनुको एउटा कारण हो । उत्पादनलाई विविधिकरण, प्रतिस्पर्धी र बजारमुखी बनाउन सकिएको छैन । कृषि रणनीतिको कार्यान्वयन कृषि विकास मन्त्रालयको मात्र गरेर पुग्दैन् । यसको लागि सम्वद्ध सबै मन्त्रालय र लाइन एजेन्सीहरुको पनि त्यतिकै सहयोग चाहिन्छ । केन्द्रीय स्तरमा अन्तर मन्त्रालयमा

समन्वयको अभाव देखिन्छ भने कार्यान्वयन तहमा सम्बद्ध सवै निकायहरुकाबीच समन्वय र सहकार्य हुनु पर्नेमा समन्वय र सहकार्य नहुनु विडम्बना नै भएको छ ।

वर्तमान कृषि विकास रणनीतिले विगतका कमी कमजोरी नदोहोरिने, कृषिमा नयाँ क्रान्ति ल्याउने, अन्तराष्ट्रिय अनुभवलाई आत्मसात गर्ने, समस्त किसानमा सकारात्मक प्रभाव पार्ने, कृषि उत्पादनका आधार जल, जमिन, जंगल, जैविक विविधता र कृषि पूर्वाधारको विकास, अनुसन्धान, वास्तविक प्रसार, प्रविधि, लगानी र बजारको न्यायनेजित सम्वर्धन गर्ने गरी तयार गर्न प्रयास गरिएको पाइन्छ ।

**४.२ कृषि विकास रणनीतिको महत्वपूर्ण पक्षः**

नेपालमा कृषि विकासको संस्थागत प्रयास सुरुभएदेखि आजसम्म आइपुग्दा धेरैवटा दीर्घकालीन कृषि नीति र रणनीति बनाई कार्यान्वयन समेत भइसकेका छन् । पछिल्लो अवधिमा दीर्घकालीन कृषि नीतिको समीक्षा गर्दै यसले लक्ष्य प्राप्त गर्न नसकेको कारण नयाँ कृषि विकास रणनीति बनाई लागू गरिएको छ । यस कृषि विकास रणनीतिले देहायका सकारात्मक पक्षलाई केन्द्र विन्दुमा राखेर कार्यान्वयनको पक्षलाई अघि बढाएको छ ।

**४.२.१ सकारात्मक पक्षहरुः**

- कृषि विकास रणनीति (एडीएस) ले अगामी २० वर्षका लागि नेपालको कृषि क्षेत्रसंगै कृषि व्यवसायको पनि अभिवृद्धि हुने अपेक्षा लिएको ।
- रणनीतिलाई असफल हुन नदिन कार्यान्वयन गर्ने निकाय, राजनैतिक दल, अन्य सरोकारवाला र विशेषताः खेतिमा संलग्न किसानहरुको सहभागिता र स्वामित्व लाई प्राथमिकतामा राखेको ।
- अन्तराष्ट्रिय मापदण्ड अनुसारको बजारमा प्रतिस्पर्धा गर्न सक्ने उत्पादनहरुतर्फ ध्यान दिएको ।
- कृषिको विकास मुलुकको विकासको मेरुडण्ड मात्र नभई खाद्य संप्रभुता र खाद्य अधिकारको महत्वपूर्ण आधारको रुपमा स्वीकारिएको ।
- मानिसको व्यक्तित्वसँग जोडिएको जमिनको न्यायपूर्ण स्वामित्व, सामाजिक प्रतिष्ठा र गौरवलाई विशेष ध्यानमा राखिएको ।
- गरिबी निवारण, खाद्य सुरक्षा, रोजगारीको स्रोत र नेपाली अर्थतन्त्रको मुख्य आधार कृषिलाई मानिएको ।
- कृषि वहुआयामिक सम्बन्ध राख्ने प्राकृतिक स्रोतमा आधारित जलवायु र मौसमको अनुकूलता प्रतिकूलतामा अन्तरनिर्भर रहने जैविक उत्पादन पद्धति समेत भएको प्राकृतिक वस्तुको रुपमा परिभाषित गरिएको ।
- नेपाल सरकारका १० वटा मन्त्रालय -कृषि, सिचाई, जलस्रोत, आपूर्ति, उद्योग, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन, भौतिक पूर्वाधार र शहरी विकास, अर्थ र शिक्षा मन्त्रालय) को साझा जिम्मेवारी रहेको विषय प्राथमिकताका साथ औल्याईएको ।
- वर्तमान कृषिमा संलग्न ६६ प्रतिशत जनसंख्यालाई खाद्यसुरक्षाको प्रत्याभूति गरी बाँकी ३४ प्रतिशत जनसंख्यालाई खाद्य सुरक्षा प्रदान गर्न थप उत्पादन वृद्धि अत्यन्त जरुरी रहेको विषयलाई सम्बोधन गरिएको ।
- तुलनात्मक लाभको बालीको उत्पादन गरी विशाल दुई छिमेकी मुलुकमा निर्यात गर्ने लक्ष्य लिएको ।
- खेती गर्ने किसानमा जमिनको स्वामित्वको प्रत्याभूति, कृषि उत्पादनका सहायक अन्य साधन स्रोतमा कृषकको सहज पहुँच, कृषि लगानीमा वृद्धि, सीमान्त किसानलाई कृषि उत्पादन लागतमा कम्तीमा ५० प्रतिशत अनुदानको सुनिचिश्तता गरी कृषक ऐन र कृषि श्रमिक ऐनको नयाँ व्यवस्था गर्नु र यथोचित भौतिक पूर्वाधारसँग कृषि व्यवसायीकरणमा जोड दिदै बजारको प्रत्याभूति र त्यसको नियमन सम्बन्धी व्यवस्थाको सुनिश्चिततको सम्बोधन कृषि रणनीतिको महत्वपूर्ण पक्ष हो ।
- नेपालको कृषि जल, जमिन, जंगलसँग जोडिएको मौलिक पद्धति हो र नेपालको पहिचान, संस्कृति र राष्ट्रियतासँग यसको अन्योन्यास्रित सम्बन्ध रहेको ।
- कृषिमा आल्मनिर्भर भई खाद्य संप्रभुताको प्रत्याभूति गर्न नेपालको सँविधान, २०७२ ले मार्गनिर्देश गरेको कारण राज्यको वर्तमान पुनसंरचना बमोजिम विगतका कयौ ऐन कानुन र निर्देशनलाई पुनः परिभाषित गर्नु पर्ने आवश्यकता रहेको छ भने थप नयाँ ऐन कानुन समेत निर्माण गर्न आवश्यक रहेको ।
- कृषि नीति कृषि कर्ममा लाग्नेकालागि हो भन्ने कुरा यस रणनीतिले आत्मसात गरेको ।
- भूमिको स्वामित्व र अनुपस्थित जमिन्दारीको उन्मूलन र खेतियोग्य बाँझो जमिनको उपयोग, भू-खण्डीकरण रोकी कृषि उत्पादन वृद्धि गर्ने र व्यवसायीकरण गर्ने आजका प्रमुख आवश्यकता रहेको ।

- जमिनको चक्लावन्दी, सामूहिक र सहकारी मार्फत खेती गर्नु र कृषिको व्यवसायीकरण गर्नु नै उत्पादन वृद्धिको लागि महत्वपूर्ण विषय भएको ।
- कृषि उत्पादन वृद्धिको महत्वपूर्ण स्रोत पानी अर्थात सिँचाई हो ।
- कृषिको आधुनिकरण र व्यवसायीकरणको नाममा  हुने र सिधै कृषिमा वैदेशिक लगानीको परिकल्पनाले नेपाली किसानको विस्थापन हुने क्रमशः किसान श्रमिकमा परिवर्तन हुने र नेपाल सुकुम्वासी र वेरोजगारहरुको थलो बन्दै जान सक्ने खतरातर्फ हेक्का राख्नै पर्ने कुरा औल्याईएको ।
- खाद्यन्नको आपूर्ति सुपरमार्केटबाट गरिने कोरा कल्पना नेपालको भौगोलिक विविधता, जलवायु र मौसमको विविधताले अनुमति नदिने कुरातर्फ पनि सरकारको ध्यान जानै पर्ने कुरालाई प्राथमिकतामा राखिएको ।

### ४.२.२ कृषि विकास रणनीतिका केहि कमजोर पक्षहरुः

कृषि विकास नेपाल र नेपालीको मौलिक पहिचान, गौरव, सामाजिक न्याय, जीविका र खाद्य सुरक्षा, रोजगारी र वैदेशिक मुद्रा आर्जन गर्ने प्रमुख स्रोत भएको समेत कृषि विकास रणनीतिका अनेकौ सकरात्मक पक्ष हुँदा हुँदै पनि यसका केहि लक्ष्य र प्रक्षेपण यथार्थता भन्दा माथि र महत्वकाक्षी देखिन्छन् । जसको निम्ति राज्यको धेरै काम समय बद्ध रुपमा सञ्चालन गर्न आवश्यक छ र रहन्छ पनि । जस्तैः

- सन् २०२२ सम्ममा देशलाई अल्पविकसितबाट विकासोन्मुअ मुलुक बनाउने जुन परिकल्पना गरिएको छ । त्यसलाई साकार रुप दिन कृषिको योगदान कति हुनु पर्ने हो ? दृष्टिकोण, उद्देश्य, राणनीति र कर्यक्रमबीच एकरुपता कसरी कायम गर्ने ? यसमा गैरसरकारी संस्थाको प्रतिनिधित्व र सहभागिता कसरी गराउने ? रणनीतिमा दाताहरुको प्रत्यक्ष प्रभाव नेपालको कृषि अनुकूल हुन सक्छ कि सक्दैन ? भन्ने कुरामा थप स्पष्ट हुनु वर्ने अवस्था छ ।
- दातामा आश्रित रणनीति कार्यान्वयनमा सरकारी प्रतिवद्धताको अभाव रहेको देखिन्छ भने वीउविजन उद्योग स्थपनाको विषय, किटनाशक औषधि र रासायनिक मलको प्रतिकूल असरको विश्लेषण गर्न बाकि रहेको देखिन्छ ।
- कृषि वन र कृषि पर्यटनलाई सँगै लाने, सूचना/तथ्याङ्क अद्यावधिक गर्न नयाँ तथ्याङ्कको प्रयोग कसरी भएको छ ? कृषि वन बीचको अन्तरसम्बन्ध के हो ? जलवायु परिवर्तनबाट कृषिमा गर्ने असर, पारिवारिक खेति मार्फत खाद्यान्नमा आत्म निर्भर हुन सक्ने अवस्था छ, छैन ? भन्ने कुरा रणनीतिले स्पष्ट गरेको देखिदैन ।
- कृषिमा श्रम शक्ति बढाउने र वैदेशिक रोजगारीमा जानेलाई कृषि पेशामा आकर्षित गर्न प्रोत्साहन गर्ने ठोस र कामयावी प्रस्ताव पनि प्रस्तुत भएको पाइदैन ।
- माटोको उपचार, जैविक खेति र यसको लागि क्षेत्र निर्धारण, कृषकको अधिकार, उत्पादकत्व बढाउने भूमिसुधार, भूमिको स्वामित्व, भू-उपयोग नीतिको कार्यान्वयन र सिमान्तकृत किसानको सम्बोधन, ठूला कृषिको संरचना अनुसारको भूमि उपलब्ध गराउने विषय, उब्जाउ भूमिको संरक्षण र जग्गा बाँझो राख्न नपाउने व्यवस्था, कृषिमा समावेशी, महिलाको संलग्नता, पहिचान र मूल्य श्रृङ्खला संयन्त्रका विषयलाई पनि रणनीतिले सन्तोषजनक उत्तर दिन सकेको पाइदैन ।

यद्यपि नेपालमा कृषि उत्पादनमा यथेष्ट सम्भावना छ र रणनीतिले ती संभावनालाई उजागर गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । न्यून लगानीको कृषि अनुसन्धान, किसानलाई जोड्ने प्रभावकारी संयन्त्रको अभाव, सिँचाईको न्यून उपलब्धता, मल, विउ लगायतका मुख्य सामग्री र पूर्वाधारको सीमित उपलब्धता लगायतका कारणले गर्दा उत्पादकत्व स्तर वृद्धि र न्यून छ । खाद्यान्न र कृषि सामग्रीको निर्यातमा वृद्धि र आयात प्रतिस्थापन हुन सकेको छैन । तथापि यी सम्भाव्यताको खोजी र चुनौतिको सम्बोधन गर्न रणनीतिले पर्याप्त आधार दिनेछ भन्ने अपेक्षा सवैको रहेको पाइन्छ ।

### ४.३ सारांशमा कृषि विकास रणनीति (SUMMARY OF AGRICULTURE DEVELOPMENT STRATEGY)

नेपाल सरकारले विभिन्न सहयोगि तथा साझेदार संघ सस्थाको सहयोगमा कृषि विकासको क्षेत्रमा आमुल परिवर्तन गरी देशलाई आत्मनिर्भर मात्र हैन निकासी क्षमता सहितको राज्यमा रुपान्तरण गर्ने मुलभूत लक्ष्य र उद्देश्यका साथ तयार गरिएको कृषि विकास रणनीति माङसेबुङ गाउँपालिका वडा नं. ६ को कृषिको व्यवसायीकिकरण अध्ययन बखत एक श्रोत दस्तावेजका रुपमा स्वीकारिएको र यसले वर्तमान अवस्थामा कृषिको क्षेत्रमा राज्यले गरेको परिकल्पना, नेपाली जनताको दायीत्व र त्यसले भविश्यमा कृषि विकासको क्षेत्रमा पुऱ्याउने

योगदान समेतलाई बुझ्न सहजहोस भन्ने अभिप्रायले त्यस रणनीतिको सारांश यहाँ जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ । जुन यस प्रकार छ ।

**४.३.१ रणनीति तयारीमा साझेदारी र अपेक्षा :**

**क.** कृषि विकास रणनीति यसपछि एडीएस भनिएको प्रतिवेदन कृषि विकास मन्त्रालयले राष्ट्रिय किसान संजाल संगको सहकार्यमा र एशियाली विकास बैंक लगायतको प्राविधिक सहायता टोलीको सहयोगमा तयार गरेको हो । यसका एसियाली विकास बैंक (ADB), कृषि विकासका लागि अन्तराष्ट्रिय कोष (IFAD), युरोपेली युनियन (EU) , खाद्य तथा कृषि संगठन (FAO) , विकास र सहायताका लागि स्विस नियोग(SDC) , जापान अन्तरराष्ट्रिय सहयोग नियोग(JICA) , अन्तराष्ट्रिय विकासका लागि डेनमार्क नियोग(DANIDA), विश्व खाद्य कार्यक्रम (WFP), अन्तराष्ट्रिय विकासका लागि संयुक्त राज्य अमेरिकी नियोग(USAID), अन्तराष्ट्रिय विकास विभाग(DFID), विश्व बैंक, अन्तराष्ट्रिय विकासका लागि अष्ट्रेलियाली नियोग(AuSAID), र लैंगिक समानता तथा महिला सशक्तिकरणका लागि संयुक्त राष्ट्रसंघीय निकाय(UN Women)को सहयोग र नेपाल सरकारको लगानी रहेको छ ।

**ख.** कृषि विकास मन्त्रालयले अन्तिम रुप दिएपश्चात कृषि विकास रणनीतिमा व्यवस्थापिका संसदको कृषि तथा जलस्रोत समिति र राष्ट्रिय योजना आयोग बाट विशेष रुचि एवं स्वामित्व लिईयो । व्यवस्थापिका संसदको कृषि तथा जलस्रोत समितिबाट दस्तावेजलाई थप प्रभावकारी वनाउनको लागि विभिन्न सरोकारवाला निकायहरु जस्तै राष्ट्रिय योजना आयोग, नेपाल सरकारका मुख्य सचिव एवंसम्बन्धित मन्त्रालयहरु -कृषि विकास, सिँचाई, उर्जा, वाणिज्य तथा आपूर्ति, उद्योग, सहकारी तथा गरिवी निवारण, भौतिक पूर्वाधार तथा यातायात, शहरि विकास, अर्थ, भूमि सुधार तथा व्यवस्थापन र शिक्षा) सँग विभिन्न तहमा छलफल र परामर्श गरियो । साथै सम्वन्धित विज्ञ, किसान एवं मूल्य श्रृङखलाका प्रतिनिधिहरुसँग पनि सुझाव संकलन गरि कृषि विकास मन्त्रालयलाई सुझाव सहित पृष्ठपोषण गरियो । त्यस्तै रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक स्रोत र साधनको सुनिश्चितता गर्नको लागि सो समितिको तर्फबाट दातृ निकायहरुसँग पनि विभिन्न चरणमा छलफल र वैठक सम्पन्न गरियो । यसैविच राष्ट्रिय योजना आयोगबाट समेत सुझावहरु प्राप्त भए । बृहत परामर्श र अभ्यासबाट प्राप्त ती महत्वपूर्ण सुझावहरुलाई कृषि विकास मन्त्रालयले कृषि विकास रणनीतिको अभिन्न अंगको रुपमा ग्रहण गरेको छ । यी सुझावहरुलाई नीतिगत, कार्यक्रम र संस्थागत गरि तीन तहमा वर्गिकरण गरि प्राप्त भएका सवै संस्थागथ सुझावहरु यस दस्तावेजमा समावेश गर्रिको छ भने नीतिगत सुझावहरुलाई पनि अधिमतम संवोधन गरिएको छ । त्यसै गरि सम्बन्धित मन्त्रालयहरु तथा अन्य सरोकारवाला निकायहरुबाट भविष्यमा नीति तर्जुमा र ऐन नियम निर्माणका क्रममा संवोधन गरिने छ । त्यस्तै राष्ट्रिय योजना आयोगबाट प्राप्त सुझाव र कृषि तथा जलस्रोत समितिबाट प्राप्त कार्यक्रम तहका सुझावहरुलाई आवधिक योजना, वार्षिक कार्ययोजना र सरोकारवाला निकायको बजेट निर्माणको क्रममा सम्बोधन गरिनेछ । रणनीतिको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न प्राप्त सुझावहरुमा आधारित भई राष्ट्रिय योजना आयोगको परामर्शमा विभिन्न सूचकहरु निर्माण गरि चौमासिक रुपमा कृषि विकास रणनीतिको कार्यान्वयन स्थितिको बारेमा कृषि विकास मन्त्रालयले समितिलाई रिपोर्टिङ गर्नेछ ।

**ग.** यस प्रतिवेदनको उद्देय १० वर्षे कार्ययोजना र मार्गचित्रसहित कृषि क्षेत्रको विगत तथा वर्तमानका कामहरुको समिक्षामा आधारित कृषि विकासको समष्टिगत २० वर्षे रणनीतिक योजना प्रस्तुत गर्नु हो ।

**४.३.२ कृषि क्षेत्रमो विश्लेषण (ASSESSMENT OF THE AGRICULTURE SECTOR)**

**क.** नेपालमा कृषि क्षेत्रको विद्यमान अवस्था(Current situation of thr Agriculture Sector in Nepal) नेपालको कृषि न्युन विकासको स्थितिमा छ । देशका करिव दुई तिहाई जनसंख्या कृषि क्षेत्रमा संलग्न छन् तापनि यस क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धात्मकता न्यून छ । उन्नत कृषि प्रविधिको उपयोग सीमित छ । खेती गरिएका अधिकांश क्षेत्रमा अन्नबाली लगाइए पनि कृषि क्षेत्रमा खाद्य व्यापार घाटा बढ्दो छ । कुपोषणको स्थिति पनि उच्च छ । केही उप क्षेत्रहरु जस्तै दुग्ध प्रशोधन, कुखुरा पालन, चिया, तरकारी, बीउ र माछापालनमा केहि उत्साहजनक संकेत देखिएका छन् । तैपनि समग्रमा यी सकारात्मक संकेतहरु कृषिमा संलग्न ठूलो जनसंख्यालाई गरिवीबाट माथि उठाउन, कुपोषण घटाउन तथा खाद्य सुरक्षा सुनिश्चित गराउन प्रत्यक्ष रुपमा अझै पर्याप्त छैनन् ।

**ख.** विगतको स्थिति सनु १९९५-९६ मा 'दीर्घकालीन कृषि योजना' -एपीपी) का रुपमा दीर्घकालीन कृषि रणनीतिक योजना सुरु गरिएको बेला नेपालको कृषि क्षेत्र आजको भन्दा झण्डै कमजोर अवस्थामा थियो ।

नेपालमा हाल कृषि क्षेत्र न्यून विकास स्तरको भएकाले विगत दुई दशकमा जीवनस्तरमा आएको सुधार तथा हिजोको तुलनामा आज समग्र कृषि क्षेत्रमा भएको सुधारलाई विसाईदिउको छ । उत्पादकत्व, पूर्वाधार, खाद्य सुरक्षा, र गरिवीमा सुधार आएको छ । यद्यपी खाद्य तथा कृषि व्यापार घाटा र प्रतिव्यक्ति जमिनको उत्पादकत्व जस्ता केहि सूचकांकहरु पहिलेभन्दा पनि कम देखिएका छन् ।

**ग**. अपेक्षित वृद्धि हासिल हुन नसक्नु (Inability to achieve anticipated growth) विगतको तुलनामा केही प्रगति भएपनि नेपालमा कृषि अझै न्यून विकासको अवस्थामा छ । नेपालले कृषि क्षेत्रमा सुधार गरेको छ तापनि मुलुकले जे उपलब्धि गर्ने योजना बनाएको थियो त्यसका आधारमा र तुलनात्मक रुपमा छिमेकीहरुले सोही अवधिमा गरेको प्रगतिलाई हेर्दा सुधार एकदमै कम छ । नेपालमा कृषिको साथसाथै अनय अर्थतन्त्रको वृद्धि र परिवर्तन पनि मन्द गतिमा छ । कृषिको सवालमा नेपालको कृषिगत वृद्धि मन्द -करिव ३ प्रतिशत) मात्र छैन ज्यादै अस्थिर खालको पनि छ । नेपालका युवा र केही सर्वाधिक उत्पादशील श्रम शक्ति अन्यत्रै कामको खोजीमा रहेका छन् । सन् २०१० मा करिब ३ लाखले नेपाल छोडेका छन् र यो प्रवउत्ति विगत १० वर्षदेखि बढ्दो छ । प्रवासीहरुले ठूलो परिमाणमा विप्रेषण पठाएका छन्, जुन प्रतिवर्ष करिब ३ बिलियन अमेरिकी डलरभन्दा बढी (कूल गाहर्स्थ उत्पादनको २० प्रतिशतभन्दा वढी) हुने गरेको छ । तर यी अधिकांश स्रोत-साधनहरु लगानी र पूँजी निर्माणमा भन्दा पनि ऋण तिर्न र उपभोग गर्न मै खर्च हुने गरेको छ ।

**घ**. कमजोर वृद्धिका कारकहरु (Factors of Weak Growth Performance)वितेका दुई दशकहरमा कृषि विकासको वृद्धि कमजोर देखिनुमा केही कारणहर छन् । यस अवधिमा सन् २००६ मा अन्त्य भएको १२ वर्षे द्वन्द्वकालले कृषि क्षेत्रमा नकारात्मक असर छोड्यो ।गाउँका लाखौं परिवारहरु जग्गा जमिन छोडेर शहरतिर पसे-अधिकांश काठमाडौ उपत्यकामा र अरुहरु विदेशतिर गए । ग्रामीण जनसंख्याको यो पलायनले ती देशहरुमा कामदार र लगानी अभावको स्थिति पैदा गऱ्यो । तीव्र गतिमा भइरहेको शहरीकरणले गर्दा शहरी क्षेत्रसँगै जोडिएको उर्वर कृषियोग्य जमिनको ठूलो भाव आवसीय प्रयोजनहरुमा उपयोग हुँदै गैरहेको छ । राजनीतिक अस्तिरताले गर्दा दिगो सरकारका साथै नीति, योजना तथा कार्यक्रमहरु लागू गर्नमा निरन्तरता दिने प्रतिवद्ध नेतृत्वको अभाव रहन गयो । कषिकै पक्षमा भनेर नीतिहरु प्रचुर मात्रामा आएतापनि अभिकांश नीतिहरु दस्तावेज कै तहमा रहन गए । कतिपय अवस्थामा नीति कार्यन्वयनका निम्ति सहयोगी कानुन र स्रोत-साधनहरुको अभाव रहन गयो । तर्जुमा गरिएका योजनाहरको सन्दर्भमा कहिलेकाहीँ कमजोर योजना तर्जुमा भए भने कतिपय अवस्थामा लक्ष्यहरु महत्वाकांक्षी र कार्यान्वयनका लागि संस्थागत क्षमता अपर्याप्त रहन गयो । त्यो भन्दा पनि सार्वजनिक र निजी दुवै क्षेत्रको लगानी सीमित रहँदै आएको छ । दीर्घकालीन कृषि योजना (एपीपी) को पहिलो १० वर्षको अवधिमा कृषिमा सरकार र विकासका साझेदारहरुको लगानी घटेको देखिन्छ । निजी क्षेत्रको लगानी पनि त्यति धेरै हुन सकेन । सो अवधिमा मानव संसाधनको क्षमता सीमित रहन गयो । निजामति कर्मचारीहरुका लागि प्रोत्साहन न्युन रह्यो भने दक्ष पेशाकर्मी र कामदार राम्रो अवसरको खोजीमा विदेश जाने क्रम बढ्यो ।

**ङ.** यिनै कारकहरुले गर्दा दीर्घकालीन कृषि योजना (एपीपी) एउटा मिश्रित प्रतिफल रहेको योजना वन्न पुग्यो । सडक पूर्वाधार, वागवानी र सामुदायिक वनजस्ता केही क्षेत्रहरुमा यसले लक्ष्य हासिल गर्न सकेको थियो भने, अन्नबाली, मलखाद र बीउका सन्दर्भमा अपेक्षाभन्दा कम प्रगति रहन गयो । यसैगरी, पशुपालन र सिँचाईमा मिश्रित प्रतिफल रहन गयो भने समग्र कृषिजन्य कूल गार्हस्थ उत्पादनको वृद्धिदर कमजोर रह्यो । दीर्घकालीन कृषि योजनाको तर्जुमा प्रविधिको प्रयोगमा केन्द्रित अवधारणामा आधारित थियो जुन खासगरी हरित क्रान्तिमै ज्यादा केन्द्रित हुँदा नेपालमका सबै कृषि भू-भागमा र कृषि पर्यावरणका लागि उपयुक्त हुन सकेन । स्रोत-साधनहरु, नीतिहरु र यसका कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक पर्ने संस्थाहरुका पक्षबाट सीमित सहयोग भएकाले दीर्घकालीन कृषि योजनाको कार्यान्वयन पक्ष कमजोर भयो । यसको स्वामित्व पनि फितलो रह्यो । कृषि क्षेत्रका मुख्य सरोकारवालाहरु किसान निजी क्षेत्र र सहकारी आदि यसको तर्जुमा र कार्यान्वयनमा सक्रिय रुपमा सहभागी हुने वातावरण बनेन । भूमि र भूमिसँग सम्बन्धित समस्याहरु समाधान नगरी यसै छोडिएका थिए । एडीएसको तर्जुमाका क्रममा दीर्घकालीन कृषि योजनाको अनुभवबाट सिकिएका पाठहरलाई सिमेटिएको छ । यी पाठहरुमध्ये सुशासनको सुनिश्चितता, सरोकारवालाहरुको प्रभावकारी सहभागिता, जमिनका सवालहरुको सम्बोधन, विकेन्द्रित अनुसन्धान र प्रसार, र व्यापारीकरण तथा प्रतिस्पर्धात्मकता वृद्धि मुख्य रहेका छन् ।

**४.३.३ एडीएस र कृषिको रुपान्तरण प्रक्रिया :**

**क.** कृषि विकास रणनीतिले आगामी २० वर्षका लागि नेपालको कृषि क्षेत्रलाई मार्गनिर्देशन गर्नेछ । यस अवधिमा नेपालको कृषि क्षेत्रको संरचनामा व्यापक र वहुआयामिक परिवर्तन आउने र कृषि क्षेत्रसंगै कृषि व्यवसायको पनि अभिबृद्धि हुने अपेक्षा गरिएको छ । कृषि र अन्य क्षेत्रहरुबीचको समन्वय खासगरी ग्रामीण क्षेत्रको गरिवी निवारणका लागि महत्वपूर्ण हुनेछ । ती क्षेत्रमा समग्र रुपमा बलियो अर्थतन्त्र, व्यवस्थित ग्रामीण अर्थतन्त्र र रोजगारी सिर्जनाका लागि कृषिमा आधारित गै-कृषि गतिविधिहरु विकासका न्यूनतम आधार हुनेछन् ।

**ख.** यस परिप्रेक्ष्यमा एडीएसले कृषि क्षेत्र भित्रका जटिलताहरु सम्बोधन गर्न र उत्पादनका क्षेत्रहरु (वाली, पशुपंछी, मत्स्यपालन, वन) मात्र नभई प्रशोधन क्षेत्र, व्यापार तथा अन्य सेवाहरु (भण्डारण, ढुवानी तथा सञ्चालन, वित्त, बजारीकरण, अनुसन्धान, प्रसार) लाई समेत समावेश गर्नु सान्दर्भिक हुनेछ ।

**ग.** एडीएसको तर्जुमा मूलतः कृषिमा आधारित समुदायलाई सेवा र उद्योग क्षेत्रबाट बढि आय आर्जन गर्नसक्ने गरी कृषि क्षेत्रको रुपान्तरण गर्ने अवधारणामा आधारित छ । नेपालीको लागि खाद्य उत्पादन तथा वितरण, गैर कृषि क्षेत्रसहितको ग्रामीण विकास, श्रमिक र जमिनको उत्पादकत्व वृद्धि, व्यापार सन्तुलन, रोजगारी र युवा पलायन, कृषि क्षेत्रमा महिलाको भूमिका र जलवायु परिवर्तनको सन्दर्भमा प्राकृतिक स्रोत-साधनको व्यवस्थापन आदिका लागि रुपान्तरण प्रक्रियाको उपादेयता स्थापित हुनेछ । एडीएसले कृषि क्षेत्रको रुपान्तरण प्रक्रियालाई गति दिने र नेपाली समाजको आकाँक्षा तथा समस्याहरुबीच सही तालमेल सुनिश्चित गर्नेछ ।

**४.३.४ कृषि विकास रणनीति (एडीएस) को दूरदृष्टि (VISION OF THE ADS)**

कृषि विकास रणनीतिको दूरदृष्टि आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्य संप्रभुता उन्मुख रहेको छ । जुन यस प्रकार छ ।

**"आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र"**

कृषि विकास रणनीतिको कार्यान्वयनका क्रममा यसको सोच अनुरुपको प्रगति अनुगमन गर्नका लागि तय गरिएका विभिन्न सूचक तथा लक्ष्यहरु तालिका नं. ८ मा उल्लेख गरिएका छन् ।

तालिका नं. ८: एडीएस सोचका लागि सूचकहरु र लक्ष्यहरु

| सोचका अवयव (Vision Component) | सूचकहरु (Indicators) | २०१० को अवस्था (Existing situation at 2010) | अल्पकालीन लक्ष्य (५ वर्ष)(Short Term Target) | मध्यकालीन लक्ष्य (१० वर्ष)(Medium Term Target) | दीर्घकालीन लक्ष्य (२० वर्ष)(Long Term Target) |
|---|---|---|---|---|---|
| आत्मनिर्भरता (Self-reliat) | आद्यान्नमा आत्मनिर्भरता | खाद्यान्नमा ५ प्रतिशत व्यापार घाटा | शून्य प्रतिशत व्यापार घाटा | ०-५ प्रतिशत अतिरिक्त निर्यात व्यापार | ५ प्रतिशत अतिरिक्त निर्यात व्यापार |
| दिगोपन (Sustainable) | वर्षै भरि सिचाई | १८ प्रतिशत | ३० प्रतिशत | ६० प्रतिशत | ८० प्रतिशत |
| | माटोमा प्राङ्गारिक पदार्थ | १ प्रतिशत | २ प्रतिशत | ४ प्रतिशत | ४ प्रतिशत |
| | कमसल जमिन क्षेत्रफल | ३.२ | २.८८ | २.५६ | १.६ |
| | जङ्गलले ढाकेको क्षेत्र | ४० प्रतिशत | ४० प्रतिशत | ४० प्रतिशत | ४० प्रतिशत |
| | जमिनको उत्पादकत्व -कृषि क्षेत्रको गार्हस्थ ज्ञद्ध प्रतिशत उत्पादन प्रति | १,८०४अमेरिकी डलर | २३०२अमेरिकी डलर | २९३८अमेरिकी डलर | ४७८७ अमेरिकी डलर |


| | | | | | |
|---|---|---|---|---|---|
| | हेक्टर) | | | | |
| | कूल गार्हस्थ्य उत्पादनमा कृषि व्यापारको प्रतिशत | १० प्रतिशत | १२ प्रतिशत | १४ प्रतिशत | २० प्रतिशत |
| प्रतिस्पर्धी (Competitive) | कृषि व्यापार सन्तुलन | व्यापार घाटा ३५० मिलियन अमेरिकी डलर | व्यापार घाटा ३१० मिलियन अमेरिकी डलर | व्यापार घाटा १८१ मिलियन अमेरिकी डलर | अतिरिक्त घाटा ६९० मिलियन अमेरिकी डलर |
| | कृषिजन्य | २४८ मिलियन अमेरिकी डलर | ४१८मिलियन अमेरिकी डलर | ७०४मिलियन अमेरिकी डलर | १९९९ मिलियन अमेरिकी डलर |
| समावेशी (Inclusive) | महिलाको वा संयुक्त स्वामित्वमा रहेको कृषियोग्य जग्गा प्रतिशतमा | १० प्रतिशत | १५ प्रतिशत | ३० प्रतिशत | ५० प्रतिशत |
| | कृषि कार्यक्रमको पहुँच भित्रका कृषक प्रतिशत | १२ प्रतिशत | १७ प्रतिशत | २२ प्रतिशत | ३० प्रतिशत |
| वृद्धि (Growth) | कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादनको औसत वृद्धिदर | ३ प्रतिशत | ४ प्रतिशत | ५ प्रतिशत | ६ प्रतिशत |
| जीविकोपार्जन (Livelihood) | कृषि क्षेत्रको कूल गार्हस्थ्य उत्पादन/कृषि श्रमिक | ७९४ अमेरिकी डलर | ९७९ अमेरिकी डलर | १०६ अमेरिकी डलर | १८३३ अमेरिकी डलर |
| | ग्रामिण क्षेत्रहरुमा गरिबी | २७ प्रतिशत | २१ प्रतिशत | १६ प्रतिशत | १० प्रतिशत |
| खाद्य तथा पोषण सुरक्षा (Food and Nutration Secutity) | खाद्यान्न जनित गरीबी | २४ प्रतिशत | १६ प्रतिशत | ११ प्रतिशत | ५ प्रतिशत |
| | पोषण पुड्कोपन (Stunting) | ४१.५ प्रतिशत | २९ प्रतिशत | २० प्रतिशत | ८ प्रतिशत |
| | कम तौल (Underweight) हुने | ३१.१ प्रतिशत | २० प्रतिशत | १३ प्रतिशत | ५ प्रतिशत |
| | सुकेनास (ख्याउटेपन) लागेका जनसंख्या (wasting) | १३.७ प्रतिशत | ५ प्रतिशत | २ प्रतिशत | १ प्रतिशत |
| | BMI कम भएका महिला | १८ प्रतिशत | १५ प्रतिशत | १३ प्रतिशत | ५ प्रतिशत |

श्रोतः कृषि विकास रणनीति, २०१५-२०३५

## ४.३.५ रणनीतिक रुपरेखा (STRATEGIC FRAMEWORK)

एडिएसको दूरदृष्टि हासिल गर्नलाई चार रणनीतिक संभागहरुः सुशासन, उत्पाकत्व, नाफामूलक, व्यवसायीकरण र प्रतिस्पर्धी क्षमताद्धारा कृषि क्षेको द्रुत विकास गरिनेछ । समावेशीकरण (सामाजिक तथा भौगोलिक दुवै प्रवर्द्धन, प्रतिस्पर्धी क्षमता, दिगोपन -प्राकृतिक स्रोत साधन तथा आर्थिक दुवै, निजी तथा सहकारी क्षेत्रको विकास र बजार पूर्वाधारको सञ्जाल **(उदाहरणका लागि कृषि सडक, संकलन केन्द्रहरु, प्याकेजिङ्ग घरहरु, बजार केन्द्रहरु),** सूचनाका पूर्वाधार तथा सूचना संचार प्रविधि, र उर्जा पूर्वाधारहर (उदाहरणका लागि ग्रामीण विद्युतीकरण, नविकरणीय एवं वैकल्पिक उर्जाका स्रोतहरु) मार्फत् विकासलाई अगाडि बढाइनेछ । समावेशी, दिगो, वहु-क्षेत्रीय, तथा पूर्वाधार सञ्जाल वृद्धिमार्फत खाद्य तथा पोषण सुरक्षा अभिवृद्धि, गरिवी निवारण, सुदृढ र प्रतिस्पर्धी कृषि व्यापार, ग्रामीण घरपरिवारको उच्च र समतामूलक आय र कृषकका अधिकार सुनिश्चित गर्ने नतिजाहरु अपेक्षित छन् ।

१. खाद्य तथा पोषण सुरक्षा
२. गरिवी न्यूनिकरण
३. कृषि व्यवसायमा प्रतिष्पर्धात्मकता
४. उच्च र अझै थप समतामूलक आय
५. किसानहरुका अधिकार सुरक्षित र सुदृढ

| | | | | |
|---|---|---|---|---|
| | समावेशिकरण |  | निजी क्षेत्र, सहकारी | |
| दिगोपना | | | सु-सम्बन्ध / सम्पर्क | |
| सुशासन | उत्पादकत्व | नाफामुलक व्यवसायीकिकरण | प्रतिस्पर्धात्मकता | |

एडिएसको रणनीतिक रुपरेखा

### ४.३.५.१ एडिएस रुपरेखाका संभागहरु (COMPONENT OF THE ADS FRAMEWORK)

**क.** सुशासन (Improved Govenance): एडीएसमा सुशासन भन्नाले नीतिहरुको तर्जुमा गर्ने, परिमार्जन गर्ने र कार्यान्वयन गर्ने सन्दर्भमा सरकारको क्षमतालाई बुझाउँछ । यस्तो क्षमताको अभावमा एडीएस सफलतापूवर्क कार्यान्वयन हुन सक्ने छैन । सुशासनका प्रमुख तत्वहरु अन्तर्गत जवाफदेहिता, सहभागिता, पूर्वानुमान क्षमता र पारदर्शिता पर्दछन् ।

**ख.** कृषि क्षेत्रको विकासका लागि पटक-पटक प्रतिवद्धताहरु जनाए पनि यस क्षेत्रलाई सहयोग गर्ने नीतिहरु या त विकसित गरिएनन् वा विकसित गरिए पनि तिनीहरुको कार्यान्वयन गरिएनन् । नीति, कार्यक्रम र आयेजना कार्यान्वयन गर्ने सन्दर्भमा नेतृत्व तहको पटक-पटकको परिवर्तनहरुले समस्यालाई झन जटिल बनाएको छ । साथै नीति स्वयंको स्थिरतामा पनि समस्याहरु देखिएका छन् । यसको नतिजास्वरुप नीतिको विश्वसनीयता गुमेको छ । यस अघिका कार्यक्रमहर असफल हुनुमा यी कारणहरु पनि जिम्मेवार छन् । यस्तो परिस्थिति आउन नदिन एडीएसले नीतिको प्रतिवद्धतामा थप विश्वसनीयताका लागि स्पष्ट लक्ष्य निर्धारण गरेको छ । त्यसका लागि प्रमुख सरोकारवालाहरु (सरकार र नागरिक समाज दुवैलाई योजना तर्जुमा र कार्यान्वयनमा सहभागी गराउनेछ र उपयुक्त तथानियमित रुपमा अनुगमन गर्नेछ । एडएिसले कृषि क्षेत्रमा वभिन्न निकायहरु र विभिन्न तहहरु -केन्द्रीय र स्थानिय) मा तथा विभिन्न सरोकारवालाहरु (सरकार, नागरिकसमाज, विकासका साझेदारहरु) बीच समन्वय र प्रभावकारी योजना आवश्यक पर्ने जटिलतालाई ठम्याएको छ । सुशासनका उपलब्धि हासिल गर्नका लागि प्रभावकारी समनवय र योजना निर्माण मुख्य प्रतिफ हुनेछन् । सुदृढ क्षमता भएको कृषि विकास मन्त्रालयको नीति तथा अन्तराष्ट्रिय सहयोग समन्वय महाशाखा अन्तर्गतको कृषि विकास रणनीति समन्वय शाखा-कार्यान्वयन सहायता इकाईले विभिन्न संस्थाहरबीच एडीएस कार्यान्वयनका लागि सहजीकरण गर्नेछ । एडीएसका समावेशी पक्षहरु (लैंगिक, पिछाडिएका वर्गहरु, भौगोलिक रुपमा

पिछाडिएकाहरु) लाई उपयुक्त संयन्त्रहरुको माध्यमबाट समावेश गरिनेछ । यसले पनि सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्नेछ र एडीएसको योजना निर्माण, कार्यान्वयन र अनुगमनमा नागरिक समाजलाई जवाफदेहि बनाउँनेछ । सरकार र नागरिक समाजभित्रबाट छानिएका संघसस्थाहरु (जस्तै, किसानहरु, निजी क्षेत्र र सहकारीहरुका संघसस्थाहरु) का मानव संसाधनको क्षमताले एडीएसको सञ्चालन व्यवस्था सुदृढ गराउनमा समष्टिगत रुपमा योगदान दिनेछन् ।

**ग.** सर्वाधिक पिछडिएका वर्गको खाद्य तथा पोषण सुरक्षाको अवस्थाहरुमा सुधार ल्याउने भरपर्दा कार्यक्रमहरु नभईकन एडीएस र यसले खाद्य तथा पोषण सुरक्षामा दिने योदानप्रति खासै विश्वसनीयता कायम हुन सक्दैन । एडीएसका समष्टिगत लक्ष्यहरुमध्ये एउटा खाद्य तथा पोषण सुरक्षाको सुधार गर्नु हो । यो एउटा दीर्घकालीन लक्ष्य हो जसका लागि डीएसका अनय सबै अवयवहरुले योगदान गर्छन । यद्यपी, अल्पकालीन अवधिका लागि, एडीएसमा सुशासनको कार्यान्वयन भएको मुख्य कसी भनेको सर्वाधिक पिछाडिएका समूहहरुका सबैभन्दा जरुरी आवश्यकताहरु पूरा गर्ने सरकारको क्षमता नै हो । सुशासनको यो पक्ष पूरा भए/नभएको परीक्षणलाई सम्वोधन गर्न सुशासन अवयव अन्तर्गत रहने गरी एडीएसमा खाद्य तथा पोषण सुरक्षासम्बन्धी फ्ल्यागसिप (Flagship) कार्यक्रम समावेश गरिएको छ । यसले वहुक्षेत्र पोषण योजना(MSNP) र खाद्य तथा पोषण सुरक्षा कार्ययोजना (FNSP) सँग निकट रुपमा समन्वय गर्नेछ ।

**घ.** एडीएसको सोच हासिल गर्नमा सुशासन संभवतः एउटा सर्वाधिक महत्पूर्ण अवयव हो । यसको प्रभावकारी कार्यान्वयनका लागि कार्यसम्पादन र नतिजामा आधारित सुधरिएको व्यवस्थापन आवश्यक पर्दछ । नतिजामुखी व्यवस्थापनप्रणाली स्थापनाका लागि आवश्यक उपायहरु यही अवयभित्र परीक्षणको रुपमा व्यवस्था गरिनेछ ।

**ङ.** उत्पादकत्व वृद्धि(Higher Productivity) : जमिन र श्रमको उत्पादकत्व वृद्धि नै एडीएसको आधारशिला हो । कृषि उत्पादकत्व वृद्धिका लगि उपयुक्त प्रविधिहरुको अवलम्वन गर्नु आवश्यक छ । साथै बजारको माग र आश्रित किसानहरुको खाद्य सुरक्षाको आवश्यकतासँग सामञ्जस्य राख्दै कसरी कृषि उत्पादनको सामर्थ्य र दिगोपन बढाउने भन्ने जान्नु आवश्यक हुन्छ । कृषिजन्य उत्पादकत्व बढाउनका लागि अपनाइने उपायहरु अन्तर्गत १. प्रभावकारी कृषि अनुसन्धान र प्रसार, २. कृषिजन्य सामग्रीहरुको प्रभावकारी उपयोग, ३. प्राकृतिक स्रोत-साधनहरु (जमिन, पानी, माटो र वनजंगल) को कुशल तथा दिगो परिचालन र उपयोग र ४. जलवायु परिवर्तन र प्राकृतिक प्रकोपहरुबाट बचाउन सक्ने क्षमता पर्दछन् ।

**च.** एडीएसमा निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी संस्थाहरु, अगुवा किसानहरु, कृषक पाठशाला लगायत अन्य निकायहरुसँगै सरकारी क्षेत्र पनि एउटा निकाय हुनेछ र त्यसमार्फत् प्रविधिको विकास र प्रसार हुनेछ । यद्यपी सरकारी क्षेत्रको भूमिका अन्य निकायका प्रयासहरुलाई समन्वय गर्नमा, नीतिहरु र योजनाहरुको कार्यान्वयनमा सहजीकरण गर्नमा, कार्यान्वयन अनुगमन गर्नमा र नियमहरुको लागू एवं नियमनमा मुख्य रुपमा जिम्मेवार रहने छ ।

**छ.** कृषि प्रसारका लागि यस अघि नै विभिनन निकायहरु संलग्न छन् र आउँदो समयमा उनीहरुको संलग्नता अझ महत्वपूर्ण हुनेछ भन्ने तथ्य एडीएसले मनन गरेको छ । सार्वजानिक प्रसार सेवामा मानवसंसाधनको संख्यामा वृद्धि वकालत गर्नुभन्दा पनि एडीएसले विद्यमान मानव संसाधनको क्षमता वकिास गर्ने र उनीहरुको जिम्मेवारीलाई सेवाको प्रसार गर्ने भूमिकाबाट समष्टिगत रुपमा कृषिजन्य सेवाहरुको विस्तारमा सहजीकरण गर्ने भूमिकातर्फ रुपमान्तरण गर्ने क्षमता प्रवर्द्धन गर्दछ । यो भूमिका परिवर्तनका लागि कृषि विकासका कार्यकक्को वास्तवि (गाउँ विकास समिति) तहमा प्रभाकारी सेवा प्रदान गर्ने उद्देश्यले करीब ४ हजार सामुदायिक कृषि प्रसार सेवा केन्द्रहरु (CAESC) स्थपना गरिनेछन्, जहाँ प्रत्येक सामुदायिक सेवा केन्द्रमा कृषि, पशु र कृषि सुचना तथा संचारसँग सम्बन्धित प्राविधिकहरु कम्तीमा १, १ जना रहनेछन् ।

**ज.** रण्नीतिको सफलताका लागि उत्पादनको आधारभूत माध्यमको रुपमा रहेको जमिनमा किसानहरुको पहुँच गम्भीर र महत्वपूर्ण छ भन्ने तथ्य पनि एडीएसले महसुस गरेको छ । जग्गा-जमिनसँग सम्बन्धित गम्भीर सवालहरु जस्तै, मोहियानी हक, खण्डीकरण, जमिनको गुणस्तर घट्ने, भू-उपयोग योजना आदि एडीएसको कार्य अवधिमा संवोधन गरिनु आवश्यक छ र तिनीहरुको समाधानका लागि जमिनको उत्पादकत्व अभिवृद्धि

गर्न सन्तुलित र दक्षतापूर्ण संयन्त्र यकीन गर्न र किसानहरुका संघ संस्थाहरु, सहकारीहरु, र निजि क्षेत्रलाई सहभागी गराउनु आवश्यक छ । जमिनको उत्पादकत्व बढेको कुरा किसानहरुले पाउने अतिरिक्त लाभहरु र ग्रामीण घर परिवारहरुको जनजीविकामा प्रतिविम्बित हुनु पर्दछ । यस अतिरिक्त, कृषिको संरचनामा साना किसानहरु, निर्वाहमुखी किसानहरु र महिला किसानहरुको बहुल्य रहेको अवस्थामा प्रविधिको प्रसार, बजार व्यवस्थापन, वित्त र मालसामानको प्रवन्धहरु (Logistics) मार्फत् ठूलो मात्रामा वृद्धि हासिल गर्न किसान तथा महिला संघ संस्थाहरु र सहकारीहरुको प्रवद्धन गर्नु अल्यावश्यक हुन्छ ।

**झ.** गुणस्तरीय सामग्रीको समयमै उपलब्धताले उत्पादकत्वको स्तर निर्भर गर्दछ । दीर्घकालीन रुपमा, प्रविधिको पहुँच र अवलम्वनका साथै प्राकृतिक स्रोत साधनहरुको प्रभावकारी व्यवस्थापनको क्रममा उपभोग गरिने समग्र उत्पादन सामाग्रीको कूल उत्पादत्व (Total factor productivity) मा नै कृषि क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धात्मकतामा निर्भर गर्दछ भन्ने तथ्यलाई एडीएसले आत्मसात गरेको छ । लक्षितवर्गमा पुग्ने सवालहरु वा बजार असफलताहरुलाई सम्बोधन गर्न अनुदान एउटा अल्पकालीन उपाय हुन सक्छ तर दीर्घकालीन रुपमा भने उत्पादकत्वको दिगो सुधारका लागि अनुदान त्यति भरपर्दो, बैज्ञानिक वा प्रभावकारी समाधान हुन सक्दैन । एडीएस दिगो तथा भपमर्दे प्रविधिहरुको विकास र अभ्यासहरुको अवलम्वनमा केन्द्रित हुनेछ र किसानहरुलाई उनीहरुको अवश्यकता अनुसारका उपयुक्त सामग्री र प्रसार सेवा छनौट गर्न नमूनाको रुपमा भौचर प्रणाली लागू गरिनेछ ।

**ञ.** नाफामूलक व्यवसायीकरण (Profitable Commercialization) एडीएसमा नाफामूलक व्यवसायिकरणबाट प्राप्त हुने उपलब्धि कृषिको रुपान्तरणबाट हासिल हुने उपलब्धिको एक हिस्साका रुपमा रहने छ । यो रुपान्तरण प्रक्रियामा, अधिकांश हिस्सा केवल जीविकाका लागि मात्र खेतीपाती गरिदै आउको कृषि, मूतलः निर्वाहमुखी (अन्य जीविका वा घरपरिवाको खाद्य सुरक्षको विकल्पहरु उपलब्ध नभएको अवस्थाबाट अधिकांश हिस्सा व्यवसायीकरणको उद्देश्य लिएको कृषितर्फ उन्मुख हुनुको साथै स्थानिय, राष्ट्रिय र अन्तराष्ट्रिय बजारसँग जोडिएको हुनेछ ।

**ट.** व्यवसायीक कृषितर्फ रुपान्तरित हुनका लागि विभिन्न उपायहरुको अवलम्वन आवश्यक हुन्छ । यसका लागि केवल किसानहरुमा मात्र नभई आधारभूत रुपमा कृषिजन्य उत्पादनहरु र सेवाहरुलाई व्यावसायीकरण गर्ने कार्यमा संलग्न कृषि-उद्यमहरु र सहकारीहरुका पनि केन्द्रित हुनुपर्छ । यी उद्यमहरुमा सामाग्री प्रदायकहरु उत्पादन कम्पनीहरु, बजारीकरण गर्ने सहकारीहरु, भण्डारण सञ्चालकहरु, मालसामानको प्रवन्ध गर्ने कम्पनीहरु, कृषि प्रशोधनकर्ताहरु, कृषिजन्य तथा खाद्य उत्पादनहरुको आयातकर्ता र निर्यातकर्ताहरु, वितरकहरु, व्यापारिहरु, कृषि र कृषिजन्य उत्पादनमा आधारित सहकारीहरु र कृषिजन्य सेवा प्रदायकहरु ( वित्तीय सेवा प्रदायकहरु , विमा प्रदायकहरु, वइवाीयिक सेवा प्रदायहरु) लगायत पर्दछन् । यी उद्यमहरु साना, मध्यम र ठूला हुन सक्नेछन् ।

**ठ.** नाफामूलक व्यावसायीकरणका लाीग विभिन्न उपायहरुको अवलम्वन तथा प्रक्रियाहरुको समायोजन हुन आवश्यक पर्छ । उदाहरणका लागि, लगानीको वातावरण अनुकूल बनाउन र दक्षतापूर्ण व्यावसायिक कृषि प्रवर्धनका लागि करारका व्यवस्थाहरु सुदृढ गराउन कर र वित्तीय सेवाहरुमा सुधारहरु आवश्यक पर्दछ । एडीएसले अर्थतन्त्रको सन्तुलनको सुनिश्चतता हासिल गरी राष्ट्रिय आय र रोजगारीमा प्रभाव पार्नका लागि सीमित संख्यामा मूल्य शृंखलाहरुको प्राथमिकता तोक्नु पर्ने आवश्यकतालाई पनि जोड दिन्छ । अन्त्यमा, एडीएसले व्यावसायिक कृषिलाई प्रवर्द्धन गर्न भौतिक तथा संस्थागत पूर्वाधारहरुको (कृषि सडकहरु, बजारसम्वन्धी जानकारी र बजार अनुसन्धान प्रणालीहरु) सुधारमा पनि सहयोग गर्दछ ।

**ड.** प्रतिस्पर्धात्मकतामा वृद्धि(Increased Competitiveness) : द्रुत गतिमा वृद्धि हुने कृषिले अझैसम्म पनि गरिबीके रेखा मुनि रहेका नेपालका लाखौ जनतालाई गरिबीबाट माथि उठाउने सबैभन्दा राम्रो उपायको प्रतिनिधिन्व गर्दछ । एसियाली अर्थतन्त्रको अनुभवबाट के देखिएको छ भने, कृषिको वृद्धिमा उत्प्रेरणा जगाउने उपायहरुमध्येको एउटा सबैभन्दा सफल उपाय भनेको कृषिगत उद्यमीहरुलाई लगानीका लागि अनुकूल वातावरण सिर्जना गर्नु र ज्ञान तथा उत्पादन सामग्रीमा पहुँच बढाएर उच्चतम उत्पादत्व हासिल गर्नु हो । दिगो वृद्धिको लागि संरचनागत परिवर्तनहरु र सुधारहरु आवश्यक छन् । जसलाई विश्वव्यापी मूल्यको उतार-चढावले प्रभाव पार्दैन, जुन वृद्धि एउटा खराव/प्रतिकुल मनसुनले पनि कम हुँदैन र वाह्य लगानीमा मात्र

निर्भर रहदैन । त्यसैले एडीएसले प्रतिस्पर्धात्मकतालाई मुख्य जोड दिएको छ । सक्षम, मेहेनती र दक्ष मानव श्रोत, विश्व बजारमा नेपाललाई चिनाउन सक्ने एउटा स्पष्ट पहिचान भएको र उत्पादकत्वलाई बढाउनसक्ने र मुलुकको प्राकृतिक अवसरहरुमा आधारित नयाँ उत्पादनहरु र प्रक्रियाहरुसँगै नवीनता ल्याउन सक्ने नेतृत्वदायी खुवी र दृढ इच्छाशक्तिमा प्रतिस्पर्धात्मकताको जग रहेको हुन्छ ।

**ढ.** यो सोच हासिल गर्नका लागि, निजी क्षेत्रको उर्जा र सिर्जनशीलता अत्यावश्यक छ । सञ्चारको युग र राम्रो शिक्षाले नेपाली उत्पादकहरुलाई अझ राम्रा अभ्यासहरुको अध्ययन गर्न र बजारका सूचनामा पहूँच कायम गर्न सक्ने बनाएको छ जबकि, स्थायित्व, जमिनको बढ्दो बजार भाउ र विप्रेषण (रेमिट्यान्स) ले लगानी गर्न सकिने रकम जुटाइदिएको छ ।

**ण.** यी परिवर्तनहरुलाई आत्मसात गर्न कृषिको प्रवर्द्धन र प्रतिस्पर्धात्मकताका लागि छुट्टै अवधारणाको आवश्यकता पर्दछ जसले एकातिर उत्पादक किसानहरुको साथ साथै निजी र सहकारी क्षेत्रको अपरिहार्य भूमिकालाई सम्बोधन गर्दछ भने, अर्को तर्फ सरकारबाट प्रतिस्पर्धात्मकताका सातै गरिबको विकास उन्मुख वृद्धिको अनुगमन गर्ने, नियमन गर्ने तथा सहजीकरण गर्ने भूमिकालाई पनि सम्बोधन गर्नेछ । यसरी सरकारको सुदृढ सहभागितामा निजी क्षेत्र र सहकारी क्षेत्रको उर्जा र नवीनताको सम्मिश्रणमार्फत् सकारात्मक सार्वजानिक उपलीब्ध सुनिश्चित गराउनुलाई नै प्रायः सार्वजनिक-निजी साझेदारी भन्ने गरिन्छ । यी साझेदारहिरुको सार भनेकै कुनै न कुनै रुपको 'अतिरिक्त संभावना' सिर्जना गर्नु हो जुन अरुहरुको संलग्नताबाट संभव हुदैन । सरकारी पक्षबाट हेर्दा, यसले आफ्नो लगानी वृद्धि गर्ने अवसर पाउँछ र उपलब्धिहरुलाई एकत्रित गर्न सक्छ भने निजी र सहकारी क्षेत्रका लागि सार्वजनिक कोषमा वृद्धि हुँदा उच्च-जोखिम उच्च-संभावना रहेका आयोजनाहरुमा लगानी गर्न डराउने अवस्थालाई कम गर्छ ।

**त.** किसानहरुका अभिकार : एडीएसले योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, र रणनीतिको कार्यान्वयनमा किसानहरुको सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र प्रदान गर्दछ । खासगरी एडीएसले केनद्रीय तहहरुमा हुने समन्वय समितिहरुमा, कार्यान्वयन समितिको निर्देशक समितिहरुमा र नेपाल कृषि अनुसन्धान परिषद् (नार्क समितिमा, करिब ४ हजार गा.वि.सं. स्तरिय सामुदायिक कृषि प्रसार सेवा केन्द्रहरु (CAESE)को समितिमा कृषक प्रतिनिधिहरुको सुनिश्चितता गरेको छ । यसैगरी, उनीहरु व्यवसायिक कृषि सञ्जालहरु र मूल्य शृंखला विकास सञ्जालहरुमा पनि आबद्ध हुनेछन् । कृषि क्षेत्रको नीति तर्जुमाका साथै अनुगमनका क्रममा उनीहरुसँग परामर्श गरिनेछ । उनीहर जिल्ला तहमा रहने खाद्य सुरक्षा कार्यसञ्जालको सदस्यहरु रहनेछन् । यी सबै संस्थाहरुमा आफ्ना प्रतिनिधिहरुको उपस्थिति गराएर किसानहरुले एडीएसमा आफ्ना अधिकारहरु सुदृढ र सुनिश्चित भएको पाउन सक्नेछन् ।

थ. यसका अतिरिक्त, एडीएसले अन्तरिम संविधानका सिद्धान्तहरुको परिधिमा रही खाद्य सुरक्षाहरु र खाद्य सम्प्रभुतासँग सम्बन्धित कानून निर्माण कार्यलाई पनि प्रबर्द्धन गर्न, तिनीहरुको अनुगमन गर्न खास पहलहरु लिइनेछ र उनीहरुको सुरक्षालाई एडीएसको सुशासनको रणनीतिक अवयव अन्तरगतका गतिविधिमा समेटिने गरी विकसित गरिनेछ ।

**द.** किसानहरुका अधिकारहरुलाई सुनिश्चित गर्न र विभिन्न नीतिगत/संरचनागत संयन्त्रमा किसानको प्रतिनिधित्वको लागि एक उच्च स्तरीय अधिार सम्पन्न र स्थायी प्रकृतिको किसान आयोग गठन गरिनेछ । किसान आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी खास विवरण, बनावट र नियमन एडीएसको कार्यान्वयनको शुरुवाती चरणमा नै विकसित गरिनेछ ।

**ध.**व्यावसायिक किसान, निर्वाहमुखी किसान र भूमिहीनहरु (Commercial farmers, Subsistence farmers, and)। बेग्ला बेग्लै कृषि-पर्यावरणीय क्षेत्रहरुका लागि बेग्ला बेग्लै प्रकारको कृषि बर्गीकरणको पद्धति अवलम्बन गरिनु पर्दछ भन्ने तथ्यलाई एडिएसले पहिचान गरेको छ । एडीएसले विज्ञान तथा प्रविधिको विकेन्द्रीकरणलाई प्रोत्साहन गर्दछ र समुदायलाई उनीहरुका आवश्यकता पूर्ति गर्न प्रविधि विस्तार, अनुसन्धान र शिक्षा प्रणालीलाई पुनः अभिमुखिकरणको अवसर प्रदान गर्दछ । साना व्यावसायिक किसानहरप्रति लक्षित सस्थाहरुको सन्दर्भमा -उदाहरण मूल्य शृंखला), साना व्यावसायिक किसानहरुका लागि अपनाइएको पद्धतिलाई आत्मसात गर्न सक्नेजति समेटिन सक्नेछन् भने त्यस बाहेकका अन्य निर्वाहमुखी कृषकहरु छुट्नेछन् । त्यसकारण

एडीएसले समुदायमा आधारित प्रसार सेवा केन्द्रहरु मार्फत् र मूल्य शृंखला विकासमा खासगरी विपन्नका लागि बजार पद्धतिमार्फत् निर्वामुखि किसानहरु र व्यावसायिक किसानहरुका लागि उपयुक्त विभिन्न तौरतरिकाहरु प्रवर्द्धन गर्दछ । खाद्य तथा पोषण सुरक्षामा प्रत्यक्ष योगदान, ग्रामीण क्षेत्रमा गैर-कृषि क्षेत्रको रोजगारी विस्तार र कृषिमा आधारित उद्यमहरुको विकासको समष्टिगत स्वरुपले ग्रामीण क्षेत्रका भूमीहीन घरपरिवारहरु एडीएसबाट परोक्ष रुपमा लाभान्वित हुनेछन् ।

**न.** एडीएसको २० वर्षे कार्यान्वयन क्रममा कृषि क्षेत्रको रुपान्तरणको प्रक्रिया अघि बढ्नेछ र ग्रामीण क्षेत्रका अधिकांश घरपरिवारहरले या त गाउँकै गैर-कृषि क्षेत्रमा वा शहरी क्षेत्रमा रोजगारी पाउनेछन् । उच्च आम्दानीको अवसरको आकर्षणले वा ग्रामीण क्षेत्रमा नाफामूलक रोजगारी र आकर्षक जीवनस्तर नहुनुको विकर्षणको कारणले ग्रामीण घर परिवारहरुको एउटा उल्लेखनीय संख्याले गाऊँबाट पलायन हुने क्रम पनि संगसंगै जारी नै रहनेछ । जुनसुकै प्रक्रियाबाट भए पनि नेपालमा कृषि क्षेत्रको व्यावसायीकरण बढ्नेछ तापनि व्यावसायीक कृषि मूलभूत रुपमा स-साना स्वामित्वका गतिविधि -दुई हेक्टरभन्दा कम जमिन भएका किसानहरु) मा सीमित रहनेछ । खेति किसानीमै जिविकोपार्जन आश्रित रहने प्रकारको खेतिपाती पनि लामो समयसम्मका लागि व्यावसायिक कृषिसगै अस्तित्वमा रहिरहनेछ । कूल कृषिमा संलग्न जनसंख्यामा भने यसको हिस्सा घट्नेछ । एडीएसले कृषिको व्यावसायीकरणलाई तीव्र वनाउदै साना व्यावसायीक किसानहरुको आय र निर्वाहमुखी किसानहरुको जीवनस्तर दुवैमा सुधार गर्नेछ र साथै गैर-कृषि क्षेत्रमा वृद्धि र रोजगारी श्रृजनाको अवसर बढाएर भूमीहीन/ सीमान्तिकृत भूमिहीनहरुलाई समेट्नेछ ।

**प.** एडीएसका गतिविधिहरको प्रभाव तीन समूहका किसानहरुमा पर्नेछ -व्यावसायिक, निर्वाहमुखी र भूमिहीन । व्यावसायिक किसानहरु एडीएसका अधिकांश कार्यक्रमहरुबाट प्रत्यक्ष रुपमा प्रभावित हुनेछन् । केहि पक्ष/वस्तु/विषयहरुमा प्रभाव प्रत्यक्ष र निकै दह्रो हुनेछ । उदाहरणका लागि, सिँचाई, यान्त्रिकीकरण, मूल्य श्रृंखला विकास र निकासीहरुबाट प्रभावित हुनेछन् । जमिन -जस्तै, मोहियानीको समस्यालाई सम्बोधन गर्ने, जग्गा भाडामा दिने, सहकारी खेती, ह्रास भएको जमिनलाई सुधार्ने, गुणस्तरीय र समय मै कृषि समाग्रीको उपलब्धता जस्तै निर्वाहमुखि किसानहरु लक्षित कुपन, सुधारिएको प्रतिरोधात्मक क्षमता), र लघुवित्त तथा कृषि विमासम्मको पहुँचजस्ता लैंगिक, सामाजिक र भौगोलिक समावेशीकरणसँग सम्बन्धित एडीएसका प्रावधानहरुको प्रत्यक्ष प्रभाव निकै बलियो छ । जमिन नभएका वा जमिन नभए सरहका जनता पनि खाद्य तथा पोषण कार्यक्रमहरु, लैंगिक तथा सामाजिक/भौगोलिक समावेशीकरण, वन पैदावारसम्मको पहुँच र साना तथा मझौला उद्यमहरुको विकाससँग सम्बन्धित एडीएसका प्रावधानहरुबाट प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् ।

**४.३.६ कृषि विकास रणनीतिका संभाग, नतिजा र गतिविधिहरुः**

कृषि विकास रणनीति अन्तर्गत ४ संभागहरु (Components) , ३५ नतिजाहरु (Outputs), र २ सय ३२ वटा गतिविधिहरु (Activities) पर्दछन् । तलको तालिकामा उपलब्धिहरु र नतिजाहरु उल्लेख गरिएका छन् । एडीएसका नतिजा र गतिविधिहरुलाई विभिन्न कार्यक्रमहरुमा (आधार कार्यक्रमहरु / Core Programs , खास महत्वका कार्यक्रमहरु (Flagship programs) र अन्य कार्यक्रमहरु (Other Programs) वर्गीकृत गरिएको छ । आधार कार्यक्रमहरु र खास महत्वका कार्यक्रमहरु तालिकामा सूचीकृत गरिएको छ । अन्य कार्यक्रमहरुमा कृषि विकास मन्त्रालयद्धारा हाल कार्यान्वयन भइरहेका कार्यक्रमहरु छन् र तिनीहरुलाई केन्द्रीय र फ्ल्यागसिप कार्यक्रमहरुमा सूचीकृत गरिएको छैन । एडीएसका संभागहरु, नतिजाहरु र कार्यक्रमहरु (Components, Outputs and Programs of the ADS)तालिका नं.९ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ९: एडीएसका संभागहरु, नतिजाहरु र कार्यक्रमहरु**

| संभाग (Component) | संख्या | नतिजा (Output) | कार्यक्रम (program) |
|---|---|---|---|
| १. सुशासन (Improved Governance) | १.१ | नीतिगत प्रतिवद्धताको विश्वसनीयता आधार | आधार |
| | १.२ | एडीएसको कार्यान्वयनमा संलग्न विभिन्न निकायहरु बीचको सुदृढ समन्वय | |
| | १.३ | एकीकृत योजना | आधार |
| | १.४ | प्रभावकारी कार्यान्वयनमा सहायता | आधार |

| | | | |
|---|---|---|---|
| | १.५ | लैंगिक समानता र सामाजिक तथा भौगोलिक समावेशीकरणका लागि स्थापना गरिएका संयन्त्रहरु | आधार |
| | १.६ | एडीएसको समयमै र प्रभावकारी अनुगमन र मूल्यांकन | आधार |
| | १.७ | योजना तर्जुमा, कार्यान्वयन र अनुगमनका लागि कृषक र कृषि मूल्य श्रृंखला संग सम्बन्धित समाजको सहभागिता सुनिश्चित गर्ने संयन्त्रको स्थपना (जस्तै किसान आयोग) | आधार |
| | १.८ | समन्वय र कार्यान्वयनमा संलग्न भएका मुख्य निकायहरुको क्षमता अभिवृद्धि | आधार |
| | १.९ | सर्वाधिक पिछडिएका समूहहरुको सुधारिएको खाद्य तथा पोषण सुरक्षा र खाद्य अधिकार | फ्ल्यागसिप (FANUSEP) |
| | १.१० | कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणालीहरु स्थापित प्रोत्साहनहरुसँग सम्बद्ध गराइएको | आधार |
| २. उच्च उत्पादत्व (Higher Productivity) | २.१ | किसानहरु र कृषि-उद्यमीहरुका आवश्यकताहरुप्रति जवाफदेहि विकेन्द्रित प्रसार प्रणाली | फ्ल्यागसिप (DESTEP) |
| | २.२ | किसानहरु र कृषि-उद्यमीहरुका आवश्यकताहरुप्रति जवाफदेहि विकेन्द्रित अनुसन्धान प्रणाली | फ्ल्यागसिप (DESTEP) |
| | २.३ | सुदृढ कृषि शिक्षा प्रणाली | फ्ल्यागसिप (DESTEP) |
| | २.४ | जमिनलाई प्रभावकारी र दिगो ढंगबाट उपयोग गर्ने किसिमको चक्लावन्दी सहितको खेति क्षेत्र | आधार |
| | २.५ | समतामूलक र दिगो हिसावले विस्तारित सिचित क्षेत्र र सुदृढ सिंचाई प्रभावकारिता एवं व्यवस्थापन | आधार |
| | २.६ | सहज र सरल मूल्यमा गुणस्तरीय कृषि सामग्रीमा पहुच | आधार |
| | २.७ | स्रोत साधन र क्षमता निर्माणमा पर्याप्त लगानीका माध्यमबाट वीउ विजनको राष्ट्रिय दृष्टिकोण २०१३-२०२५ का साथै विद्यमान वीउ नीतिहरुको प्रभावकारी कार्यान्वयन मार्फत उचित मूल्य समयमै, गणस्तरीय विउविजनहरुको पहुँच हुन सक्ने सुधारिएको र विकेन्द्रित विउ प्रणालीको व्यवस्था | आधार |
| | २.८ | अल्पकालिन अवधिको लागि स्वीकार्य, मध्यम र दीर्घकालीन समयावधिको लागि स्पष्ट रणनीतिका साथ उत्पादकत्वमा सुधारका लागि मलखाद आपूर्तिको व्यवहारिक समाधान | आधार |
| | २.९ | नेपालको खेती प्रणाली र वातावरण सुहाउँदो उन्नत नश्लका पशुहरुको उपलब्धता | आधार |
| | २.१० | किसानहरुमा यन्त्र, उपकरणहरुको पहुँच आधार | आधार |
| | २.११ | जलवायु परिवर्तन, प्राकृतिक प्रकोपहरु, मूल्यमा अस्थिरता र अन्य विपत्हरुको स्थितिमा पनि किसानहरुमा सुधारिएको प्रतिरोधात्मक क्षमता | आधार |
| | २.१२ | दिगो कृषि/पशुपालन, असल कृषिजन्य अभ्यासहरु (GAP) , असल भेटनरी पशुपालन अभ्यास(GVAHP) स्थापना र अवलम्वन गरिने | आधार |
| | २.१३ | प्राकृतिक स्रोत साधन व्यवस्थापन तथा जीवनयापन सुधारका लागि एकत्रित एवं समुदायमा आधारित भू-व्यवसथापन आधारणासहित निर्वाहमुखी उत्पादनजन्य | आधार |

| | | | |
|---|---|---|---|
| | | वन पैदावरलाई प्रतिस्पर्धी, कृषि मैत्री तथा समावेशी वन व्यवस्थापन व्यवहारमा विसित गरिने । | |
| ३. नाफामुखी व्यवसायीकरण (Profitiable Commercialization) | ३.१ | कृषि व्यवसायिकीकरणका लागि सुधारिएको लगानीको वातावरण | आधार |
| | ३.२ | व्यावसायिक कृषिका लागि करार प्रवन्धहरु | आधार |
| | ३.३ | प्रभावकारी व्यवसायीक कृषि क्षेत्रका लागि सहयोगी कर नीति | आधार |
| | ३.४ | प्रतिस्पर्धी एवं मागमा आधारित विविध वित्तीय तथा कृषिजन्य विमा उत्पादनहरु | आधार |
| | ३.५ | साना किसानहरु एवं उद्यमीहरुको फाइदा एवं मूल्य अभिवृद्धि गर्ने आलका प्रतिस्पर्धी कृषि मूल्य श्रृंखला | फ्ल्यागसिप (VADEP) |
| | ३.६ | विस्तारीत ग्रामीण सडक सञ्जाल आधार | आधार |
| | ३.७ | बजारको जानकारी (Market intelligence) का लागि कृषि बजार सूचना, सूचना तथा सञ्चार प्रविधि (ITC) का उत्पादनहरुको उपयोग | आधार |
| | ३.८ | विस्तारित ग्रामीण विद्युतीकरण र नविकरणीय उर्जाहरु | आधार |
| ४. प्रतिस्पर्धा वृद्धि (Increased Competitiveness) | ४.१ | बजार पूर्वाधारहरुको विकास | आधार |
| | ४.२ | नयाँपनका साना तथा मझौला व्यावसायिक कृषि उद्यमहरु | फ्ल्यागसिप (INJGEP) |
| | ४.३ | खाद्य र कृषिजन्य उत्पादनहरुको निर्यातमा वृद्धि | आधार |
| | ४.४ | खाद्य सुरक्षा तथा गुणस्तर अभिवृद्धि | आधार |

श्रोतः कृषि विकास रणनीति, २०१५-२०३५

**४.३.७ कृषि विकास रणनीति कार्यान्वयन सम्यन्त्र :**

कृषि विकास रणनीतिको सफल कार्यान्वियनका लागि कार्यान्वयन संयन्त्रको आवश्यकता पर्ने हुन्छ । तसर्थ यस रणनीतिले यसको सफल र प्रभावकारी कार्यान्वयनका लागि दुई प्रकारका संयन्त्रको परिकल्पना गरी सोहि बमोजिम व्यवस्थापन गरेको छ ।

**४.३.७.१ विद्यमान तथा परम्परागत संयन्त्रः**

यस संयन्त्र अन्तरगत कृषि क्षेत्रका लागि रणनीतिहरु र योजनहरु कार्यान्वयन गर्ने परम्परागत तरिकामा एउटा संस्थागत संरचना परिकल्पना गरिएको छ जहाँ राष्ट्रिय योजना आयोगले समष्टिगत रुपमा नीतिगत संयोजनको कार्य गर्दछ, कृषि विकास मन्त्रालयले कृषिसम्वन्धी कार्यक्रमहरु कार्यान्वयन गर्नमा नेतृत्व वहन गर्दछ । सम्बन्धित अन्य निकायहरुले कार्यान्वयनमा सघाउँनेछन् । उदाहरणका लागि सिँचाई विभागले सिँचाई विकासको नेतृत्व गदृछ भने स्थानिय पूर्वाधार विकास तथा कृषि सडक विभागले कृषि सडकहरुको नेतृत्व गर्दछ । वन विभाग र भू-संरक्षण तथ जलाधार व्यवस्थापन विभागले जंगल क्षेत्रको जमिनको संरक्षण तथा संवर्द्धनको नेतृत्व गर्दछन् । कृषि विभाग र पशु सेवा विभागले कृषि तथा पशुपालन विस्तारको नेतृत्व गर्दछन् । नेपाल कृषि अनुसन्धान परिषद्ले कृषिसम्बन्धी अनुसन्धानको नेतृत्व गर्दछ । परम्परागत गरिकामा योजना तर्जुमा, एकीकृत योजना, नीति अनुगमन, खरीद र वित्तीय व्यवस्थापन लगायतका कार्यहरुमा कार्यान्वयन निकायको कमजोर क्षमता र समन्वयको कमीजस्ता कारण र कृषिगत रुपान्तरण प्रक्रियाका सन्दर्भमा र बदलिदो विश्व परिवेशमा देखिएका नयाँ आयामहरु जस्तो कि, तीव्र गतिमा वढिरहेको वसाईसराई, विश्वव्यापी मूल्य श्रृखलाको प्रभुत्व, निरन्तर रुपमा नवीनता र अनुकुलन खोजिरहने नयाँ प्रविधिहरु जस्ता कारणले गर्दा समन्वयको पाटो कमजोर देखिएको छ । यस संयन्त्रमा कृषि कार्यक्रमहरुको कार्यान्वयन गर्ने परम्परागत गरिकामा कृषि क्षेत्रका मुख्य सरोकारवालाहरु किसान, सहकारीहरु र निजी कृषि उद्यमीहरुको विकासमा केन्द्रित रहने गरी सरकारी निकायहरु अग्र भागमा छन् ।

परम्परागत संयन्त्रहरुले भविष्यका लागि उपयोगी पाठ दिशावोध पनि गर्दछन् । स्पष्टतः राष्ट्रिय योजना आयोग, कृषि विकास मन्त्रालय तथा अन्य सम्बद्ध निकायहरुले एडीएसमा एउटा महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने हुन्छ र यो भूमिका मान्यताप्राप्त एवं सुदृढ हुनुपर्दछ । तसर्थ, परम्परागत सकिय संयन्त्रहरु पनि आफ्नो

कार्यान्वयन क्षमतामा सुधार गर्दै मुख्य सरोकारवालाहरु -कृषक, सहकारीहरु, नीजि क्षेत्र) लाई कृषि विकासको प्रकृयामा साझेदारको रुपमा अगाडि बढाउनु पर्ने हुन्छ तर अझै भन्नुपर्दा नेपालमा कृषि नीतिहरु र कार्यक्रमहरु कार्यन्वयन गर्ने परम्परागत तरिकाले तीव्र गतिको वृद्धि र गरीविन्यूनीकरण गर्ने अपेक्षित नतिजा दिन सकेको छैन ।

**४.३.७.२ नयाँ संयन्त्रहरु :**

परम्परागत कार्यान्वयन पद्धति र प्रकृयामा सुधार ल्याउनका लागि एडीएसले केही नयाँ संयन्त्रको प्रस्ताव गरेको छ । नयाँ संयन्त्रहरु विद्यमान संयन्त्रहरुकै जगमा निर्माण भएका छन् र तिनले पुराना संयन्त्रहरुलाई सहयोग गर्नेछन् र सुदृढ बनाउने छन् । स्पष्ट भन्नुपर्दा राष्ट्रिय योजना आयोग, कृषि विकास मन्त्रालय र अन्य सम्बद्ध निकायहरुका अतिरिक्त एडीएसको प्रभावकारी कार्यान्वयन किसान, कृषि खाद्य श्रृंखलाका कर्ताहरु, सघसस्थाहरु, प्राथमिकता प्राप्त राष्ट्रिय कार्यक्रमहरु र प्रमुख सरोकारवालाहरुको सम्मिश्रणमा भर पर्नेछ ।

**क. नयाँ संयन्त्रका सरोकार निकायहरु :**

१. राष्ट्रिय कृषि विकास रणनीति समन्वय समिति (NADSCC)
२. राष्ट्रिय कृषि विकास रणनीति कार्यान्वयन समिति (NADSIC)
३. कृषि विकास रणनीति कार्यान्वयन सहायता इकाई (ADSISU)
४. कृषि विकास रणनीति कार्यान्वयन सहायता कोष (ATF)

**ख. फ्ल्यागसिप र आधार कार्यक्रमहरु (Flagship and Core Programs)**

१. खाद्य तथा पोषण सुरक्षा कार्यक्रम (FANUSEP)
२. विकेन्द्रित विज्ञान, प्रविधि र शिक्षा कार्यक्रम (DESTEP)
३. मूल्य शृखंला विकास कार्यक्रम (VADEP)
४. नव-प्रवर्तन तथा कृषि-उद्यमशीलता कार्यक्रम(INJGEP)
५. केन्द्रीय कार्यक्रमहरु (Core Programs)

**ग. प्रमुख सरोकारवालाहरु**

१. कृषि विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग लगायत सरकारी निकायहरु
२. किसानका संघसंस्थाहरु
३. सहकारी संघसंस्थाहरु
४. निजी क्षेत्रका संघसंस्थाहरु

**४.३.८ कृषि विकास रणनीतिगत कार्यक्रमहरु (ADS PROGRAMS)**

कृषि विकास रणनीति अन्तरगत तीन फरक-फरक प्रकारका कार्यक्रमहरु निर्धाण गरिएको छन् । यी कार्यक्रमहरुमा आधार कार्यक्रमहरु(Core programs) , फ्ल्यागसिप कार्यक्रमहरु(Flagship programs) र अन्य कार्यक्रमहरु(Other programs) रहेका छन् । समग्र रणनीतिले अवलम्न गरेका कार्यक्रमहरुलाई यी तिनै स्तरमा विभक्त गरी कार्यान्वयन गरिनेछ । आधार कार्यक्रमहरु मन्त्रालय वा विभागीय स्तरका निकायहरुमा पहिले देखि नै रहेका अधिकांश निकाय मार्फत कार्यान्वयन गरिन्छन् । फ्ल्यागसिप कार्यक्रमहरु नव प्रवर्तित एवं तिनका गतिविधिहरु बहु-क्षेत्रीय प्रकृतिका हुने हुनाले तिनको सञ्चालनका लागि छुट्टै संरचनाहरु आवश्यक पर्ने भएकाले सोहि बमोजिम र अन्य कार्यक्रम भित्र ती कार्यक्रम पर्दछन् जुन हाल कार्यान्वयन गरिदै आएका भए पनि प्रस्ताव गरिएका फ्ल्यागसिप कार्यक्रम र मुख्य कार्यक्रम भित्र पर्दैनन् । अन्तत्वगोत्वण एडीएस फ्ल्यागसिप र केन्द्रिय कार्यक्रम गरी दुई प्रकारका कार्यक्रम मात्र समावेश गर्ने गर्दछ । हाल संचालनमा रहेका अन्य कार्यक्रमहरुलाई आवधिक मूल्याकनको आधारमा नयाँ फ्ल्यागसिप वा केन्द्रीय कार्यक्रमको रुपमा समावेश गर्दै लाने नीति अवलब्न गरिएको छ ।

**४.३.८.१ फ्ल्यागसिप कार्यक्रर्म :**

आधार कार्यक्रमहरुका बारेमा माथि नै उल्लेख गरिएकाले यहाँ केही एडीएसको विशेष प्राथमिकतामा परेका देहाय बमोजिमका राष्ट्रिय कार्यक्रमहरुको सञ्चालन व्यवस्था देहाय बमोजिम हुने परिकल्पना गरिएको छ ।

**एडीएसका फ्ल्यागसिप कार्यक्रमहरु यस प्रकार छन् :**

- खाद्यन्न तथा पोषण सुरक्षा कार्यक्रम(FANUSEP)
- विकेन्द्रित विज्ञान, प्रविधि तथा शिक्षा कार्यक्रम (DSTEP)
- मूल्य श्रृखला विकास कार्यक्रम(VADEP)
- नव प्रवर्तन तथा कृषि-उद्यमशिलता कार्यक्रम(INJGEP)

**क. खाद्यान्न तथा पोषण सुरक्षा कार्यक्रम (FANUSEP)**

१. खाद्यन्न तथा पोषण सुरक्षा कार्यक्रमको उद्देश्य अन्त्यन्तै पिछडिएका वर्गहरुको खाद्यान्न तथा पोषण सुरक्षामा सुधार गर्नु रहेको छ । यस अन्तर्गत तीनवटा सहायक कार्यक्रम रहनेछन् जस्मा विश्वव्यापी कृषि तथा खाद्य सुरक्षा कार्यक्रम(GAFSP)को एक भागको रुपमा तय भएको नेपाल खाद्य सुरक्षा परियोजना (NAFSP), खाद्य तथा कृषि संगठन(FAO)को सहयोगमा तर्जुमा भएको खाद्य तथा पोषण सुरक्षा कार्ययोजना (FNSP) र एफएनएसपीका परिपूरकको रुपमा तर्जुमा र कार्यान्वयन गरिने नयाँ राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा परियोजना । नयाँ राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा परियोजना तर्जुमा गर्दा तथ्यमा आधारित सुचना प्रणालीहरु जस्तै नेक्स्याप -खाद्य सुरक्षा अनुगमन प्रणाली र जनसाख्यिक स्वास्थ्य सर्वेक्षण(DHS), नेपाल जीवनस्तर सर्वेक्षण(NLSS) र अन्य सूचना स्रोतहरुको आधारमा गरिने छन् ।

२. खाद्यन्न तथा पोषण सुरक्षा कार्यक्रमका सह-कार्यक्रमहरुको साझा विशेषता भनेको गरीव, उपेक्षित समूहहरु तथा भौगोलिक रुपमा विकट क्षेत्रहरु -उदाहरणका लागि कर्णाली) लाई लक्षित गर्ने हो । यी कार्यक्रमले गर्भवती र स्तनपान गराउने कृषक महिलाहरुलगायत लक्षित लाभ प्राप्त गर्ने वर्गको उत्पादकत्व, आयश्रोत र पौष्टिक मान्यताहरुको सुधारका लागि हस्तक्षेप प्रवर्द्धन गर्दछ । एडीएस सामान्य रुपमा र खाद्यान्न तथा पोषण सुरक्षा कार्यक्रम खासगरी नेपाल सरकारद्धारा पहिले नै अनुमोदित पञ्चवर्षीय कार्यक्रम बहु-क्षेत्रीय पोषण योजना (MNSP) र खाद्य तथा पोषण सुरक्षा कार्ययोजनासँग आवद्ध हुनेछ ।

**ख. विकेन्द्रित विज्ञान, प्रविधि तथा शिक्षा कार्यक्रम (DSTEP)**

१. कृषक तथा कृषि उद्यमहरुप्रति अनुसन्धान, प्रसार र शिक्षाको जवाफदेहिता बढाउनका लागि अनुसन्धान, प्रसार र शिक्षावीचको समन्वयलाई बढावा दिदै प्रसार र अनुसन्धान प्रणालीलाई विकेन्द्रित गर्नेतर्फ विकेन्द्रित विज्ञान, प्रविधि तथा शिक्षा कार्यक्रम लक्षित छ ।

२. नेपाल सरकार, कृषि विकास मन्त्रालयबाट नियुक्त कार्यक्रम व्यवस्थापकमार्फत यो कार्यक्रम कार्यान्वयन गरिनेछ । विकेन्द्रित विज्ञान, प्रविधि तथा शिक्षा कार्यक्रम व्यवस्थापकले नार्क, कृषि विभाग, पशु सेवा विभाग, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग, कृषि अध्ययन संस्थाहरु जस्तै कृषि विश्व विद्यालयहरु तथा क्याम्पसहरुबीच समन्वय सुनिश्चित गर्ने र विकेन्द्रित विज्ञान, प्रविधि र शिक्षा कार्यक्रम सम्वद्ध नतिजा दिने गतिविधिहरुको कार्यान्वयनको सहजीकरण गर्नेछ ।

३. विकेन्द्रित प्रसार प्रणालीमा तीनवटा मुख्य कार्य समावेश हुनेछन् : क. प्रत्येक गाउँ विकास समितिमा सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थपना गर्ने, ख. सामुदायिक कृषि प्रसार सेवा केन्द्रलाई सहयोग पुग्ने सेवा प्रदान गर्न हाल चालु रहेका र प्रस्तावित कृषि तथा पशु सेवा केन्द्रहरुको क्षमता अभिवृद्धि गर्ने र ग. कृषकहरलाई उपलब्ध उत्कृष्ट कृषि सामग्री र प्रसार सेवा प्रदायकहरुसम्म पहुँच पुऱ्याउनका लागि भौचर प्रणाली(Voucher system) को प्रवर्धन गर्ने ।

४. विकेन्द्रित अनुसन्धान प्रणालीका लागि नार्कको विकेन्द्रीकरण, नयाँ राष्ट्रिय अनुसन्धान संस्थानहरुको स्थपना -उदाहरणका लागि राष्ट्रिय बागबानी अनुसन्धान संस्थान, राष्ट्रिय पशु स्वास्थ्य अनुसन्धान संस्थान र राष्ट्रिय जलचर तथा मत्स्यापालन अनुसन्धान संस्थान), नार्क अन्तर्गत राष्ट्रिय कृषि अनुसन्धान कोष -नार्फ को स्थापना र सुदूर पश्चिम क्षेत्र लगायत सम्पूर्ण क्षेत्रमा अनुसन्धान केन्द्रहरको स्थपना आवश्यक हुनेछ ।

५. एकीकृत कृषि शिक्षा प्रणालीअन्तर्गत त्रिभुवन विश्वविद्यालनलय एवं कृषि तथा वन विश्वविद्यालयका लागि सहयोग गर्ने विश्वविद्यालयमा कृषि व्यवसाय विभाग र प्रविधि प्रसार विभागको स्थापना गर्ने, सिपमूलक

विद्यालयहरुको क्षमता विकास गर्ने, क्षेत्रिय तथा जिल्ला स्तरमा कृषि कलेजहरुको स्थापना गर्नुका साथै विद्यालय शिक्षाका पाठयक्रममा कृषि शिक्षालाई समावेश गर्ने जस्ता पक्षहरु समावेश हुनेछन् ।

६. विकेन्द्रित विज्ञान, प्रविधि तथा शिक्षा कार्यक्रम (डीएसटीइपी) को कार्यान्वयनका लागि आवश्यक पूँजी कार्यान्वयन ट्रष्ट कोष मार्फत जम्मा गरिनेछ जसमा नेपाल सरकार र विकास साझेदारहरुको योगदान रहनेछ । विकेन्द्रित विज्ञान, प्रविधि तथा शिक्षा कार्यक्रम मार्फत् कार्यान्वयन निकायहरु - नार्क, कृषि विभाग, पशु सेवा विभाग, कृषि विश्वविद्यालय र कृषि क्याम्पसहरुमा प्रवाहित हुने कोषको वितरणको जिम्मेवारी डीएसटीइपी प्रबन्धकको हुनेछ ।

**ग. मूल्य श्रृखला विकास कार्यक्रम (VADEP)**

१. मूल्य श्रृखला विकास कार्यक्रम को उद्देश्य विस्तृत र एकीकृत कदमहरुमार्फत् गरीवहरुलाई फाइदा हुने किसिमले सुदृढ मूल्य श्रृखला सम्बन्ध कायम हुने, बढ्दो उत्पादक किसानहरु, सहकारी, सरकार र निजी क्षेत्रको लगानी र क्षेत्रीय प्रभावसहितको परिणाम निस्कने प्राथमिकता प्राप्त मूल्य श्रृखलाको विकास गर्नु हो । हाल जारी रहेका वा विगतमा नेपालमा भएका मूल्य श्रृखलाहर भन्दा फरक किसिमको मूल्य श्रृखला विकास कार्यक्रममा देहाय अनुसारका नयाँ विशेषताहरु हुनेछन् :

क. यसले मूल्य श्रृंखलाको सबै चरणहरु वीउदेखि अन्तिम उत्पादन, उत्पादनदेखी प्रशोधन, बजार पूर्वाधारदेखि सडक पहुँच र सञ्जालीकरण, उत्पादन पछि प्रविधिदेखि गुणस्तरको आश्वस्ता र निर्यातसम्मको विकासमा जोड दिनेछ ।

ख. यो सञ्जालहरुलाई सुदृढ पार्ने र प्रभावकारी लगानीको सुनिश्चितता गर्ने उद्देश्यले कृषक, व्यापारी, प्रशोधन, सामग्री तथा सेवा प्रदायक र मूल्य श्रृखला अन्य सरोकारवालाहरुको संगठनहरु माथि आधारित हुनेछ ।

ग. यसले जिल्ला बाहिरसम्मका सम्बन्ध स्थापित गर्ने र त्यसलाई विस्तृत गर्दै राष्ट्रिय प्रभाव हासिल गर्नेछ

घ. यसले एउटै जिल्ला वा विभागसँग मात्र नभई विभिन्न जिल्ला, विभाग र मूल्य श्रृखलाका पात्रहरुसँग मिलेर काम गर्दछ ।

२. मूल्य श्रृखला विकास कार्यक्रम को व्यवस्थापक नेपाल सरकार, कृषि विकास मन्त्रालयबाट छनौट गरी नियुक्ति गरिने छ । निजले निश्चित मूल्य श्रृखला विकास गठनधन हरुका प्रमुख कार्यकारिणी अधिकारीहरुसँग समन्वय गरी निश्चित मूल्य श्रृखला सह-कार्यक्रमहरु संचालन गर्नेछन् । मूल्य श्रृखला विकास कार्यक्रम व्यवस्थापकले नेपाल सरकार, विकास साझेदारहरु र अन्य लगानीकर्ताहरु उदाहरणका लागि लगानी वोर्डको सहयोगमार्फत् मुल्य श्रृखला विकास गठवनधनहरुलाई कोष उपलब्ध गराउन सहजीकरण गर्ने र कार्यक्मको समष्टिगत अनुगमन र मूल्याकंन सुनिश्चित गर्दछन् ।

३. मूल्य श्रृखला विकास गठवन्धनहरु, कृषक तथा तिनीहरुका संगठन, उद्यमीहरु, सेवा प्रदायकहरु, सेवा संचालकहरु, भण्डार गृहका व्यवस्थापकहरु, सहकारीहरु र मूल्य श्रृखलाका अन्य पात्रहरुको अपनत्व ग्रहण गरेको समाजको रुपमा रहनेछ । तिनीहरु नियम अनुसार दर्ता गरिएका हुन्छन् । यी सबै मूल्य श्रृखला विकास गठबन्धनका पात्रहरुको समान विशेषता भनेको तिनीहरु सबै व्यावसायिक रुपमा एउटा निश्चित मूल्य श्रृखलामा आवद्ध भएका र यसको व्यावसायिक विकास प्रवर्धनका लागि इच्छुक रहेका हुनेछन् ।

४. प्रत्येक मूल्य श्रंखला विकास गठबन्धन को मूल्य ATF अन्तर्गतको मूल्य श्रृखला विकास कोष (भीसीडीएफ) सम्म पहुँच रहेको हुन्छ । कानुन अनुसार मूल्य श्रृखला विकास गठवन्धनका सदस्यहरुले एउटा वोर्ड मनोनित गर्दछन् । कृषि विकास मन्त्रालयले एक निश्चित मूल्य श्रृखलाका लागि कार्यक्रम संचालनको व्यवस्था गर्न एकजना प्रमुख कार्यकारी अधिकृत (सीइओ) को चयन गर्दछ । प्रत्येक मूल्य श्रृखला विकास गठवन्धन को वोर्डमा ६ जना निर्वाचित र ७ जना मनोनित सदस्य हुन्छन् । मनोनित सदस्यहरु नेपाल सरकारले विभिन्न निकायहरु - कृषि विकास मन्त्रालय, अर्थ मन्त्रालय, रा.यो.आ., उद्योग मन्त्रालय, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, उद्योग वाणिज्य महासंघ तथा नेपाल राष्ट्र बैंकका प्रतिनिधिहरबाट मनोनित गर्नेछ ।

सदस्यहरुमध्ये नेपाल सरकारका विभिन्न निकायहरुबाट मनोनित भएका ७ जना सदस्य मध्येबाट नेपाल सरकारले तोकेको व्यक्तिले बोर्डको अध्यक्षता गर्नेछ । प्रत्येक गठवन्धनको व्यवस्थापनले गठवन्धनको बोर्डबाट अनुमोदित गराउन एउटा व्यापार योजना र एउटा लगानी योजना तयार पार्दछ । भीसीडीएका गतिविधिहरु र लेखा परीक्षण नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

**घ. नव प्रवर्तन तथा कृषि-उद्यमशिलता कार्यक्र :**

१. कर सुविधा(Tax incentives), कृषि व्यवसाय इन्क्युबेटर(Agribusiness incubators) र म्याचिङ् अनुदान (Matching grants) मार्फत कृषिमा उद्यमशीलता विकास प्रवर्धन गर्नु नव प्रवर्तन तथा कृषि उद्यमशीलता कार्यक्रम (INJGEP) को लक्ष्य हो । यस कार्यक्रमका मुख्य लाभग्राहीहरुमा सूक्ष्म, साना र मझौला निजी उद्यमी, सहकारीहरु लगायत युवा, महिला र उपेक्षित समूहहरु जस्ता लक्षित वर्गहरु हुनेछन् ।

२. कृषि विकास मन्त्रायलबाट नियुक्त कार्यक्रम व्यवस्थापकमार्फत यो कार्यक्रम संचालन हुनेछ । आइएनएजिइपी व्यवस्थापकले कर सुविधा, कृषि व्यवसाय इन्क्युवेटर तथा म्याचिङ अनुदान मार्फत् नव प्रवर्तित साना तथा मझौला कृषि उद्यम वृद्धिलाई सहजीकरण गर्दछन् ।

३. नव प्रवर्तन तथा कृषि उद्यमशीलता कार्यक्रमको संचालनका लागि आवश्यक पूँजी अन्तर्गतको नवप्रवर्तन तथा कृषि उद्यमशीलता कोपा मार्फत जम्मा गरिनेछ जसमा नेपाल सरकार र विकास साझेदारहरुको योगदान हुनेछ । नवप्रर्वतन तथा कृषि उद्यमशीलता कोष मार्फत कृषि व्यवसाय इन्क्युवेटर र म्याचिङ अनुदानका लागि प्रवाहित हुने कोषको वितरणको जिम्मेवारी आधुनिकीकरण तथा कृषि उद्यमशीलता कार्यक्रम व्यवस्थापकको हुनेछ ।

**ङ प्रमुख सरोकारवाला: कृषकहरु, सरकारीहरु र निजी क्षेत्र (THE STAKEHOLDER: FARMERS, COPERATIVES, AND PRIVATE SECTOR)**

१. एडीएसको समन्वय र कार्यान्वयनका लागि सरकारी निकायहरु जिम्मेवार हुनेछन् भने एडीएसको प्रमुख सरोकारवालाहरुमा कृषक, सहकारी, निजी कृषि उद्योग, र तिनका संगठनहरु -उदाहरणका लागि राष्ट्रिय किसान संजाल, राष्ट्रिय सहकारी महासंघ, बीउ उद्यमीहरुको सवालमा गाउँ विकास समितिसम्मै यस्ता संगठनहरु रहेका छन् । यसैगरी थुप्रैसंख्यामा राष्ट्रिय र स्थानिय वस्तुगत वा व्यापार संगठनहरु छन् । एडीएसले व्यावसायिक कृषक, निर्वाहमुखी कृषक र साना तथा सीमान्तिकृत कृषकका साथै लघु, साना, मझौला र ठूला कृषि उद्यमीहरुलाई समेट्छ ।

२. एडीएसले कृषक संगठनहरु, सहकारी संगठनहरु र निजी संगठनहरुको स्वमित्व र सहभागितामा मात्र आफ्नो सफलता निर्भर रहने मान्यता राख्दछ । कृषि क्षेत्रका विगतका नीतिहरु भन्दा फरक किसिमले एडीएसले कार्यक्रम संचालनको सुरुको चरणमा कृषक संगठनहरु एवं सरोकारवालाहरु समेतलाई संलग्न गराई उक्त संलग्नतालाई कार्यान्वयन, अनुगमन, मूल्यांकन र आवधिक पुनरावलोकनको समयसम्मै निरन्तरता दिनेछ ।

३. एडीएसका प्रमुख सरोकारवालाहरुको अधिकार:
   क. एडीएस नीति र लगानी निर्णयहरुमा सहभागित र प्रभाव राख्ने
   ख. एडीएसको अनुगमनमा सहभागिता
   ग. एडीएसको योजना तर्जुमा, कार्यान्वयन र अनुगमनसँग सम्बन्धित सूचनामा पहुँच

४. यसैगरी एडीएसका प्रमुख सरोकालवालाहरुको कर्तव्य:
   क. एडीएसको योजना निर्माण र कार्यान्वयनका समयमा आउन सक्ने समस्याहरुको सामाधानमा सहयोग पुर्‍याउने
   ख. एडीएसको सन्दर्भमा निर्णय तर्जुमा प्रक्रियालाई छिटो छरितो बनाउन योगदान दिने

५. एडीएसमा प्रमुख सरोकारवालाहरुको अधिकारलाई निम्न प्रकारले संस्थागत गरिएको छ:

कृषक आयोग, कृषक संघ/संगठन(FO), सहकारी संगठन(COO) र निजी क्षेत्रका कृषि उद्यम संगठन(PSO) का प्रतिनिधिहरु एडीएसको प्रमुख निर्णय तथा समन्वय निकायका सदस्य रहन्छन् र उक्त निकायले योजना तयारी तथा तर्जुमा, कार्यान्वयन, र अनुगमन लगायत एडीएसको निम्न कुराहरु हेर्दछ :

क. राष्ट्रिय एडीएस समन्वय समिति(NADSCC) र केन्द्रिय कृषि विकास कार्यान्वयन समिति(CADIC) सिएडीआइसी

ख. एडीएससँगसम्बन्धित राष्ट्रिय एडीएस समन्वय समिति का उप-समितिहरु

ग. जिल्ला कृषि विकास समिति र क्षेत्रीय कृषि विकास समिति

घ. नेपाल कृषि अनुसन्धान परिषद् बोर्ड

ङ. सामुदायीक कृषि प्रसार सेवा केन्द्र सञ्चालक/नियामक निकाय

च. कृषि विकास मन्त्रालयमा प्रस्ताविक नयाँ नीति विश्लेषण शाखा अन्तर्गत नयाँ नीति निर्माणको पुनरावलोकनका लागि गठित नीति पुनरावलोकन टोली

छ. एडीएसको अद्यावधिक र पञ्चवर्षीय पुनरावलोकन एवं मूल्यांकनका लागि गठितस्थायी निर्देशक समिति

ज. नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली, जिल्ला खाद्यान्न सुरक्षा सञ्जाल

# खण्ड ५ (पाँच)
# व्यसायीक कृषि विकासका लागि माटोको गुणस्तर

### ५.१ कृषि बालीका लागि माटोको गुणस्तर :

कुनै पनि कृषिबालीको उत्पादन र उत्पादकत्व वृद्धि र खाद्यबालीमा पाईने पोषक तत्वको मात्रा तथा खाद्यबाली उत्पादनको स्वास्थता कृषिबाली उत्पादनमा प्रयोग भईरहेको माटोको गुणस्तरमा भर पर्दछ । भनिन्छ माटोको स्वास्थता नै कृषिबाली उत्पादकत्वको जग हो । उर्वर माटोले बोट विरुवाकालागि आवश्यक पोषक तत्वहरु उपलब्ध गराउँछ । जसरी मानव स्वास्थ्यका लागि पोषणयुक्त खाद्य पदार्थको आवश्यकता पर्दछ त्यसै गरी कृषिबालीको स्वास्त्यथाकालागि आवश्यक पोषण तत्वसहितको पानी र हावाको सहज प्रवाह तथा बोट विरुवाको जरा सहज प्रवेश हुन सक्ने गरिको भौतिक गुण भएको माटोको आवश्यक्ता पर्दछ । माटोको गुणस्तर भन्नाले माटोमा रहेको एक विशिष्ट गुण हो । जस्मा बोट विरुवा मात्र हैन पशुपन्छीलाई समेत दिगो रुपमा विकास र वृद्धि गर्न साथै मानव स्वास्थ्य र बसोबासलाई समेत सहयोग गर्न मद्धत गर्दछ । यतिमात्र हैन प्राकृतिक श्रोत संरक्षण सेवा -यूएसडिए) का अनुसार त्यस्तो माटोलाई गुणस्तरीय माटो भनिन्छ जस्ले बोट विरुवा उत्पादन र वृद्धिका लागि फोमको जस्तै पानी तथा पोषक तत्वलाई सञ्चय र संरक्षण गरी बोटविरुवालाई चाहिएको बेला लिन सक्ने गरी संरक्षण गरेर राख्दछ, बोटविरुवालाई हानिनोक्सानी गर्ने किरा तथा जीव र त्यसै उम्रने झारपातलाई नियन्त्रण गर्दछ, बायुमण्डलमा भएमो कार्वनलाई सोसेर लिन सक्दछ साथै पानीलाई समेत शुद्ध पार्नमा पद्धत गर्दछ र स्वास्थ्य र उच्च गुणस्तरको माटोमा देहायका गुणहरु अन्तरनिहित रहेका हुन्छन ।

- राम्रो छिद्र सहितको वनोटे
- पर्याप्त गहिराई
- पर्याप्त र आवश्यक मात्रमा पानी सोसेर राख्न सक्ने क्षमता
- पर्याप्त तर बढि नहुने गरी पोषक तत्व रहेको र दिन सक्ने
- रोग तथा हानिकारक जीव र किटाणु कम भएको
- फाईदाजनक जीवाणु प्रसस्त भएको
- पानीको निकास सजिलै हुन सक्ने
- बाह्य झारपातको चाप कम हुने तथा भएको
- बोट विरुवालाई नोक्सानी गर्ने विषादीयुक्त रासायनिक पदार्थ नभएको
- कृषि बालीका लागि खराव तथा अनुपयुक्त अवस्था श्रृजना भई पछाडि फर्कनु पर्ने स्थिति नआउने

उर्वर शक्ति माटोको एक मात्र अपरिहार्य अपरिवर्तनीय गुण हो । यस गुणको अभावमा कृषिबाली का लागि माटो उपयुक्त हुन सक्दैन मात्र हैन यस्तो गुण नभएको माटोमा कृषिबाली विकासको कल्पना सम्म गर्न कठिन हुन जान्छ । यो गुण बोटविरुवाका लागि माटोमा पाईने पोषण तत्वहरुको मात्रात्मक उपस्तिथिमा भर पर्दछ । बोट विरुवालाई उम्रन, हुर्कन र फल दिन मानिसलाई जस्तै धेरै प्रकारका पोषण तत्वहरु उपस्थिति रहेको खाना, पानी र अक्शिजनको आवश्यकता पर्दछ । बोट विरुवालाई आफ्नो आहारा निर्माणका लागि आवश्यक पर्ने कार्वन, हाईट्रोजन र अक्सिजनको अलावा नाईट्रोजन, फरफोरस, पोटासियम, बोरन, म्यान्गानिज लगायतका शूक्ष्म पोषक तत्वको समेत आवश्यकता पर्दछ । यी मध्ये नाईट्रोजन, फरफोर, पोटासियमको मात्र अन्यको तुलनामा बढि आवश्यक पर्दछ । माटोको गुणस्तर वृद्धि गर्नै प्राङ्गारिक मलको अतिनै आवश्यकता पर्दछ । अहिलेको आधुनिक दुनियामा माटोको उर्वर शक्ति बढाउन प्राङ्गारिक मलको अभाव रहेका रासायनिक मलको अवस्थाका बारेमा मूल्य गरी देहायका विषयमा ध्यान पुऱ्याउनु पर्दछ ।

### क. माटोका उर्वरता

यस अन्तरगत बोट विरुवालाई चाहिने माटोमा रहेको पोषक तत्वको उपस्थितिलाई जनाउँदछ जुन माथि नै उल्लेख गरिएको छ । यी पोषक तत्वहरु कृषिबालीको चक्र सँगै कमि हुदै जाने हुँदा उत्पादन र उत्पादकत्व वृद्धिका लागि प्रत्येक बालीको सुरुवात अघि तथा बिचमा पुन थप गर्दै जानु पर्दछ । माथि उल्लेखित पोषक तत्व

सँगै माटोमा हुने अम्लियताको मात्रा अर्को एक महत्वपूर्ण अवस्था हो । राम्रो बालीको विकास, उत्पादन उत्पादकत्व वृद्धिकालागि माटोमा हुने अम्लियताको मात्रा ६.२ देखि ६.८ को बिचमा हुनु अनिवार्य छ ।

**ख. प्राङ्गारिक पदार्थ**

माटोको गुणस्तर सुधारकालागि तथा कृषिबालीको उपयुक्त उत्पादनकालगि प्राङ्गारिक पदार्थको उपस्थिति अनिवार्य रहन्छ । माटोमा प्राङ्गारिक पदार्थको मात्रा बोत विरुवा र जीवजन्तुको अवशेष, जीवित तथा मरेका माटोमा पाईने शुक्ष्म जीव जन्तु तथा पदार्थको विनास बाट प्राप्त हुन्छ । प्रायः प्राङ्गारिक माटोमा प्राङ्गारिक पदार्थको मात्रा ५ % भन्दा कम हुन्छ तर कृषिबालीका लागि यसको भुमिका ज्यादै ठूलो हुने गर्दछ । माटोमा रहेको तथा पाईने प्राङ्गारिक पदार्थले माटोको उर्वर शक्ति वृद्धि गर्न, माटोको बनोट र माटोमा जैविकीय कृयाकलापलाई बढुवा गर्दछ । माटोलाई चाहिने प्राङ्गारिक पदार्थको उपलब्धता माटोमुनि छोपिएका वा छिपेका बोट विरुवा तथा बालीनाली, मल, कम्पोष्ट र बाली चक्रबाट हुने गर्दछ ।

**ग. माटोको बनोट**

माटोको उर्बर क्षमता यसको बनोटमा समेत भर पर्दछ । माटो बनोट बालुवा, पानीले बगाएर थुपारेको माटो तथा बालुवा र माटोमा मात्रात्मक अवस्थामा निर्भर रहन्छ । कृषि बालीकालगि माटोको बनोट कृहि ठूलो आकारको बालुवाको कण, धेरै मसिनु माटोका कण र मध्यम आकारको पानीले बगाएर ल्याएका थिगार सहितका बालुवाका कण रहेको हुन्छन् । यी मध्ये मसिनो माटो र सिल्टको मात्रा वढी भएको माटोमा पानी र पोषक तत्व धेरै सोस्न सक्ने क्षमला रहन्छ । माटोलाई यसको बनोटको आधारमा बालुवा(Sands), पानीले बगाएर ल्याएको माटो(Silt), मलिलो माटो(Loams) र माटो(Clay) गरी ४ प्रकारमा विभक्त गरिएको छ ।

**Soil health Indicators**

| Physical | Chemical | Biological |
|---|---|---|
| **Porosity** | pH | Organic Matter |
| Aggregate Stability | Electrical Conductivity | Enzyme Activity |
| Infiltration | Leachable Salts | Micro-flora |
| Bulk Density | Adsorption | Biotf biomass |
| Soil water | CEC | Microbial biomass CN |
| Soil Surface Cover | Avail N.P.K. | Respiration |

Collectively Indicate Soil Processes

Change in management practices reflect in soil processes

Time Management and Pant Growth

**५.२ माटोको उर्वराशक्ति व्यवस्थापनका लागि माटो परिक्षण :**

कृषि तथा पशुपन्छीबालीको मुख्य आधार नै माटो हो । बाली बिरुवा माटो मै उम्रन्छन र आफूलाई आवश्यक पर्ने खाद्यतत्व पनि माटोबाटै लिन्छन । तसर्थ दिगो तथा सफल कृषि उत्पादनको भविश्य माटोको भौतिक, रासायनिक तथा जैविक गुणहरुमा निर्भर रहन्छ । परम्परागत खेति प्रणालीमा बाली सघनता कम हुनु, बालीको उत्पादन क्षमता र उत्पादकत्व पनि कम हुने हुँदा गोठेमल (कम्पोष्ट) को प्रयोगबाट पनि कृषिबाली उत्पादन दिगो थियो । केहि दसकबाट बाली सघनतामा वृद्धि, बढी उत्पादन दिने जातहरुको खेति, प्राङ्गारिक मलको कमी, रासायनिक मलको असन्तुलित प्रयोगले क्षेणिक रुपमा कृषिबाली उत्पादान र उत्पादकत्व पनि घट्नै गएको यर्थाथता कृषक लगायत सबैले महशुस गरिसकिएको छ । हामीमा माटोको उर्वरशक्ति के कति छ र त्यसको सुधार वा व्यवस्थापन गर्न के गर्नुपर्छ भन्ने कुरामा त्यति ध्यान पुग्न सकेको पाईदैन । सामान्यतया यदाकदा माटोको अम्लियापन थाहा पाउनकालागि यसको जाँच र अम्लियाता बढी भएको पाईएमा चुनाको प्रयोग गर्ने कार्यमा प्रविधिकको सहयोग लिने गरेको देखिएता यसले समेत प्रभावकारी उपयोग गर्न सकेको पाईदैन ।

तसर्थ समयामा नै माटोको परीक्षण गरी तथा गराई माटाको अम्लियपन तथा उर्वरशक्ति बारे जानकारी लिई सफल र दिगो कृषि उत्पादनकालागि माटोको उचित व्यवस्थापन र उर्वरशक्ति कायम राख्न वा सुधार गर्न अनिवार्य भएको छ ।

**५.२.१ माटोको नमुना सङ्लन तरिका तथा यसका महत्वपूर्ण पक्ष :**

विभिन्न कृषिबालीले माटोबाट पानी तथा पोषक तत्वलिनकालागि सम्बन्धित बोट विरुवाको जराको फैलावट र गहिराई कस्तो रहन्छ भन्ने कुराको जानकारी लिन आवश्यक रहन्छ । साधारणतया अन्नबाली तथा फलफूल बालीकालागि माटोको नमुना जमिनको कुन कुन तहबाट सङ्कलन गरेमा सहि नतिजा प्राप्त हुन सक्छ भन्ने समेतको जानकारी लिन समेत आवश्यक छ । तसर्थ परिक्षणका लागि माटोका नमूना लिँदा देहायका विषयमा बढी ख्याल गर्न अनिवार्य छ ।

**क. अन्न बाली तथा तरकारी बालीका लागि माटोको नमुना संकलन गर्ने तरिका :**

सामान्य तया अन्न बाली तथा तरकारी बालीका बोट विरुवाहरुका आफुलाई आवश्यक हुने पानी तथा पोषक तत्वसहितका खाना सोस्ने जराहरु जमिनको माथिल्लो सतहमा नै छरिएर रहने भएका कारण माटोमा अम्लियपना तथा पोषक तत्वको मात्रा के कति छ भनेर परिक्षण गर्नका लागि आवश्यक नमुना लिँदा जमिनको सतहबाट १५ देखि २० सेन्टिमीटर सम्मको माटो मात्र संकलन संकलन गर्नु पर्दछ ।

**ख. फलफूल बालीको लागि नमुना संकलन :**

फलफूलका बोट विरुवाहरुका जरा माटोमा पाइने पानी तथा पोषक तत्वहरु सोसेर लिन माटोको निकै गहिराई सम्म जाने गर्दछन् । तसर्थ फलफूल बाली लागाउनका लागि जमिनको माथिल्लो सतहको माटोका मात्र परिक्षण गरेर नपुग्ने भएका कारण केहि हदको गहिराई सम्मको माटोको परिक्षण अनिवार्य रहन्छ । फलफूल खेतिका लागि माटोमा पाईने अम्लियपना तथा पोषक तत्वहरुको उपस्थिति मात्र नभई जराहरु आवश्यक गहिराई सम्म सहजै जान सक्ने अवस्था छ या छैन भनि भौतिक गुणको समेत परिक्षण गर्न आवश्यक रहन्छ । तसर्थ फलफूल खेति लगायत गहिराई सम्म जरा जाने अन्य कृषि बालीकालागि खेति लगाउनु अघि ३ फिट सम्मको गहिरो खाडल खनी सतह देखि १५ से.मि. सम्मको छुट्टै, १५ देखि ३० से.मि. को छुट्टै, ३० देखि ६० से.मि. को छुट्टै तथा ६० देखि ९० से.मि. को छुट्टै नमूना संकलन गर्नु पर्दछ । यसरी लिने नमुना माटोको भू-बनोट र माटोको रङ्ग अनुसार समेत छुट्टा छुट्टै लिनु पर्दछ भने कतिवटा सम्म नमुना लिने भन्ने विषय जमिनको फैलावट, बनोट, माटोको रङ्ग र माटोको उर्वरशक्तिमा निर्भर रहन्छ ।

**ग. माटोको भरपर्दो नमुना संकलनका लागि ध्यान दिनुपर्ने विषयः**

माटोको यथार्थ गुणको अवस्था नमुनाको आकार तथा प्रकार र लिने तौरतरिकामा निर्भर रहन्छ । तसर्थ सहि नमुनाका लागि देहायका विषयमा ध्यान दिन अनिवार्य छ ।

- धेरै ठूलो जमिन बाट नमुना संकलन गर्दा धेरै ठाउँबाट संकलन गर्ने ।
- संकलन गरिएका नमुनालाई रुखको छहारी वा प्रत्यक्ष घाम नलाग्ने ठाउँमा राखि ओभाउनु बनाउने, त्यसमा भएका झारपात, ढुङ्गा लगायतका बाह्य पदार्थ हटाउने ।
- राम्रो सँग सुकेपछि माटो धुलो पारि मिसाउने र आधा किलो जति हावा तथा पानी नछिर्ने प्लाष्टिकको नमुना थैलिमा राख्ने ।
- यदी एउटै प्लटको धेरै ठाउँबाट नमुना संकलन गरिएको भए र त्यसलाई एकै ठाउँमा मिसाउने साथै एकै ठाउँमा मिसाउँदा माटोका मात्र धेरै भएमा त्यसलाई आधा वनाएर मात्र नमुना थैलिमा राख्ने ।
- माटोको नमुना लिई सकेपछि नमुनामा कृषकको नाम, खेतबारीको किसिम, यस अघि प्रयोग गरेको मलखादको मात्रा, यस अघि लगाएको बालिको अवस्था , पछि लगाउने बालिको किसिम आदी राम्रो सँग लेखि टास्ने ।
- नमुना संकलन गरिएको जमिनको माटोको रङ्ग, वनावट फरक फरक छ भने फरक फरक रङ्ग तथा बनोट भएको माटोको नमुना छुट्टा छुट्टै संकलन गर्ने ।
- नमुना संकलन गर्दा आली, कान्ला आदीको नजिक बाट संकलन गर्ने ।
- पानीको मुहान तथा निकासको नजिक बाट नमुना संकलन नगर्ने ।
- भरखरै मात्र मलखाद प्रयोग गरेको ठाउँबाट नमुना संकलन नगर्ने ।
- सकेसम्म बाली लिई सकेपछी मात्र नमुना संकलन गर्ने ।

- ठूलो वर्षा वा पानी परेको लगतै नमुना संकलन नगर्ने ।
- भरसक वर्षा सुरुहनु भन्दा अघि नमुना संकलन गर्दा उपयुक्त हुने साथै धेरै सुख्खा अवस्थामा नमुना संकलनमा कठिनाई हुने हुदा अलिअलि चिसो भएको बेला नमुना लिन धेरै उपयुक्त हुने ।
- मल थुपारेको ठाउँ साथै गाईबस्तु बाँधेको ठाउँबाट नमुना संकलन .........

**५.३ प्राङ्गारिक कृषि उत्पादनको प्रमाणिकरणका लागि आवश्यक आधारः**

बदलिदो परिवेश र मानव समुदायको चेतना स्तरको विकास सँग सँगै विश्वभर प्राङ्गारिक कृषि उत्पादनको माग बढ्दै गईरहेको छ । पछिल्लो समय नेपालमा पनि प्राङ्गारिक -जस्लाई अर्गेनिक भनिन्छ) कृषि बालीमा माग दिन प्रति दिन बढ्दै गएको पाइन्छ । नेपालको हकमा प्राङ्गारिक उत्पादन हो या होइन यकिन गर्न साधन सुविधा पर्याप्त रुपमा उपलब्ध हुन सकेको छैन। भर्खरै मात्र नेपाल सरकारको प्राङ्गारिक उत्पादनकालागि नीतिगत निर्णयहरु गरी कृषिको विकास गर्ने प्रकृयाहरुको थप विकास गर्न थालेको अवस्था छ । वास्तबमा प्राङ्गारिक कृषिबालीका लागि देहाय बमोजिमका व्यवस्था भएमा मात्र प्राङ्गारिक उत्पादन भनि प्रमाणित गर्न सकिन्छ ।

- कृषिबाली लगाउनु वा टिप्नु भन्दा ३६ महिना अघि बाट रासायनिक मलखादको प्रयोग नगरिएको
- कृषिबाली लगाउनु वा टिप्नु भन्दा ३६ महिना अघि बाट कुनै प्रकारको रासायनिक विषादीको प्रयोग नगरिएको
- माटोको उर्वरता वृद्धि गर्न र रोग तथा किराको प्रकोप कम गर्न चक्रिय कृषि बालीको प्रायोग गरिएको
- कुनै प्रकारका हर्मोन र एण्टिवायोटिक्सको प्रयोग नगरिएको तथा प्राङ्गारिक आहार मात्र खुवाईएको वा प्रयोग गरिएको पशुको गोवर मल प्रयोग गरिएको

# खण्ड ६ (छ)
# व्यवसायीक कृषि तथा पशुपन्छी विकास कार्यक्रम
# पूर्व सम्भाव्यता अध्ययन विवरण

**६. पूर्व सम्भाव्यता अध्ययन विवरणः**

वर्तमान संविधान, स्थानिय सरकार सञ्चालन ऐन, नेपाल सरकारको समृद्ध नेपाल शुखी नेपाली को लक्ष्य, दिगो विकास लक्ष्य, कृषि विकास रणनीति तथा माङसेबुङ गाउँपालिकाको नीति तथा योजना बमोजिम माङसेबुङ गाउँपालिका वडा नं. ६ मा कृषि तथा पशुपन्छीको व्यवसायीक उत्पादन सञ्चालन व्यवस्थापनको सम्भावना रहेको छ या छैन भन्ने मुल जिज्ञासामा आधारित रहि घरपरिवार सर्वेक्षणको माध्यम बाट वस्तुगत विवरण संकलन गरिएको थियो । यसरी वस्तुगत विवरण संकलनको सिलसिलामा स्थालगत अध्ययन र सम्बन्धित सरोकारवालाहरु सँगको छलफल र अन्तरकियाबाट व्यवसायीक कृषि कार्यक्रमको सञ्चालन व्यवस्थापनको विश्वासिलो आधार भए नभएको पहिचान गर्ने समेतको कार्यलाई अघि बढाईएकोमा अध्ययनका कममा गणकहरु मार्फत ५०१ घरपरिवार र संघ संस्थाको स्थलगत अवलोकन गरी प्रत्यक्ष अन्तरवार्ताको माध्यमबाट निर्धारित प्रश्नवालीमा उल्लेख गरिएको विषयमा सम्बन्धित परिवार र संघ संस्थाका जिम्मेवार व्यक्तिसँग जानकारी लिने कार्य गरिएको छ । यस अध्ययनका कममा प्राप्त नतिजा विभिन्न विषयगत तालिकामा देहाय बमोजिम उल्लेख गरिएको छ ।

**६.१ जनसंख्या विवरणः**

यस अन्तरगत सम्बन्धित वडामा बसोबास गर्ने वडाबासीहरुको उमेरगत आधारमा जनसंख्या विवरण अध्ययन गर्दा १८ वर्ष मुनिको जनसंख्या ७०० (३०.२८ %), १९ देखि ६० वर्षको आर्थिक रुपले सकृय उमेरको जनसंख्या १३६२ (५९ %) र ६० वर्ष माथिको जनसंख्या २५० (१०.७२%) गरी कुल ५०१ घरपरिवारमा २३१२ जना मानिसहरुको बसोबास रहेको पाईएको छ । यस वडाका कुल जनसंख्या मध्ये ८४.८१% आफ्नै घरमा बसोबास गरिरहेको देखिन्छ भने मात्र ५.७०% स्वदेशकै अन्य स्थानमा र ९.४९% रोजगारी लगायतका अन्य कार्यका लागि विदेशमा बसोबास गर्ने गरेको अवस्था छ । कृषि कार्यका लागि शारिरीक परिश्रम समेतको आवश्यक्ता पर्ने हुन्छ । यसकालागि उमेरका आधारमा सकृय उमेर समुह भित्रका सबै शारिरीक परिश्रम गर्न सक्दछन भन्ने छैन । तसर्थ सम्बन्धित घरपरिवारमा रहेका परिवारका सदस्य मध्ये कति जना सकृय रुपले कृषि कार्यमा सम्लग्न हुन सक्छन भन्ने विषयमा अध्ययन गर्दा ५४.३२ % मानिसहरु कृषि कार्यमा सकृय रहन सक्ने अवस्था देखिएको छ । यस विवरणका आधारमा भन्ने हो भने कृषि कार्यका लागि आवश्यक प्राविधिक जनशक्तिको आवश्यकता बाहिर बाट परिपूर्ति गर्नु पर्ने भएता पनि उपलब्ध जनशक्तिको राम्रो परिचालन गर्न सके यसकालागि आवश्यक जनशक्तिको झण्डै ७५ % हिस्सा स्थानियबासीबाटै धान्न सक्ने अवस्था देखिएको छ । यसको विवरण तालिका नं. १० मा उल्लेख गरिएको छ ।

**तालिका नं. १०: उमेर, उत्पादन कार्यमा लाग्नसक्ने क्षमता तथा बसाईको स्थानको हिसाबले जनसंख्या**

| उमेरको हिसावले जनसंख्या | | | | कृषि कार्यमा सम्लग्न हुन सक्ने संख्या | बसाईको अवस्थाका हिसाबले जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| १८ वर्ष मुनिको | १९ देखि ६० वर्ष सम्मको | ६० वर्ष माथिको | जम्मा | | घरमा नै रहेको संख्या | स्वदेशमा नै अन्यत्र बस्ने संख्या | विदेश गएको संख्या |
| ७०० | १३६२ | २५० | **२३१२** | १२५६ | १९६१ | १३२ | २१९ |
| ३०.२८ | ५९ | १०.७२ | **१००.०** | ५४.३२ | ८४.८१ | ५.७० | ९.४९ |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

### ६.२ शैक्षिक अवस्थाको आधारमा जनसंख्यनः

कृषि कार्यका लागि अध्ययनको खासै महत्व रहदैन भन्ने परम्परागत सोचबाट वर्तमान परिवेश समेत पूर्ण रुपले मुक्त हुन सकेको पाईदैन । माङसेबुङ गाउँपालिका वडा नं. ६ का स्थानियबासीहरु समेत यस सोच र अवस्थाबाट मुक्त हुन सकेको देखिएन । प्राविधिक ज्ञान भएमा मानिसहरु झण्डै ०.२६ % को हाराहारिमा हुनु, व्यवसायिक तालिम लिएका मानिसहरु २% पनि पुग्न नसक्नु तथा निरपेक्ष जनसंख्या अहिले पनि ६.९६ % रहनु साथै माध्यमिक तह तथा उच्च शिक्षा हासिल गर्ने जनसंख्या क्रमशः २२.८४ % र ८.५६ % मात्र रहनु यसको ठोस प्रमाण हो । **तसर्थ व्यवसायिक कृषि कार्यकालागि प्राविधिक शिक्षा तथा प्राविधि ज्ञान भएको जनशक्तिको विकास र व्यवस्थापन यस गाउँपालिकाका लागि अनिवार्य सर्तको रुपमा देखिएको छ ।** माङसेबुङ गाउँपालिका वडा नं. ६ का स्थानियबासीहरको शैक्षिक अवस्था तालिका नं. ११ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ११ शैक्षिक अवस्थाको आधारमा जनसंख्या विवरणः**

| निरक्षर | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक | उच्च शिक्षा | व्यवसायीक तालिम लिएको | अन्य तालिम लिएको | प्रविधिक ज्ञान भएको | उल्लेख नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १६१ | ४०२ | ४६५ | ५२८ | १९८ | ४० | १७ | ६ | ५५८ | २३१२ |
| ६.९६ | १७.३९ | २०.११ | २२.८४ | ८.५६ | १.७३ | ०.७४ | ०.२६ | २४.१३ | १००.० |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

### ६.३ जातीगत बसोबासका आधारमा घरपरिवार विवरणः

माङसेबुङ गाउँपालिका वडा नं. ६ को जातीगत बसोबासको अवस्थालाई अध्ययन गर्दा यस वडामा बसोबास गर्ने घरपरिवारहरु मध्ये सबै भन्दा बढी घरपरिवार राई को ८५.४२%, बाहुन क्षेत्री५.५९%, लिम्बु१.५९%, दलितको २.९९%,तामाङको १.१९%, भुजेल३.३९ % र अन्य ०.८१% जातजातिका घरपरिवारको बसोबास रहेको पाईएको छ । यस विवरणका आधारमा यस वडामा राई समुदायकामानिसहरुको बाहुल्यता रहेको छ। **कृषिको व्यवसायिकिकरणकालागि जातीगत सांस्कृतिक अवस्थाको समेत ख्याल गरि सम्बन्धित स्थानियबासीहरुको इच्छा र आवश्यकतालाई समेत ध्यानमा राखी कृषिको व्यवसायिक क्षेत्र र प्रकारहरुको पहिचान गर्न आवश्यक रहेको देखिन्छ ।** जातीगत बसोबासका आधारमा विद्यमान घरपरिवार विवरण तालिका नं. १२ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १२: जातीगत बसोबासका आधारमा घरपरिवार विवरण :**

| क.स | जातजाती | घरपरिवार संख्या | % |
|---|---|---|---|
| १ | राई | ४२८ | ८५.४२ |
| २ | लिम्बु | ८ | १.५९ |
| ३ | क्षेत्री बाहुन | २८ | ५.५९ |
| ४ | भुजेल | १७ | ३.३९ |
| ५ | दलित | ६ | १.१९ |
| ६ | तामाङ | १० | १.९९ |
| ७ | अन्य | ४ | ०.८१ |
| **जम्मा** | | **५०१** | **१००** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

### ६.४ कृषि तथा पशुपन्छी व्यवसायकालागि जग्गा जमिनको उपलब्धताको अवस्थाः

व्यवसायिक कृषि तथा पशुपन्छी बालिकालागि पर्याप्त जग्गा जमिनको आवश्यकता पर्दछ । माङसेबुङ गाउँपालिका वडा नं. ६ मा बसोबास गर्ने घरपरिवारसँग रहेको जग्गा जमिन र त्यसको अवस्थाका विषयमा अध्ययन गर्दा कुल ५०१ घरपरिवार मध्ये विवरण नखोल्ने १३ घरपरिवार घटाएर बाँकि घरपरिवारबाट उपलब्ध विवरणलाई नै ५०१ घरपरिवार विवरण मानिएको आधारमा कुल ५३५९ रोपनी जग्गा कृषि कार्यकालागि सम्बन्धित परिवारसँग उपलब्ध रहेको देखिन्छ । यसरी उपलब्धता रहेको जग्गा जमिन मध्ये ५ रोपनी भन्दा कम जग्गा हुने परिवार ३४.३३ %, ६ देखि १० रोपनी सम्म हुने परिवार ३१.३४ %, ११ देखि २० रोपनी हुने परिवारको संख्या १९.९६ %, २१ देखि ३० रोपनी हुने परिवारको संख्या ९.१८ % तथा ३० रोपनी भन्दा माथि जग्गा जमिन हुने परिवारको संख्या ३.१९ % रहेको पाईएको छ । तथापी यस वडमा ऐलेनी जग्गा प्रसस्त मात्रामा रहेको देखिन्छ प्रत्येक परिवारले ओगटेको जग्गा जमिनको क्षेत्रफलका आधारमा हेर्दा केहि परिवारसँग नगन्य मात्र जग्गा जमिन रहेको देखिन्छ भने केहिसँग १०० रोपनी भन्दा बढी रहेको अवस्था छ । सम्बन्धित परिवारसँग रहेको जग्गा जमिनको भूवनोटको समेत अध्ययन गर्दा अधिकांश घरपरिवारको जमिन केहि भाग समतल तथा केहि भाग भिरालो अवस्थामा रहेको देखिन्छ । यस प्रकारको जग्गा जमिनको प्रकृति रहेका घरपरिवारको संख्या लगभग९५ % रहेको पाईएको छ भने ५ % घरपरिवारको विवरण नखुलेका कारण यसै भन्न सकिने अवस्था छैन । **समग्र अवस्थाको अध्ययन गर्दा धेरै थोरै जग्गा जमिन भएका स्थानियबासीलाई समेत आकर्षित र व्यवसायिक बनाउन यस गाउँपालिकाको वडा नं. ६ का स्थानियबासीलाई समेत सामुहिक कृषि तथा पशुपन्छी पालन व्यवसाय तर्फ कमिक रुपले अभिप्रेरित गर्न आवश्यक देखिएको छ ।** पारिवारिक हिसावले उपलब्ध जग्गा जमिनको विवरण तालिका नं. १३ र १४ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १३: कृषि कार्यकालागि जग्गाको उपलब्धताका आधारमा घरपरिवार :**

| क.सं. | विषय शिर्षक | क्षेत्रफल (रोपनी) | घरपरिवार संख्या | % |
|---|---|---|---|---|
| **१** | **कृषि कार्यकालागि ५०१ घरपरिवारसँग उपलब्ध जग्गाको क्षेत्रफल** | **५३५९** | | |
| १.१ | ५ रोपनी सम्म हुने | ६८८ | १७२ | ३४.३३ |
| १.२ | ६ देखि १० रोपनी सम्म हुने | १२५६ | १५७ | ३१.३४ |
| १.३ | ११ देखि २० रोपनी सम्म हुने | १५०० | १०० | १९.९६ |
| १.४ | २१ देखि ३० रोपनी सम्म हुने | ११५० | ४६ | ९.१८ |
| १.५ | ३१ देखि ४० रोपनी सम्म हुने | २८० | ८ | १.६ |
| १.६ | ४१ देखि ५० रोपनी सम्म हुने | २२५ | ५ | १.५९ |
| १.७ | ५० भन्दा माथि हुने | ० | ० | ०.० |
| १.८ | केही पनि नखुलेको | २६० | १३ | २.५९ |
| **जम्मा** | | **५३५९** | **५०१** | **१००.००** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**तालिका नं. १४: कृषि कार्यकालागि उपलब्ध जग्गा जमिनको भौगोलिक स्वरुप र बनोटका आधारमा घरपरिवार**

| क.सं. | जग्गा जमिनको भौगोलिक स्वरुप | घरपरिवार संख्या | % |
|---|---|---|---|
| १ | समतल भुभाग मात्र भएको | ३८ | ७.५८ |
| २ | भिरालो जमिन मात्र भएको | ४२० | ८३.८३ |
| ३ | समतल तथा भिरालो दुवै भएको | १८ | ३.५९ |
| ४ | विवरण नखुलेको | २५ | ४.९९ |
| **जम्मा** | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

### ६.५ स्थानियबासीको घरबाट वडाकार्यालयको दुरी :

वर्तमान संविधानले व्यवस्था गरे बमोजिम स्थापित भएको वर्तमान स्थानिय तह स्थानिय सरकारको रुपमा कृयाशिल रहेका छन् । स्थानिय स्तरमा स्थानियबासीलाई सरकारबाट उपलब्ध गराईने सेवा सुविधा सम्बन्धित स्थानिय तहका स्थानिय कार्यालयबाट उपलब्ध हुने भए बाट वडाबासिकालागि सम्बन्धित गाउँपालिकाको वडाकार्यालयमा सहज पहुँच पुग्नु अनिवार्य छ । तसर्थ यसै विषयमा अध्ययन गर्दा **३७.१३ % वडाबासिहरुकालागि वडा कार्यालयमा पुग्न औषत ३ कि.मि. को यात्रा गर्नु पर्ने छ भने २१.७६ % घरपरिवारले ४ देखि ५ कि.मि. को यात्रा गर्नु पर्ने देखिन्छ । झण्डै १२.५७ % घरपरिवारले ६ कि.मि. देखी ७ कि.मि.यात्रा गर्नु पर्ने हुन्छ । ८ कि.मी भन्दा माथिको दुरी पार गर्नु पर्ने चाहि २८.७४ % देखियको छैन । तसर्थ यस वडालाई व्यवसायिक कृषि प्रणाली भित्र समाहित गर्न यातायात सुविधालाई सहज बनाउन सडक पूर्वाधारको विकास गर्न अनिवार्य देखिएको छ ।** यसको विवरण तालिका नं. १५ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १५: आफ्नो घर बाट वडा कार्यालय रहेको स्थानको दुरी (कि.मि)**

| क.सं. | दुरी | घरपरिवार संख्या | % |
|---|---|---|---|
| १ | ३ कि.मि. भन्दा कम | १८६ | ३७.१३ |
| २ | ४ देखि ५ कि.मि. | १०९ | २१.७६ |
| ३ | ६ देखि ७ कि.मि. | ६३ | १२.५७ |
| ४ | ८ कि.मि. भन्दा माथि | १४३ | २८.५४ |
| **जम्मा** | | **५०१** | **१००** |

श्रोत: व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

### ६.६ स्थानियबासीले अपनाएको पेशाः

मानिसले आफ्नो जीवनयापन र दैनिक आवश्यकता परिपूर्तिकालागि केहि न केहि गर्न अनिवार्य छ । कस्तो कर्म गर्ने, कसरी जीनलाई सुखमय र व्यवहारिक बनाउने विषय वस्तु प्रायस संस्कृति, आवश्यकता, उपलब्धता र प्रविधिको विकास र विस्तारमा निर्भर रहन्छ । माङसेबुङ गाउँपालिका वडा नं. ६ का स्थानियबासीले वर्तमान अवस्थामा अपनाईरहेका पेशा व्यवसायको अध्ययन गर्दा जम्मा ५०१ घरपरिवार मध्ये ८९ % को हाराहारिमा कृषि तथा पशुपन्छी पालन गरी दुवै प्रकारका व्यवसाय गर्ने गरेको पाईएको छ भने उद्योग व्यवसाय गर्ने मा ०.६० %, व्यापार व्यवसाय गर्ने ५.२७ %, नोकरी गर्ने ८.४७ % तथा अन्य पेशा व्यवसाय गरेर आफ्नो जीवन सञ्चालन गर्ने घरपरिवार रहेको देखिन्छ । वर्तमान अवस्थामा देशको समृद्धिको मुल आधार मध्ये कृषि तथा पशुपालन व्यवसायलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउने राज्यको वर्तमान नीति रहेको मात्र नभई समग्र इलाम जील्ला तथा माङसेबुङ गाउँपालिकाको भूवनोट, हावापानी, परम्परा देखि गरिदै आएका मात्र नभई वर्तमानमा समेत अवलम्बन गरेका पेशा व्यवसाय लगायतका कारण **माङसेबुङ गाउँपालिका वडा नं. ६ का वडाबासिहरुको जीवनस्तर माथि उठाउन समेत कृषि र पशुपन्छी पालन यहाँकालागि एक उपयुक्त व्यवसायिक विधा हुन** सक्ने अवस्था देखिएको छ । वर्तमान अवस्थामा स्थानियबासीले अपनाएको पेशा व्यवसायको विवरण तालिका नं. १६ मा उल्लेख गरिएको छ उक्त तालिकाको प्रतिसत भने एकै परिवारले विभिन्न पेशा अपनाएकाले बढी देखिन्छ ।

**तालिका नं. १६: स्थानियबासीले अपनाएको पेशा व्यवसाय सम्बन्धी विवरणः**

| आफूले अपनाएको पेशा | | | |
|---|---|---|---|
| **क.सं.** | **अपनाएको पेशा** | **घरपरिवार संख्या** | **%** |
| १ | अन्न बाली लगाउने घरपरिवार संख्या | ४५७ | ९१.२२ |
| २ | पशुपन्छि पालन गर्ने घरपरिवार संख्या | ४४० | ८७.८२ |
| ३ | उद्योग व्यवसाय गर्ने घरपरिवार संख्या | ३ | ०.६० |
| ४ | व्यापार व्यवसाय गर्ने घरपरिवार संख्या | १० | २.०० |
| ५ | नोकरी गर्ने घरपरिवार संख्या | ३ | ०.६० |
| ६ | अन्य | ६ | १.२० |
| **जम्मा** | | **५०१** | **१००.०** |

श्रोत: व्यवसायीक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

### ६.७ कृषिबालीको उत्पादनः

कृषि बाली उत्पादनकालागि माटो, हावापानी वा मौषमको प्रकृति एक अनिवार्य सर्त हो । कुनै पनि कृषि बालीको उत्पादकत्व माटोमा रहेको उर्वरता तथा हावापानीको अवस्थाले प्रत्यक्ष पार्दछ । माङसेबुङ गाउँपालिका वडा नं. ६ मा वर्तमान अवस्थामा कृषिबाली उत्पादक तर्फ अध्ययन गर्दा यस क्षेत्रको **हावापानी समसितोष्ण रहेको** साथै अन्नबालीमा मकै सबै भन्दा बढी ९६.८९ %) उत्पादन हुने गरेको पाईएको छ भने सम्बन्धित अन्नबालीको हकमा मकै, गहुँ, कोदो, फापर लगायतको उत्पादन हुने गरेको पाईएको छ भने दास्रोमा कोदो र तेस्रोमा धान उत्पादन हुने गरेको देखिन्छ । यस वडामा तेलहनबालीको उल्लेख्य उत्पादन हुने गरेको नदेखिएता पनि केहि मात्रामा भटमास र तोरी को खेति गरिने गरेको पाईको छ । तेलहनबालीमा समेत तेलको लागि तोरीलाई प्रयोग गरिन्छ भने भटमासलाई भुटेर खाजाको रुपमा खाने गरिन्छ । उल्लेखित तेलहन बाली मध्ये सबै भन्दा बढी तोरी (२७.८२ %) हुने गरेको देखिएको छ । तरकारीबालीको हकमा भन्ने हो भने सबै भन्दा वढी स्कुस, दोस्रोमा आलु तेस्रोमा काका ,सिमी बोडिको उत्पादन हुने गरेको पाईएको छ भने त्यस पछि क्रमशः मुला, फर्सी, बन्दाकोवी, फुलकोवी तथा उत्पादन भईरहेको विवरण उपलब्ध भएको छ । फलफूलबालिको हकमा भन्ने हो भने कागति खेति ले वडाकै ठूलो प्रधानता पाएको देखिन्छ । सबै फफूल बालिको तुलनात्मक अधययन गर्दा झण्डै ५४.८५ % मात्रा कागति उत्पादनले मात्र ओगटेको छ भने २१.७४% को हाराहारिमा किवी समेत उत्पादन हुने गरेको देखिन्छ । फलफूल खेतीमा, कागती लगायतको उत्पादन नगन्य मात्रामा रहेको अवस्था छ । यस वडाका अन्य नगदेबालीको उत्पादनको अध्ययन गर्दा सबै भन्दा वढी झण्डै ४१.०% अम्लिसो कुच्चो, अदुवा ३५.२४ %,झण्डै २.२३ % को हाराहारिमा चिया साथै ११.९० % को हाराहारीमा अलैची उत्पादन हुने गरेको छ भने मसला जन्य उत्पादनको रुपमा रहेको वेसार, लसुन लगायतका उत्पादनहरु आफूलाई प्रयोगको लागी मात्र उत्पादन गर्ने तथा अत्यन्त न्यून रुपमा बिक्रि गर्ने गरेको देखिन्छ ।

आजको यस दुनियामा भएको प्रविधिको विकास तथा कृषि पेशा वा व्यवसायमा आएको प्रविधियुक्त आधुनिकीकरणले खासै छुन सकेको देखिदैन । स्थलगत वडा, टोल तथा घरपरिवार सर्वेक्षण बाट प्राप्त विवरणलाई आधार मान्दा यस वडाका मात्र १ % घरपरिवारले सामान्य रुपमा आधुनिक विधि र प्रकृया वा प्रविधिको प्रयोग गर्न थालेको पाईन्छ भने ९७ % घरपरिवारहरु अहिले पनि परम्परागत रुपकै खेती प्रणाली उपनाउन बाध्य भएको अवस्था छ । यस विवरणका आधारमा यस क्षेत्रका बासिन्दाकालाीग आधुनिक तथा प्रविधियुक्त कृषि विकासको अपरिहार्यता देखिएको छ भने यस प्रकारका प्रविधिको प्रयोग आउने हो भने तरकारी तथा फलफूल खेती तर्फ अत्याधिक घरपरिवारको चाहाना रहेको देखिएको छ भने अन्नबालीमा भने प्रयास सबै घरपरिवारको रुचि उत्साहाजनक देखिदैन् । **प्राप्त विवरणका आधारमा स्थानिय स्तरमा प्रधानता पाईरहेका उल्लेखित उत्पादनहरु तथा झण्डै ९४ % घरपरिवारको रोजाईमा रहेका तरकारी तथा फलफूल (फलफूलमा पनि कागती किवि) खेतिलाई आधुनिक प्रविधियुक्त व्यवसायिक माध्यमबाट अघि बढाउन सके यस वडाको समृद्धि निर्माण र विकासमा यथेष्ट योगदान पुग्न सक्ने सम्भावना रहेको देखिएको छ ।** यसको विवरण तालिमा नं. १७, १८ र १९ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १७ वार्षिक रुपमा उत्पादित कृषिबालिहरुको विवरणः**

| मुख्य क.सं. | व्यवसायको प्रकृति | क.स्रं. | प्रकार | उत्पादन मात्रा के.जी. | % |
|---|---|---|---|---|---|
| | | १ | धान | ९०० | ०.६१ |
| | | २ | मकै | १४५००० | ९७.६० |
| | | ३ | गहुँ | ० | ०.०० |
| | | ४ | कोदो | २६०० | १.७५ |
| | | ५ | फापर | ६० | ०.०४ |
| | | ६ | मिश्रित | | ०.०० |
| १. | अन्न बाली | ७ | अन्य | | ०.०० |
| | **जम्मा** | | | **१४८५६०** | **१००.०** |

| | | क.सं. | बालीको नाम | उत्पादन के.जी. | % |
|---|---|---|---|---|---|
| | | १ | तोरी | १९५० | २७.८२ |
| | | २ | भटमास | ४८३० | ६८.९० |
| | | ३ | सूर्यमुखि | ० | ० |
| | | ४ | अन्य | ० | ० |
| २. | तेलहन बाली | ५ | मिश्रित | २३० | ३.२८ |
| | **जम्मा** | | | **७०१०** | **१००.०** |
| | | क.सं. | तरकारीको नाम | मात्रा के.जी. | % |
| | | १ | फुलकोवी | ४५८०० | ७.२६ |
| | | २ | बन्दाकोवी | ५३४५० | ८.४७ |
| | | ३ | आलु | १२९२८० | २०.४९ |
| | | ४ | मुला | ५३३६० | ८.४६ |
| | | ५ | स्कुस | १४३८०० | २२.७९ |
| | | ६ | कांका | ८०९०० | १२.८२ |
| | | ७ | फर्सि | ५९५४० | ९.४४ |
| | | ८ | सिमि, वोडि | ३६०१० | ५.७१ |
| ३. | तरकारी बाली | ९ | अन्य | २८८०० | ४.५६ |
| | **जम्मा** | | | **६३१०३०** | **१००.०** |
| | | क.सं. | फलफूलको नाम | उत्पादन मात्रा के.जी. | % |
| | | १ | किवि | ६५०० | २१.७४ |
| | | २ | नास्पति | २००० | ६.६९ |
| | | ३ | स्याउ | ० | ० |
| | | ४ | कागती | १६४०० | ५४.८५ |
| | | ५ | सुन्तला | ४८०० | १६.५ |
| ४. | फलफूल बाली | ६ | अन्य | २०० | ०.६७ |
| | **जम्मा** | | | **२९९००** | **१००.०** |
| | | क.सं. | बस्तुको नाम | मात्रा के.जी. | % |
| | | १ | चिया | ४७०० | २.२३ |
| | | २ | अम्लिसो | ८६५५० | ४१.० |
| | | ३ | अलैचि | २५१२० | ११.९० |
| | | ४ | अदुवा | ७४४०० | ३५.२४ |
| | | ५ | बेसार | १२४५५ | ५.९० |
| ५. | अलैची, चिया, अम्लिसो तथा मसला जन्य उत्पादन के.जी. | ६ | अन्य | ७८८० | ३.७३ |
| | **जम्मा** | | | **२१११०५** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**तालिका नं. १८ वर्तमान व्यवसायको प्रविधियुक्त प्रकृतिको विवरण**

| क.सं. | प्रकृति | मात्रा | % |
|---|---|---|---|
| १ | आधुनिक | ५ | १ |
| २ | परम्परागत | ४८६ | ९७ |
| ३ | नखुलेको | १० | २ |
| **जम्मा** | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६

**तालिका नं. १९: भविश्यमा स्थानियबासीले गर्न चाहेको कृषि व्यवसायको प्राथमिकताको क्षेत्र :**

| क.सं. | भविश्यमा गर्न चाहेको कृषि बालिको क्षेत्र | घरपरिवार संख्या | % |
|---|---|---|---|
| १ | अन्नबाली | १५० | २९.९४ |
| २ | दलहन तेलहन | ० | ०.० |
| ३ | तरकारी | २८७ | ५७.२९ |
| ४ | फलफूल | ५० | ९.९८ |
| ४.१ | किवि | ९७ | १९.३६ |
| ५ | अन्य | ० | ०.० |
| ५.१ | अलैचि | ४५ | ८.९८ |
| ५.२ | अम्लिसो | ८२ | १६.३७ |
| ६ | नखुलेको | २० | ३९९ |
| **जम्मा** | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

नोट स्थानिय बासीले प्रथमिकतामा दुई भन्दा माथी बाली लाई प्रथमिकतामा राखेकाले घर परिवार संख्या र प्रतिसत फरक पर्न गएको छ ।

### ६.८ पशुपंक्षीबालिको उत्पादनः

माङसेबुङ गाउँपालिकाको आर्थिक विकास र समृद्धिकालागि पशुपन्छी पालन एक अर्को महत्वपूर्ण व्यवसायको रुपमा रहेको पाईएको छ । दुध तथा दुध पदार्थ उत्पादनकालागि यस वडाका ९७.८१ % वडाबासिले गाई पालनलाई प्रथम प्राथमिकता राखेका छन् भने ४.३९ % ले भैंसी पालन गरेको देखिन्छ । यसरी पालिएका पशु बाट बार्षिक रुपमा**११२५१४०**लिटर दुध उत्पादन गरिरहेको विवरण प्राप्त हुन आएको छ ।यसै गरी मासु उत्पादनकालागि ७५.४२ % घरपरिवारले खसिबाखा पालनको, १९.१४% ले सुंगुर बंगुर, ४.७८% ले कुखुरा पालन गर्ने गरेको अवस्था छ भने हाँस, परेवा तथा माछाको उत्पादन धेरै कम परिवारले मात्र गर्ने गरेको पाईएको छ भने मौरीको मह नगन्य मात्रामा पाईन्छ । मासु उत्पादनको समग्र विवरण अध्ययन गर्दा वर्तमान अवस्थामा यस वडामा झण्डै १२५४३० के.जी मासु तथा माछाको उत्पादन हुने गरेको देखिन्छ । यी सबै पशुपन्छी पालन वर्तमान अवस्थामा समेत परम्परागत रुपमा नै हुने गरेको स्थानीबासिको भनाईरहेको छ । भविश्यमा व्यवसायिक कृषि तथा पशुपालन व्यवसायको विकास हुन गए कुन कुन पशुपन्छी पालनमा रुची राख्नुहुन्छ भनि गरिएको जिज्ञासामा ५८.०८ % ले गाईपालन, १ % ले भैसी पालन, ३५.५३ % ले बाखा पालन, ३.९९ % सुंगुर बंगुर पालन, ७.९८ % ले कुखुरा पालन गर्ने इच्छा जाहेर गरेका अवस्था छ भने ९.९८ % माछापालनकालागि इच्छुक रहेका अवस्था छ । बट्टाई पालन इच्छा प्रकट गरेको पाईन्छ भने हाँस पालनमा कसैको पनि अभिरुचि देखिएन । समग्रमा स्थानियबासीको रुचीको विषयलाई केलाएर हेर्दा **यस वडामा विशेष गरी दुधको लागि गाई र भैसि तथा मासुकोलागि खसिबाखा, सुँगुरबँगुर र कुखुरा पालनलाई नै विशेष प्राथमिकतामा राखेर योजना तर्जुमा गर्नु पर्ने अवस्था देखिएको छ ।** दुध तथा मासुकोलागि पशुपालन व्यवसाय सम्बन्धी विवरण तालिका नं. २०, २१,२२ र २३ मा उल्लेख गरिएको छ ।

**तालिका नं. २०: पशुपन्छी पालन सम्बन्धी घरपरिवार विवरण:**

| क.सं. | पशुपन्छी पालन | घरपरिवार संख्या | % |
|---|---|---|---|
| १ | गाई | ४८९ | ९७.६० |
| २ | भैसी | २२ | ४.३९ |
| ३ | बाख्रा | ३८६ | ७७.०५ |
| ४ | मौरी तथा माछा | १२ | २.४० |
| ५ | सुंगुर बंगुर | १३४ | २६.७५ |
| ६ | कुखुरा | १४४ | २८.७४ |
| **जम्मा** | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६

**तालिका नं. २१: पशुपन्छी पालन र दुध तथा मासु उत्पादन सम्बन्धी घरपरिवार विवरण:**

| मुख्य क.सं. | व्यवसायको कृषि | क.सं. | पालिएका पशुको प्रकार | उत्पादन मात्रा (लिटर) | % |
|---|---|---|---|---|---|
| | | १ | गाईपालन | ११००५०० | ९७.८१ |
| | | २ | भैसी पालन | २४६४० | २.१८ |
| १. | दुग्ध उत्पादन | ३ | अन्य | ० | ० |
| **जम्मा** | | | | **११२५१४०** | **१००.०** |
| | | क.सं. | पालिएका पशुको प्रकार | मात्रा के.जी | % |
| | | १ | खसि बाख्रा | ९४६०० | ७५.४२ |
| | | २ | भेडा | ० | ०.० |
| २ | मासु उत्पादन | ३ | सुंगुर बंगुर | २४००० | १९.१३ |
| | | ४ | कुखुरा | ६००० | ४.७८ |
| | | ५ | परेवा तथा हाँस | ५० | ०.०४ |
| | | ६ | मौरी, मह उत्पादन | ८० | ०.०६ |
| | | ७ | माछा | ७०० | ०.५६ |
| **जम्मा** | | | | **१२५४३०** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**तालिका नं. २२: कृषि तथा पशुपन्छी पालनकालागि अपनाएको प्रविधि सम्बन्धी घरपरिवार विवरण:**

| क.सं. | प्रकृति | मात्रा | % |
|---|---|---|---|
| १ | आधुनिक | ० | ० |
| २ | परम्परागत | ४१३ | ८२.४३ |
| ३ | नखुलेको | ८८ | १७.५६ |
| | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**तालिका नं. २३: भविष्यमा दुध तथा मासुका लागि पशुपन्छी पालन गर्ने ईच्छा सम्बन्धी घरपरिवार विवरण:**

| क.सं. | भविश्यमा गर्न चाहेको पालनको क्षेत्र | घरपरिवार संख्या | % |
|---|---|---|---|
| १ | गाई | २९१ | ५८.०८ |
| २ | भैसी | ५ | १.०० |
| ३ | बाख्रा | १७८ | ३५.५३ |
| ४ | भेडा | ० | ०.०० |
| ५ | सुंगुर बंगुर | २० | ३.९९ |

| | | | |
|---|---|---|---|
| ६ | कुखुरा | ४० | ७.९८ |
| ७ | हाँस | ० | ०.०० |
| ८ | माछा | ५० | ९.९८ |
| १० | अन्य | २ | ०.४० |
| **जम्मा** | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायीक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

### ६.९ पशुपन्छीकालाीग आवश्यक आहारा तथा चरन क्षेत्र चता पशु उत्पादकालगि बजारको उपलब्धताः

पशुपन्छी पालनकालागि पशुआहाराको उपलब्धता अनिवार्य रहन्छ। स्थानिय स्तरमा उपलब्ध हुने डालेघाँस तथा भुईघाँसका अलावाः अन्य पशुआहारको उपलब्धताले पशुपालनको सम्भावनालाई शुनिश्चित गर्ने गर्दछ। यस बडाका वडाबासीले व्यवसायिक रुपमा नै पशुपालन गर्ने ईच्छा जाहेर गरेको अवस्थामा स्थानिय स्तरमा पशुआहारको उपलब्धता के छ र भविश्यमा कस्तो सम्भावना रहेको छ भन्ने विषयमा स्थानिय वडाबासीहरुसँग घरपरिवार सर्वेक्षणको माध्यमबाट अध्ययन गरिएकोमा ८०.२४ % घरपरिवारले उपलब्धता रहेको बारेमा मत जाहेर गरेका छन् भने १० % नरहेको मत जाहेर गरेका छन्। प्राप्त विवरणका आधारमा ८२ % घरपरिवारमा दुधिलो, निभारो, बाँस, गोगुन तथा काउलो जस्ता डालेघाँसको पर्याप्तता रहेको छ भने झण्डै ९३.६२ % घरपरिवारमा खरुकी, ढुसी तथा अम्लिसो जस्ता भुईघाँसको उपलब्धता रहेको पाईएको छ। पशु पालनका लागि अनिवार्य रहेको चरन क्षेत्रको व्यवस्था भने नरहेको देखिन्छ। यसको अर्थ वर्तमान अवस्थामा स्थानिय स्तरमा उपलब्ध रहेका डाले तथा भुई घाँसले मात्र पशु आहारको आवश्यकता परिपूर्ति गरिरहेको अवस्था देखिन्छ भने भविश्यमा व्यवसायिक रुपमा थप पशुपालनको व्यवस्था गर्ने हो भने थप पशुआहार तथा चरन क्षेत्रको समेत व्यवस्था गर्नु पर्ने आवश्यकता रहेको पाईएको छ।

पशुपन्छीवाली आर्थिक समृद्धिको एक महत्वपूर्ण पक्ष हो। यसमा पनि व्यवसायिक पशुपन्छी पालन अवको अपरिहार्य आवश्यकता हो। पशुपन्छीबाली बाट उत्पादित दुध, मासु, अण्डा लगायतको विक्रीवितरणका लागि बजारको उपलब्धता अर्को एक महत्वपूर्ण पक्ष हो। यसै विषयमा यस वडामा पशुपन्छीबालिबाट उत्पादित बस्तुहरुको बजारिकरणका लागि बजारको उपलब्धताको अध्ययन गर्दा झण्डै ५५.५९ % घरपरिवारले उपयुक्त बजारको अभाव रहेको मत जाहेर गरेको अवस्था छ। उपरोक्त विवरण बाट के स्पष्ट हुन्छ भनेमाङसेबुङ गाउँपालिकाको वडा नं. ६ लाई पशुपन्छी बालिको पकेट क्षेत्रको रुपमा विकास गर्न पशु आहार, आधुनिक प्रविधि, चरन क्षेत्र तथा बजारको उपयुक्त व्यवस्थापन गर्न अनिवार्य छ। उल्लेखित विषयहरुको विवरण तालिका नं. २४, २५ र २६ मा उल्लेख गरिएकोछ।

**तालिका नं. २४: पशुपन्छी आहारको उपलब्धताका आधारमा घरपरिवार विवरण**

| क.सं. | विवरण | अवस्था | घरपरिवार संख्या | % |
|---|---|---|---|---|
| १ | पशु आहाराको उपलब्धता | रहेको | ४०२ | ८०.२४ |
| | | नरहेको | १० | २.०० |
| | | नखुलेको | ८९ | १७.७६ |
| | **जम्मा** | | **५०१** | **१००.०** |
| २ | डालेघाँसको उपलब्धता | रहेको | ४०५ | ८०.८४ |
| | | नरहेको | २५ | ४.९९ |
| | | नखुलेको | ७१ | १४.१७ |
| | **जम्मा** | | **५०१** | **१००.०** |
| २.१ | डालेघाँसको प्रकार | दुधिलो | ३४ | ६.७९ |
| | | नेवारो/निभारो | २०७ | ४१.३२ |
| | | बाँस | १०० | १९.९६ |
| | | गोगुन | १३० | २५.९५ |
| | | नखुलेको | ३० | ५.९९ |
| | **जम्मा** | | **५०१** | **१००.०** |
| ३ | भुइँघाँसको उपलब्धता | रहेको | ४३५ | ८६.८३ |
| | | नरहेको | ४ | ०.८० |
| | | नखुलेको | ६२ | १२.३८ |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | | **५०१** | **१००.०** |
| | भुईघाँसको प्रकार | ढुस | १५० | २९.९४ |
| | | खरुकी | ५० | ९.९८ |
| | | अम्लिासो | २५० | ४९.९० |
| | | नखुलेको | ५१ | १०.१८ |
| | **जम्मा** | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**तालिका नं. २५: चरन क्षेत्रको उपलब्धताका आधारमा घरपरिवार विवरण**

| क.सं. | विवरण | अवस्था | घरपरिवार संख्या | % |
|---|---|---|---|---|
| १ | पशु चरनको उपलब्धता | रहेको | ० | ०.०० |
| | | नरहेको | ४७० | ९३.८१ |
| | | नखुलेको | ३१ | ६.१९ |
| | **जम्मा** | | **५०१** | **१००.००** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**तालिका नं. २६: पशुपन्छी उत्पादन विकि वितरणको बजार उपलब्धताका आधारमा घरपरिवार विवरण**

| क.सं. | विवरण | अवस्था | घरपरिवार संख्या | % |
|---|---|---|---|---|
| १ | पशु उत्पादन विक्रि वितरणकालागि बजारको उपलब्धता | रहेको | २२२ | ४४.३१ |
| | | नरहेको | २७९ | ५५.६९ |
| | | नखुलेको | ० | ०.०० |
| | **जम्मा** | | **५०१** | **१००.००** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**६.१० माटोको प्रकार र सिँचाइको सुविधाः**

कुनै पनि कृषिबाली उत्पादन गर्न होस् वा पशु आहाराकालागि डाले तथा भुईघाँस उत्पादन तथा चरन क्षेत्रकालागि होस माटोको गुणस्तर उपयुक्त हुन अनिवार्य छ। कृषि तथा पशुपालनलाई व्यवसायिक रुप प्रदान गर्न के कस्तो सम्भावना रहेको छ भन्ने विषयलाई लिएर गरिएको यस अध्ययनमा माटोको गुणस्तर के कस्तो रहेको छ भन्ने विषयमा समेत अध्ययन गरिएको थियो । यस अध्ययनका आधारमा झण्डै १८.१६ % घरपरिवारसँग दुमट, १९.५६ %, घरपरिवारसँग बलौटे दुमट, तथा६१.२८ % घरपरिवारसँग चिम्ट्याइलो माटो रहेको पाईएको छ । यस विवरणका आधारमा एउटै घरपरिवारसँग रहेको जग्गा जमिनको माटो समेत विभिन्न गुणस्तरको भएको पुष्टि हुन आएको छ । कृषिबालीकालागि पर्याप्त पानीको आवश्यकता पर्दछ । यस वडामा पानीको उपलब्धताको विषयमा अधययन गर्दा करिब ७८.८४ % घरपरिवारले सिचाईको सुविधा नभएको मत जाहेर गरेको अवस्था छ भने सिचाईको व्यवस्थापनकालागि इच्छा शक्तिका साथ व्यवस्थापन गर्न सके पर्याप्त सिचाईको सुविधा उपलब्ध गराउन बोरीङ्ग प्रबिधि बाट प्रप्त हुन सक्ने सम्भावना देखिएको छ ।

कृषि तथा पशुबाली उत्पादन गरेर मात्र भएन । उत्पादित बस्तुलाई बजार सम्म पुऱ्याउन यातायात सञ्जालको अतिनै आवश्यकता पर्दछ । माङसेबुङ गाउँपालिकाको वडा नं. ६ का करिव ७७.७७ % घरपरिवारमा सडक सुविधा पुगेको, करिब २ % घरपरिवार ले प्रयोग गर्ने सडकमा पुल तथा कलभर्टको अभाव रहेको, बनेको सडकहरु मध्ये करिब ६९.३० % घरपरिवारले उपयोग गर्ने सडकहरु कच्चि रहेका कारण बर्षादको बेला यातायातका साधन सञ्चालनमा कठिनाई उत्पन्न हुने गरेको अवस्था देखिएको छ । **उपरोक्त विवरणहरुको आधारमा यस वडालाई कृषि र पशुपालनको हकको रुपमा विकसित गर्नकालागि माटोको उर्वरशक्ति वृद्धिकालागि उपयुक्त प्राङ्गारिक मलको व्यवस्थापन, पर्याप्त मात्रामा सिचाईको व्यवस्थापन, कम्तिमा बर्षै भरी यातायातका साधन सञ्चालन हुन सक्ने गरिएका सडक सुविधाको व्यवस्थापन गर्न अनिवार्य रहेको पाईएको छ ।** उल्लेखित पूर्वाधारहरुको विवरण तालिका नं. २७, २८, २९ र ३० मा उल्लेख गरिएको छ ।

**तालिका नं. २७: माटोका प्रकारका आधारमा घरपरिवार विवरणः**

| क.सं. | प्रकार | परिवार संख्या | % |
|---|---|---|---|
| १ | दुमट | ९१ | १८.१६ |
| २ | बलौटे दुमट | ९८ | १९.५६ |
| ३ | बलौटे | ० | ०.०० |

| | | | |
|---|---|---|---|
| ४ | चिम्ट्याइलो | ३०७ | ६१.२८ |
| ५ | अन्य | ५ | १.०० |
| **जम्मा** | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**तालिका नं. २८: सिचाई सुविधा उपलब्धताका आधारमा घरपरिवार विवरण**

| क.सं. | अवस्था | घरपरिवार संख्या | % |
|---|---|---|---|
| १ | पुगेको | ८५ | १६.९७ |
| २ | नपुगेको | ३९५ | ७८.८४ |
| ३ | नखुलेको | २१ | ४.१९ |
| **जम्मा** | | **५०१** | **१००.०** |
| ४ | पुग्ने सम्भावना | २३४ | |
| ५ | औषत दुरी | ६ | कि.मि. |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**तालिका नं. २९: सडक तथा कलभर्ट र पुलको सुविधा पुगेको आधारमा घरपरिवार विवरणः**

| क.सं. | अवस्था | सडक सुविधा | | पुल तथा कलभर्ट सुविधा | |
|---|---|---|---|---|---|
| | | घरपरिवार संख्या | % | घरपरिवार संख्या | % |
| १ | पुगेको | ४०२ | ८०.२३ | २७७ | ५५.२८ |
| २ | नपुगेको | ५० | ९.९८ | १५० | २९.९४ |
| ३ | नखुलेको | ४९ | ९.७९ | ७४ | १४.७८ |
| | **जम्मा** | **५०१** | **१००.०** | **५०१** | **१००** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**तालिका नं. ३०: सडक सतहको सुविधाका आधारमा घरपरिवार विवरणः**

| क.सं. | सडकको अवस्था | घरपरिवार संख्या | % |
|---|---|---|---|
| १ | कालोपत्रे | ० | ०.०० |
| २ | ग्राभेल | ० | ०.०० |
| ३ | कच्ची | ४८५ | ९६.८० |
| ४ | नखुलेको | १६ | ३.१९ |
| **जम्मा** | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

### ६.११ कृषिको व्यवसायीकिकरणले रोजगारी सृजना र आय आर्जनमा पुऱ्याउने योगदान तथा यन्त्र उपकरणको आवश्यकताः

नेपाल सरकारले कृषि तथा पशुपालन आर्थिक समृद्धिको एक प्रमुख आधारको रुपमा स्वीकारेको यस सन्दर्भमा माङसेबुङ गाउँपालिमा वडा नं. ६ मा यसको सम्भावना के रहेको छ र यसले रोजगारी श्रृजना र आय आर्जनमा कस्तो योगदान दिन सक्छ भन्ने विषयमा अध्ययन गरिएको छ । यस अध्ययन बाट सम्बन्धित वडामा बसोबास गर्दै आएको ५०१ घरपरिवारबाट संकलन गरिएको विवरणमा ४.१९ % ले कृषिको व्यवसायिकिकरणले पारिवारिक रोजगारीको सृजना र आय आर्जनमा प्रत्यक्ष योगदान पुऱ्याउने राय व्यक्त गरेको अवस्था छ भने ५२.६३% ले यसबारेमा स्पष्ट धारणा राख्न नसकेता पनि पुग्दैन भन्नेको संख्या सून्य रहेका कारण रोजगारी र आयआर्जनमा योगदान पुग्ने कुरामा स्थानियबासी विश्वस्थ रहेको अवस्था देखिन्छ । स्थानियबासी कै धारणा अनुसार आधुनिक प्रविधिको प्रयोगका साथ व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसाय सञ्चालन गर्नकालागि स्थान सुहाँउदो ट्याक्टर, हाते ट्याक्टर, मिनि टिलर लगायतका आधुनिक यन्त्र उपकरणको थप आवश्यकता रहेकोले त्यसको व्यवस्था हुनु पर्नेमा करिब ९५.८१ % घरपरिवारको राय प्राप्त भएको छ । तसर्थ

**यस वडालाई कृषि तथा पशुपन्छी पालनको हवको रुपमा विकसित गर्न स्थानियबासी तयार रहेको देखिएता पसन नीतिगत निर्णय र दिगो योजनाका साथ आधुनिक यन्त्र उपकरणको व्यवस्था गर्न अनिवार्य देखिएको छ ।** उपरोक्त विवरणहरु तालिका नं. ३१ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ३१: रोजगारी श्रृजना, आयआर्जनमा योगदान तथा यन्त्रउपकरणको आवश्यकता सम्बन्धी घरपरिवार विवरण**

| क.सं. | विवरण | अवस्था | घरपरिवार संख्या | % |
|---|---|---|---|---|
| १ | कृषि व्यवसायिकीकरणले तपाईको पारिवारिक रोजगारी सृजना र आय आर्जनमा योगदान | पुग्छ | ४८० | ९५.८१ |
| | | पुग्दैन | ० | ०.०० |
| | | नखुलेको | २१ | ४.१९ |
| **जम्मा** | | | **५०१** | **१००** |
| २ | थप कृषि यन्त्र उपकरणको थप आवश्यकता | रहेको | ३८५ | ७६.८५ |
| | | नरहेको | ० | ०.०० |
| | | नखुलेको | ११६ | २३.१५ |
| **जम्मा** | | | **५०१** | **१००** |
| ३ | थप कृषि यन्त्र उपकरणहरुको आवश्यकता रहेको भए कस्ता कस्ता ? | आधुनिक | ४८० | ९५.८१ |
| | | परम्परागत | ० | ०.०० |
| | | नखुलेको | २१ | ४.१९ |
| **जम्मा** | | | **५०१** | **१००** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

### ६.१२ सेवा सुविधाको उपभोगः

आजको आधुनिक दुनियाँमा विश्व बजार सम्माको सहज पहुँच विस्तारका लागि साथै सबै प्रकारका व्यवसायिक कारोबारको सहज व्यवस्थापनकालागि स्थानिय स्तरमा विद्युत, खानेपानी, टेलिफोन तथा नेट इन्टरनेट जस्ता अत्यावश्यक सेवा सुविधा सहज रुपमा प्राप्त हुन सक्ने वातावरण तयार हुन आवश्यक रहन्छ । यसै विषयलाई लिएर यस पूकारका सेवा सुविधाको अवस्था कस्तो रहेको छ भनि ५०१ घरपरिवारको सर्वेक्षण गर्दा ९२.२ % घरपरिवारमा विद्युत सेवा नपुगेको, ६१.८८ % घरपरिवारमा खानेपानीको उपलब्धता रहेको, ३७.९२ % घरपरिवारमा टेलिफोन सुविधा उपलब्ध रहेको साथै २३.९५ % घरपरिवारमा नेटईन्टरनेटको सेवा पुगेकाजानकारी प्राप्त भएको छ तथापी बिद्युक्त प्रयोगमा स्थानिय बासीका अनुसार घरायसी प्रयोजनका लागी सौर्य उर्जा तथा लघु जलबिद्युत्त प्रयोग भएको पाईयो । खानेपानि स्थानियबासी आफौले नै व्यवस्था गरि सामान्य रुपमा खाने पानिको व्यवस्था मिलाएको पाईन्छ । टेलिफोनको सुबिधा उपलब्ध हेर्दा मोवाईल फोनको नेटवर्क नआउने समस्या भने सबै टोलहरुमा रहेको पाईन्छ । नेट इन्टरनेट को लागी केही घरले बायरलेस प्रविधि प्रयोग गरेको पाए तापनि यो कार्य सबैको पहुँच भन्दा बाहीरको कुरा रहेको पाईयो । **यस विवरण बाट कृषि तथा पशुपन्छी पालन व्यवसायलई प्राथमिकताका साथ अघि बढाउन र राष्ट्रिय तथा अन्तराष्ट्रिय बजार सञ्जालमा आवद्ध हुनकालागि कठिनाई रहेको** अवस्था देखिन्छ । माथि उल्लेखित विवरणहरु तालिका नं. ३२ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ३२ सेवा सुविधाको उपभोगका आधारमा घरपरिवार विवरण**

| क.सं. | विवरण | अवस्था | घरपरिवार संख्या | % |
|---|---|---|---|---|
| १ | विद्युत सेवा पुगेको नपुगेको | पुगेको | ४० | ७.९८ |
| | | नपुगेको | ४६१ | ९२.०२ |
| | | नखुलेको | ० | ०.०० |
| **जम्मा** | | | **५०१** | **१००.०** |
| २ | खानेपानी सेवा पुगेको नपुगेको | पुगेको | ३१० | ६१.८८ |
| | | नपुगेको | १८६ | ३७.१३ |
| | | नखुलेको | ५ | १.०० |

| | | | | |
|---|---|---|---|---|
| **जम्मा** | | | **५०१** | **१००.०** |
| ३ | टेलिफोन सेवा पुगेको नपुगेको | पुगेको | १९० | ३७.९२ |
| | | नपुगेको | २०१ | ४०.१२ |
| | | नखुलेको | ११० | २१.९६ |
| **जम्मा** | | | **५०१** | **१००** |
| ४ | नेट इन्टरनेट सेवा पुगेको नपुगेका | पुगेको | १२० | २३.९५ |
| | | नपुगेको | ३३१ | ६६.०७ |
| | | नखुलेको | ५० | ९.९८ |
| **जम्मा** | | | **५०१** | **१००.०** |

श्रोत: व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

### ६.१३ बैंक वित्तीय संस्था तथा सहकारिमा पहुँचः

कुनै पनि व्यवसायिक कारोवार सञ्चालन तथा व्यवस्थापनकालागि वित्तीय लगानी एक प्रमुख आधार हो । वर्तमान अवस्थामा आर्थिक लगानीको आधारको रुपमा स्थापित रहेका बैंक वित्तीय संस्था तथा सहकारिहरुको उपस्थिति र उनीहरुले गर्ने आर्थिक प्रवाह स्वलगानिको अपर्याप्तता रहेको तर व्यवसायकालगि ईच्छुक स्थानियबासीकालगि एक महत्वपूर्ण पक्ष रहन्छ । यसै विषयलाई लिएर माङसेबुङ गाउँपालिका वडा नं. ६ का स्थानियबासीको आर्थिक लगानीको आवश्यकता परिपूर्ति गर्नका लागि बैंक वित्तीय संस्थाको उपस्थिचिका बारेमा ५०१ घरपरिवारमा गरिएको अध्ययनमा मात्र १५.९७ देखि २९.९४ % घरपरिवारले बैंक वित्तीय संस्था, लघुवित्त संस्था र बचत तथा ऋण सहकारी संस्थाको सेवा लिन सकिने अवस्था रहेको बताएका छन् भने करिब ० देखी७ % यस बारेमा केहि खोलेको पाईएन भने कृषि सहकारी संस्थामा भने करिब ७.९८ % मात्र घरपरिवारको सहभागिता रहेको देखिएको छ । स

भविश्यमा व्यवसायिक रुपमा कृषि तथा पशुपन्छी पालन व्यवसाय सञ्चालन गर्दा आर्थिक लगानी व्यवस्थापनकालागि साहु महाजन, सहकारी, लघुवित्त संस्था वा बैंक वित्तीय संस्था मध्ये के मा निर्भर रहनु पर्ने अवस्था छ भन्ने विषयमा सम्बन्धित घरपरिवारसँग जानकारी लिदा करिब ४९.३० % घरपरिवारले लगानिको श्रोतको रुपमा बैंक वित्तीय संस्था र लघु बित्तबाटै सम्भावना रहेको उल्लेख गरेका कारण बैंक वित्तीय संस्थाको महतव र सहकारीको आधारलाई स्थानियबासीले राम्ररी आत्मसात गरेको अवस्था पाईएको छ । तसर्थ यस विवरणका आधारमा **कृषि तथा पशुपन्छी पालनलाई व्यवसायिकिकरण गर्नकालागि आवश्यक कृषि सहकारीमा आवद्धता उल्लेख्य नरहेको ले आर्थिक श्रोतको अभाव हुन नदिन तथा वित्तीय कारोवारलाई सहज पार्न बैंक तथा वित्तीय संस्थाको उपस्थितिको पर्याप्त र अनिवार्य व्यवस्थापन गर्नु पर्ने अवस्था** देखिएको छ । यस सम्बन्धी विवरण तालिका नं. ३३, ३४, र ३५ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ३३: बैंक तथा वित्तीय संस्थामा आवद्ध रहेको आधारमा घरपरिवार विवरण**

| क.सं. | विवरण | अवस्था | घरपरिवार संख्या | % |
|---|---|---|---|---|
| १ | बैंक वित्तीय संस्थामा पहुँच रहेको नरहेको | पुगेको | १५० | २९.९४ |
| | | नपुगेको | ३१६ | ६३.०७ |
| | | नखुलेको | ३५ | ६.९९ |
| **जम्मा** | | | **५०१** | **१००.०** |
| २ | लघुवित्त संस्थामा पहुँच रहेको नरहेको | पुगेको | ४१७ | ८३.२३ |
| | | नपुगेको | ५१ | १०.१८ |
| | | नखुलेको | ३३ | ६.५९ |
| **जम्मा** | | | **५०१** | **१००.०** |
| ३ | बचत तथा ऋण सहकारी संस्थामा पहुँच रहेको नरहेको | पुगेको | ८० | १५.९७ |
| | | नपुगेको | ४२१ | ८४.०३ |
| | | नखुलेको | ० | ०.०० |
| **जम्मा** | | | **५०१** | **१००.०** |

| | | | | |
|---|---|---|---|---|
| ४ | कृषिसहकारी संस्थामा सम्लग्न भएको नभएको | पुगेको | ४० | ७.९८ |
| | | नपुगेको | ४६१ | ९२.०२ |
| | | नखुलेको | ० | ०.०० |
| **जम्मा** | | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**तालिका नं. ३४: कृषि सहकारिमा आवद्धताका आधारमा घरपरिवार विवरण**

| क.सं. | स.सं. नाम | घरपरिवार संख्या | % |
|---|---|---|---|
| १ | माङमालुङ चिया सहकारी संस्था | ४५ | ८.९८ |
| २ | जगरुक मिश्रीत कृसक समुह | २६ | ५.१९ |
| ३ | सरस्वी कृषि बचत समुह | २५ | ४.९९ |
| ४ | नखुलेको | ४०५ | ८०.८४ |
| **जम्मा** | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**तालिका नं. ३५: वित्तीय श्रोत निर्भरताको सम्भावनाका विषयमा घरपरिवार विवरण :**

| क.सं. | विवरण | अवस्था | घरपरिवार संख्या | % |
|---|---|---|---|---|
| १ | आवश्यक लगानी तथा स्रोतको सम्भावना रहेको नरहेको | पुग्छ | ४३० | ८५.८३ |
| | | पुग्दैन | २० | ३.९९ |
| | | नखुलेको | ५१ | १०.१८ |
| **जम्मा** | | | **५०१** | **१००.०** |
| २ | लगानी तथा स्रोतको सम्भावना रहेको भए | बैंक वित्तिय संस्था | १३ | २.५९ |
| | | लघुवित्त | २४७ | ४९.३० |
| | | सहकारी | ६० | ११.९८ |
| | | साहु महाजन | ० | ०.०० |
| | | स्वलगानी | १२० | २३.९५ |
| | | नखुलेको | ६१ | १२.१८ |
| **जम्मा** | | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

### ६.१४ जनशक्तिको उपलब्धता र अवस्थाः

कृषि तथा पशुपन्छी पालन व्यवसायका लागि प्राविधिक ज्ञान समेत रहेका उत्पादनशिल जनशक्तिको उपलब्धता अनिवार्य रहन्छ । यस विषयमा माङसेबुङ गाउँपालिका वडा नं. ६ मा जनशक्तिको अवस्था कस्तो रहेको छ भन्ने विषयमा ५०१ घरपरिवारमा गरिएको सर्वेक्षणका आधारामा ९३.८१ % घरपरिवारले जनशक्तिको उपलब्धता रहेको र त्योपनि आफ्नै परिवारका सदस्य बाट पुरा हुने जानकारी गराएको अवस्था छ । कारणबस आफ्नै परिवारका सदस्य बाट पुरा हुन नसके छिमेकि स्थानिय तहबाट थप व्यवस्थापन गर्न सकिने तर विदेशबाट ल्याउनु नपर्ने समेतको राय प्राप्त भएका कारण जनशक्ति उपलब्धताको हिसाबले **माङसेबुङ गाउँपालिका वडा नं. ६ सक्षम रहेको देखिएको भए तापनि प्राविधिक जनशक्तिको आवश्यकता र व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायकालागि भविश्यमा थप जनशक्तिको आवश्यकता रहन सक्ने तर्फ समयमा नै सचेत भई रहनु पर्ने अवस्था देखिन्छ ।** जनशत्तिल उपलब्धताको हिसावले विद्यमान घरपरिवार विवरण तालिका नं. ३६ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ३६: कृषि कार्यकालागि जनशक्तिको उपलब्धताका आधारमा घरपरिवार विवरिण:**

| क.सं. | विवरण | अवस्था | घरपरिवार संख्या | % |
|---|---|---|---|---|
| १ | जनशक्तिको उपलब्धता | रहेको | ४७० | ९३.८१ |
| | | नरहेको | २५ | ४.९९ |
| | | नखुलेको | ६ | १.२० |
| **जम्मा** | | | **५०१** | **१००.०** |
| २ | जनशक्तिको उपलब्धता हुने भए कहाँबाट | आफ्नै परिवारका सदस्य | ३५० | ६९.८६ |
| | | स्थानिय स्तरमा | १२० | २३.९५ |
| | | छिमेकि स्थानिय तहबाट | ० | ०.०० |
| | | विदेश बाट | ० | ०.०० |
| | | नखुलेको | ३१ | ६.१९ |
| **जम्मा** | | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

### ६.१५ व्यवसायिक कृषि कार्यको वर्तमान अवस्था र तालिमको आवश्यकता:

व्यवसायिक कृषि कार्यकालागि दक्ष जनशक्तिको आवश्यकता रहने कार्यमा दुई मत हुन नसक्ने विषयमा यस भन्दा अगाडिनै चर्चा भई सकेको अवस्था छ । वर्तमान अवस्थामा माङसेबुङ गाउँपालिका वडा नं. ६ मा व्यवसायिक रुपमा मात्र सञ्चालन भएको र के कस्तो अवस्थालाई व्यवसायिक कृषि प्रणाली भनिन्छ भन्ने विषय समेत स्पष्ट नभएको अवस्था ५०१घरपरिवारको सर्वेक्षणका बखत ८.३८ % घरपरिवारले वर्तमानमा व्यावसायिक कृषि कार्यमा सम्लग्न रहे नरहेको बारेको जिज्ञासामा मौन रहनु तथा ७८.०४ % घरपरिवारले कृषि व्यवसाय सम्बन्धी तालिमनै नलिएको जानकारी गराउनु तथा ९५.४१ % घरपरिवारले तालिमको आवश्यकता रहेको र त्यो तालिम पनि कृषि तथा पशुपालनका विषयमानै हुनु पर्ने साथै अबको आधुनिक दुनियामा व्यवसायिक कृषि कार्यको ढाँचा पारिवारिक वा सामुहिक वा सहकारितामा आधारित हुनेकि अन्य कुनै सोच बनाउनु भएको छ भनि राखिएको जिज्ञासामा  ९.९८ % घरपरिवारले केहि पनि उल्लेख नगर्नुले यस स्थानको व्यवसायिक कृषि तथा पशुपालनको वर्तमान अवस्था परम्परागत र गुजारामुखि रहेको स्पष्ट परेको छ । तसर्थ **व्यवसायिक कृषि प्रणाली, यसको अपरिहार्यता र आर्थिक समृद्धिमा यसको महत्वका विषयमा सर्वप्रथम स्थानियबासीलाई जानकारीमुलक सन्देश** र ज्ञान तथा सिप प्रदान गर्नु पर्ने आवश्यकता देखिएको छ। सम्बन्धित विवरण तालिका नं. ३७ मा उल्लेख गरिएको छ।

**तालिका नं. ३७: स्थानियबासीको व्यवसायिक कृषिको वर्तमान अवस्थाका बारेमा घरपरिवार विवरण :**

| क.सं. | विवरण | अवस्था | घरपरिवार संख्या | % |
|---|---|---|---|---|
| १ | वर्तमानमा व्यवसायिक कृषि कार्यमा सम्लगन रहे नरहेको | रहेको | ३० | ५.९९ |
| | | नरहेको | ४२९ | ८५.६३ |
| | | नखुलेको | ४२ | ८.३८ |
| **जम्मा** | | | **५०१** | **१००.०** |
| २ | कृषि कार्यकालगि व्यवसायीक तालिम | लिएको | १०० | १९.९६ |
| | | नलिएको | ३९१ | ७८.०४ |
| | | नखुलेको | १० | २.०० |
| **जम्मा** | | | **५०१** | **१००.०** |
| ३ | थप तालिमको आवश्यकता | रहेको | ४८० | ९५.८१ |
| | | नरहेको | ० | ०.०० |
| | | नखुलेको | २१ | ४.१९ |
| **जम्मा** | | | **५०१** | **१००.०** |

| | | | | |
|---|---|---|---|---|
| ४ | थप तालिमको आवश्यकता रहेको भए कुन कुन | | | कृषि र पशुपालन |
| ५ | व्यसायीक कृषि विकासको स्वरुप कस्तो हुने | पारिवारिक | ३५६ | ७१.०६ |
| | | सामुहिक | ९५ | १८.९६ |
| | | सहकारी | ० | ०.०० |
| | | अन्य | ० | ०.०० |
| | | नखुलेको | ५० | ९.९८ |
| **जम्मा** | | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

### ६.१६ विउविजन, मल तथा किटनासक विषादीः

कृषि उत्पादन र व्यवस्थापनका लागि उन्नत जातको विउ विजन, आवश्यक मात्रामा मलको उपलब्धता र किटनासक विषदी अनिवार्य हुन आउँछ । माङसेबुङ गाउँपालिका वडा नं. ६ का स्थानियबासीले वर्तमान अवस्थामा के कस्तो उपाय, प्रकृया र पद्धति अपनाएको छन भन्ने विषयमा ५०१ घरपरिवारमा गरिएको सर्वेक्षण बाट आवश्यक विउ विजन तथा विरुवाको आवश्यताका बारेमा करिब १२.१८ % घरपरिवारले केहि पनि उल्लेख नगरेको, ७३.८५ % घरपरिवारले मात्र मलको उपलब्धता रहेको उल्लेख गरेको, ८१.८४ % घरपरिवारले प्राङ्गारिक मल मात्र प्रायोग गर्ने गरेको उल्लेख गरेको तथा रासायनिक मल प्रयोग करिब ० % अवस्था रहेको साथै ८९.८२% घरपरिवारले किटनासक विषादिको प्रयोग नभएको भनि विवरणमा जानकारी गराएको (टमाटर खेतिमा समान्य प्रयोग) साथै ८९.८२% घरपरिवारले सम्बन्धित प्राङ्गारिक मल परम्परागत रुपमा आफैले तयार गर्ने गरेको बताउनुले पनि बर्तमान कृषि कार्य विशुद्ध परम्परागत रुपमा सञ्चालन हुँदै आएको पाइएको छ । तसर्थ **यस स्थानलाई व्यवसायीक कृषि कार्यमा अघि बढाउन आधुनिक ज्ञान र शिपको साथ स्थानिय घरपरिवारलाई सुशिक्षित बनाउने गरिएको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन अनिवार्य देखिएको छ ।**
उल्लेखित विषय बस्तुको विवरण तालिका नं. ३८ र ३९ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ३८ः विउविजन, मलखादको प्रायेगका आधारमा घरपरिवार विवरणः**

| क.सं. | विवरण | अवस्था | घरपरिवार संख्या | % |
|---|---|---|---|---|
| १ | आवश्यक विउ विजन तथा विरुवाको उपलब्धता | रहेको | १२० | २३.९५ |
| | | नरहेको | ३२० | ६३.८७ |
| | | नखुलेको | ६१ | १२.१८ |
| **जम्मा** | | | **५०१** | **१००.०** |
| २ | मलको उपलब्धता रहेको नरहेको | रहेको | ३७० | ७३.८५ |
| | | नरहेको | ८० | १५.९७ |
| | | नखुलेको | ५१ | १०.१८ |
| **जम्मा** | | | **७२०** | **१००.०** |
| ३ | मलको उपलब्धता रहेको भए त्यसको प्रकार | प्राङ्गारिक | ४१० | ८१.८४ |
| | | रासायनिक | ० | ०.०० |
| | | नखुलेको | ९१ | १८.१६ |
| **जम्मा** | | | **५०१** | **१००.०** |
| ४ | मल प्राप्त हुने श्रोत | आफ्नै | ४५० | ८९.८२ |
| | | सहकारी | ० | ०.०० |
| | | समुह | ० | ०.०० |
| | | अन्य | ० | ०.०० |
| | | नखुलेको | ५१ | १०.१८ |
| **जम्मा** | | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**तालिका नं. ३९ किटनाशक विषादि प्रयोगका आधारमा घरपरिवार विवरणः**

| क.सं. | किटनासक विषादीको प्रयोग गर्ने | घरपरिवार संख्या | % |
|---|---|---|---|
| १ | गरेको | ० | ०.०० |
| २ | नगरेको | ४५० | ८९.८२ |
| ३ | नखुलेको | ५१ | १०.१८ |
| **जम्मा** | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**६.१७ बजारीकरण तथा बजारको उपलब्धताः**

कृषि तथा पशुपन्छी पालनबाट उत्पादन भएको चिज बस्तुको विकि वितरणकालागि बजार एक अपरिहार्य सर्त हो । हाल सम्म पनि माङसेबुङ गाउँपालिकामा वडा नं. ६ का स्थानियबासी पूर्ण रुपले व्यवसायिक कृषि तथा पशुपन्छी पालनमा सम्लग्न हुन सकेको अवस्था छैन । परम्परागत रुपमा गरिदै आएको खाद्य बस्तु तथा कृषि तथा पशुपन्छी बालीबाट उत्पादित बस्तुहरु आफुलाई वर्षभरी खान पुग्ने जति राखेर बाँकी मात्र स्थानिय बजारमा वा घरघरमा आउने खरिदकर्ताहरलाई विकि वितरण गर्ने गरेको अवस्था छ । ६६.०७% घरपरिवारले आफ्ना उत्पादन बजार तथा उद्योगमा विकि गर्ने गरेको, करिब ६० % घरपरिवारले विशेष गरी मासु (खसी, कुखुरा) तथा दुध उत्पादन गरी नजिकमा रहेको पंन्चमी तथा दमकबजारमा विकि वितरण गर्ने गरेको जानकारी उपलब्ध गराएको अवस्था छ । **तसर्थ व्यवसायिक रुपमा कृषि तथा पशुपन्छी पालनमा स्थानियबासीलाई अभिप्रेरित गरी उत्पादन तथ उत्पादकत्व अभिवृद्धि गर्न आधुनिक प्रविधिको प्रयोग र कृषकहरुबाट उत्पादन गरिएको वस्तुहरुको सुनिश्चित बजार सञ्जालको विकास गर्न अनिवार्य देखिएको छ** । वस्तुको उत्पादन तथा विकिवितरण र बजार सम्बन्धी विवरण तालिम नं. ४० मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४०: उत्पादन र बजार सञ्जाल सम्बन्धी घरपरिवार विवरण :**

| क.सं. | विवरण | अवस्था | घरपरिवार संख्या | % |
|---|---|---|---|---|
| १ | आफ्ना उत्पादन बजार तथा उद्योगमा विकि गर्ने गरेको नगरेको | गरेको | ३३१ | ६६.०७ |
| | | नगरेको | ८५ | १६.९७ |
| | | नखुलेको | ८५ | १६.९७ |
| | **जम्मा** | | **५०१** | **१००.०** |
| २ | आफ्ना उत्पादन बजार तथा उद्योगमा विकि गर्ने गरेको भए | अलैचि, मासु ,दुध ,अंलिसो मकै | ३०० | ५९.८८ |
| | | अन्य | ५८ | ११.५८ |
| | | नखुलेको | १४३ | २८.५४ |
| | **जम्मा** | | **५०१** | **१००.०** |
| ३ | नजिकमा रहेका बजार, व्यापरिक केन्द्र | पंचमीं तथा दमक | ४८५ | ९६.८१ |
| | | नखुलेको | १६ | ३.१९ |
| | **जम्मा** | | **५०१** | **१००.०** |

श्रोतः व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**६.१८ कृषि तथा पशुपन्छी पालनमा घरपरिवारको रुचीः**

कुनै पनि पेशा व्यवसायमा व्यक्तिगत रुची रहन सकेन भने त्यसले प्रतिफल दिन कठिन हुन जान्छ । माङसेबुङ गाउँपालिका वडा नं. ६ का स्थानियबासीले वर्तमानमा अपनाईरहेको पेशा व्यवसाय मध्ये कुनमा बढी अभिरुची छ र भविश्यमा व्यवसायिक रुपमा कुन व्यवसायलाई अघि बढाउन ईच्छा जाहेर गर्नुहुन्छ भनि कुनै ३ वटा क्षेत्र रोज्नकालागि अनुरोध गरिएकोमा (२९.९४%) घरपरिवारले अन्नबालीलाई प्राथमिकतामा राखेको, ०.४० %) घरपरिवारले तेलहनबालीमा अभिरुची व्यक्त गरेको, ८०.२४%) परिवारले तरकारीबालीलाई विषेश जोड दिएको, १९.३६%) फलफूल खेतिलाई आफ्नो महत्वपूर्ण रोजाईमा राखेको, ५९.८८ %) घरपरिवारले पशुपालनलाई प्राथमिकतामा राखेको, ७.९८%) घरपरिवारले मात्र पन्छीपालनलाई प्राथमिकतामा राखेको पाईएको छ । माछापालन भने कसैको रोजाईमा नपरेको देखिन्छ भने एकै परिवारले समेत २ वा २ भन्दा बढी पेशा व्यवसायलई आफ्नो रोजाई भित्र राखेको अवस्था देखिन्छ । जेहोस दुधको लागि गाईपालन र भैसी पालन साथै मासुका लागि

खसिबाखा र कुखुरा प्रतम रोजाई भित्र रहेको देखिन्छ भने फलफूलमा किवि खेति साथै तरकारीमा वन्दाकोवी तथ फुलकोवी र मुला खेतिलाई विशेष रुपमा अपनाउन खोजेको अवस्था छ । अन्नबालीको हकमा मकै र कोदो खेति विशेष रोजाईमा रहेको अवस्था देखिन्छ । **प्राप्त विवरणका आधारमा स्थानियबासीको रोजाईमा रहेका पेशा व्यवसाय मध्ये सबै भन्दा बढी रुचीको क्षेत्र भनेको तरकारी खेती, फलफूल खेती र पशुपालन रहेको छ ।** उपरोक्त विवरणहरु तालिका नं. ४१ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४१ : कृषि तथा पशुपन्छीको व्यवसायिक खेतिमा रहेको प्राथमिकताका आधारमा घरपरिवार विवरण :**

| क.सं. | प्राथमिकता प्राप्त | घरपरिवार संख्या | % |
|---|---|---|---|
| १ | अन्न बाली | १५० | २९.९४ |
| २ | तेलहन बाली | २ | ०.४० |
| ३ | तरकारी बाली | ४०२ | ८०.२४ |
| ४ | फलफूल बाली | ९७ | १९.३६ |
| ५ | पशुपालन | ३०० | ५९.८८ |
| ६ | पन्छि पालन | ४० | ७.९८ |
| ७ | अन्य | १६ | ३.१९ |
| **जम्मा** | | **५०१** | **१००.००** |

श्रोत: व्यवसायिक कृषि सम्भाव्यता अध्ययन घरपरिवार सर्वेक्षण, २०७६/०७७

**६.१९ विशेष अवस्था:** माङसेबुङ गाउँपालिका वडा नं. ६ का वडाबासीले राखेका उल्लेख्य विषय वस्तुहरु देहाय बमोजिम रहेका छन्

- कृषिको व्यवसायिकीकरणकालागि कहिँ कतै बाट कुनै पनि अनुदान प्राप्त नगरेको
- नजिकमा कुनै पनि उद्योग वा प्रशोधन केन्द्रहरु नरहेको
- व्यवसायिक कृषिका लीग स्थानिय तहले कुनै नीति, योजना तथा कार्यविधि बनाएको नबनाएको विषयमा जानकारी नभएको र बनाउन सम्भावना भने रहेको उल्लेख गरेको
- स्थानिय तहबाट कस्तो सुविधा उपलब्ध होस भन्ने चाहाना छ भन्ने जिज्ञासामा कुनै पनि उत्तर प्राप्त नभएको
- व्यवसायीक कृषि कार्यकालागि स्थानिय तहले छुट्याएको बजेटमान बारेमा कसैलाई पनि थाहा नभएको

**६.२० संस्थागत अध्ययन विवरण:**

कृषि तथा पशुपन्छी पालनको कार्य व्यवसायिक रुपमा सम्भव रहेको छ या छैन भन्ने विषयलाई लिएर माङसेबुङ गाउँपालिका वडा नं. ६ मा स्थापित रही कार्य गरिरहेका समुह तथा सहकारी संस्थाहरु मध्ये जागरुक मिश्रित कृषक समुह, माङमालुङ चिया सहकारी संस्थ, संस्थासँग जानकारी लिईएको थियो । सम्बन्धित सहकारी संस्था बाट प्राप्त विवरण र घरपरिवार सर्वेक्षण मार्फत ५०१ घरपरिवारबाट प्राप्त विवरणको तुलनात्मक अध्ययन गर्दा अधिकांस विवरणहरुमा समानता पाईएको छ । समुद्रि सतहबाट करिब १७०० मिटरको उचाईमा अवस्थित माङसेबुङ गाउँपालिका वडा नं. ६ को सबै क्षेत्र पहाडि भूभागमा रहेको भएता पनि समसितोष्ण हावापानी समेतका कारणले कृषि उत्पादनको हिसाबले अत्यन्तै उर्वर क्षेत्रको रुपमा रहेको दुवै संस्थाको विवरणमा उल्लेख गरिएको साथै पूर्वाधार र सेवा प्रवाहको राम्रो व्यवस्थापन गर्न सके यस वडालाई कृषि तथा पशुपन्छी विकासको हवको रुपमा स्थापित गर्न सकिने प्रसस्त सम्भावना रहेको राय प्राप्त हुन आएको छ । यसको विवरण तालिका नं. ४२ देखि ४७ सम्ममा उल्लेख गरिएको छ ।

**तालिका नं. ४२: लैङ्गिकताका आधारमा सम्लग्न सदस्य संख्या**

| क.सं. | जागरुक मिश्रित कृषक समुह | | | माङमालुङ चिया सहकारी संस्था | | |
|---|---|---|---|---|---|---|
| | लैङ्गिक | संख्या | % | लैङ्गिक | संख्या | % |
| १ | महिला | १० | ३८.४६ | महिला | ९३ | ३८.५९ |
| २ | पुरुष | १६ | ६१.५४ | पुरुष | १४८ | ६१.४१ |
| **जम्मा** | | **२६** | **१००.०** | **जम्मा** | **२४१** | **१००.०** |

श्रोतः संस्थागत अध्ययन विवरण, माङसेबुङ वडा नं. ६, २०७६/०७७

नोट माङमालुङ चिया सहकारी संस्था लि.मा सदस्यता संख्या २४१ भएता पनि माङसेबुङ गा.पा वडा नं ६ का ४५ जना मात्र रहेको पाईयो

**तालिका नं. ४३: संस्थामा आबद्ध जातजातिको जनसाङ्खिक विवरण:**

| क.सं. | जागरुक मिश्रित कृषक समुह | | | माङमालुङ चिया सहकारी संस्था | | |
|---|---|---|---|---|---|---|
| | जातजाती | संख्या | % | जातजाती | संख्या | % |
| १ | राई | २६ | १०० | जनजाती | ३५ | ७७.७८ |
| २ | ब्राम्हण क्षेत्री | ० | ० | ब्राम्हण क्षेत्री | ६ | १३.३३ |
| ३ | दलित | ० | ० | दलित | ४ | ८.८९ |
| **जम्मा** | | **१९९** | **२६** | **१००** | **४५** | **१००.०** |

श्रोतः संस्थागत अध्ययन विवरण, माङसेबुङ वडा नं. ६, २०७६/०७७

**तालिका नं. ४४ सम्बन्धित संस्थामा आवद्ध जातजातीले अपनाएको पेशा सम्बन्धी विवरण :**

| क.सं. | जातजातिले अपनाएको पेशा | घरपरिवारमा आवद्ध जनसंख्या | |
|---|---|---|---|
| | | माङमालुङ चिया सहकारी संस्था | जागरुक मिश्रित कृषक समुह |
| १ | कृषि | ४५ | २६ |
| २ | पशुपन्छी पालन | ४० | २६ |
| ३ | उद्योग | ० | ० |
| ४ | व्यापार | ३ | ० |
| ५ | नोकरी | २ | ० |
| ६ | अन्य | ५ | ० |
| **जम्मा** | | **९५** | **५२** |

श्रोतः संस्थागत अध्ययन विवरण, माङसेबुङ वडा नं. ६, २०७६/०७७

**तालिका नं. ४५: कृषि पेशामा संलग्नको विवरण :**

| क.सं. | कृषि पेशाको क्षेत्र | जागरूक मिश्रीत कृषक समुह | | माङमालुङ चिया सहकारी सं.लि | | वर्तमानमा गरिरहेको व्यवसायको प्रकृति ( आधुनिक / परम्परागत) |
|---|---|---|---|---|---|---|
| | | घरपरिवार संख्या | वार्षिक उत्पादन के.जी | घरपरिवार संख्या | वार्षिक उत्पादन के.जी | |
| १ | **अन्न बालि** | | | | | |
| | १.१ धान | ० | ०० | ० | ० | परम्परागत |
| | १.२ मकै | २६ | १५६०० | ४० | १२००० | परम्परागत |
| | १.३ गहुँ | | | | २२००० | |
| | १.४ कोदो | ५ | ४०० | १४ | ४०० | परम्परागत |
| | १.५ फापर | ० | ० | ० | ० | परम्परागत |
| | १.६ मिश्रित | ० | ० | १० | १२०० | परम्परागत |
| | **तेलहन** | | | | | परम्परागत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | २.१ तोरी | २ | १०० | ४ | ३२० | परम्परागत |
| | २.२ भटमास | ० | ०० | ० | ०० | परम्परागत |
| ३ | ३.१ अलैची | ५ | ३१५० | ५ | १५०० | परम्परागत |
| | ३.२ अम्लिसो | २४ | ९६०० | ४० | ८००० | परम्परागत |
| | ३.३ चिया | १ | ८० | ३० | ३००० | परम्परागत |
| | ३.४ अदुवा | १५ | ३००० | २० | ४००० | परम्परागत |
| | ३.५ बेसार तथा लुसुन | २४ | १२०० | ४० | ५२५० | परम्परागत |
| ४ | **तरकारी** | | | | | परम्परागत |
| | ४.१ फुलकोवी | २५ | ६२५ | ४० | १४०० | परम्परागत |
| | ४.२ बन्दाकोवी | २५ | ५००० | ४० | १०००० | परम्परागत |
| | ४.३ आलु | २६ | १५००० | ४० | २०००० | परम्परागत |
| | ४.४ मुला | २५ | ५००० | ४० | १२००० | परम्परागत |
| | ४.५ स्कुस | २६ | १२५०० | ४० | १८००० | परम्परागत |
| | ४.६ कांका | २६ | ८००० | ३५ | ८००० | परम्परागत |
| | ४.७ फर्सी | २५ | ५००० | ३५ | ८००० | परम्परागत |
| | ४.८ सिमि | २६ | ३००० | ४० | ६००० | परम्परागत |
| ५ | **फलफूल** | | | | | |
| | ५.१ किवि | ६ | ५५० | १५ | १५००० | सामान्य आधुनिक |
| ६ | ५.२ कागती तथा सुन्तला | ११ | २३०० | १८ | ४२०० | |

श्रोतः संस्थागत अध्ययन विवरण, माङसेबुङ वडा नं. ६, २०७६/०७७

**तालिका नं ४६: वडा स्तरमा पशुपन्छी पालन व्यवसायमा संलग्नको बर्गिकृत विवरण :**

| **क.सं.** | **पशुपालन व्यवसायको क्षेत्र** | जागरूक मिश्रीत कृषक समुह | | माङमालुङ चिया सहकारी सं.लि | | **वर्तमानमा गरिरहेको व्यवसायको प्रकृति (आधुनिक / परम्परागत)** |
|---|---|---|---|---|---|---|
| | | **घरपरिवार संख्या** | **वार्षिक उत्पादन के.जी** | **घरपरिवार संख्या** | **वार्षिक उत्पादन के.जी.** | |
| १ | १.१ गाईपालन | २६ | ३६४०० | ४० | ५६०० ० | परम्परागत |
| | १.२ भैंसीपालन | * | * | * | * | परम्परागत |
| | १.३ बाख्रापालन | १० | १२०० | १० | १२०० | परम्परागत |
| | १.४ कुखुरापालन | २ | ३५ | ५ | ४५० | परम्परागत |
| | १.५ सुगुर तथा बंगुर | १ | ८० | २ | १७० | परम्परागत |
| | १.६ माछा पालन | २ | २० | * | * | परम्परागत |
| | १.७ मौरी पालन | ८ | २० | * | * | परम्परागत |
| २ | **पशु आहाराको उपलब्धता** | जागरूक मिश्रीत कृषक समुह | | | माङमालुङ चिया सहकारी सं.लि | |
| २.१ | डालेघाँस | रहेको | | | रहेको | |
| २.१.१ | डालेघाँसको प्रकार | गोगुन, निभारो, दुदिलो, खनिउ | | | गोगुन, निभारो, दुदिलो, खनिउ | |

| | | | |
|---|---|---|---|
| २.२ | भुईघाँस | रहेको | रहेको |
| २.२.१ | भुईघाँसको प्रकार | धुस, अम्लिसो, बन्सो अन्य | धुस, अम्लिसो,खरुकी |
| २.२.२ | पशुचरनकालागि चरन क्षेत्रको उपलब्धता | नरहेको | नरहेको |
| ३ | पशु उत्पादन विकि वितरणका लागि बजारको उपलब्धता | रहेको | रहेको |

श्रोतः संस्थागत अध्ययन विवरण, माङसेबुङ वडा नं. ६, २०७६/०७७

**तालिका नं. ४७: सम्बन्धित वडामा उपलब्ध सेवा सुविधा सहितको विवरण :**

| क.सं. | उल्लेख गर्नु पर्ने विवरणको नाम | विवरण | |
|---|---|---|---|
| | | जागरूक मिश्रीत कृषक समुह | माङमालुङ चिया सहकारी सं.लि |
| १ | व्यवसायीक कृषि कार्यका लागि उपलब्ध जग्गाको क्षेत्रफल | १५ रोपनी | १०० रोपनी |
| २ | जग्गाको प्रकार | भिरालो | भिरालो |
| २.१ | स्थानिय तहमा रहेको खाली जग्गा | - | - |
| २.२ | नदि तथा खोलाले धार परिवर्तन गरी छाडेको | - | - |
| २.३ | सामुदायिक बनले ओगटेको पर्ती जग्गा | - | - |
| २.४ | नेपाल सरकारको नाममा रहेको जग्गा | - | - |
| २.५ | व्यक्तिगत नम्बरी जग्गा | व्यक्तिगत नम्बरी | व्यक्तिगत नम्बरी |
| ३ | जग्गा जमिनको प्रकृति | | |
| ३.१ | भिरालो | भिरालो | भिरालो |
| ३.२ | समतल | - | - |
| ४ | माटोको प्रकार | * | * |
| ४.१ | दुमट | * | * |
| ४.२ | बलौटे | * | * |
| ४.३ | बलौटे दुमट | * | * |
| ४.४ | चिम्ट्याइलो | चिम्ट्याइलो | चिम्ट्याइलो |
| ५ | सिँचाइको सुविधा | नरहेको | रहेको |
| ५.१ | पुगेको | * | * |
| ५.२ | नपुगेको | नपुगेको | * |
| ५.३ | नपुगेको भए पुग्ने सम्भावना रहेको | रहेको | * |
| ५.४ | सम्भावना रहेको भए स्रोत र दुरी | जुके १ कि.मि. | * |
| ६ | यातायात सुविधा पुगेको वा नपुगेको | पुगेको | * |
| ६.१ | पुगेको भए | | |
| ६.१.१ | कच्चि सडक | कच्चि सडक | कच्चि सडक |
| ६.१.२ | ग्रभेल सडक | * | * |
| ६.१.३ | कालो पत्रे वा पक्कि सडक | * | * |
| ६.१.४ | सडकको चौडाई | ३ मि. | ६ मि. |
| ६.१.५ | एप्रोच सडकहरुको नाम | शान्तिमार्ग | फाल्गुनन्द राजमार्ग |
| ६.१.६ | सडकको लम्बाई | ३ कि.मि | ३६ कि.मि |

| | | | |
|---|---|---|---|
| ६.१.७ | सडकको किसिम | कच्ची | कच्ची |
| ६.१.८ | सडक सुविधा नपुगेको भए पुग्ने सम्भावना रहेको नरहेको | | |
| ६.१.९ | समवना रहेको भए कस्को लगानीमा | | |
| ६.१.१० | वडा बाट सवै भन्दा नजिकको राजमार्गको नाम | फल्गुनन्द राजमार्ग | फल्गुनन्द राजमार्ग |
| ७ | गाउँ/नगरपालिकाको केन्द्रबाट वडा कार्यालयको दुरी | १४ कि.मि. | १५ कि.मि. |
| ८ | कृषिको व्यवसायीकिकरणले रोजगारी सृजना र आय आर्जनमा पुऱ्याउने योगदान कति होला? | सामान्य | सामान्य |
| ८.१ | कृषिबाली तथा पशुबालीको विमा गर्ने गरेको वा नगरेको | नगरेको | नगरेको |
| ९ | वर्तमानमा गरिरहेको कृषि बालि बाहेक अन्य के के को सम्भावना रहेको छ | किवि तथा अलैची | किवि तथा अलैची, चिया |
| १० | कृषिको व्यवसायिकीकरणका लागि वर्तमानमा उपलब्ध यन्त्र उपकरणहरु | हाते ट्याकटर, च्याप कटर | हाते ट्याकटर, च्याप कटर |
| ११ | थप कृषि यन्त्र उपकरणहरुको आवश्यकता रहेको नरहेको | रहेको | रहेको |
| ११.१ | आवश्यक रहेको भए कस्ता कस्ता थप कृषि यन्त्र उपकरणहरुको चाहिने हो नाम उल्लेख गर्ने | मिनि टिलर, ट्याक्टर, ड्रायर मेसिन | मिनि टिलर, ट्याक्टर, ड्रायर मेसिन चिया काट्ने मेसिन |
| १२ | विद्युत सेवा पुगेका घरपरिवार संख्या | १ | १० |
| १३ | खानेपानी सेवा पुगेका घरपरिवार संख्या | १४ | १४ |
| १४ | टेलिफोन सेवा पुगेका घरपरिवार संख्या | २६ | २९ |
| १५ | नेट ईन्टरनेट सेवा पुगेका घरपरिवार संख्या | १५ | २० |
| १६ | बैंक वित्तीय संस्थाको संख्या | - | - |
| १७ | लघुवित्त संस्थाको संख्या | ३ | ३ |
| १८ | बचत तथा ऋण सहकारी संस्थाको संख्या | - | - |
| १९ | लगानी तथा स्रोतको सम्भावना | भएको | भएको |
| १९.१ | सम्भावना रहेको भए | * | * |
| १९.१.१ | बैक तथा वित्तीय संस्था बाट | * | बैक तथा वित्तीय संस्था बाट |
| १९.१.२ | लघु वित्त संस्था बाट | लघु वित्त संस्था बाट | सहकारी संस्था बाट |
| १९.१.३ | सहकारीबाट | * | * |
| १९.१.४ | समुहबाट | समुहबाट | समुहबाट |
| १९.१.५ | साहु महाजनबाट | * | * |
| १९.१.६ | स्वलगानीबाट | * | * |
| १९.१.७ | अन्य | * | * |
| २० | जनशक्तिको उपलब्धता | * | * |
| २०.१ | जनशक्तिको उपलब्धता हुने भए कहाँबाट | स्थानिय स्तरमा | स्थानिय स्तरमा |
| २०.१.१ | स्थानिय स्तरमा | * | * |
| २०.१.२ | देश भित्रै तर छिमेकी तथा अन्य स्थानिय तहबाट | * | * |
| २०.१.३ | विदेशबाट | * | * |
| २१ | व्यवसायीक कृषि विकासको स्वरुप कस्तो हुने सम्भावना छ? | * | * |

| | | | |
|---|---|---|---|
| २१.१ | एकल वा बिशुद्ध पारिवारिक | * | * |
| २१.२ | सामुहिक | सामुहिक | एकल वा बिशुद्ध पारिवारिक |
| २१.३ | सहकारी | * | * |
| २१.४ | निजी क्षेत्र -प्रा.लि.) | * | * |
| २१.५ | अन्य भए उल्लेख गर्ने | * | * |
| २२ | कृषि व्यवसायकालागि आवश्यक विउविजन तथा विरुवाको उपलब्धता रहेको नरहेको | नरहेको | नरहेको |
| २२.१ | रहेको भए कुन कुन को ? | | |
| २३ | मलको उपलब्धता रहेको नरहेको | रहेको | रहेको |
| २३.१ | रहेको भए त्यसको प्रकार र मात्रा | | |
| २३.१.१ | प्राङ्गारिक मल | प्राङ्गारिक मल | प्राङ्गारिक मल |
| २३.१.२ | रासायनिक मल | | |
| २३.२ | मल प्राप्त हुने श्रोत (व्यवसायी आफैले / सहकारी /समुह वा अन्य स्रोत) | व्यवसायी आफैले | व्यवसायी आफैले |
| २४ | किटनासक औषधीको उपलब्ध रहेको नरहेको | नरहेको | नरहेको |
| २५ | नजिकमा रहेका बजार, व्यापारिक केन्द्रको दुरी | १.५ किमि | ३ किमि |
| २५.१ | नजिकमा रहेका बजार तथा व्यापारिक केन्द्रको नाम | पंचमी | पंचमी |
| २६ | व्यवसायीक कृषिकालागि स्थानिय तहले कुनै नीति, योजना तथा कार्यविधि बनाएको नबनाएको | * | * |
| २६.१ | बनाएको भए कुन कुन क्षेत्रलाई समेटेको छ ? | - | - |
| २६.२ | नबनाएको भए बनाउने सम्भावना | * | * |
| २७ | व्यवसायीक कृषि कार्यकालागि स्थानिय तहले विनियोजना गरेको बजेट | * | * |
| २७.१ | गाउँपालिका स्तरमा | * | * |
| २७.२ | वडा स्तरमा | * | * |
| २७.३ | संघीय वा प्रदेश सरकारको अनुदान | * | * |
| २८ | विगतमा कृषि कार्यकालागि प्राप्त अनुदान | * | * |
| २८.१ | यस भन्दा पहिले अनुदान पाउने घरपरिवारको संख्या | * | १ |
| २८.२ | जम्मा प्राप्त अनुदान | * | * |
| २९ | वर्तमानमा व्यवसायीक कृषि कार्यहरु भई रहेको नरहेको | सामान्य | सामान्य |
| २९.१ | भईरहेको भए कुन कुन व्यवसायी कृषि कार्य | किवि, अलैचि, पशुपालन, तरकारी | किवि, अलैचि, चिया पशुपालन, तरकारी |
| २९.२ | व्यवसायीक कृषि कार्यमा सम्लग्न घरपरिवार | * | * |
| ३० | तपाईको वडामा कृषि उत्पादनमा आधारित कुनै उद्योग सञ्चालनमा रहेका नरहेको | रहेको | रहेको |
| ३०.१ | रहेको भए कुन कुन | घिउ छुर्पी उद्योगा | घिउ छुर्पी उद्योगा |
| ३०.२ | उत्पादन क्षमता कति | * | * |
| ३०.३ | उत्पादित वस्तु विक्री हुने स्थान | दमक | दमक |
| ३१ | यस क्षेत्रमा कृषिको व्यवसायिकिकरणका लागि मुख्य रुपले प्राथमिकता दिनु पर्ने कम्तिमा ३-३ वटा क्षेत्रको नाम उल्लेख गर्नुहोस (प्रमुख प्राथमिकताबाट सुरु गर्ने) | | |

| | | | |
|---|---|---|---|
| ३१.१ | अन्न बालिः | तेस्रो | तेस्रो |
| ३१.२ | तेलहन बालीः | | |
| ३१.३ | तरकारी बालिः | प्रथम | प्रथम |
| ३१.४ | फलफूल बालिः | | |
| ३१.५ | पशुपालनः | दोस्रो | दोस्रो |

श्रोतः संस्थागत अध्ययन विवरण, माङसेबुङ वडा नं. ६, २०७६/०७७

नोटः * विवरण उपलब्ध नभएको

### ६.२१ समुहगत छलफल र समुह कार्यबाट प्राप्त अध्ययन विवरण

माङसेबुङ गाउँपालिका वडा नं. ६ मा कृषि तथा पशुपन्छी पालनलाई व्यवसायिक बनाउन सकिने सम्भावना के कस्ता रहेको -व्यवसायिक कृषि उत्पादनको पूर्व सम्भाव्यता अध्ययन) छन् भन्ने विषयलाई लिएर सम्बन्धित वडाका कृषक तथा कृषक समूह र सहकारीका प्रतिनिधि साथै स्थानियबासी, सम्बन्धित वडाका जनप्रतिनिधिसँग दुई स्थानमा दुई दिन छलफल गरिएको थियो । उक्त छलफल कार्यक्रममा सहभागिहरुलाई श्रोत व्यक्ति बाट व्यवसायिक कृषिमा नेपाल सरकारका नीति तथा कार्यक्रम र भावि लक्ष्य र सम्भावनाका विषयमा जानकारी समेत गराईएको थियो । उक्त जानकारी पश्चात उपस्थित व्यक्तिहरुलाई तालिका नं. ४८ मा उल्लेख गरिएका जिज्ञासा राखि त्यसमा समूहको धारणा माग गरिएको थियो । दुई दिनमा २ वटा मुख्य समुहका ९ वटा उपसमुह तयार गरी सबै उपसमुह बाट एकै प्रकारका जिज्ञासामा जानकारी लिने कार्य गरिएको थियो । यसरी समूह समूह बाट यस वडाको वर्तमान वस्तुस्थितिसँग सम्बन्धित ९ वटा र भावि योजना के कस्तो छ भन्ने विषयका ७ वटा जिज्ञासा मार्फत व्यवसायिक कृषि विकास कार्यक्रमको भावि सम्भावनाको अवस्थाका बारेमा जानकारी प्राप्त गरियो । यस अध्ययन बाट समेत माङसेबुङ्गगाउँपालिका वडा नं. ६ लाई कृषि तथा पशुपन्छी पालनको हवको रुपमा स्थापित तथा विकासित गर्न सकिने थुप्रै सम्भावनाहरु रहेका तर उक्त व्यवसायलाई व्यसायिक रुप प्रदान गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नकालागि गरिनु पर्ने थुप्रै विषय वस्तु बाँकि रहेकाले त्यसकालागि कृषक, स्थानिय, प्रदेश तथा संघीय सरकारको उत्तिकै जिम्मेवारी रहेको विषय अध्ययनबाट देखिन आएको छ । कृषि तथा पशुपन्छी पालनकालागि आधुनिक प्रविधिको विकास र अवलम्बन सबैको चाहाना रहेको देखिन्छ । अध्ययनको सिलसिलामा यसरी गरिएको छलफल कार्यक्रमबाट वडा नं. ६ का स्थानियबासीले ९ वटा उपसमूह मार्फत व्यक्त गरेका विषय वस्तु र सम्भावित अवस्थाका बारेमा प्राप्त जानकारी तालिका नं. ४८, ४९ र ५० मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४८: समूहमा राखिएका जिज्ञासाहरु**

| क.सं. | जिज्ञासाहरु | |
|---|---|---|
| | वर्तमान वस्तुस्थिति | भावि योजना |
| १ | वर्तमानमा उत्पादन भई रहेका वस्तुहरु | सम्भावित कृषि उत्पादनहरु |
| २ | माटोको गुणात्मक अवस्था | प्रविधिको प्रयोगमा जनइच्छा र चासो |
| ३ | सिचाईको सुविधा | संघीय, प्रदेश तथा स्थानिय सरकारको परिकल्पना र योजना |
| ४ | मलखादको उपलब्धता र प्रकार | जनशक्तिको व्यवस्थापन |
| ५ | किटनासक औषधिको उपलब्धता र प्रकार | बजारको पहुँच विस्तारमा अवलम्बन गर्नु पर्ने कार्यक्रम |
| ६ | बजारको उपलब्धता र मूल्य श्रृङ्खला | आर्थिक सहयोग र पहुँच |
| ७ | जनशक्तिको उपलब्धता र ईच्छा | अन्य थप |
| ८ | वर्तमान प्रविधि र प्रयोग | |
| ९ | गाउँपालिकाको योजना | |

**तालिका नं. ४९: वर्तमान वस्तु स्थितिका बारेमा प्राप्त जानकारी**

| क.सं. | जिज्ञासा तथा उत्तरहरु | |
|---|---|---|
| | **वर्तमान वस्तुस्थिति** | **उत्तरहरु** |
| १ | वर्तमानमा उत्पादन भई रहेका बस्तुहरु | • अन्न बालीमाः मकै, कोदो,<br>• फलफूल बालीमाः किवि, एवोकाडो, सुन्तला, कागती, भुई स्याउ, आल्चा, काँका<br>• तेलहन बालीमाः तोरी, भटमास<br>• दालहनमाः मास तथा मश्याम दाल सिमी वोडी<br>• नगदेबालीमाः अलैचि, अम्लिासो, चिया, अदुवा<br>• तरकारीबालीमाः स्कुस आलु, सिमि बोडी, टमटर मटर, लसुन, प्याज, साग, मुला, फर्सी, स्कुस, काँका, अकबरे खोर्सानी, धनिया, कोबी<br>• पशुपन्छी पालन तथा पशुपन्छी उत्पादन<br>क. पशुपन्छी पालनः गाई भैसी, बाखा, कुखुरा, सुँगुर, माछा पालन<br>खं पशुपन्छी उत्पादनः दुध, घ्यू, छुर्पी, महि, दहि, माहुरीको मह, मासु तथा माछा |
| २ | माटोको गुणात्मक अवस्था | • बलौटे, चिम्टे, दुमट, लिसाईलो, रुखो र कालो माटो आदि<br>• माटाको गुणस्तर राम्रो छ ।<br>• सामान्यतया Soilt test गरिएको छैन ।<br>• ज्ञानको अभाव (अनविज्ञता) |
| ३ | सिचाईको सुविधा | • पानीको श्रोत नभएको तथा प्रभावकारी रुपमा प्रयोगमा आउन नसकेको<br>• बारीङ्ग, कूलो, स्प्रिङ्गकुलर, थोपा सिचाई<br>• सिचाईको सुविधा केहि स्थानमा पर्याप्त पुगेको, कुनै कुनै ठाउँमा १० % जति मात्र पुगेको, केहिमा नपुगेको |
| ४ | मलखादको उपलब्धता र प्रकार | • अधिकतम क्षेत्रमा गोठको मल वा गोवर मलको प्रयोग<br>• प्राङ्गारिक कम्पोष्ट मल, खाल्टे मलको समेत प्रयोग<br>• धेरै जसो स्थानमा रासायसनिक मलको प्रयोग नभएको<br>• कतै कतै न्यून प्रतिशतमा रासायसनिक मलको प्रयोग( टमाटर खेतिलाई) भएको |
| ५ | किटनासक औषधिको प्रयोग | • अधिकांस स्थानमा किटनासक विषादीको प्रयोग नभएको<br>• कुनै कुनै स्थानमा मात्र न्युन रुपमा भएको<br>• किटनाशक औषधिहरु मलाथिन, पोटास साथै स्थानिय तवरबाट बनाइएको औषधिमा तितेपातीको झोल, गहुँत, खरानी आदि |
| ६ | बजारको उपलब्धता र मूल्य श्रृखला | • उपयुक्त बजारको उपलब्धता नभएको<br>• अलैची स्थानियबजारमा तथा स्थानिय डेरी लाई दूध विक्री गर्ने गरिएको<br>• मूल्य अति न्यून पाईरहेको अवस्था<br>• मूल्यको निर्धारण छैन<br>• पर्याप्त उत्पादन नभएको कारण स्थानिय स्तरमा खपत हुने र कमै मात्र बाह्य निर्यात हुने गरेको |
| ७ | जनशक्तिको उपलब्धता र ईच्छा | • जनशक्तिको उपलब्धता रहेको तर सदुपयोग नभएको<br>• सिपयुक्त जनशक्तिको अभाव रहेको<br>• कृषि तथा पशु प्राविधिकहरु आंशिक रुपमा मात्र उपलब्ध रहेको<br>• ज्यालाको न्यूनतम दर नभएको |
| ८ | वर्तमान प्रविधि र | • खनजोत - गोरुको प्रयोग, तथा स्थानिय स्तरका कुटो, कोदालो, हलो |

| | | |
|---|---|---|
| | प्रयोग | लगायतका परम्परागत औजारहरु<br>● खासै मात्रामा न्युनतम रुपमा मिनिमिटर वा हाते ट्याक्टर, च्यापकटर बाहेक आधुनिक प्रविधिको प्रयोग भएको छैन |
| ९ | गाउँपालिकाको योजना | ● आंशिक रुपमा मात्र रहेको बुझिन्छ<br>● अहिलेसम्म कुनै पनि ठोस योजना नभएको<br>● सम्पूर्ण कृषि लगायत विकाशमा सुचना संचारको अभाव |

**तालिका नं. ५०: यस क्षेत्रलाई कृषि तथा पशुपालनको हवको रुपमा विकास गर्न भावि योजना बारे जानकारी :**

| क.सं. | जिज्ञासा तथा उत्तरहरु | |
|---|---|---|
| | भावि योजना | उत्तरहरु |
| १ | सम्भावित कृषि उत्पादनहरु | आधुनिक तरिकाले कृषि तथा पशुपन्छी बाली लगाउने जसमा देहाय बमोजिमका बालीहरुको सम्भवना रहेको अवस्था देखिएको छ ।<br>● अन्न बालीमाः मकै, कोदो, को राम्रो सम्भावना रहेको साथै मकै खेतीलाई भने तत्कालै थप विस्तार गर्न सकिने<br>● फलफूल बालीमाः किवि, एवोकाडो, कागती, सुन्तला, आल्चा, नासपती, आरु राम्रो सम्भावना रहेको तथा किवि खेतिलाई भने तत्कालै थप विस्तार गर्न सकिने<br>● तेलहन बालीमाः तोरी, भटमास<br>● दालहनमाः मास तथा मश्याम दाल, सिमी बोडी<br>● नगदेबालीमाः अलैची, अम्लिसो, अदुवा र चिया खेती राम्रो रहेका र थप आधुनिक प्रविधि सहित यीनिहरुको थप विस्तार गर्न सकिने<br>● तरकारीबालीमाः आलु, सिमि बोडी, मटर, लसुन, प्याज, साग, मुला, फर्सी, स्कुस, काँक्रा, अकबरे खोर्सानी, गाजर । कोपी, टमाटर तथा सिस्नुको राम्रो सम्भवना रहेको तथा आलु खेतीलाई तत्कालै थप विस्तार गर्न सकिने<br>● पशुपन्छी उत्पादनः दुध, घ्यू, छुर्पी, महि, दहि, मासु तथा माछाको उत्पादनको राम्रो सम्भावना रहेको र सबै क्षेत्रको विस्तार गर्न सकिने |
| २ | प्रविधिको प्रयोगमा जनइच्छा चासो | स्थानिय स्तरमा पहिले देखि नै रहेर कृषिमा निरन्तरता दिइरहनु हुने साथै वैदेशक रोजगारबाट फर्किए युवाहरु र बेरोजगार रहेका युवा युवतिमा अत्याधिक इच्छा र चासो रहेको तर प्राविधिक ज्ञान र प्रयोगको क्षमता नभएकोले देहाय बमोजिमको व्यवस्थापन गर्नु पर्ने अवस्था रहेको ।<br>● प्लाष्टि पोखरी, स्प्रिङ्कलर, ड्रिपिङ्ग इरिगेसन (थोपा सिँचाई) तथा बोरीङ्ग जस्ता प्रविधिको माग रहेको<br>● मल बनाउने प्रविधि रहित प्राङ्गारिक मल - गोठे मल, कम्पोष्ट मल, भर्मिकम्पोष्ट मल उत्पादन गर्ने<br>● हाते ट्याक्टर वा मिनिटिलर / स्प्रेयर्स / अन्य आधुनिक कृषि औजार समेतको सुविधा उपलब्ध हुनु पर्ने<br>● नश्लसुधार कृत्रिम गर्भाधानको व्यवस्था मिलाउनु पर्ने<br>● उन्नत घाँसको विस्तार गर्नु पर्ने<br>● गोठ सुधार तथा व्यवस्थापन गर्नु पर्ने<br>● दुग्ध संकलन केन्द्रको व्यवस्थापन र आधुनिक औजारहरुको उपलब्धता हुनु पर्ने<br>● चिया तथा अलैची बालीकालागि आधुनिक भट्टी तथा सुकाउने प्रविधिको व्यवस्था गरिनु पर्ने<br>● विद्युतिय मेशिनबाट घाँस काट्ने औजार, विरुवा छाटकाट गर्ने तथा कटिङ ट्रेमिङ गर्ने कैचि वा औजारहरुका व्यवस्थापन, चिया टिप्ने औजार, बीउ छर्ने मेशिनहरुको व्यवस्थापन गर्नु पर्ने |

| | | |
|---|---|---|
| | | ● माटो परिक्षण गर्ने यन्त्रको आवश्यकता रहेको<br>● तेलहन बस्तुको प्रशोधन मेशिनको आवश्यकता रहेको<br>● काठ फ्याक्ट्री, लोक्ता अल्लोको फ्याक्ट्री लगाउनु पर्ने<br>● दुध प्रशोधन केन्द्र स्थापना गर्ने<br>● औषधी प्रशोधन केन्द्र (जस्तैः चिराइतो) को स्थापना गर्ने<br>● फलफूल प्रशोधन केन्द्र (जस्तैः किवि जाम, अरुचा जुस)<br>● आधुनिक प्रविधियुक्त मौसमी बेमोसमी खेति गर्ने सीको प्रवर्धन गर्ने<br>● सिँचाई, मलखाद औषधिको व्यवस्था गर्ने<br>● जैविक विषादीको प्रयोग गर्ने |
| ३ | संघीय, प्रदेश तथा स्थानिय सरकारको परिकल्पना र योजना | ● नयाँ नयाँ प्रविधि तथा आधुनिकीकरणकालागि योजना तर्जुमा गरिनु पर्ने<br>● उन्नत जातका कृषि उत्पादन तथा पशुपन्छिको उपलब्धता तथा प्रविधिको प्रयोगमा आवश्यक तालिमहरुको व्यवस्था गर्नुपर्ने<br>● आधुनिक कृषि औजारहरुको प्रयोग र व्यवस्थापन गर्न अभिप्रेरित गर्ने<br>● कृषिबाली तथा पशुपन्छी बाली विमाको सुनिश्चितता गरिनु पर्ने<br>● यातायात र ढुवानीको व्यवस्था हुने गरि सडक विकास र निर्माण गर्ने<br>● कृषि अनुसन्धान केन्द्रको स्थापना गर्ने<br>● कृषि प्राविधिक विद्यालयको स्थापना गर्ने<br>● औजार मेशिन वितरण केन्द्रको स्थापना गर्ने |
| ४ | जनशक्तिको व्यवस्थापन | स्थानिय स्तरमा जनशक्ति (स्थानिय स्तरमा रहेका युवा युवती) पर्याप्त भएको तर उनिहरुलाई कृषि कार्यमा आकर्षित गर्न देहाय बमोजिमको व्यवस्था गरिनु पर्ने देखिन्छ<br>● आवश्यक तालिमको व्यवस्था गर्ने<br>● स्थानिय जनशक्तिलाई सव प्राविधिक बनाउने<br>● मासिक तलब समस्याअनुकुल तोक्ने तथा बनाउने<br>● ज्ञान तथा शिपको प्रयोगात्मक पक्षमा बढी ध्यान दिने |
| ५ | बजारको पहुँच विस्तारमा अवलम्बन गर्नु पर्ने कार्यक्रम | उत्पादित बस्तुलाई बजार सम्म पुर्‍याउन तथा बजारिकरणका लागि गएको सामानको उचित विकी वितरणको व्यवस्था मिलाउन तथा बजारको सुनिश्चितताकालागि देहाय बमोजिमका कार्य गर्न अनिवार्य देखिएको छ<br>● यातायातको सुविधा हुनुपर्ने<br>● उचित मुल्य पाउनको निम्ती बजार सँगको सिधा सर्म्पकको व्यवस्था हुनुपर्ने<br>● उत्पादन भएका कृषि जन्य वस्तुहरुलाई सही मूल्य र निश्चित ठाउँमा विकी वितरणको लागि बजार व्यवस्थापन गर्ने<br>● विज्ञापन गर्ने<br>● कृषि मेला तथा प्रदर्शनिको आयोजना गर्ने<br>● स्थानिय, प्रदेश र केन्द्रिय सरकार मार्फत राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारहरुमा सहज पहुँतको अवसर श्रृजना गर्ने गराउने |
| ६ | आर्थिक सहयोग र पहुँच | ● आत्म निर्भर नहुँदाका बखत सम्म कृषिमा आर्थिक अनुदानको सुनिश्चितता गर्ने<br>● सुलभ व्याजमा ऋण प्राप्त हुन सक्ने व्यवस्था मिलाउने<br>● आर्थिक श्रोतको व्यवस्थापनकालागि संघ, प्रदेश साथै स्थानिय सरकारबाट उपयुक्त व्यवस्थापन हुन पर्ने<br>● संघ, प्रदेश र स्थानिय तहबाट उद्यमी कृर्षकहरुलाई आर्थिक व्यवस्थापनको सहयोग गर्ने र जीवनस्तरलाई माथि सम्मको पहुँच पुर्‍याउने<br>● सफल कृषकलाई पुरस्कृत र सम्मान जस्ता कार्यक्रम सञ्चालन गर्ने |

| | | |
|---|---|---|
| ७ | अन्य थप | ● स्थानिय स्तरमै उद्योग तथा प्रशोधन केन्द्रहरुको निर्माण हुनुपर्ने -जस्तैः जाम, जुस बनाउन)<br>● कृषि पर्यटन व्यवसाय तर्फ कृर्षकहरुलाई उन्मुख गराउनुपर्ने<br>● कृषि र पशुपालनलाई वैज्ञानिक र आधुनिकीकरण साथै नस्ल सुधार गर्दै अगाडि बढाउनु पर्ने<br>● गैर सरकारी संस्थाको सहायता र साझेदारी<br>● कृषिमा लाग्ने रोगको उपचार, मित्र किराहरुको जानकारी -जैविक नियन्त्रणबारे जानकारी) गराउने ।<br>● गाई, बाखा, कुखुरा लगायतका सबैखाले पशुपन्छिका प्रकार बारे खोजी गर्ने साथै कृषकहरुलाई यथार्थ अवस्था जानकारी गराउने<br>● यस गाँउपालिकामा रहेका जडीवुटी खेति विस्तार व्यवस्थापन, प्रसोधन केन्द्रको स्थापना र सञ्चालन गर्ने<br>● कृषक तथा कृषिबालीलाई माथिल्लो तहबाट अनुगमन तथा मूल्याङ्कनको व्यवस्था मिलाउने<br>● गोष्ठी, तालिम जस्ता कार्यक्रमलाई प्रभावकारी बनाउने |

श्रोतः समुह कार्य छलफल विवरण, माङसेबुङ वडा नं. ६, २०७६/०७७

### ६.२२ माटो परिक्षण अध्ययन प्रतिवेदनः

कुनै पनि कृषि बाली उत्पादनकालागि माटोको गुणस्तर एक अनिवार्य सर्त हो । कृषि बाली उत्पादनकालागि माटोको गुणस्तरका आधारमा कुन कृी बाली लगाउन योग्य हुन्छ वा सम्बन्धित कृषिबाली लगाउनकालागी माटोमा के के सुधारको आवश्यकता पर्दछ भन्ने कुरा थाहा पाउन सकिन्छ । अध्ययनका क्रममा प्रायस सवै घरपरिवारले माटोको परिक्षण नभएको जानकारी गराए पछी सम्बन्धित वडाका केहि कृषकहरुको बारी बाट मकै खेती बाट १, फलफूल (किवि) खेति बाट ३ र तरकारीखेतीबाट २ गरी जम्मा ७ वटा नमुना संकलन गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रायल, कृषि विकास निर्देशनालय, माटो तथा मल परिक्षण प्रयोगशाला, प्रदेश १ सुरुङ्गा, झापामा परिक्षण गराईएको थियो । परिक्षण प्रतिवेदनका आधारमा अध्ययन गर्दा अलैची खेती गरिएको बारीको माटो बलौटे दुमट रहेको तर यसमा अम्लियपना अधिक रहेको पाईयो भने अलैचीकालागि चाहिने तत्वहरुमा प्राङ्गारिक पदार्थको मात्रा, नाईट्रजन, फस्फोरस तथा म्यूरेट अफ पोटासको मात्रा न्यून रहेको अवस्था पाईएको छ । यसै गरी फलफूल खेतीको रुपममा किवी खेती गरिएको स्थानको माटो परिक्षण गर्दा माटोमो हकमा बलौटे दुमट नै रहेको साथै परिक्षण गरिएका ४ नुमना मध्ये १ वटा मात्र अम्लिय रहेको साथै अन्य ३ नमुना तटस्थताको नजिक रहेको, आवश्यक तत्वहरुको हकमा प्राङ्गारिक पदार्थको मात्रा र नाईट्रजनको मात्र आवश्यक मात्रा भन्दा कम रहेको तथा फस्फोरसको मात्रा नमुना नं. ३१ मा कम नमूना नं. ३० मा मध्यम र बाँकि नमूनमा अधिक रहेको तथा म्यूरेट अफ पोटासको मात्रा भने परिक्षण गरिएका सबै नमूनामा अधिक रहेको अवस्था छ । तरकारी खेतीको लागि गरिएको ४ वटा नमूनको हकमा माटो समग्रमा बलौटे दुमट रहेको अवस्था देखिन्छ भने नमून नं. २७ बाहेकका नमूनमा अम्लियपन तटस्थताको नजिक रहेको तर प्राङ्गारिक पदार्थको र नाईट्रजनको मात्रा सबै नमूनमा कम रहेको, फस्फोरसको मात्रा नमून नं. २६ र २७ मा कम रहेको छ भने बाँकिमा मध्यम अवस्थामा रहेको साथै म्युरेट अफ पोटासको मात्रा भने नमून नं. २६ मा अधिक, नमून नं. २७ मा न्यून तथा अन्य नमूनमा भने मध्यम स्तरमा रहेको पाईएको छ । यस परिक्षणले माङसेबुङ गाउँपालिका वडा नं. ६ लाई कृषि बालीको हवको रुपमा विकास गर्न सबै कृषकले माटोको परिक्षण गरी सिफारिस गरिए बमोजिमको मलको प्रयोग गरी माटोको गुणस्तर वृद्धि गर्न अनिवार्य देखिएको छ । माटो परिक्षण सम्बन्धी सम्बन्धित कार्यालय बाट प्राप्त विवरण तालिका नं. ५१, ५२, र ५३ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ५१: अलैची खेतीको लागि माटो परिक्षण नतिजा**

| १. माटोको नमूा लिएको कृषकको नामः खगेन्द्र खड्का माङसेबुङ ६ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| खेती: अलैची | | | | | | | | | |
| क्र.सं. | विश्लेषण गरिएको क्षेत्र र सिफारिस | नमून नं. २६ (६०-९०) | | नमून नं. ३५ (०-१५) | | नमून नं. ३४ (१५-३०) | | नमून नं. ३३ (३०-६०) | |
| | | नतिजा | रेङ्ग | नतिजा | रेङ्ग | नतिजा | रेङ्ग | नतिजा | रेङ्ग |
| १.१ | पि.एच. ( अम्लियपन) | ५.४ | अम्लिय | ६.१ | हल्का अम्लिया | ६.२ | हल्का अम्लिया | ५.६ | हल्का अम्लिया |
| १.२ | प्राङ्गारिक पदार्थ % | १.४० | कम | १.८५ | कम | १.८० | कम | १.५६ | कम |
| १.३ | नाईट्रोजन % | ०.०७ | कम | ०.०९ | कम | ०.०९ | कम | ०.०७ | कम |
| १.४ | फस्फोरस के.जी/हे | २२.९ | कम | २०.१५ | कम | २४.२७ | कम | २७.४८ | कम |
| १.५ | म्यूरेट अफ पोटास के.जी/हे | ९६ | कम | १०५.० | कम | १०३.२ | कम | १००.८ | कम |
| १.६ | माटोको किसिम | बलौटे दुमट | | | | | | | |
| १.७ | मल प्रयोगको सिफारिस | | | | | | | | |
| १.७.१ | कम्पोष्ट मल | २५ के.जी प्रति खाडल बा झाँङ | | | | | | | |
| १.७.२ | अलैचीखेतीकालागि | यूरीया १० ग्राम, डिएपी १५ ग्राम, पोटास १० ग्राम प्रति खाडल वा झाँङ्ग | | | | | | | |

श्रोत: माटो तथा मल परिक्षण प्रयोगशालाको रिपोर्ट, २०७६

**तालिका नं. ५२: फलफूल खेतीको लागि माटो परिक्षण नतिजा**

| १. माटोको नमून लिएको कृषकको नामः रत्न बहादुर राइ माङसेबुङ वडा नं. ६ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| खेती: फलफूल (किवि) | | | | | | | | | |
| क्र.सं. | विश्लेषण गरिएको क्षेत्र र सिफारिस | नमून नं. ३१ (४) | | नमून नं. ३० (३०-६०) | | नमून नं. २९ (६०-९०) | | नमून नं. २८ (१५-३०) | |
| | | नतिजा | रेङ्ग | नतिजा | रेङ्ग | नतिजा | रेङ्ग | नतिजा | रेङ्ग |
| १.१ | पि.एच. ( अम्लियपन) | ६.६ | तटस्था नजिक | ६.५ | तटस्था नजिक | ६.२ | हल्का अम्लिया | ५.६ | हल्का अम्लिया |
| १.२ | प्राङ्गारिक पदार्थ % | १.९६ | कम | १.२३ | कम | २.६० | कम | १.८७ | कम |
| १.३ | नाईट्रोजन % | ०.०९ | कम | ०.०६ | कम | ०.१३ | कम | ०.०९ | कम |
| १.४ | फस्फोरस के.जी/हे | २८.६२ | कम | ३९.८४ | कम | ८८.४४ | कम | ६३.२० | कम |
| १.५ | म्यूरेट अफ पोटास के.जी/हे | ३०४.८ | अधिक | ३०२.४ | अधि | ३१२.० | अधिक | २९२.८ | अधिक |
| १.६ | माटोको किसिम | बलौटे दुमट | | | | | | | |
| १.७ | मल प्रयोगको सिफारिस | | | | | | | | |

| | | |
|---|---|---|
| १.७.१ | कम्पोष्ट मल | |
| १.७.२ | कृषि चुन | ११९ के.जी प्रति रोपनी |
| १.७.२ | फलफूल खेतीकालागि | विषय विशेषज्ञसँग छलफल गर्ने |

श्रोतः माटो तथा मल परिक्षण प्रयोगशालाको रिपोर्ट, २०७६

**तालिका नं. ५३: तरकारी खेतीको लागि माटो परिक्षण नतिजा**

| **१. माटोको नमून लिएको कृषकको नाम:मनिषा राइ, रवनि कुमार राइ, कमल राइ** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| खेती: तरकारी | | | | | | | | | |
| क.सं. | विश्लेषण गरिएको क्षेत्र र सिफारिस | मनिषा राइ (नमुन नं. २७) | | रविन कुमार राइ (नमून नं. २६) | | कमल राइ (नमून नं. २५) | | कमल राइ (नमून नं. २४) | |
| | | नतिजा | रेड्ड | नतिजा | रेड्ड | नतिजा | रेड्ड | नतिजा | रेड्ड |
| १.१ | पि.एच. (अम्लियपन) | ५.१ | अम्लिय | ६.१ | हल्का अम्लिय | ६.४ | हल्का अम्लिया | ६.५ | तटस्थ नजिक |
| १.२ | प्राङ्गारिक पदार्थ % | १.४७ | कम | १.७० | कम | १.५४ | कम | १.५४ | कम |
| १.३ | नाईट्रोजन % | ०.०७ | कम | ०.०७ | कम | ०.०७ | कम | ०.०७ | कम |
| १.४ | फस्फोरस के.जी/हे | २३.३५ | कम | २८.८५ | कम | ४७.६३ | मध्यम | ४७.६३ | मध्यम |
| १.५ | म्यूरेट अफ पोटास के.जी/हे | ९३.६ | कम | ३०२.४ | अधिक | १६२ | मध्यम | १६३.२० | मध्यम |
| १.६ | माटोको किसिम | बलौटे दुमट | | बलौटे दुमट | | बलौटे दुमट | | बलौटे दुमट | |
| १.७ | मल प्रयोगको सिफारिस | | | | | | | | |
| १.७.१ | कम्पोष्ट मल/हेक्टर | ३२००० के.जी. | | ३२००० के.जी. | | ३२००० के.जी. | | ३२००० के.जी. | |
| १.७.२ | कृषि चुन/हेक्टर | ११९ के.जी. | | ५८ के.जी. | | १५ के.जी. | | ० | |
| १.७.३ | नाईट्रोजन/हेक्टर | ७० के.जी. | | ७० के.जी. | | ७० के.जी. | | ७० के.जी. | |
| १.७.४ | यूरीया/हेक्टर | ११० के.जी. | | ११० के.जी. | | ११० के.जी. | | ११० के.जी. | |
| १.७.५ | फसफोरस/हेक्टर | ५० के.जी. | | ५० के.जी. | | २५ के.जी. | | २५ के.जी. | |
| १.७.६ | डिएपी/हेक्टर | १०९ के.जी. | | १०९ के.जी. | | ५४.५ के.जी. | | ५४.५ के.जी. | |
| १.७.७ | पोटास/हेक्टर | ४० के.जी. | | १० के.जी. | | २० के.जी. | | २० के.जी. | |
| १.७.८ | म्यूरेट अफ पोटास/ हेक्टर | ६७ के.जी. | | १६.५ के.जी. | | ३३.३३ के.जी. | | ३३.३३ के.जी. | |

श्रोतः माटो तथा मल परिक्षण प्रयोगशालाको रिपोर्ट, २०७६

# खण्ड ७ (सात)
## कृषि तथा पशुपालनको सम्भाव्यता अध्ययन
## निस्कर्ष, सिफारिस तथा अपेक्षा

### ७.१ निस्कर्ष:

माङसेबुङ गाउँपालिकालाई कृषि तथा पशुपन्छी बाली विकासको माध्यम बाट आर्थिक समृद्धिको हिसाबले एक सक्षम स्थानिय तहको रुपमा विकास गर्दै लैजाने नीतिगत तथा संस्थागत निर्णय गरेको अवस्था छ । यसै गाउँपालिकाको नीति तथा कार्यक्रम बमोजिम यहाँका ६ वटा वडा मध्ये वडा नं.६ का कृषि तथा पशुपन्छी बाली विकासको सम्भाव्यता अध्ययन गरिएको छ । अध्ययनको पृष्ठभूमि साथै यसको औचित्य, उद्देश्य र कार्य परिधिका साथमा अवलम्वन गरिएका अध्ययन विधि र प्रकृयाहरु बमोजिम कृषि विकासको क्षेत्रमा विगतमा भएका नीतिगत, कानुनी तथा संस्थागत प्रयास र तीनबाट भएको प्रगति तथा प्राप्त प्रतिफल साथै यीनै प्रतिफलले राज्यको आर्थिक, सामाजिक, भौतिक तथा सास्कृतिक विकासमा पारेको प्रभाव समेतको समिक्षा गरिएको छ ।

संविधान स्थानिय तहहरु व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका समेतका अधिकारका साथ स्थानिय सरकारको रुपमा स्थापित भईसके पछी विगतमा भएका प्रयास, वर्तमान सरकारले अवलम्वन गरेका दिगो विकास लक्ष्य तथा पन्ध्रौ योजना मार्फत स्थापित गरिएको दीर्घकालिन सोच, त्यसमा आधारित लक्ष्य, उक्त लक्ष्य प्राप्त गर्न अवलम्वन गरिने रणनीति समेतलाई माङसेबुङ गाउँपालिकाले कसरी आन्तरिकिकरण सक्छ मात्र हैन यस गाउँपालिकालाई देशकै नमुना गाउँपालिका बनाउन सकिन्छ भन्ने खोजीका साथ गाउँसभाबाट पारित गरिएको नीति तथा कार्यक्रम र तीनमा आधारित बजेट व्यवस्थापन समेतलाई ध्यानमा राखि यसै गाउँपालिकाको वडा नं. ६ लाई कृषि तथा पशुपालनको हबको रुपमा स्थापित र विकसित गर्ने लक्ष्य लिएको छ । कृषि विकासकालागि आवश्यक जानकारी प्राप्त गर्ने उद्देश्यका साथ यस अध्ययन कार्यमा जनप्रतिनिधि र स्थानियबासीको प्रत्यक्ष सहयोग र सहभागितामा समुहगत छलफल तथा अन्तरकृया, स्थलगत अवलोकन, प्रश्नावलीहरु निर्माण गरी वडा नं. ६ का ५०१ घरपरिवारको सर्वेक्षण र यस वडामा कार्यरत संस्थाहरु मध्ये २ वटा सहकारी संस्थाको समेत अध्ययन गरी यथार्थ जानकारी लिने प्रयास गरिएको छ । यसरी गरिएको स्थलगत अवलोकन, घरपरिवार तथा संस्थागत सर्वेक्षण र समूहगत छलफल तथा अन्तरक्रियाबाट प्राप्त विवरण खण्ड ६ मा उललेख गरिसकिएको छ । उक्त खण्ड ६ मा उल्लेख गरिएका प्राप्त अध्ययन विवरण, पृष्ठभूमि, दिगो विकास लक्ष्य, पन्ध्रौ योजनाका आधार पत्रले औल्याएका कृषिको व्यवसायिकीकरणसँग सम्बन्धित विषय वस्तु र कृषिको दिगो विकास रणनीति समेतलाई केन्द्र विन्दुमा राख्दा माङसेबुङ गाउँपालिका वडा नं. ६ मा कृषिको व्यवसायिकीकरण गर्ने विषयमा देहाय बमोजिमका क्षेत्रगत र विषयगत निष्कर्षहरु निस्किएकाले तीनको कार्यान्वयनकालागि देहाय बमोजिमका सिफारिसहरु गरिएको छ । कृषि तथा पशुपन्छी पालनको अध्ययन प्रतिवेदनका निष्कर्षहरु तालिका नं. ५४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५४: निष्कर्षहरु**

| क.सं. | अध्ययनका क्षेत्र | क्षेत्रगत तथा विषयगत निष्कर्षहरु |
|---|---|---|
| १ | जनसंख्याको बनोट | ● कुल जनसंख्या मध्ये उत्पादनशिल उमेरका ५४.३२ % मानिसहरु कृषि कार्यमा सकृय रहन सक्ने अवस्था देखिएकोले कृषि कार्यकालागि आवश्यक प्राविधक जनशक्तिको आवश्यकता बाहिर बाट परिपूर्ति गर्नु पर्ने भएता पनि उपलब्ध जनशक्तिको राम्रो परिचालन गर्न सके यसकालागि आवश्यक जनशक्तिको झण्डै ७५ % हिस्सा स्थानियबासीबाटै धान्न सक्ने अवस्था देखिएको ।<br>**तसर्थः कृषि तथा पशुपन्छी पालनलाई व्यवसायिक रुप दिएको अवस्थामा जनशक्तिको थप आवश्यकता पर्ने भए बाट स्रोतको खोजि वर्तमान अवस्था बाटै गर्नुपर्ने अवस्था देखिएको** |
| २ | शैक्षिक अवस्थाको आधारमा जनसंख्या: | ● पूर्ण प्राविधिक ज्ञान र सिप भएका मानिसहरु झण्डै सुन्यको हाराहारिमा हुनु, व्यवसायिक तालिम लिएका मानिसहरु २ % पनि पुग्न नसक्नु तथा निरक्षर जनसंख्या अहिले पुन ६.९६ % रहनु साथै माध्यमिक तह तथा उच्च शिक्षा हासिल गर्ने जनसँख्या क्रमसः २२.८४ % र ८.५६ % मात्र रहेको |

| | | |
|---|---|---|
| | | **तसर्थः व्यवसायिक कृषि कार्यकालागि प्राविधिक शिक्षा तथा प्राविधिक ज्ञान भएको जनशक्तिको विकास र व्यवस्थापन यस गाउँपालिकालागि अनिवार्य सर्तको रुपमा देखिएको ।** |
| ३ | जातीगत बसोबासका आधारमा घरपरिवार विवरण | ● कुल घरपरिवार मध्ये राईको ८३.६७ %लिम्बुको १.५९ %, क्षेत्रीबाहुनको ५.५९%, तथा तामाङको १.९९ %, दलितको २.९९ % भुजेल ३.३९ % र अन्यको गरी ०.८१ % जातजातिका घरपरिवारको बसोबास रहेको<br>**तसर्थः बढी बाहुल्यता रहेको जातिहरुसँग पर्याप्त छलफल गरी जातीगत सांस्कृतिक उत्पादनहरुलाई समेत ख्याल गरी सम्बन्धित स्थानियबासीहरुको ईच्छा र आवश्यकतालाई समेत ध्यानमा राखि कृषिको व्यवसायिक क्षेत्र र प्रकारहरुको पहिचान गर्न आवश्यक रहेको ।** |
| ४ | कृषि तथा पशु पन्छी व्यवसायकालागि जग्गा जमिनको उपलब्धताको अवस्था | ● कुल ९९.३ % घरपरिवारसँग ५३५९ रोपनी जग्गा कृषि कार्यकालागि उपलब्ध रहेको, ५ रोपनी भन्दा कम जग्गा हुने परिवार ३४.३३ %, ६ देखि १० रोपनी सम्म हुने परिवार ३१.३४ %, ११ देखि २० रोपनी हुने परिवारको संख्या १९.९६%, २१ देखि ३० रोपनी हुने परिवारको संख्या ९.१८%, ३१ देखि ४० रोपनी हुने परिवारको संख्या १.६%, ४१ देखि ५० रोपनी हुने परिवारको संख्या १.५९ % तथा ५० रोपनी भन्दा माथि जग्गा जमिन हुने परिवारको संख्या ० % रहेको<br>**तसर्थः धेरै थोरै जग्गा जमिन भएका स्थानियबासीलाई समेत आकर्षित र व्यवसायिक बनाउन स्थानियबासीलाई सामुहिक कृषि तथा पशुपन्छी पालन व्यवसाय तर्फ क्रमिक रुपले अभिप्रेरित गर्न आवश्यक देखिएको । साथै ऐलेनी जग्जा प्रसस्त मात्रामा रहेको मतेत देखिन्छ ।** |
| ५ | स्थानियबासीको घर बाट वडाकार्यालयको दुरी | ● करिव ३७.१३ % वडाबासीहरकालागि वडा कार्यालयमा पुग्न औषत ३ कि.मि. को दुरी पार गर्नु पर्ने, २८ % घरपरिवारले ३ देखि ५ कि.मि.,२८.५४ % घरपरिवारले ८ कि.मि. भन्दा माथिको दुरि पार गर्नु पर्ने देखिएको छ ।<br>**तसर्थः यस वडालाई व्यवसायिक कृषि प्रणाली भित्र समाहित गर्न यातायात सञ्जाल र सुविधालाई सहज बनाउन सडक पूर्वाधारको विकास गर्न अनिवार्य देखिएको ।** |
| ६ | स्थानियबासीले अपनाएको पेशा | ● सर्वेक्षण गरिएका जम्मा ५०१ घरपरिवार मध्ये ९० % को हाराहारिमा कृषि तथा पशुपन्छी पालन गरी दुवै प्रकारका व्यवसाय गर्ने गरेको पाईएको छ भने उद्योग व्यवसाय मा २ %, व्यापार व्यवसायमातथा अन्य पेशा व्यवसाय गरेर आफ्नो जीवन सञ्चालन गर्ने घरपरिवार ०.६० % रहेको देखिन्छ ।<br>**तसर्थः वर्तमान अवस्थामा देशको समृद्धिको मुल आधार मध्ये कृषि तथा पशुपन्छी पालन व्यवसायलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउने राज्यको वर्तमान नीति रहेका कारण माङसेबुङ गाउँपालिका वडा नं. ६ का वडाबासिहरुको जीवनस्तर माथि उठाउन समेत कृषि र पशुपन्छी पालन यहाँकालागि एक उपयुक्त व्यवसायिक विधाको रुपमा देखिएको छ भने कृषिमा आधारित उद्योगको स्थापना र विकास एक अनिवार्य सर्तको रुपमा रहेको ।** |
| ७ | कृषिबालीको उत्पादन र प्रविधिको प्रयोग | ● हावापानी समसितोष्ण रहेको, साथै अन्नबालीको हकमा, मकै, कोदो, फापर लगायतको उत्पादन हुने गरेकोमा मकै सबै भन्दा बढी (९७.६० %) छ भने दोस्रोमा कोदो र तेस्रोमा धान उत्पादन हुने गरेको देखिन्छ । तेलहनबालीको खासै उत्पादन हुने गरेको नभएता पनि तेलहनबालीको हकमा तोरी, भटमास खेति गरिने गरेकोमा सबै भन्दा बढी भटमास ( ६८.९० %) र दोस्रोमा तोरी ( २७.८२ %) हुने गरेका देखिएको, तरकारीबालीको हकमा भन्ने हो भने सबै भन्दा बढी स्कुस, दोस्रोमा आलु, तेस्रोमा सिमि काको उत्पादन हुने गरेको पाईएको छ भने त्यस पछि |

| | | |
|---|---|---|
| | | क्रमश मुला, फर्सी, बन्दाकोवी, फुलकोवी तथा बोडी उत्पादन गर्ने गरिएको छ ।<br>● **फलफूलबालिको हकमा किवि खेतीले निकै ठूलो प्रधानता पाएको छ । फलफूल बालिको तुलनात्मक अध्ययन गर्दा झण्डै २१.७४ %** मात्रा किवि खेतीको उत्पादनले मात्र ओगटेको छ भने ५४.८५ % को हाराहारिमा कागती समेत उत्पादन हुने गरेको देखिन्छ । फलफूल खेतीमा, अन्य लगायतको उत्पादन नगन्य मात्रामा रहेको अवस्था छ । अन्य नगदेबालीको हकमा सबै ११.९० % अलैची, झण्डै २.२३% को हाराहारिमा चिया साथै ४१ % को हाराहारिमा अम्लिसो (कुच्चो) को उत्पादन हुने गरेको<br>● १ % घरपरिवारले मात्र सामान्य रुपमा आधुनिक प्रविधिको प्रयोग गर्न थालेको पाईन्छ भने ९७ % घरपरिवारहरु अहिले पनि परम्परागत रुपकै खेती प्रणाली उपनाउन बाध्य भएको अवस्था छ ।<br>● तरकारी तथा फलफूल खेती तर्फ अत्याधिक घरपरिवारको चाहाना रहेको, अन्नबालीमा भने प्रयास सबै घरपरिवारको रुचि सामान्य मात्र रहेको देखिएको ।<br>**तसर्थः स्थानिय स्तरमा प्रधानता पाईरहेका उल्लेखित उत्पादनहरु तथा झण्डै ७३ % घरपरिवारको रोजाईमा रहेका तरकारी तथा फलफूल (किवि कागती) खेतिलाई आधुनिक प्रविधियुक्त व्यवसायिक माध्यमबाट अघि बढाउन सके यस वडाको समृद्धि निर्माण र विकासमा यथेष्ट योगदान पुग्ने देखिएको ।** |
| ८ | पशुपंक्षीबालिको उत्पादन र प्रविधिको प्रयोग | ● दुध तथा दुग्ध पदार्थ उत्पादनकालागि ९७.६० % वडाबासि घरपरिवाले गाई पालनलाई प्रथम तथा मात्र ४.३९% ले भैसी पालन गरेको र यसरी पालिएका पशुबाट बार्षिक रुपमा १६५९०६० लिटर दुध उत्पादन भईरहकेको<br>● मासु उत्पादकालागि ७७.०५ % घरपरिवारले खसिबाखा पाल्ने, २६.७५ % ले सुंगुर बंगर तथा २८.७४ % ले कुखुरा पालन गरी १२५४३० के.जी मासु तथा माछाको उत्पादन हुने गरेको,तथा बार्षिक ८० केजी मह उत्पादन हुने<br>● ५८.०८ % ले गाईपालन, १ % ले भैसिपालन, ३५.५३ % ले बाखा पालन, ३.९९ % सुंगुर बंगुर पालन, ७.९८ % ले कुखुरा पालन, ९.९८ % ले माछापालन तथाअन्य पालनमा सबै भन्दा कम ०.४० % इच्छा प्रकट गरेको<br>● कुनै पनि घरपरिवारले आधुनिक प्रविधिको प्रयोग गर्त थालेको पाईएन भने ८२.४३ % घरपरिवारहरु अहिले पनि परम्परागत रुपमानै पशुपालन गरिरहेका<br>**तसर्थः यस वडामा आधुनिक प्रविधिको प्रयोग सहित दुधको लागि गाई र भैसी तथा मासुकोलागि खसिबाखा, सुंगुरबंगुर र कुखुरा पालनलाईनै विशेष प्राथमिकतामा राखेर योजना तर्जुमा गर्नु पर्ने अवस्था देखिएको :** |
| ९ | पशुपन्छीकालागि आवश्यक आहारा तथा चरन क्षेत्र तथा पशुपन्छी उत्पादनका लागि बजारको | ● झन्डै ८०.८४ % घरपरिवारमा दुधिलो, निभारो, बाँस, गोगुन तथा काउलो जस्ता डालेधाँसको पर्याप्तता रहेको<br>● झण्डै ८६.८३ % घरपरिवारमा खरुकी, ढुसी तथा अम्लिसो जस्ता भुईघाँसको उपलब्धता रहेको<br>● पशु चरनकालागि चरन क्षेत्रको व्यवस्था भने नरहेको<br>● अन्य पशुपन्छी आहारको उपलब्धता नरहेको<br>● पशुपन्छी उत्पादनकालागि उपयुक्त बजारको अभाव<br>**तसर्थः भविष्यमा व्यवसायिक रुपमा पशुपन्छी पालनको व्यवस्था गर्न पशुपन्छी** |

| | | |
|---|---|---|
| | उपलब्धता | **आहार, आधुनिक प्रविधि, चरन क्षेत्र तथा बजारको उपयुक्त व्यवस्थापन गर्न अनिवार्य रहेको** |
| १० | माटोको प्रकार र गुणात्मक अवस्था, सिँचाई र सडक सुविधा | ● यस अध्ययनका आधारमा झण्डै १८.१६ % घरपरिवार सँग दुमट, १९.५६ % घरपरिवारसँग बलौटे दुमट, तथा ६१.२८ % घरपरिवारसँग चिम्ट्याइलो माटो रहेको<br>● माटो परिक्षण सम्बन्धी प्रयोगशाला प्रतिवेदनका आधारमा परिक्षण गरिएका ७वटा नमुना मध्ये सबैमा बलौटे दुमट प्रकारको माटो रहेको, माटोमा केहि नमुना बाहेक प्रायमा अम्लियता बढी भएको, कृषिबालीकालागि चाहिने आवश्यक पोषक तत्वको हकमा केहि नमुना बाहेक प्राङ्गारिकको मात्रा, नाईट्रोजन, फसफोरस र पोटासको मात्रा न्यून रहेको पाईएको<br>● करिब ७८.८४ % घरपरिवारमा उचित र व्यवस्थित सिचाईको सुविधा नभएको<br>● करिब ५५.२८ % घरपरिवारमा सडक सुविधा पुगेको भए तापनि करिब २ % घरपरिवारले प्रयोग गर्ने सडकमा पुल तथ कलभर्टको अभाव रहेको, बनेका सडकहरु मध्ये करिब ९६.८० % घरपरिवारले उपयोग गर्ने सडकहरु कच्चि रहेका कारण वर्षादको बेला यातायातका साधन सञ्चालनमा कठिनाई रहेको<br>**तसर्थः यस वडालाई कृषि र पशुपालनको हकको रुपमा विकसित गर्नकालागि माटोको उर्वरशक्ति वृद्धिकालागि उपयुक्त प्राङ्गारिक मलको व्यवस्थापन, पर्याप्त मात्रामा सिचाईको व्यवस्थापन, कम्तिमा बर्षै भरी यातायातका साधन सञ्चालन हुन सक्ने गरिका सडक सुविधाको व्यवस्थापन गर्न अनिवार्य रहेको** |
| ११ | कृषिको व्यवसायिकिकरणले रोजगारी सृजना र आय आर्जनमा पुऱ्याउने योगदान तथा यन्त्र उपकरणको आवश्यकता | ● ९५.८१% ले कृषिको व्यवसायिकिकरणले पारिवारिक रोजगारीको सृजना र आय आर्जनमा प्रत्यक्ष योगदान पुऱ्याउने राय प्राप्त भएको<br>● ट्याक्टर, हाते ट्याक्टर, मिनि टिलर लगायतका आधुनिक यन्त्र उपकरणको थप आवश्यकता रहेको<br>**तसर्थः यस वडालाई कृषि तथा पशुपन्छी पालनको हवको रुपमा विकसित गर्न स्थानियबासी तयार रहेको देखिएता पनि नीतिगत निर्णय र दिगो योजनाका साथ आधुनिक यन्त्र उपकरणको व्यवस्था गर्न अनिवार्य देखिएको** |
| १२ | सेवा सुविधाको उपभोग | ● ७.९८ % घरपरिवारमा विद्युत सेवा पुगेको, ६१.८८ % घरपरिवारमा खानेपानीको उपलब्धता रहेको, ३७.९२ % घरपरिवारमा टेलिफोन सुविधा उपलब्ध रहेको साथै २३.९५ % घरपरिवारमा नेटईन्टरनेटको सेवा पुगेको<br>**तसर्थः कृषि तथा पशुपन्छी पालन व्यवसायलाई प्राथमिकताका साथ अघि बढाउन र राष्ट्रिय तथा अन्तराष्ट्रिय बजार सञ्जालमा आवद्ध हुनकालागि कठिनाई रहेको र सेवाको थप विस्तार र गुणस्तरमा सुधार हुनु पर्ने अवस्था रहेको** |
| १३ | बैंक वित्तीय संस्था तथा सहकारिमा पहुँच | ● २९.९४ % घरपरिवारले मात्र बैंक वित्तीय संस्था, लघुवित्त संस्था र बचत तथा ऋण सहकारी संस्थाको सेवा लिईरहेको अवस्था रहेको बताएका छन भने करिब ७ % यस बारेमा केहि खोलेको पाईएन<br>● कृषि सहकारी संस्थामा भने करिब ७.९८ % घरपरिवारको सहभागिता रहेको<br>● ४९.३० % घरपरिवारले लगानीको श्रोतको रुपमा लघू वित्त संस्था र सहकारी बाटै सम्भावना रहेको उल्लेख गरेका छन ।<br>**तसर्थः कृषि तथा पशुपन्छी पालनलई व्यवसायिकिकरण गर्नकालगि आवश्यक कृषि सहकारीमा आद्धता उल्लेख्य नरहेको भए तापनि आर्थिक श्रोतको अभाव हुन नदिन तथा वित्तीय कारोवारलाई सहज पार्न बैंक तथा वित्तीय संस्थाको उपस्थितिको पर्याप्त र अनिवार्य व्यवस्थापन गर्नू पर्ने अवस्था देखिएको** |

| | | |
|---|---|---|
| १४ | जनशक्तिको उपलब्धता र अवस्था | ● ९३.८१ % घरपरिवारले जनशक्तिको उपलब्धता रहेको र त्योपनि आफ्नै परिवारका सदस्य बाट पुरा हुने जानकारी गराएको<br>● कारणबस आफ्नै परिवारका सदस्य बाट पुरा हुन नसके छिमेकी स्थानिय तहबाट थप व्यवस्थापन गर्न सकिने तर विदेश बाट ल्याउनु नपर्ने राय प्राप्त भएको<br>**तसर्थः माङसेबुङ गाउँपालिका वडा नं. ६ मा जनशक्तिको उपलब्धतामा हिसाबले सक्षम रहेको देखिएको भए तापनि प्राविधिक जनशक्तिको आवश्यकता र व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायकालागि भविश्यमा थप जनशक्तिको आवश्यकता रहन सक्ने तर्फ समयमा नै सचेत भई रहनु पर्ने अवस्था रहेको** |
| १५ | व्यवसायिक कृषि कार्यको वर्तमान अवस्था र तालिमको आवश्यकता | ● ८.३८ % घरपरिवारले वर्तमानमा व्यवसायिक कृषि कार्यमा सम्लग्न रहे नरहेको बारेको जिज्ञासामा मौन रहेको, ७८.०४ % घरपरिवारले कृषि व्यवसाय सम्बन्धी तालिम नै नलिएको, ९५.८१ % घरपरिवारले तालिमको आवश्यकता रहेको र त्यो तालिम पनि कृषि तथा पशुपालनका विषयमा नै हुनु पर्ने माग गरेको साथै अबको आधुनिक दुनियामा व्यवसायिक कृषि कार्यको ढाँचा पारिवारिक वा सामुहिक वा सहकारितामा आधारित हुनेकि अन्य कुनै सोच बनाउनु भएको छ भनि राखिएको जिज्ञासामा ९.९८ % घरपरिवारले केहि पनि उल्लेख नगर्नुले यस स्थानको व्यवसायिक कृषि तथा पशुपालनको वर्तमान अवस्था परम्परागत र गुजारमुखि रहेको स्पष्ट पारेको<br>**तसर्थः व्यवसायिक कृषि प्रणाली, यसको अपरिहार्यता र आर्थिक समृद्धिमा यसको महत्वका विषयमा स्थानियबासीलाई जानकारिमुलक सन्देश र ज्ञान तथा सिप प्रदान गर्नू पर्ने आवश्यकता देखिएको** |
| १६ | विउविजन, मल तथा किटनासक विषादी | ● विउ विजन तथा विरुवाको आवश्यकतामका बारेमा करिब १२.१८ % घरपरिवारले केहि पनि उल्लेख नगरेको<br>● ७३.८५ % घरपरिवारले मात्र मलको उपलब्धता रहेको उल्लेख गरेको, ८१.८४ % घरपरिवारले प्राङ्गारिक मल मात्र प्रयोग गर्ने गरेको उल्लेख गरेको<br>● रासायनीक मल प्रयोगको अवस्था सून्य रहेको साथै ८९.८२ % घरपरिवारले किटनासक विषादीको प्रयोग नभएको भनि विवरणमा जानकारी गराएको साथै ८९.८२ % घरपरिवारले सम्बन्धित प्राङ्गारिक मल परम्परागत रुपमा आफैले तयार गर्ने गरेको जानकारी गराएको<br>**तसर्थः यस स्थानमा अधिकाँस कृषि तथा पशुपन्छी बाली प्राङ्गारिक हुने देखिएको भएता पनि परम्परागत प्रणालीमा सुधार गरी व्यवसायिक कृषि कार्यमा अघि बढाउन आधुनिक ज्ञान र सिपको साथै स्थानिय घरपरिवारलाई सुशिक्षित बनाउने गरिको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन अनिवार्य देखिएको** |
| १७ | बजारिकण तथा बजारको उपलब्धता | ● परम्परागत रुपमा गरिदै आएको खाद्य वस्तु तथा कृषि तथा पशुपन्छी बालिबाट उत्पादित वस्तुहरु आफुलाई वर्षभरी खान पुग्ने जति राखेर बाँकि मात्र स्थानिय बजारमा वा घरघरमा नै आउने खरिदकर्ताहरुको विकि वितरण गर्ने गरेको<br>● ६६.०७ % घरपरिवारले थोरै मात्रामा भए पनि आफ्ना उत्पादन बजार तथा उद्योगमा विकि गर्ने गरेको, करिब ८५ % घरपरिवारले विशेष गरी मासु ( खसी, कुखुरा) तथा दुध उत्पादनगरी नजिकमा रहेको (स्थानिय डेरी)पञ्चमी तथा दमकबजारमा विकी वितरण गर्ने गरेको<br>● पर्याप्त बजारको सुविधा नरहेको<br>**तसर्थः व्यवसायिक रुपमा कृषि तथा पशुपालनमा स्थानियबासीलाई अभिप्रेरित गरी** |

| | | |
|---|---|---|
| | | **उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न आधुनिक प्रविधिको प्रयोग र कृषकहरुबाट उत्पादन गरिएको बस्तुहरुको सुनिश्चित बजार सञ्जालको विकास गर्न अनिवार्य देखिएको** |
| १८ | कृषि तथा पशुपन्छी पालनमा घरपरिवारको रुची | ● भविश्यमा व्यवसायिक रुपमा अघि वढाउन चाहेको व्यवसायको हकमा (२९.९४ %) घरपरिवारले अन्नबालीलाई प्राथमिकतामा राखेको, (०.४० %) घरपरिवारले तेलहनबालीमा अभिरुची व्यत्तल गरेको, (८०.२४%) घरपरिवारले तरकारीबालीलाई विषेश जोड दिएको, (१९.३६ %) फलफूल खेतीलाई आफ्नो महत्वपूर्ण रोजाईमा राखेको, (५९.८८ %) घरपरिवारले पशुपालनलाई समेत प्राथमितामा राखेको, (७.९८ %) घरपरिवारले मात्र पन्छीपालनलाई प्राथमिकतामा राखेको पाईएको<br>● माछापालन कसैको रोजाईमा नपरेको<br>● दुधको लागि गाईपालन र भैसी पालन साथै मासुकालागि खसिबाखा र कुखुरा प्रथम रोजाई भित्र रहेको देखिन्छ भने फलफूलमा किवि, कागति खेति साथै तरकारी आलु, बन्दा तथा फूलकोवी र मुला खेतिलाई विषेश रुपमा अपनाउन खोजेको अवस्था छ । अन्नबालीको हकमा मकै र कोदो खेती विशेष रोजाईमा रहेको अवस्था देखिन्छ ।<br>**तसर्थः प्रायः धेरै परिवारले दुई वा दुई भन्दा बढी उत्पादनहरु रुची राखेको तथा प्रतिशतको हिसावले स्थानियबासीको रोजाईमा रहेका पेशा व्यवसाय मध्ये सवै भन्दा बढी रुचीको क्षेत्र भनेमो तरकारीखेती, फलफूलखेती र पशुपालन रहेको** |
| १९ | विशेष अवस्था | ● कृषिको व्यवसायिकिकरणकालागि कहिँ कतै बाट हाल सम्म कुनै पनि अनुदान प्राप्त नगरेको<br>● नजिकमा कुनै पनि उद्योग वा प्रशोधन केन्द्रहरु नरहेको<br>● व्यवसायीक कृषिकालागि स्थानिय तहले कुनै नीति, योजना तथा कार्यविधि बनाएको नबनाएको विषयमा जानकारी नभएको र बनाउन सम्भावना भने रहेको उल्लेख गरेको<br>● व्यवसायिक कृषि कार्यकालागि स्थानिय तहले छुट्याएको बजेटका बारेमा कसैलाई पनि थाहा नभएको<br>**तसर्थः व्यवसायिक कृषि विकासमा अनुदानको व्यवस्था, कृषि वस्तुमा आधारित उद्योग व्यवसायको स्थापना, स्थानिय तहबाट दीर्घकालीन नीति, योजना तथा कार्यक्रम र बजेट समेतको व्यवस्था र स्थानियबासीलाई जानकारी र सूचनाको पहूँच स्थापित गर्नु पर्ने जिम्मेवारी माङसेबुङ गाउँपालिकाको रहेको** |
| २० | संस्थागत अध्ययन (सहकारी संस्था) | ● महिलाको सहभागिता एकतीहाईको हाराहारिमा रहेको<br>● जनजाती, क्षेत्री र दलितको सयुक्त सहभागिता रहेको<br>● अधिकतम प्रतिशतले कृषि र पशुपालन व्यवसायलाई प्राथामिक्ता दिएको<br>● अन्न बालीमा मकै, कोदो, फापर, तेलहन बालीमा तोरी तथा भटमास र अन्य नगदे बालीमा अलैची, अम्लिसो, चिया, अदुवा, बेसार, तरकारी खेतीमा फूलकोवी, बन्दाकोवी, आलु, मुला, स्कुस, फर्सी, काँको तथा सिमि र बोडी साथै फलफूलको हकमा किवि, कागति खेतीलाई मुख्य तथा सहायक उत्पादनको रुपमा स्वीकारिएको<br>● दुध उत्पादनकालागि गाई, भैसी, मासुकोलागि खसिबाखा, कुखुरा पालन गर्ने गरेको<br>● कृषिबाली तथा पशुपन्छी पालनसँग सम्बन्धित सबै कार्य परम्परागत रहेको<br>● पशुआहारकालागि डालेघाँस र भुइघाँस मात्र उपलब्ध रहेको तर पर्याप्त नरहेको<br>● पशुचरनकालागि चरन क्षेत्र र कृषि तथा पशु उत्पादन बिकी वितरणकालागि |

| | | |
|---|---|---|
| | | बजारको अभाव रहेको<br>● प्रायः सबैको व्यक्तिगत नम्बरी जग्गा कम रहेको तथा ऐलानी जग्गा रहेको, जमिन प्राय भिरालो प्रकारको रहेको<br>● माटोमो हकमा कालो, बलौटे दुमट साथै चिम्ट्याइलो रहेको<br>● सिँचाईको सुविधा नपुगेको तर नजिकै रहेका खोलाबाट तथा बोरीङ्गबाट पुग्ने सम्भावना रहेको<br>● कच्चि सडकको सुविधा पुगेको तर कहि कहि चौडाइ कम रहेको तथा वर्षातकोबेला यातायातका साधन सञ्चालन हुन कठिनाई रहेको तथा ठाउँ ठाउँमा पुल तथा कलभर्टको अभाव रहेको<br>● कृषिबाली तथा पशुपन्छी बाली बिमा नगरेको<br>● आधुनिक कृषि तथा पशुपन्छी पालन व्यवसायसँग सम्बन्धित यन्त्र उपकरणको आवश्यकता रहेको<br>● विद्युत, खानेपानी, टेलिफोन, नेट इन्टरनेटको सेवालाई सर्वसुर्लभ र प्रभावकारी बनाउनु पर्ने<br>● लगानी र आय परिचालनकालागि बैंक वित्तीय संस्थाको सुविधा उपलब्ध हुनु पर्ने<br>● सामुहिक तथा एकल परिवारसँग सम्बन्धित गरी व्यवसाय सञ्चालन गर्न सकिने<br>● उन्नत जातको विउविजनको अभाव रहेको, आफ्नै घरमा प्राङ्गारिक मल उपलब्ध रहेको<br>● किटनासक विषादी तथा रासायनिक मलको प्रयोग गर्ने नगरिएको<br>● कृषि तथा पशुपन्छी पालन व्यवसायकालागि प्राथमिकताका क्षेत्र मध्ये तरकारी, फलफूल, पशुपालन, तेलहन बाली लाई बढी प्राथमिकतामा राखिएको तथा पशुपालनमा गाई तथा खसिबाखा पालन, फलफूल तर्फ कागति, किवि खेती, तरकारी तर्फ कोवी, मुला, स्कुस तथा आलु प्राथमिकतामा परेको ।<br>**तसर्थः पूर्वाधारको विकासकालागि नीतिगत, योजनागत रुपमा अघि बढ्न सके कृषि तथा पशुपालनको कार्यलाई स्थानियबासीकै चाहाना बमोजिम व्यवसायिक रुप प्रदान गर्न सकिने सम्भावना सम्बन्धित संस्थाहरुको निष्कर्षको रुपमा रहेको** |
| २१ | समूहगत छलफल तथा अन्तरकृयाको निष्कर्ष | **१. कृषि तथा पशुपन्छीः देहाय बमोजिमका कृषि तथा पशुपन्छी बालीलाई आधुनिक तथा प्रविधि मैत्री व्यवसायीक उत्पादनको रुपमा अघि बनाउन सकिने**<br>● अन्नबालीमाः मकै, कोदो, गहुँ र फापरको राम्रो सम्भावना रहेको साथै मकै खेतीलाई भने तत्कालै थप विस्तार गर्न सकिने<br>● फलफूल बालीमा : किवि, एवाकाडो, कागती, सुन्तला, आल्चा, नास्पति, आरु, र ठेर्काफलहरुको राम्रो सम्भावना रकेको तथा किवि, कागति खेतीलई भने तत्कालै थप विस्तार गर्न सकिने<br>● तेलहन बालीमाः तोरी, भटमासको सम्भावना रहेकोमा भटमास खेतीको विस्तार गर्न सकिने<br>● दालहनमाः मास तथा मश्याम दाल मध्य मश्यामको उत्पादन लाई विस्तार गर्न सकिने<br>● नगदेबालीमाः अलैची, अम्लिसो र अदुवा खेती राम्रो रहेका र थप आधुनिक प्रविधि सहित यीनिहरुको थप विस्तार गर्न सकिने<br>● तरकारीबालीमाः आलु सिमि बोडी, टमाटर, मटर, लसुन, प्याज, साग, मुला, फर्सी, स्कुस, काँक्रा, अकबरे खोर्सानी, गाजर, कोवी, तथा सिस्नुको राम्रो सम्भावना रहेको तथा आलु खेतीलाई तत्कालै थप विस्तार गर्न सकिने |

- पशुपन्छी पालन तथा पशुपन्छी उत्पादन

  **क**. पशुपन्छी पालनः गाई भैसी, बाखा, भेडा, कुखुरा, सुंगुर बंगुर, हाँस, माछा पालनको सम्भावन रहेको साथै गाई, बाखा तथा कुखुरा पालनलाई तत्कालै थप विस्तार गर्न सकिने

  **खं** पशुपन्छी उत्पादनः दुध, घ्यु, छुर्पी, महि, दहि मासु तथा माछाको उत्पादनको राम्रो सम्भावना रहेको र सबै क्षेत्रको विस्तार गर्न सकिने

**२. प्रविधिको प्रयोगः नयाँ तथा आधुनिक प्रविधिको प्रयोगमा स्थानियबासीको पर्याप्त उत्साहा देखिएकोले देहाय बमोजिम गर्न सकिने**

- सिँचाईकालागि बोरीङ्ग, प्याष्टिक पोखरी, स्प्रिङ्गकुलर, ड्रिपिङ्ग इरिगेसन (थोपा सिँचाई) जस्ता प्रविधिको प्रयोग गर्न सकिने, प्राङ्गारिक मलको हकमा गोठे मल, कम्पोष्ट मल, भर्मिकम्पोष्ट मल उत्पादन गर्न सकिने, मेशिन तथा यन्त्र उपकरणको हकमा हाते ट्याक्टर वा मिनिटिलर/ स्प्रेर्स, विद्युतिय मेशिनबाट घाँस काट्ने औजार, बिरुवा छाटकाट गर्ने तथा कटिङ ट्रेमिङ गर्ने कैचि वा औजारहरु साथै चिया टिप्ने औजार, वीउ छर्ने मेशिनहरुको व्यवस्थापन गर्न सकिने
- पशु विकासकालागि नश्लसुधार कृत्रिम गर्भाधानको व्यवस्था, उन्नत जातको विउ विजन, उन्नत जातको घाँसको विस्तार, गोठ सुधार तथा व्यवस्थापन, चिया तथा अलैचि बालीकालागि आधुनिक भट्टी तथा सुकाउने प्रविधिको व्यवस्था, तेल पेल्ने मेशिन, काठ मिल तथा कारखाना, लोक्ता अल्लोको प्रशोधन कारखाना, दुध संकलन तथा प्रशोधन केन्द्र, जडिबुटि प्रशोधन केन्द्र तथा फलफूल प्रशोधन केन्द्रको स्थापना र विकास गर्न सकिने
- माटो परिक्षण गर्ने यन्त्र र जैविक विषादीको मात्र प्रयोग गर्न सकिने

**३. संघीय, प्रदेश तथा स्थानिय सरकारको जिम्मेवारी**

- नयाँ नयाँ प्रविधि तथा आधुनिकिकरणकालागि योजना तर्जुमा गर्ने, उन्नत जातका कृषि उत्पादन तथा पशुपन्छीको उपलब्धता तथा प्रविधिको प्रयोगमा आवश्यक तालिमहरुको व्यवस्था गर्ने, आधुनिक कृषि औजारहरुको प्रयोग र व्यवस्थापन गर्ने साथै औजार मेशिन वितरण केन्द्रको स्थापना गर्ने, स्थानिय कृषि अनुसन्धान केन्द्रको स्थापना गर्ने, विद्यालय स्तरमा कृषि तथा पशुपन्छी व्यवसाय सम्बन्धी अध्यापन गराउने जस्ता कार्य गर्न सकिने
- कृषि बाली तथा पशुपन्छी बाली विमा कार्यक्रमलाई प्रभावकारी बनाउन सकिने
- यातायात र ढुवानीको व्यवस्था हुने गरि सडक विकास र निर्माण गर्न सकिने

**४. स्थानिय स्तरमा जनशक्तिको उपलब्धता रहेका कारण देहाय बमोजिमका कार्य गरी उनीहरुलाई कृषि कार्यमा आकर्षित गर्न सकिने**

- आवश्यक तालिमको व्यवस्था गरी स्थानिय जनशक्तिलाई सव प्राविधिक बनाउने तथा मासिक तलब समस्याअनुकुल तोक्ने साथै ज्ञान तथा सिपको प्रयोगात्मक पक्षमा बढी ध्यान दिने

**५. बजारको पहँच विस्तारः बजारको पहुँच र विस्तारकालागि देहायका कार्य गर्न सकिने**

- सहज यातायात तथा ढुवानीका साधन सञ्चालनका लागि सडक पूर्वाधार

| | | |
|---|---|---|
| | | निर्माण गर्न सकिने<br>● कृषि तथा पशु जन्य उत्पादनहरुको उपयुक्त मूल्य निर्धारण गर्ने<br>● स्थानिय उत्पादनको जानकारीकालागि विज्ञापन तथा कृषि मेला तथा प्रदर्शनिको आयोजना गर्ने<br>● बजारको सुनिश्चितताकालागि सम्भावित बजारको खोजि, बजारसँगको सिधा सर्म्पकको स्थपना, साथै स्थानिय, प्रदेश र केन्द्रिय सरकार मार्फत राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारहरुमा सहज पहुँचको अवसर श्रृजना गर्न सकिने<br><br>**६. आर्थिक श्रोत, सहयोग र पहुँचः कृषक तथा व्यवसायिलाई आर्थिक श्रोतको दरिलो र विश्वासिलो व्यवस्थापनका लागि देहायका कार्य गर्न सकिने**<br>● आत्म निर्भर नहुँदाका बखत सम्म कृषिमा आर्थिक अनुदानको सुनिचिश्तता गर्ने, सुलभव्याजमा ऋण प्राप्त हुन सक्ने व्यवस्था मिलाउने तथा सफल कृषकलाई पुरस्कृत र सम्मान जस्ता कार्यक्रम सञ्चालन गर्ने<br><br>**७. बिबिधः यस क्षेत्रलाई कृषि तथा पशुपन्छी पालनको हवको रुपमा विकास र विस्तार गर्न देहाय बमोजिमका थप कार्य गर्न सकिने अवस्था रहेको**<br>● स्थानिय स्तरमै उद्योग तथा प्रशोधन केन्द्रहरुको स्थापना गर्न सकिने<br>● कृषि पर्यटन व्यवसाय तर्फ कृषकहरुलाई उन्मुख गराउनु सकिने<br>● कृषि र पशुपन्छी पालनलाई वैज्ञानिक र आधुनिकिकरण गर्न सकिने<br>● सरकारी तथा गैर सरकारी निकाय र संस्थाहरुसँग समन्वय र साझेदारी गर्न सकिने<br>● कृषिमा लाग्ने रोगको उपचार, मित्र किराहरुको जानकारी तथा जैविक नियन्त्रणबारे कृषकलाई समयमै जानकारी गराउन सकिने<br>● उन्नत जातका गाई, बाख्रा, कुखुरा लगायतका सबैखाले पशुपन्छिका प्रकार बारे खोजी गर्ने साथ कृषकहरुलाई यथार्थ अवस्था जानकारी गराउने<br>● कृषक तथा कृषिबालीलाई माथिल्लो तहबाट अनुगमन तथा मुल्याङ्कनको व्यवस्था गर्न सकिने<br>● कृषि तथा पशुपन्छी पालन, उत्पादन र बजारिकरणका बारेमा गोष्ठी, तालिम जस्ता कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न सकिने |

### ७.२ सिफारिसहरु

माङसेबुङ गाउँपालिका वडा नं. ६ को यस अध्ययनबाट प्राप्त विवरण र विवरणका आधारमा निस्किएका निष्कर्ष तथा कृषि तथा पशुपन्छिपालनलाई व्यवसायिक रुप प्रदान गर्न स्थानियबासीले प्रकट गरेको ठूलो ईच्छा र चाहाना समेतलाई मध्य नजरमा राखेर हेर्दा यस क्षेत्रमा कृषि विकास तथा पशुपालनको व्यवसायिकीकरण मार्फत आर्थिक समृद्धिको मार्ग अघि बढाउन सकिने संभावना रहेको देखिएको छ । स्थानिय स्तरमा देखिएको संभावना र स्थानियबासीको चाहाना दुवैलाई केन्द्र विन्दुमा राखेर कृषि तथा पशुपन्छी पालनलाई व्यवसायिक रुप प्रदान गर्न यस अध्ययन प्रतिवेदन मार्फत देहाय बमोजिमका सिफारिसहरु गरिएका छन् । उल्लेखित सिफारिसले एकातर्फ बाली विकासको रुपमा स्थापित हुने मुल लक्ष्यलाई स्थापित गर्नेछ भने अर्कोतर्फ बाली विकासको लक्ष्यलाई परिणाममुखि बनाउन सहयोग पुऱ्याउने छ । यस अध्ययन प्रतिवेदन मार्फत गरिएको सिफारिसहरुको सफल कार्यान्वयनबाट माङसेबुङ गाउँपालिकाको दिगो विकास र समृद्धिको मार्गले गतिलिने अपेक्षा गरिएको छ ।

#### ७.२.१ कृषि तथा पशुपन्छी बालिका प्रकारः

माङसेबुङ गाउँपालिका वडा नं. ६ लाई कृषि तथा पशुपन्छीपालनको हवको रुपमा अघि बढाउन अध्ययन विवरण तथा प्राप्त निष्कर्षका आधारमा प्राथमिकता कम अनुसार मुख्य सिफारिसमा परेका कृषि तथा पशुपन्छी बालीहरु तालिका नं. ५५ मा उल्लेख गरिएको छ । उल्लेखित प्राथमिकता स्थानियबासीको चासो र सरोकारका

आधारमा समान्य हेरफेर हनु सक्ने तथा बजारको माग बमोजिम प्राथमिकता क्रम तलमाथि हुन सक्ने सम्भावनालाई समेत यस अध्ययनले स्वीकारेको अवस्था रहेको छ।

**तालिका नं. ५५: सिफारिसमा परेका कृषि तथा पशुपन्छी बालीहरु**

| क.सं. | बालीको प्रकार | प्राथमिकता | | | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रथम | दोश्रो | तेस्रो | |
| **क. कृषिबाली** | | | | | |
| १ | तरकारी | आलु, स्कुस, मुला, फुलकोवी, बन्दाकोवी, टमाटर, रायोकोसाग र काँको | सिमि, बोडी मटर, अकबरे खोर्सानी, लसुन | फर्सी, , प्याज, गाजर, टमाटर तथा सिस्नु | |
| २ | फलफूल | किवि, कागति एभोकाडो, | सुन्तला नास्पती, आल्चा आरु | केरा, ठेकीफल | |
| ३ | तेलहन | भटमास | तोरी | सूर्यमुखी | |
| ४ | दालहन | मास | मस्याम | बोडी | |
| ५ | नगदेबाली | अम्लिसो, अदुवा | अलैचि, चिया | बेसार | |
| ६ | अन्नबाली | मकै | कोदो | गहुँ, फापर | |
| **ख. पशुपन्छी** | | | | | |
| १ | दुग्ध उत्पादन | गाई | भेंसी | बाखा | |
| २ | मासु उत्पादन | खसी बाखा, सुँगुर, बँगुर | कुखुरा | माछा | |
| **ग. जडिबटि** | | लौठसल्ला, चिरैतो, टिमुर, सतुवा | लेम्चोङ्ग, ओखे, पाँच अैलो विसजरा, बुडी ओखती | विखमा, खोर्काम, लोक्ता, धसिङ्गे मजिठो | |
| **घ. प्रशोधन उद्योग** | | | | | |
| १ | फलफूल | जुस तथा जाम | | | |
| २ | तेलहन | | तेल मिल | | |
| ३ | अन्नबाली | पशुपन्छी आहार | | | |
| ४ | काठ तथा काठ जन्य प्रशोधन | | प्लाईउड तथा चिरानी मिल | | |
| ५ | पशु जन्य पदार्थको उत्पादन | दुध, घ्यु, दही, चिज छुर्पि लगायत | प्रशोधन गर्ने | | |
| ६ | जडिबुटी प्रशोधन | जडिबुटी सुकाउने | प्रशोधन गर्ने | | |
| ७ | तरकारी प्रशोधन | | तरकारी धुने, छाट्ने, काट्ने तथा प्याकिङ गर्ने | | |
| ८ | चिया | प्रशोधन गर्ने | | | |
| ९ | अलैची | आधुनिक सुकाउने मेशिन तथा उपकरण | | | |

### ७.२.२ सेवा प्रवाह र पूर्वाधार विकास सँग सम्बन्धित सिफारिसहरुः

मुख्य रुपले सिफारिस गरिएको कृषि तथा पशुपन्छी बालीहरुको दिगो उत्पादन व्यवस्थापनबाट माङसेबुङ गाउँपालिका वडा नं. ६ लाई कृषि तथा पशुपन्छी विकासको हवको रुपमा विकास गर्न देहाय बमोजिमका सेवा प्रवाह र पूर्वाधार विकास अनिवार्य हुन आउँछन् । कृषि विकाससँग सम्बन्धित रहेर कार्यान्वयनकालागि सिफारिस गरिएका यी विषय वस्तुको सफल र प्रभावकारी कार्यान्वयन विना कृषि तथा पशुपन्छी बालीले सार्थक परिणाम प्राप्त गर्न कठिन हुने भएबाट सफल कार्यान्वयनको अपरिहार्यता समेत स्वीकारिएको छ । माङसेबुङ गाउँपालिका वडा नं. ६ लाई कृषि तथा पशुपन्छी विकासको केन्द्रको रुपमा विकसित गर्न देहाय बमोजिमका कृषि तथा पशुपन्छी बाली पूर्वाधार निर्माण, विकास, व्यवस्थापन र प्रवर्द्धनकालागि सिफारिस गरिएको छ । सिफारिसमा परेका विषयहरु तालिका नं. ५६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५६: पूर्वाधार निर्माण, विकास, व्यवस्थापन र प्रवर्द्धनका गर्नु पर्ने कार्यको सिफारिस**

| क.सं. | क्षेत्र | कृषि तथा पशुपन्छी पालनको व्यवसायिकीकरणकालागी गर्नु पर्ने पूर्वाधार निर्माण, विकास, व्यवस्थापन र प्रवर्द्धका गर्नु पर्ने कार्यको सिफारिस |
|---|---|---|
| १ | नीतिगत तथा कानुनी | ● राष्ट्रिय रणनीति बमोजिम स्थानिय स्तरको भू-उपयोग नीति र योजना निर्माण गर्ने<br>● एकीकृत बस्तिविकासको नीति तथा योजना निर्माण गरी कृषि योग्य जमिनको विस्तार गर्ने<br>● कृषि योग्य जमिन बाँझो राख्नेलाई कारबाहीको दायरामा ल्याउने<br>● एकल, सामुहिक, सहकारी वा प्रा.लि. सहितका कृषि तथा पशुपालनका सम्भाव्य सबैखाले उपायको खोजी, प्रयोग र विस्तार गर्ने<br>● वडा नं. २ लाई कम्तिमा एक घर एक उत्पादन, एक समूह एक उत्पादन वा एक सहकारी एक उत्पादनको नीति निर्माण गर्ने<br>● माटो परिक्षण गरी कृषिको उत्पादनको आधारमा पकेट क्षेत्र निर्धारण गर्ने साथै वडा नं. २ लाई **"कृषिबाली तथा पशुपन्छी बगैंचा"**को रुपमा विकास गर्ने गरी लक्ष्य निर्धारण सहित परिभाषित गर्ने<br>● कृषि तथा पशुपन्छी बालीको व्यवसायिकीकरणकालागि ४ नं. वडासमितिको निर्णय, वडा कार्यालयको सिफारिस, गाउँपालिकाको योजना तर्जुमा समितिको निर्णय सिफारिस, गाउँकार्यपालिकाको निर्णय सिफारिस प्रस्ताव तयार गरी गाउँसभाबाट अन्तिम निर्णय गर्ने<br>● व्यवसायिक कृषि तथा पशुपन्छी पालन र बजारिकरणकालागी आवश्यक स्थानिय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गर्ने<br>● कृषि तथा पशुपन्छी बाली विकासकालागि आधुनिक यन्त्रको प्रयोग तथा यन्त्रिकरणमा सहुलियत प्रदान गर्ने<br>● व्यवसायिक कृषि तथा पशुपन्छी पालन फर्म सञ्चालनमा कर छुट सहित विषेश सहुलियत प्रदान गर्ने<br>● युवा स्वरोजगार कार्यक्रमकालागि विशेष सहुलियत र अनुदानको व्यवस्था गर्ने<br>● स्थानिय पाठ्यक्रमको विकास गरी माध्यमिक तह सम्म कृषि तथा पशुपन्छी बालीका बारेमा प्राविधिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने<br>● कृषक परिचय पत्रको व्यवस्था गरि कृषकको स्थर निर्धारण गर्ने |
| २ | संस्थागत | ● कृषि तथा पशुपन्छी विकास शाखाको व्यवस्था गर्ने<br>● कृषि तथा पशुपन्छी बाली विमा समन्वय युनिटको व्यवस्था गर्ने<br>● कृषि तथा पशुपन्छी बाली बजारिकरण समन्वय यूनिटको व्यवस्था गर्ने<br>● सूचना प्रविधिसँग व्यवसायिलाई जोड्न सूचना सञ्जालको व्यवस्था गर्ने<br>● व्यवसायिक कृषि तथा पशुपन्छी पालनको लागि लगानी योजना सहितको दीघएकालीन, मध्यकालीन तथा अल्पकालीन योजना तर्जुमा गर्ने |

| | | |
|---|---|---|
| ३ | | ● कृषि तथा पशुपन्छीपालन क्षेत्रको नक्साङ्कन निर्माण गर्ने<br>● व्यवसायिक कृषि तथा पशुपन्छी पालनकालागि सरोकारवालाको सहभागितामा एक समन्वय सम्यन्त्रको निर्माण गर्ने<br>● व्यसायिक फर्मलाई दर्ता गर्ने व्यवस्था मिलाई आधिकारिकता प्रदान गर्ने<br>● सार्वजानिक निजी साभ्रेदारी, सामुदायिक निजी साभ्रेदारी, सार्वजानीक सामुदायीक निजी साभ्रेदारी जस्ता विधि र प्रकृयालाई प्राथमिकतामा राख्ने |
| ३ | बजेट तथा वित्तिय श्रोत व्यवस्थापन | ● स्वलगानीकालागि दैनिक पारिवारिक बचत कार्यक्रमलाई प्रोत्साहन र अनिवार्य गर्ने<br>● गाउँपालिकाले विशेष बजेट विनियोजन गर्ने साथै त्यसको नियमितता र व्यवस्थापनको सुनिश्चितता गर्ने<br>● दिगो विकास लक्ष्य, संघीय सरकारको पन्ध्रौ योजना तथा कृषि विकास रणनीति साथै प्रदेश सरकारको आवधिक योजनाले अवलम्बन गरेका नीति तथा कार्यक्रममा आधारमा बजेट सहयोगकालगि प्रदेश तथा संघीय सरकारसँग साभ्रेदारी गर्ने<br>● प्रचलित ऐन कानुनको अधिनमा रही दाता, सहयोगी तथा साभ्रेदार निकाय र संघ सस्थासँग साभ्रेदारी गर्ने<br>● वडामा बचत तथा ऋण सहकारी संस्था, लघुवित्त विकास सस्था वा वित्तीय सस्था वा बैंकहरुका शाखा पुऱ्याउने<br>● न्युनतम ब्याजदर र सहज रुपमा आवश्यक आर्थिक श्रोत प्राप्त गर्न सक्ने अवस्थाको श्रृजना गर्न बैंक तथा वित्तिय संस्था र सहकारीसँग गाउँपालिकाको साभ्रेदारी विकास गर्ने<br>● सबै घरपरिवारको अनिवार्य बैंक खाता हुने व्यवस्था मिलाउने<br>● निजी क्षेत्रलाई आकर्षित गरी सार्थक सहभागिताको सुनिश्चितता गर्ने<br>● विपद व्यवस्थापन कोष तथा कृषि तथा पशुपन्छी पालन व्यवसाय विकास कोषको व्यवस्था गर्ने |
| ४ | जनशक्ति व्यवस्थापन | ● कृषिबाली तथा पशुपन्छी प्राविधिकको व्यवस्था गर्ने<br>● व्यवसायिक कृषि तथा पशुपन्छी बाली विकासकालागि दक्ष, अर्धदक्ष तथा अदक्ष कामदारहरुको पर्याप्त व्यवस्था मिलाउने<br>● स्थानिय जनशक्ति र किसानहरुलाई रोजगारीमा प्रथम प्राथमिकता दिने व्यवस्था मिलाउने<br>● कृषि श्रमिकको पारिश्रमिकको दर निर्धारण गर्ने<br>● कृषिबाली तथा पशुपन्छीबालीको स्वास्थ्य बिमा गर्ने<br>● कृषि तथा पशुपनछी पालन व्यवसायमा लागेका व्यक्तिका लागि जीवन तथा दुर्घटना विमा सहित सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने<br>● कृषि तथा पशुपन्छी बालिको विकासमा सम्लग्न परिवारका बालबालिकाको शैक्षिक पहुँच र शिक्षाको सुनिस्चितताको लागि बालबालिका स्याहार केन्द्र, पूर्व प्राथमिक कक्षा सञ्चालन तथा विद्यालय भर्ना र दिवा खाजा समेतकालागि गाउँपालिकाले जिम्मेवारी लिने । |
| ५ | पूर्वाधार तथा सेवा पूर्वाधार विकास | ● व्यवसायिक बाली विकास हुने सबै क्षेत्रमा कम्तिमा बर्षै भरी यातायातका साधन सहज सञ्चालन हुन सक्ने गरी न्युनतम रुपमा ग्राभेल सडक तथा आवश्यक स्थानमा पुल तथा कलभर्टको निर्माण विकास गर्ने<br>● सिँचाईको उपयुक्त र पर्याप्त व्यवस्था गर्ने<br>● विद्युत, टेलिफोन, नेट तथा इन्टरनेट नपुगेको स्थानमा गुणस्तरीय सेवा पुऱ्याउन सम्बन्धित निकायसँग समन्वय र साभ्रेदारी गर्ने |

| | | |
|---|---|---|
| ६ | व्यवसायिक कृषि तथा पशुपन्छी विकास कार्यक्रम | • विशेष नीति तर्जुमा गरी कृषी तथा पशुपन्छी बाली सम्बन्धी व्यवसायिक शिक्षा लिने विद्यार्थिलाई छात्रबृति प्रदान गर्ने<br>• कृषि विकास रणनीति, दिगो विकास लक्ष्य र पन्ध्रौ योजना साथै प्रदेश आवधिक योजनाले निर्धारण गरेका लक्ष्य उद्देश्य तथा कार्यक्रमका बारेमा शिक्षामुलक प्रशिक्षणको व्यवस्था गर्ने<br>• कृषि बालीकालागि माटो परिक्षण अनिवार्य गर्ने साथै गाउँपालिकाको सिफारिसमा कम शुल्कमा परिक्षण गर्न सकिने व्यवस्था रहेकोले यसकालागि गाउँपालिकाले आवश्यक व्यवस्था मिलाउने<br>• व्यवसायिक कृषि तथा पशुपालनका विषयमा स्थानियबासीलाई निशुल्क तालिम प्रदान गर्ने<br>• उन्नत जातको विउविजन केन्द्र (सिड बैंक) को स्थापना साथै नश्ल सुधार तथा कृतिम गर्भाधान सेवाको विकास र विस्तार गर्ने साथै बोका, विर वितरण गर्ने<br>• उन्नत जातका फलफूल, तरकारीको नर्सरीको स्थापना र विकास गर्ने<br>• बेमौषमी तरकारी खेतीलाई प्राथमिकता दिने साथै प्रोत्साहन गर्ने<br>• विशेष जातका बाली लगाएर प्रति रोपनी तोकिएको मात्रा भन्दा बढि उत्पादन गर्ने किसान तथा व्यवसायीलाई स्थानिय सरकारको हैसियतमा गाउँपालिकाले कर छुट, विशेष अनुदान दिने साथै बार्षिक रु ५०,००० बराबरको **"माङसेबुङ कृषि तारा"** पुरस्कार प्रदान गर्ने<br>• निजी क्षेत्र समेतको सहयोग र साझेदारीमा प्राङ्गारिक मल (गँडेउले मल समेत) को उत्पादन गरी आत्म निर्भर बनाउने<br>• प्राङ्गारिक मल उत्पादन तथा भण्डारण साथै अन्य पोषक तत्व अनिवार्य हुने मलको समेत भण्डारण केन्द्रको व्यवस्था गर्ने<br>• प्राङ्गारिक तथा जैविक रोगनिरोधक औषधीको सुलभ व्यवस्थापन गर्ने<br>• चरन क्षेत्र स्थापना र विकास गर्ने<br>• डाले तथा भुईघासको थप विकास र विस्तार गर्ने<br>• पशुपन्छी आहार उन्पादन गर्ने तथा नपुग भएको अवस्थामा आवश्यक आहारको आपुर्ति गर्ने व्यवस्था मिलाउने<br>• गोठ सुधार कार्यक्रम सञ्चालन गर्ने साथै आवश्यक पूर्वाधार निर्माणमा विशेष सहुलियत प्रदान गर्ने<br>• रोगनिरोधक औषधीको सुलभ व्यवस्थापन र खोप कार्यक्रम सञ्चालन गर्ने<br>• फलफूल तथा तरकारी साथै दुग्ध पदार्थ प्रशोधन केन्द्रको स्थापना गरी कृषिमा आधारित औद्योगिक ग्रामको स्थापना र विकास गर्ने<br>• निश्चित मापदण्ड तयार गरी रोजगारमुलक, अधिक मात्रामा स्थानिय कच्चा पदार्थको प्रयोग गरी निर्यातमुखी र गुणस्तरीय उद्योग स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने उद्योगकालागि निश्चित समय सिमा सम्म स्थानिय कर तथा राजश्वमा आवश्यक सहुलियत प्रदान गर्ने साथै सम्बन्धित उद्योगिलाई विशेष सम्मान प्रदान गर्ने<br>• **"माङसेबुङ कृषि तथा पशुपन्छी बाली संकलन केन्द्र"** साथै **"माङसेबुङ निर्यात तथा विकी प्रवर्द्धन केन्द्र"** को स्थापना र विकास गर्ने<br>• कृषि श्रोत केन्द्रको स्थापना र विकास गर्ने साथै कृषि पर्यटन कार्यक्रम सञ्चालन व्यवस्था गर्ने<br>• युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने<br>• प्राङ्गारिक उत्पादनको सुनिश्चितता र प्रमाणीकरणको व्यवस्था मिलाउने<br>• गुणस्तर परिक्षण प्रयोगशालाको स्थापना वा सम्बन्धित प्रयोगशालासँग समन्वय |

| | | |
|---|---|---|
| | | र साझेदारी गर्ने<br>● माटो परिक्षणलाई अनिवार्य गर्ने<br>● रासायनिक किटनासक औषधि तथा रासायनिक मलको प्रयोगलाई निरुत्साहित वा प्रतिवन्ध लगाउने<br>● बजार केन्द्रहरको खोजी र विस्तार साथै आर्थिक विकासका सवैखाले क्षेत्रमा गाउँपालिकाले औद्योगिक, व्यापारिक तथा व्यवसायिक दुतको भुमिका निर्वाह गर्ने<br>● व्यवसायिक कृषि विकास कार्यमा सम्लग्न किसानहरुलाई परिचय पत्रको व्यवस्था मिलाउने<br>● कृषक अवलोकन भ्रमणको व्यवस्था मिलाउने |

**७.३ अपेक्षाः**

माङसेबुङ गाउँपालिका वडा नं. ६ मा गरिएको अध्ययनको निष्कर्ष बमोजिम कृषि तथा पशुपन्छी पालन र तीनको व्यवसायिकीकरणकालागि सम्बन्धित उपयुक्त रहेको तथा उक्त निष्कर्षका आधारमा गरिएको सिफरिसहरुलाई कार्यान्वयनमा ल्याउन सके देहाय बमोजिमको उपलब्धि प्राप्त हुन सक्ने अपेक्षा गरिएको छ ।

"कृषि योग्य जमिनलाई पूर्वाधार युक्त व्यवसायिक कृषि क्षेत्रको रुपमा विकास, आधुनिक कृषि उत्पादनमा पूर्ण रुपले प्रयोगमा आउन नसक्ने जमिनलाई पूर्वाधार युक्त व्यवसायिक पशुपन्छी तथा माछा पालनका क्षेत्रको रुपमा विकास तथा कृषि उत्पादनमा आधारित घरेलु, साना तथा मझौला उद्योगहरुको स्थापना र थप विकास भई आगामि ५ वर्ष भित्र माङसेबुङ गाउँपालिका वडा नं. ६ कृषि तथा पशुपन्छी बाली उत्पादनमा आत्म निर्भर, रोजगारीको सृजना, औद्योगिक उत्पादनमा बढोत्तरी, निर्यातमुखि उत्पादनमा विस्तार हुनुको साथै सय वडाका उपरोक्त व्यवसायमा सम्लग्न वडाबासीको वार्षिक आयमा न्युनतममा पनि दोब्बरले वृद्धि भएको हुनेछ साथै गाउँपालिकाका अन्य वडामा विस्तार गर्न तथा गाउँपालिकाको वर्तमान कुल आन्तरिक आय वृद्धिमा प्रति वर्ष कम्तिमा १० देखि १५ % सम्मको योगदान पुगेको हुनेछ"

# धन्यवाद